नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग

# कार्यविधि दिग्दर्शन, २०७२

त्रिपुरेश्वर, काठमाडौ, नेपाल
फोन नं. ४२५९८४२, ४२५९८४६, ४२५९८५५, ४२५९८७५
फ्याक्स नं. ४२५९७४७
वेभ पेजः www.dcsi.gov.np, इमेल docsi@wlink.com.np

# कार्यविधि दिग्दर्शन २०७२

प्रकाशक : घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं ।

प्रकाशित संख्या : ५०० प्रति

पुनः मुद्रण : २०७४ असार

मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
सानेपा, साँचल, ललितपुर, फोनः ५५५४०२९

**महेश बस्नेत**
**मन्त्री**
**उद्योग मन्त्रालय**

**नेपाल सरकार**

**उद्योग मन्त्रीज्यूको**
**निजी सचिवालय**
**सिंहदरवार, काठमाडौं**



प.सं. ०७१/७२
च.नं.

# शुभकामना ।

१) घरेलु तथा साना उद्योग विभागले २०६८ सालमा प्रकाशन गरेको कार्यविधि दिग्दर्शनलाई परिमार्जन र अद्यावधिक गरी "कार्यविधि दिग्दर्शन, २०७२" प्रकाशन गर्न लागेकोमा ज्यादै खुसी लागेको छ।

२) उद्यमशीलता र सीप विकासको माध्यमबाट उद्यमी निमार्ण, रोजगारी सिर्जना तथा स्थानीय साधन र स्रोतको उपयोग हुने गरी  लघु घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धन गर्ने नीति कार्यन्वयनमा घरेलु तथा सानाउद्योग विभागको ठूलो दायित्व र जिम्मेवारी रहन्छ। यस विषयमा घरेलु तथा सानाउद्योग विभागले ध्यान पुऱ्याउने छ भन्ने विश्वस्त छु।

३) यस क्षेत्रमा संलग्न उद्योग व्यवसायी तथा सेवाप्रवाहमा संलग्न कर्मचारीहरुलाई सेवाप्रवाह कार्यमा सरलता, एकरुपता र स्पष्टताको उद्देश्य लिई साथ घरेलु तथा साना उद्योग विभाग अगाडी बढ्ने छ भन्ने मलाई विश्वास छ।

४) यस सह्राहनीय कार्यबाट घरेलु तथा साना उद्योगका क्षेत्रमा कार्यरत कर्मचारीहरुको सेवाप्रवाहमा अझ सरलता र प्रभावकारीता बढ्ने विश्वास राख्दै यस दिग्दर्शन प्रकाशनमा संलग्न कर्मचारीहरुका साथै अन्य सबैलाई धन्यबाद दिन चाहन्छु।

५) धन्यवाद !

नेपाल सरकार
माननीय उद्योग मन्त्री
नीजि सचिवालय

**मा. महेश बस्नेत**
**मन्त्री**
**उद्योग मन्त्रालय**
**२०७२/०३/२८**

फोन नं. ४२११६८६, ४२११२९१, फ्याक्स नं. ४२११६१९
इमेलः info@moi.gov.np, website: http://www.moi.gov.np

नेपाल सरकार

# उद्योग मन्त्रालय

नेपाल सरकार
उद्योग मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## मन्तब्य

देशको समग्र उन्नतिका लागि औद्योगिक क्षेत्रको विकास अनिवार्य आबश्यकता हो । अर्थतन्त्रको मूल आधारकोरुपमा रहेको यस क्षेत्रको विकासमा लघु घरेलु तथा साना उद्योगहरुको ठूलो योगदान रहेको हुन्छ । देशमा रहेको वेरोजगारी, अर्धवेरोजगारी र गरिबीको समस्यालाई समाधान गर्दै अर्थतन्त्रलाई आत्मनिर्भर र दिगो एवं सुदृढ बनाउनका लागि पनि लघु घरेलु तथा साना उद्योगहरुको महत्व रहन्छ । स्थानीय कच्चा पदार्थ, साधन सीप र प्रविधिको यथासम्भव उपयोग गर्दै तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी उद्यमशीलता र सीप विकासको माध्यमवाट रोजगारीका अवसरहरुको सिर्जना,गरिबी न्यूनीकरण,आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनवाट देशको अर्थतन्त्रलाई आत्मनिर्भर र सुदृढगर्न सकिन्छ ।

हाम्रो जस्तो भौगोलिक अवस्था भएको विकासोन्मुख देशमा मझौला र ठूला उद्योगहरुको तुलनामा लघु घरेलु तथा साना उद्योगहरुको विकास गर्न सहज हुने देखिएकोले अर्थतन्त्रमा उल्लेखनिय सुधार ल्याउन सहयोग पुग्ने गरी यस क्षेत्रसँग संबन्धित ऐन, कानून र नीति नियमहरुको समसामयिक सुधार तथा ती नीति नियम कार्यन्वयनलाई सरल र सहज बनाउँदै यस क्षेत्रमा संलग्न निकाय र कर्मचारीहरुको मनोबल यथा सम्भव उच्च पार्दै जानु नीति नेपाल सरकारले लिदै आएको छ ।

लघु घरेलु तथा सानाउद्योग सम्बन्धी सेवा प्रबाहलाई सरल, एकरुपता र पारदर्शि बनाउँने उद्देश्यका साथ घरेलु तथा साना उद्योग विभागले २०६८ सालमा प्रकाशन गरेको कार्यविधि दिग्दर्शनलाई परिमार्जन तथा अद्यावधिक गरी "कार्यविधि दिग्दर्शन, २०७२" प्रकाशन गर्ने ज्यादै सह्राहनीय कार्य गरेको छ । यस दिग्दर्शनको प्रकाशनवाट उद्योग प्रशासन सम्वन्धी कार्यमा कार्यरत कर्मचारीहरुको कार्यमा सरलता तथा प्रभावकारीतामा अभिवृद्धि भई सम्वन्धित क्षेत्रका सेवाग्राहीहरु लाभान्वित हुने विश्वास लिएको छु । यस **"कार्यबिधि दिग्दर्शन"**प्रकाशन गर्ने घरेलु तथा साना उद्योग विभाग परिवार र सो कार्यमा संलग्न सबैलाई धन्यबाददिन चाहन्छु ।

2072/3/26

जय मुकुन्द खनाल
सचिव
उद्योग मन्त्रालय

**फोन नं.: ४२११५७९, फ्याक्स नं.: ९७७-१-४२११६१९**
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np

नेपाल सरकार
उद्योग मन्त्रालय

# घरेलु तथा साना उद्योग विभाग

(.........................शाखा)

फोन नं.: ४२५८८४२, ४२५८८४६, ४२५८८५५, ४२५८८७५

पत्र संख्याः
च.नं.:

# शुभकामना

नेपालको अर्थतन्त्रमा घरेलु तथा साना उद्योगहरुको महत्वपूर्ण योगदान रही आएको छ । परम्परागत कृषि पेशावाट उद्योग व्यवसायतर्फ अघि बढ्नु आजको आवश्यकता हो । निर्वाहमुखी कृषि व्यवसायले मुलुकको समग्र आर्थिक उन्नति सम्भव छैन । स्थानीय श्रम, सीप र प्रविधिको उच्चतम उपयोग गर्दै उपलब्ध कच्चा पदार्थको प्रयोगबाट उद्योग व्यवसाय सञ्चाल गरी गुणस्तरीय सेवा र वस्तुको उत्पादन बढाउदै लैजानु आवश्यक छ । घरेलु तथा साना उद्योगको माध्यमवाट प्रसस्त मात्रामा रोजगारीको अवसर सीर्जना हुने र उत्पादित वस्तुहरुवाट आन्तरिक मागलाई पूर्ति गर्दै बाह्य निकासीमा समेत योगदान भई थप आय आर्जन हुन सक्दछ । यसबाट ठूला उद्योगहरुलाई समेत कच्चा पदार्थ एवं अर्ध प्रशोधित कच्चा पदार्थको आपूर्तिमा योगदान पुगी औद्योगिक उत्पादन अभिवृद्धि हुन सक्दछ । यसैले घरेलु तथा साना उद्योगहरुको क्षेत्रमा अझ बढी विकास विस्तार गर्दै सुदृढ तुल्याउदै लैजानु परेको छ ।

घरेलु तथा साना उद्योगहरुको दर्ता, नियमन र तिनको संरक्षण संम्बर्द्धनसँग सम्बन्धित प्रचलित नेपाल कानून, क्षेत्रगत नीतिहरु, समय समयमा नेपाल सरकारबाट भएका निर्णय तथा निर्देशनहरु विभागीय अधिकार प्रत्यायोजन, आदि कानूनी दस्तावेजको सँगालोको रुपमा प्रस्तुत पुस्तकमा महत्वपूर्ण सामग्रीहरु समावेश भएका छन् । यसबाट सुशासन कायम राखी छिटो, छरितो ढङ्गवाट सेवा प्रवाह गर्न सम्बद्ध राष्ट्र सेवक कर्मचारीहरुलाई आफ्नो क्षेत्रमा कार्य सम्पन्न गर्न मार्गदर्शन प्राप्त हुनेछ । साथै उद्योगी व्यवसायीहरु एवं सेवाग्राही लगायत जो सुकै पाठकहरुले यसबाट समुचित लाभ प्राप्त गर्न सक्नु हुनेछ । यस पुस्तक प्रकाशनको कार्यमा संलग्न यस विभागका अधिकृत तथा कर्मचारीहरु र मुद्रण कार्यमा सहयोग गर्ने प्रेश, प्राविधिक कर्मचारीहरु समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस पुस्तिका प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।
२०७२ असार २२ गते, सोमवार
त्रिपुरेश्वर, काठमाडौं ।

**नारायण प्रसाद विडारी**
**महानिर्देशक**

**त्रिपुरेश्वर, काठमाडौं, नेपाल इमेल** : docsi@wlink.com.np, **वेभ पेज**: http://www.docsi.gov.np

# विषय-सुचि


**घरेलु तथा साना उद्योग विभागको संक्षिप्त**चिनारी .......... १

दुरदृष्टि *(Vision)* .......... २

उद्देश्यहरु *(Objectives)* .......... २

मुख्य मुख्य कार्यहरु .......... २

क) उद्योग प्रशासन सम्बन्धी कार्य .......... २

ख) उद्योग प्रवर्द्धर्नन सम्बन्धी कार्य .......... ३

१. संगठन तालिका .......... ४

१.१ घरेलु तथा साना उद्योग विभागको संगठन तालिका .......... ४

१.२ कार्यालयको संगठन तालिका (प्रमुख उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालय) .......... ५

१.३ उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालय .......... ६

१.४ विभाग अर्न्तगतका शाखाबाट सम्पादन हुने कार्य र कार्य प्रकृया .......... ७

२. उद्योग दर्ता प्रकृया (Flowchart) .......... २२

३. उद्योगको वर्गीकरण .......... २४

३.१ उत्पादनमूलक उद्योग .......... २४

३.२ उर्जामलूक उद्योग .......... २४

३.३ कृषि तथा बनजन्य उद्योग .......... २४

३.४ खनिज उद्योग .......... २५

३.५ पर्यटन उद्योग .......... २५

३.६ सेवा उद्योग .......... २५

३.७ निर्माण उद्योग .......... २८

४. उद्योगको स्तर .......... २९

४.१ घरेलु उद्योग .......... २९

४.२ साना उद्योग .......... ३०

४.३ मझौला उद्योग .......... ३०

४.४ ठूला उद्योग .......... ३०

४.५ लघु उद्योग .......... ३०

५. उद्योगको स्थिर जेथा .......... ३०

६. अनुमति (इजाजत) लिन पर्ने उद्योग र प्रकृया .......... ३१

६.१ अनुमतिको लागि दरखास्त दिनु पर्ने। .......... ३२

६.१.१ अनुमतिको लागि दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु .......... ३३

६.१.२ विभागबाट अनुमति दिन सकिने उद्योगहरु .......... ३३

६.१.३ सम्बन्धित कार्यालयबाट अनुमति प्रदान गर्न सकिने .......... ३९

६.२ अनुमति प्रदान गर्ने प्रकृया .......... ४०

६.३ अनुमति पत्रमा उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्ने .......... ४०

६.४ अनुमतिको लागि अनुमतिको कार्य योजना पेश गर्नु पर्ने .......... ४०

६.५ अनुमतिको लागि धरौटी रकम जम्मा गर्नु पर्ने .......... ४१

६.६ अनुमतिको म्याद थप/अनुमति रद्द गर्ने /धरौटी रकम जफत /
धरौटी रकम फिर्ता/ उद्देश्य थप वा परिवर्तन .......... ४१

६.६. अनुमतिको म्याद थप .......... ४१

६.६.२ धरौटी रकम फिर्ता गर्ने प्रक्रिया ........ ४२
६.६.३ अनुमति लिन पर्ने उद्योगको उद्देश्य थप वा परिवर्तन ........ ४२
७. दर्ता (रजिष्ट्रेशन), नविकरण, नामसारी, ठाउँसारी, पूंजी तथा क्षमता बृद्धि, उद्देश्य थप वा परिवर्तन ........ ४२
७.१ उद्योग दर्ता ........ ४२
७.१.१ अनुमति लिन नपर्ने उद्योग दर्ता ........ ४२
७.१.२ अनुमति लिन पर्ने उद्योग दर्ता ........ ४३
७.१.३ जायजेथा सकारेका उद्योग सम्वन्धमा ........ ४३
७.२ कानूनी स्वरुप ........ ४३
७.२.१ प्राइभेट फर्म ........ ४३
७.३ रजिष्ट्रेशन दस्तुर ........ ४५
७.४ जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराउनु पर्ने ........ ४८
७.४.१ उद्योगको शाखा खोल्न सकिने ........ ४८
७.५ उद्योगको प्रकृतिको आधारमा उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्ने ........ ४८
७.५.१ ईटा उद्योग ........ ४८
७.५.२ रोडा, ढुंगा उद्योग ........ ५२
७.५.३ खाँडसारी उद्योग ........ ५४
७.५.४ एल. पि. ग्याँस ........ ५५
७.५.५ प्लाष्टिक ग्रयानुएल्समा आधारित उद्योग ........ ५५
७.५.६ फिनेल उद्योग ........ ५६
७.५.७ प्रकृतिक रेशाबाट वस्तु उत्पादन गर्ने घरेलु उद्योगको पुष्ट्याई : ........ ५६
७.५.८ बन पैदावरमा आधारित उद्योग ........ ५६
७.५.९ खाद्य प्रशोधन उद्योग ........ ६०
७.५.१० औषधी उद्योग ........ ६०
७.५.११ खनिज उद्योग ........ ६०
७.५.१२ गर गहना उद्योग ........ ६१
७.५.१३ पर्यटन उद्योग ........ ६१
७.५.१४ निर्माण उद्योग ........ ६१
७.५.१५ निर्माण व्यवसाय ........ ६२
७.५.१६ छापाखाना उद्योग ........ ६२
७.५.१७ चलचित्र तथा सञ्चार ........ ६३
७.५.१८ अस्पताल तथा नर्सिङहोम ........ ६३
७.५.१९ हवाई सेवा ........ ६३
७.५.२० सार्वजनिक परिवहन व्यवसाय ........ ६३
७.५.२१ शिक्षण एवं प्रशिक्षण तथा परामर्श सेवा ........ ६४
७.५.२२ सुरक्षा गार्ड आपूर्ति गर्ने सेवा उद्योग ........ ६४
७.५.२३ **Bulk** मा प्रशोधित खाने तेल आयात गरी **Consumer Pack** मा विक्री वितरण गर्ने उद्योग ........ ६४
७.५.२४ गलैंचा उद्योग ........ ६५
७.५.२५ उद्योग दर्ता गर्दा तोक्नु पर्ने शर्तहरु ........ ६५
७.५.२६. एन.जि.ओ., आइ.एन.जि.ओ. आदि संस्था उद्योगको रुपमा दर्ता नगर्ने ........ ६६

७.६ उद्योगको नविकरण, नामसारी तथा ठाउँसारी ........ ६६
७.६.१ प्राइभेट फर्मको अवधी र नवीकरण ........ ६६
७.६.२ नामसारी (स्वामित्व परिवर्तन) ........ ६८
७.६.३ ठाउँसारी ........ ६९
७.६.३.१ अनुमति लिनु पर्ने उद्योग ........ ६९
७.६.३.२ IEE वा EIA गर्नु पर्ने उद्योग ........ ६९
७.६.३.३ एउटै जिल्ला भित्र ठाउँसारी ........ ६९
७.६.३.४ एक जिल्लाबाट अर्को जिल्लामा ठाउँसारी ........ ६९
७.७ उद्योगको पूँजी एवं क्षमता बृद्धि तथा उद्देश्य थप वा परिवर्तन ........ ६९
७.७.१ पूँजी तथा क्षमता बृद्धि ........ ७०
७.७.२ उद्योगको उद्देश्य थप वा परिवर्तन ........ ७०
८. उद्योग स्थापना गर्ने क्षेत्र (स्थान) ........ ७०
८.१ काठमाडौ उपत्यकाका नगरपालिका/काठमाडौ उपत्यका/अन्य न.पा. क्षेत्रमा स्थापना गर्न पाईने उद्योग। .. ७१
८.२ अन्तर्राष्ट्रिय सीमानाबाट ५ किलोमिटर टाढा उद्योग स्थापना गर्नुपर्ने........ ७१
९. **IEE** वा **EIA** गर्नुपर्ने उद्योग र स्वीकृति गर्ने प्रकृया / निकाय प्रारम्भिक वातावरणीय परिक्षण **(IEE)** वा वातावरणीय प्रभाव मूल्यांकन **(EIA)** गराउनु पर्ने उद्योगहरु। ........ ७१
९.१.१ प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्ने उद्योगको **(IEE)** प्रतिवेदन तयार गर्ने प्रकृया ........ ७१
९.१.२ वातावरणीय प्रभाव मूल्यांकंकन **(EIA)** गराउनु पर्ने उद्योगको **EIA** प्रतिवेदन तयार गर्ने प्रकृया ....... ७२
९.१.३ **IEE** वा **EIA** स्वीकृत गर्ने निकाय ........ ७२
९.१.४ **IEE** वा **EIA** गर्नु पर्ने उद्योगहरुले अस्थायी वा स्थायी प्रद्रुषण नियन्त्रण प्रमाण पत्र लिनुपर्ने ........ ७४
१०. वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता तथा नविकरण गर्ने अधिकार प्रत्यायोजन सम्बन्धमा ........ ७५
११ सुविधा तथा सहुलियत........ ७६
११.१ सुविधा एवं सहुलियत उपलब्ध गराउन एकद्वार समिति तथा उपसमितिको व्यवस्था ........ ७६
११.२ विदेशी जनशक्तिको लागि भिसा सुविधा ........ ७९
१२. उत्पादन मिति, प्रगति विवरण र उद्योग निरीक्षण ........ ७९
१२.१ परीक्षण उत्पादन र व्यापारिक उत्पादन ........ ७९
१२.२ प्रगति विवरण ........ ८०
१२.३ उद्योग निरीक्षण ........ ८०
१२.४ घरेलु तथा साना उद्योगलाई दिइने सुविधा सिफारिस प्रकृया ........ ८०
१२.५ चेक लिष्ट संलग्न गर्नु पर्ने ........ ८०
१३. फर्मको खारेजी र दण्ड सजायः ........ ८०
१३.१ प्राइभेट फर्मको खारेजी ........ ८१
१३.२ साझेदारी फर्मको खारेजी। ........ ८१
१४. प्राइभेट फर्म र साझेदारी फर्म दर्ता गर्न नपाइने ........ ८२
१५. फर्म र उद्योग खारेजी प्रकृया ........ ८२
१६. घरेलु तथा साना उद्योग कार्यालयलाई उद्योग प्रशासन सम्बन्धी अधिकार प्रत्यायोजन ........ ८३
१७. खारेजी र बचाउः ........ ८४

# अनूसूचीहरू


अनुसूची-१

दरखास्त फाराम “क” .................................................................................... ८९

अनुसूची-२

अनुमति (ईजाजत) सम्वन्धि चेकलिष्ट **(Check-list)** .................................................... ९२

अनुसुची ३

स्कीमको नमूना .................................................................................... ९३

अनुसुची ४

उद्योगको अनुमति पत्र .................................................................................... ९६

अनुसुची ५

कार्य योजनाको ढाँचा .................................................................................... ९८

अनुसूची ६

उद्योग दर्ताको निवेदन फाराम (ख) .................................................................................... ९९

अनुसूची ७

दर्ता सम्वन्धि चेक लिष्ट .................................................................................... १०३

अनुसूची ८

प्रा.फ. दर्ता पत्र .................................................................................... १०४

अनुसूची ९

प्रा.फ.प्रमाण पत्र .................................................................................... १०६

अनुसूची १०

सा. फ. दर्ता पत्र .................................................................................... १०८

अनुसूची ११

सा.फ. प्रमाण पत्र .................................................................................... ११०

अनुसूची १२

(प्रा.) लि. दर्ता पत्र .................................................................................... ११२

अनुसुची १३

प्रा.लि.को प्रमाण पत्र .................................................................................... ११४

अनुसूची-१४

प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने प्रस्तावहरू .................................................................................... ११६

अनुसूची-१५

प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची.................................................................................... १२३

अनुसूची १६

(क) **IEE** सम्बन्धी चेकलिस्ट .................................................................................... १२४

अनुसूची १७

प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु ................................... १२५

अनुसूची १८

प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना ....................................... १२७

अनुसूची-१९

वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरु...................................................................................... १२८

अनुसूची २०
वातावरणीय प्रभाव मूल्याङ्कन कार्यसूची........................................................................ १३४
अनुसूची २१
वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु ............................................. १३५
अनुसूची २२
प्रदुषण नियन्त्रण प्रमाणपत्र लिनु पर्ने उद्योगहरु .................................................................... १३७
अनुसूची २३
उद्योग निरीक्षण फाराम........................................................................................ १३९
अनुसूची २४
घरेलु तथा साना उद्यागलाई दिइने सुविधा सिफारिश गर्दा संलग्न गर्नु पर्ने विवरण.................................... १४१
अनुसूची २५
घरेलु तथा साना उद्योगहरुलाई सुविधा सिफारिश गर्दाको चेक लिष्ट ................................................ १४२
अनुसूची २६
घरेलु तथा साना उद्योग कार्यालयहरुले पठाउने औद्योगिक तथ्याङ्क विवरण ............................................ १४४
अनुसूची २७
घरेलु तथा साना उद्योग कार्यालयहरुले पठाउने प्रगति विवरण फाराम ................................................ १४५
अनुसूची २८
वस्तु उत्पादन गर्ने उद्योगको लागि वार्षिक प्रगति विवरण ........................................................ १४६
अनुसूची २९
वस्तु उत्पादन गर्ने बाहेक उद्योगको वार्षिक प्रगति विवरण ........................................................ १४७
अनुसूची ३०
उद्योग रहने स्थान (क्षेत्र) सम्बन्धी कार्यनीति .................................................................... १४८
अनुसूची ३१
राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुको विवरण .................................................................... १५१
अनुसूची ३२
राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरु ........................................................................... १५२
अनुसूची ३३
अन्तर्राष्ट्रिय सीमाना सम्बन्धमा भएका निर्णयहरु ................................................................ १५३
अनुसूची ३४
विदेशी लगानी गर्न नदिइने उद्योगहरुको सूची .................................................................... १५५
अनुसूची ३५
नागरिक वडापत्र (घरेलु तथा साना उद्योग विभाग) ................................................................ १५६
अनुसूची ३६
नागरिकवडापत्र (घरेलु तथा साना उद्योग कार्यालय ) ............................................................. १६३
अनुसूची ३७
अधिकार प्रत्यायोजन मिति २०७१/०९/१८ च.नं. ५५५ ..................................................... १६८
अनुसूची ३८
अधिकार प्रत्यायोजन मिति २०७१/०९/१८ च.नं. ५५६ ..................................................... १६९
अनुसूची ३९
उद्योगको ठाँउसारी तथा शाखा दर्ता गर्ने अधिकार प्रत्यायोजन सम्वन्धमा च.नं. ११९६ मिति ०७२/३/७ .......... १७०

अनुसूची ४०

उद्योगको ठाँउसारी तथा शाखा दर्ता गर्ने अधिकार प्रत्यायोजन सम्वन्धमा  च.नं. ११९७  मिति ०७२/३/७ .......... १७१

अनुसूची ४१

निर्णय कार्यान्वयन सम्वन्धमा  च.नं. ७०७ मिति ०७०/५/१८  (वि.प्र.तथा वा. मन्त्रालय) ......................... १७२

अनुसूची ४२

क्रसर उद्योगको नवीकरण म्याद सम्वन्धि निर्णयको पत्र ........................................................ १७३

अनुसूची ४३

क्रसर उद्योगको नवीकरण म्याद सम्वन्धि निर्णयको पत्र ........................................................ १७४

अनुसूची ४४

अधिकार प्रत्यायोजन, वाणिज्य तथा आपूर्ति व्यवस्थथापन विभाग  च.नं. ५ मिति ०७१/४/१ ...................... १७६

अनुसूची ४५

अधिकार प्रत्यायोजन, वाणिज्य तथा आपूर्ति व्यवस्थथापन विभाग  च.नं. ६ मिति ०७१/४/१ ...................... १७७

अनुसूची ४६

औद्योगिक व्यवसाय  ऐन २०७३  ........................................................................ १७८

**घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका जिल्ला स्तरीय कार्यालयहरका टेलिफोन नं.** २१०

**घरेलु तथा साना उद्योग विभाग समितिका जिल्ला स्तरीय कार्यालयहरका टेलिफोन नं.** २११

# परिभाषा, व्याख्या तथा सक्षिप्त रुप

१. “ऐन” भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ लाई जनाउँछ।

२. “विभाग” भन्नाले घरेलु तथा साना उद्योग विभागलाई जनाउँछ।

३. “बोर्ड” भन्नाले ऐनको दफा १२ बमोजिम गठित औद्योगिक प्रवर्द्धन बोर्डलाई जनाउँछ।

४. “सम्बन्धित कार्यालय” भन्नाले विभाग अन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गतका जिल्ला स्तरीय कार्यालय समेतलाई जनाउँछ।

५. "IEE" (Initial Environmental Examination) भन्नाले प्रारम्भिक वातावरणीय परिक्षणलाई जनाउँछ।

६. "EIA" (Environmental Impact Assessment) भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कनलाई जनाउँछ।

७. “वा.सं.ऐन” भन्नाले वातावरण संरक्षण ऐन, २०५३ लाई जनाउँछ।

८. “वा.सं.नि” भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ लाई जनाउँछ।

९. "TOR " (Terms of Reference) भन्नाले वातावरण संरक्षण नियमावली अनुसारको कार्यसूचीलाई बुझाउँछ।

१०. “प्रा.फ” भन्नाले प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अनुसार रजिष्टर्ड हुने प्राईभेट फर्मलाई बुझाउँछ।

११. “सा.फ” भन्नाले साझेदारी ऐन, २०२० अनुसार रजिष्टर्ड हुने साझेदारी फर्मलाई बुझाउछ।

१२. “प्रा.लि.” भन्नाले कम्पनी ऐन, २०६३ अनुसार कम्पनी दर्ता भै रजिष्टर्ड हुने उद्योगलाई बुझाउदछ।

१३. “लघु उद्यम” भन्नाले औद्योगिक नीति २०६७ ले परिभाषित गरे बमोजिम उद्यमलाई जनाउँछ।

# घरेलु तथा साना उद्योग विभागको संक्षिप्त चिनारी

**ऐतिहासिक पुष्ठभूमि** :

वि.स.१९९६ सालमा व्यवसायिक तालिमको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्य लिई यस विभाग नेपाली कपडा र घरेलु ईलम प्रचार अड्डाको नाममा स्थापना भएको थियो। उक्त उद्देश्य परिपूर्तिको लागि आ.व २०१३/१४ मा घरेलु ईलम केन्द्र भनी नामाकरण गरियो र आ.व २०२१/२२ मा अञ्चल केन्द्रको अवधारणा लिई मुलुकभर १४ अञ्चलमा केन्द्रहरु खडा गरी निर्धारित उद्देश्य अनुरुप व्यवसायिक तालिमहरु सञ्चालन गरिए। त्यसपछि क्षेत्रीय र जिल्ला स्तरीय कार्यालयहरु खुले। उद्योग प्रशासनको कार्य समेत गर्ने गरी वि.स. २०३० सालमा विभागको कार्यक्षेत्र विस्तार गरीयो र विभागको नाम घरेलु तथा ग्रामीण उद्योग विभाग रहयो। विस्तारित कार्यक्षेत्र अनुरुप ७५ वटै जिल्लामा जिल्लास्तरीय कार्यालयहरु स्थापना गरिए। वि.स २०४९ सालमा विभागको संरचनामा पुनः परिवर्तन भई साना उद्योगको समेत प्रशासन गर्ने गरी कार्यक्षेत्रमा थप विस्तार गरी "घरेलु तथा साना उद्योग विभाग" नामाकरण गरियो। यसै संरचना बमोजिम साविकका क्षेत्रीय कार्यालयहरु खारेज गरी जिल्ला स्तरीय कार्यालयमा कायम भयो। खास गरेर तालिम कार्यक्रममा दोहोरोपन (Duplication) हटाउन र मितव्ययिता अपनाउन ७५ जिल्ला मध्ये २७ जिल्ला विभाग अन्तरगत र ४८ जिल्ला घरेलु तथा साना उद्योग विकास समिति अन्तरगत राखि कार्य संचालन गर्ने नीति अख्तियार गरियो। तर तालिम वाहेक उद्योग प्रशासनको हकमा विभागबाट अख्तियारी प्रदान गरी उक्त ४८ कार्यालय समेतलाई उद्योग प्रशासनको कार्यभार तोकियो जुन नीति हालसम्म पनि कायमै छ।

**कार्यक्षेत्र** :

औद्योगिक नीति, २०४९ ले नेपालमा औद्योगिकरणको गतिलाई तीव्रता ल्याउन घरेलु तथा साना उद्योगको विकासलाई उच्च प्राथमिकता दिइएकोमा यसलाई अझ वढि दिगो औद्योगिक प्रवर्द्धनको लागि औद्योगिक नीति, २०६७ पारित भै कार्यान्वयनको लागि आवश्यक पहल भैरहेकोछ। सरकारले अंगिकार गरेको औद्योगिक नीतिको कार्यान्वयनका लागि उपयुक्त औद्योगिक वातावरणको सिर्जना गर्न औद्योगिक व्यवसाय ऐन, २०४९ कार्यान्वयनमा रहेको छ। औद्योगिक नीतिले अंगिकार गरेको तथा औद्योगिक व्यवसाय ऐनद्वारा व्यवस्थित लघु, घरेलु तथा साना उद्योग सम्वन्धी कार्यहरु संचालन गर्ने जिम्मा उद्योग मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विभागले निर्वाह गर्दैआएको छ। घरेलु तथा साना उद्योग विभागको साविक संगठन संरचनामा समसामयिक परिवर्तन हुदै मौजुदा स्वरुप कायम रहेको छ। घरेलु तथा साना उद्योग विभागले नेपालभर ७५ जिल्लामा घरेलु तथा साना उद्योग प्रशासन सम्वन्धी कार्य र २७ जिल्लामा घरेलु तथा साना उद्योग प्रवर्द्धन सम्वन्धी कार्यहरु समेत गर्ने गरी कार्य क्षेत्र तोकिएको छ।

**संगठनात्मक स्वरुप** :

घरेलु तथा साना उद्योग विभाग अन्तरगत केन्द्रीय स्तरमा घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र रहेको छ भने तराई, पहाड र उपत्यका गरी काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, कास्की, पाल्पा, दाङ्ग,झापा, मोरङ,सुनसरी, सिराहा,सप्तरी, महोत्तरी, धनुषा, सर्लाही, मकवानपुर, बारा, पर्सा, चितवन, रौतहट, नवलपरासी, कपिलबस्तु, रुपन्देही, बाँके, बर्दिया, कैलाली र कन्चनपुर गरी जम्मा २७ जिल्लामा जिल्लास्तरीय कार्यालय रहेका छन्। घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं अन्तरगत केन्द्रीय कारागार कारखाना रहेको छ। यस विभागको केन्द्रीय स्तरवाट औद्योगिक परामर्श सेवा, औद्योगिक स्कीमहरु तयारी, उद्योगहरुको प्राविधिक

विश्लेषण, प्राविधिक सहयोग, उद्योगको ईजाजत, दर्ता र नविकरण तथा उद्योगको सुविधा एवं सहुलियत सम्वन्धी कार्य भएका छन् भने औद्योगिक सम्भाव्यता, विभिन्न तालिम कार्यक्रमहरु, उद्योग संचालनमा प्राविधिक सहयोग, उद्योग अनुगमन र उद्योग प्रशासन सम्वन्धी कार्यहरु समेत जिल्ला स्थित कार्यालयबाट हुने गरेका छन्। विभाग तथा मातहतका कार्यालयहरुबाट प्रदान गरिने सेवालाई छिटो छरितो सर्वसुलभ र पारदर्शी बनाउने उद्देश्यले ती सेवाहरुको विस्तृत जानकारी सर्वसाधारणहरुलाई हुने गरी नागरिक वडापत्र कार्यान्वयनमा ल्याईएको छ।

यस विभाग र अन्तरगत कार्यालयहरुमा विभिन्न तहका प्रशासनिक तथा प्राविधिक कर्मचारी गरी जम्मा ३९९ जनाको स्थायी दरवन्दी कायम रहेको छ भने हाते कागज, सिलाई, छाला वस्तु उत्पादन, सेरामिक लगायत प्रशिक्षण कार्यक्रम संचालन गर्न विभाग मातहतको घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न सालवसाली रुपमा कायम रहने विभिन्न तहका ४९ जना अस्थायी दरवन्दी कायम रहेको छ।

## दुरदृष्टि *(Vision)*

"औद्योगीकरणको प्रकृयालाई गतिशील र सुदृढ गर्दै परम्परागत सीप र प्रविधिको प्रवर्द्धन गर्नुका साथै व्यावसायिक जनशक्ति उत्पादन तथा रोजगारीका अवसरहरु सिर्जना गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याउने।"

## उद्देश्यहरु *(Objectives)*

- स्वदेशी श्रम, सीप र श्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने।
- स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको ब्यावसायिक उपयोग गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- परम्परागत कुटिर, लघु, घरेलु तथा साना उद्योगहरुको संरक्षण तथा संबर्द्धन गर्ने।
- घरेलु तथा साना उद्योग विकासको लागि विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने।
- दिगो औद्योगिक विकासको लागि आवश्यक कार्यहरु गर्ने।
- लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार, संरक्षण तथा सम्बर्द्धन गर्ने।

## मुख्य मुख्य कार्यहरु

क) उद्योग प्रशासन सम्बन्धी कार्य

- घरेलु तथा साना उद्योगहरुको इजाजत (अनुमति) प्रदान गर्ने।
- घरेलु तथा साना उद्योगहरु दर्ता (रजिष्ट्रेशन) गर्ने।
- घरेलु तथा साना उद्योगको नामसारी, ठाँउसारी, पूँजीबृद्धि, क्षमता बृद्धि, उद्देश्य संशोधन आदि कार्य गर्ने।
- प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी कार्य गर्ने।
- घरेलु तथा साना उद्योगहरुलाई विभिन्न छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने।
- उद्योग प्रशासनलाई सरल, पारदर्शी, बनाउन आवश्यक कार्यविधि तयार गर्ने।
- घरेलु तथा साना उद्योगबाट उत्पादित सामानहरुको जर्ति प्रमाणित गर्ने।

- घरेलु तथा साना उद्योग संचालनको निमित्त विदेशी नागरिक आवश्यक पर्ने मनासिव आधारमा भिषा सिफारिस गर्ने।
- घरेलु तथा साना उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थ केमिकल/विस्फोटक पदार्थ आयात गर्न गृह मन्त्रालयमा सिफारिस गर्ने।
- व्यवसाय सम्वर्द्धन सम्वन्धी कार्य।

**ख) उद्योग प्रवर्द्धन सम्बन्धी कार्य:**

- बजारमुखी विभिन्न उद्योगहरुको स्कीम तयार गर्ने।
- संभाब्य उद्योगहरुको प्रविधि विस्तार गर्ने।
- घरेलु तथा साना उद्योगहरुलाई माग अनुसारको प्राविधिक सहयोग उपलब्ध गराउने।
- बजार माग अनुरुपका बिभिन्न सीप विकास तथा उद्यमशीलता विकास तालिमहरुको पाठ्यक्रम तथा निर्देशिका तैयार गर्ने।
- सिप विकास तथा उद्यमशीलता विकास तालिम कार्यक्रम तर्जुमा गरी जिल्ला स्थित कार्यालयहरु मार्फत संचालन गर्ने व्यवस्था मिलाउने।
- लघु, घरेलु तथा साना उद्योग सम्बन्धी आवश्यक नीति तथा कार्यक्रमको तर्जूमा र कार्यान्वयन गर्ने।
- लघु, घरेलु तथा साना उद्योग सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।
- लघु, घरेलु तथा साना उद्योग सम्बन्धी नीतिगत निर्णयको लागि औद्योगिक प्रवर्द्धन बोर्डमा पेश गर्ने।


**नीतिगत व्यवस्था :**

लघु, घरेलु तथा साना उद्योगको स्थापना, विस्तार, आधुनिकीकरण गर्न एवं उद्योगलाई उपलब्ध गराइने सुविधा तथा सहुलियतहरुमा उदार एवं सरल व्यवस्था गर्न, उद्योगहरुको स्थापना, विस्तार एवं विविधिकरण गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यून गर्ने उपायहरु अवलम्बन गर्न, उद्योगबाट वातावरण, बसोबास क्षेत्र, राष्ट्रिय सम्पदा आदिमा पर्ने असरहरु कम गर्न, देशको अर्थतन्त्रको समुचित विकासका लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहबर्धक बनाई उत्पादकत्वमा अभिबृद्धि गरी प्रतिस्पर्धात्मक ढंगबाट औद्योगिक व्यवसायहरु फस्टाउने व्यवस्था गर्न,औद्योगिक नीति, औद्योगिक व्यवसाय ऐन तथा वातावरण संरक्षण ऐन, नियममा उल्लेखित उद्देश्य हासिल गर्न, उद्योग प्रशासन अन्तर्गत अनुमति, रजिष्ट्रेशन (दर्ता एवं सुविधा तथा सहुलियतहरु सरल तथा प्रभावकारिताका साथ कार्यान्वयन गर्ने प्रकृयालाई व्यवस्थित र एकिकृत गर्न एवं एकरुपता ल्याउन आवश्यक भएकोले औद्योगिक प्रवर्द्धन बोर्ड, उद्योग मन्त्रालय, एकद्वार समिति एवं घरेलु तथा साना उद्योग विभागबाट भए गरेका निर्णय, परिपत्र तथा कार्यविधि दिग्दर्शन, २०६८ समेतलाई समायोजन, परिमार्जन गरी घरेलु तथा साना उद्योग विभागलेद्वारा कार्यविधि दिग्दर्शन, २०७२ अद्यावधिक गरी कार्यान्वयनमा ल्याईएको छ।

# १. संगठन तालिका


## १.१ घरेलु तथा साना उद्योग विभागको संगठन तालिका

नेपाल सरकार
उद्योग मन्त्रालय
**घरेलु तथा साना उद्योग विभाग**



## १.२ कार्यालयको संगठन तालिका
### (प्रमुख उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालय)

(झापा, मोरङ्ग, सुनसरी, बारा, पर्सा, मकवानुर, ललितपुर, काठमाडौँ, चितवन, कास्की, रुपन्देही, दाङ्ग, बाँके)





**द्रष्टव्य:**

१. घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौको हकमा थप १ जना उद्योग अधिकृतको दरबन्दी रहेको छ ।

२. घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरको हकमा थप २ जना प्राविधिक अधिकृतको दरबन्दी रहेको छ ।

## १.३ कार्यालयको संगठन तालिका
### (उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालय)
(सप्तरी, सिराहा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, काभ्रेपलाञ्चोक, भक्तपुर, नवलपरासी, कपिलवस्तु, पाल्पा, वर्दिया, कैलाली, कञ्चनपुर)



## १.४ विभाग अर्न्तगतका शाखाबाट सम्पादन हुने कार्य र कार्य प्रकृया

### १.४.१ दर्ता र ईजाजत शाखावाट सम्पादन हुने कामहरु

(क) औद्योगिक व्यावसाय ऐन, २०४९ अनुसार अनुमति लिनुपर्ने उद्योगलाई औद्योगिक प्रवर्द्धनवोर्डबाट अधिकार प्रत्यायोजन भए बमोजिम र उक्त वोर्डबाट निर्णय भै आए अनुसार अनुमति प्रदान गर्ने।

(ख) अनुमति लिनु पर्ने उद्योगले वातावरण संरक्षण नियमावली, २०५४ अनुसार IEE स्वीकृत गराउनु पर्ने भए IEE प्रकृया पुरा गरी सिफारिसको लागि IEE समितिमा पेश गर्ने।

(ग) अनुमति लिनु पर्ने उद्योगले वातावरण संरक्षण नियमावली, २०५४ अनुसार EIA स्वीकृत गराउनु पर्ने भए TOR, SCOPING माग गरी मन्त्रालयमा सिफारिश साथ पठाउने।

(घ) अनुमति लिई सकेका IEE/EIA को प्रतिवेदन स्वीकृत भै सकेका/ औ.व्य. ऐन २०४९ अनुसार अनुमति लिनु नपर्ने तथा IEE र EIA पनि गराउनु नपर्ने उद्योगहरु दर्ता गर्ने।

(ङ) उद्योगहरुको पूँजि वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप/परिवर्तन र ठाँउसारी गर्ने।

(च) तालुक मन्त्रालय/औद्योगिक प्रवर्द्धन वोर्ड/विभाग स्तरबाट उद्योगहरुको अनुमति प्रदान गर्ने शर्त, प्रकृया, दर्ता, ठाँउसारी, नामसारी, पूँजी बृद्धि, क्षमता वृद्धि आदि सम्बन्धमा भए गरेका नीतिगत निर्णयहरु मातहतका कार्यालयहरुमा जानकारी गराउने।

(छ) विभागबाट अनुमति प्रदान गरिएका दर्ता गरिएका तथा IEE स्वीकृत भएका उद्योगहरुको लगत राखी सो को जानकारी योजना शाखामा पठाउने।

### अन्य कार्य

क) उद्योग प्रशासन सम्बन्धी औ.प्र वोर्डका नीतिगत निर्णय र विभागीय निर्णयहरु अन्तरगतको कार्यालयमा कार्यान्वयनको लागि परिपत्र गर्ने,

ख) अन्तरगतका कार्यालयबाट निर्देशन माग भएका विषयमा विभागीय निर्णयानुसार निर्देशन दिने तथा अन्य निकायबाट राय/प्रतिकृया विवरण माग गरेमा पठाउने।

ग) उद्योग प्रशासन सम्वन्धि रेकर्डहरु राख्ने तथा मासिक प्रगति सम्बन्धित शाखामा पठाउने।

घ) उद्योग विरुद्ध परेका उजुरीहरु छानविन गरी कारवाहीको टुङ्गो लगाउने र टुङ्गो लागिसके पछि ७ दिन भित्र सम्बन्धितलाई जानकारी गराउने।

### उपरोक्त कार्य सम्पादनको लागि आवश्यक कागजात र अपनाइने कार्य प्रकृया :-

#### १.४.१.१ अनुमति प्रदान गर्नेः-

औ.व्य. ऐन, २०४९ अनुसार अनुमति लिनुपर्ने उद्योगहरुको अनुमतिको लागि सर्वप्रथम विभाग अर्न्तगतका सम्बन्धित कार्यालय वा विभागमा निम्न अनुसारको कागजात सहित आवेदन दिनु पर्ने छ।

### घरेलु तथा साना उद्योगहरुको अनुमतिका लागि आवश्यक कागजातहरु

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(२) कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी।

(३) ईजाजत (क) फाराम

(४) उद्योगको स्कीम

(५) वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची १ वा २ अनुसार IEE/EIA गर्नु पर्ने भएमा IEE/IEA स्वीकृत प्रतिवेदन

(६) सर्जमिन मुचुल्का

(७) अन्य निकायको सिफारिस आवश्यक पर्ने भएमा सिफारिस पत्र।

(८) दर्ता इजाजतको लागि आवश्यक पर्ने कागजातको प्रमाणित सुचि (Check List)।

आवश्यक कागजात सहित रितपूर्वकको आवेदन प्राप्त भएपछि जिल्लाबाटै अनुमति दिने अधिकार भएका उद्योगहरुको हकमा जिल्लाबाटै अनुमति प्रदान गरिने छ। जिल्लाबाट अनुमति प्रदान गर्न नसकिने उद्योगको हकमा आवश्यक कागजात सहितको निवेदन र राय सहित विभागमा पठाउनु पर्ने छ।

उपर्युक्त अनुसार निवेदन र राय प्राप्त भए पछि विभागका दर्ता र इजाजत शाखाका ना.सु./ अधिकृत बाट सम्पूर्ण कागजात पूरा भए नभएको जाँची हेरी पूरा नभएमा निवेदकलाई कागजात पूरा गर्न शाखाबाटै जानकारी गराइन्छ। कागजात पूरा भएपछि शा.अ. मार्फत टिप्पणी उठाई निर्देशक समक्ष पेश गरिने छ। यसरी पेश भएको फाइलमा प्राविधिक राय लिनु पर्ने भए निर्देशक मार्फत यसै विभागको औद्योगिक प्रवर्द्धन शाखामा पठाइने छ। औद्योगिक प्रवर्द्धन शाखाले पनि जाँच बुझ गर्नु पर्नेमा यथाशिघ्र जाँच बुझ गरी प्राविधिक राय दिनु पर्नेछ।

प्राविधिक राय सकारात्मक भएमा वा विवरण हेरफेर गर्नु पर्ने राय प्राप्त हुन आएमा हेरफेर गर्न लगाइ निर्णयको लागि निर्देशक मार्फत महानिर्देशक समक्ष पेश गरिने छ। यसरी निर्णय भए पछि (अनुसूची ३६ मा उल्लेख भए अनुसारको धरौटी र कार्ययोजना पेश गर्न लगाई शाखाबाट इजाजत पत्र दिइने छ। फाइल सम्बन्धित शाखाको ना.सु. को जिम्मा रहने छ।

विभागबाट अनुमति दिन नसकिने उद्योगको हकमा विभागको निर्णय अनुसार प्रस्ताव तयार गरी औद्योगिक प्रवर्द्धन वोर्ड (औ. प्र. वौर्ड मा पठाइने छ। औ. प्र. वोर्डबाट अनुमति प्रदान गर्ने निर्णय भएमा विभागबाट अनुमति पत्र दिइने छ। अनुमति प्रदान गर्ने निर्णय नभएको हकमा वोर्डको निर्णय जानकारी गराइने छ।

यसरी अनुमति प्रदान गर्दा सम्पूर्ण कागजात/विवरण पूरा भएको मितिले औ.व्य. ऐन अनुसार ३० दिन भित्र अनुमति पत्र दिइने छ। औ.प्र. वोर्डमा जाने प्रस्तावहरुको हकमा सो वोर्डको निर्णय प्राप्त भएको मितिले ७ दिन भित्र जानकारी दिइने छ।

### १.४.१.२ IEE र EIA स्वीकृत गर्ने प्रकृया :-

वातावरण संरक्षण नियमावली, २०५४ अनुसार IEE स्वीकृत गराउनु पर्ने उद्योगको हकमा सर्वप्रथम निम्न कागजात सहितको निवेदन दिनु पर्दछ।

**आवश्यक कागजात**

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

(२) कम्पनी भएमा सो को दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी (प्रा.लि./पब्लिक लिमिटेडको अधिकृत पूंजी भन्दा उद्योगको कूल पूंजी बढी हुनु हुदैन तथा प्रा.लि./पव्लिक लिमिटेडको उद्देश्यमा उल्लेख नभएको उद्देश्यको उद्योग प्रा.लि.को नामबाट खोल्न पाइने छैन)

(३) उद्योगको स्कीम,

(४) दरखास्त 'ख' फाराम

(५) कार्य सूची (TOR)

(६) IEE प्रतिवेदन

(७) IEE र कार्य सूची तयार गर्ने व्यक्तिको वायोडाटा (सम्भव भए सम्म)।

(८) IEE प्रतिवेदनको संक्षिप्त सारांश।

(९) वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम देहायका कागजात :-

- ➢ गा.वि.स./न.पा. र सम्वन्धित निकायमा उद्योग स्थापना गर्ने १५ दिने सूचना टांस मुचुल्का।
- ➢ उद्योग स्थापना गर्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सूचना ( सो सूचना उपर राय सुझाव परे नपरेको सम्वन्धित निकायको सिफारिस सहित)
- ➢ सूचना टाँस मुचुल्का, चौतर्फी संधियार खुलेको सर्जमिन मुचुल्का र गा.वि.स./न.पा.को सिफारिस।
- ➢ नापी नक्सा, Location Map
- ➢ रोडा, ढुंगा, गिट्टी तथा वालुवा उत्पादन गर्ने तथा अन्य IEE /EIA गर्नुपर्ने उद्योगको लागि सम्मानित सर्वोच्च अदालतको मिति ०६७४।२१ को आदेश तथा वातावरण मन्त्रालयको मिति ०६७५।२३ को निर्णय अनुरुपको प्रक्रिया पुरा गर्नुपर्नेछ।

यसरी निवेदन दिदाँ विभाग अर्न्तगतका सम्बन्धित कार्यालयमा दिनु पर्ने छ। विभागबाट IEE स्वीकृत गरिने उद्योगको हकमा जिल्लाबाटै सम्पूर्ण कागजात र सिफारिस सहित विभागमा पठाउनु पर्नेछ।

यसरी विभागमा प्राप्त कागजात दर्ता र इजाजत शाखाका ना.सु/शा.अ. बाट जाँच वुझ गरी कागजात पुरा भएको अबस्थामा कार्यसूची (TOR) स्वीकृतीको लागि शा.अ. मार्फत टिप्पणी उठाई औद्योगिक प्रवर्द्धन शाखा (औ.प्र.) मा प्राविधिक रायको लागि पठाइने छ।

सकारात्मक प्राविधिक राय प्राप्त भए पछि वा विवरण हेरफेर गर्न् पर्ने भएमा हेरफेर गर्न लगाई कार्यसूची स्वीकृत गरी जानकारी गराइने छ। कार्यसूची स्वीकृत भएपछि IEE प्रतिवेदन पेश गर्न निवेदकलाई जानकारी दिई, प्राप्त भएपछि सो प्रतिवेदनमा प्राविधिक रायको लागि औ.प्र. शाखामा पठाइने छ। औ.प्र. बाट सकारात्मक राय प्राप्त भएमा वा विवरण हेरफेर गर्नु पर्ने भएमा हेरफेर गर्न लगाई IEE समितिमा राख्नको लागि निर्देशक मार्फत महानिर्देशक समक्ष पेश गरिने छ। IEE समितिको वैठक अनुकुलता हेरी आवश्यकता अनुसार वस्ने छ। IEE समितिबाट IEE प्रतिवेदन स्वीकृत गर्न सिफारिश गरेमा वा विवरण हेरफेर गर्नु पर्ने निर्णय गरेमा सो गर्न लगाई स्वीकृतिको लागि शाखाबाट निर्देशक मार्फत महानिर्देशक समक्ष पेश गरिने छ।

महानिर्देशकबाट IEE स्वीकृतिको निर्णय भए पछि स्वीकृतिको जानकारी सम्बन्धित निवेदकलाई शा.अ. बाटै दिई फोटोकपि फाइल १ थान बनाइ शाखाकै ना.सु. जिम्मा रहने छ र सक्कल फाईल सम्बन्धित जिल्लामा पठाइनेछ। विभागबाटै दर्ता गरिने उद्योगको हकमा उक्त फाईल सम्बन्धित शाखामा नै रहने छ।

यसरी IEE स्वीकृत गर्दा कागजात/विवरण पूरा भएको मितिले वातावरण संरक्षण नियमावली, २०५४ अनुसार २१ दिन भित्र IEE स्वीकृत भए नभएको जानकारी दिइनेछ। EIA गर्नु पर्ने उद्योगको हकमा EIA को लागि TOR र SCOPING प्राप्त भएको मितिले ७ दिन भित्र विभागीय निर्णयानुसार उद्योग मन्त्रालय मार्फत वातावरण मन्त्रालयमा पठाइने छ।

### १.४.१.३ उद्योग दर्ता गर्ने प्रकृया :-

वातावरण संरक्षण ऐन, २०५३ ले IEE र EIA गर्नु पर्ने उद्योगहरु र औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९ संग संवन्धित अनुसूची २ वमोजिमका अनुमति लिनु पर्ने उद्योगहरु वाहेकका विभागबाट अधिकार प्रत्यायोजन भएको हदसम्मका सबै उद्योगहरु प्रचलित कानून वमोजिम रितपुर्याई सम्वन्धित जिल्लावाट दर्ता गर्न सकिने व्यवस्था गरिएको छ।

**आवश्यक कागजात**

(१) अनुमति लिनु नपर्ने / IEE स्वीकृत पनि गराउनु नपर्नेको हकमा

- नेपाली नागरिकताको प्रमाणपत्र।
- दरखास्त 'ख' फाराम।
- कंपनी भएमा कंपनीको दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी (कंपनीको अधिकृत पूँजि भन्दा उद्योगको कुल पूँजी वढी हुन हुदैन तथा कंपनीको उद्देश्य र उद्योगको उद्देश्य एकै हुनु पर्ने छ)।

**उद्योगको प्रकृति हेरी आवश्यक पर्ने भएमा निम्न लिखित थप कागजातहरु**

- गा.वि.स./न.पा.को सिफारिश र सर्जमिन मुचुल्का।
- आफ्नो जग्गा धनि प्रमाण पुर्जा वा भाडाको घर जग्गा भएमा भाडा संझौता।
- सम्बन्धित निकायको सिफारिस चाहिने भए सो समेत।
  (जस्तै औषधी उद्योगलाई औषधी व्यवस्था विभाग)

(२) अनुमति लिनु पर्ने र IEE /EIA स्वीकृत गराउनु पर्नेको हकमा अनुमति पत्र तथा स्वीकृत IEE /EIA प्रतिवेदन।

### १.४.१.४ उद्योगको पूँजी बृद्धि, क्षमता बृद्धि, उद्धेश्य थप/परिवर्तन, नामसारी, ठाउँसारी :-

**पूँजी बृद्धि, र क्षमता बृद्धि, उद्धेश्य थप/परिवर्तन**

साविकको उद्योगको पूँजी र क्षमताले नपुग भएमा देहायका कागजातहरु सहित कार्यालयको अधिकार क्षेत्र भएको हकमा कार्यालय र सो भन्दा माथिको हकमा कार्यालय मार्फत विभागमा निवेदन दिनु पर्ने छ।

**<u>आवश्यक कागजातहरु</u>**

**पूँजी र क्षमता बृद्धि, उद्धेश्य थप/परिवर्तनको लागि :**

- शंसोधित 'ख' फाराम र पूँजी बृद्धि क्षमता वृद्धि गर्नु पर्नाको कारण सहित निवेदन
- शंसोधित स्कीम
- IEE/EIA स्वीकृत गराउनु पर्नेको हकमा शंशोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
- आवश्यक पर्ने भएमा सम्वन्धित निकायको सिफारिस स्वीकृति वा सहमति

### १.४.१.५ नामसारी र ठाउँसारी :-

साविकको उद्योगधनीको वा साझेदारहरु वा शेयरधनीको नामबाट अर्को व्यक्ति बा साझेदार वा शेयरधनीको नाममा नामसारी (स्वामित्व परिवर्तन) गर्न चाहेमा देहायका कागजातहरु सहित कार्यालयको कार्यक्षेत्रको हकमा कार्यालयमा र सो भन्दा माथिको हकमा कार्यालय मार्फत विभागमा निवेदन दिनुपर्ने छ। ठाँउसारीको हकमा IEE /EIA गर्नु पर्ने उद्योगको हकमा IEE /EIA प्रकृया समेत पूरा गर्नु पर्नेछ। उपरोक्त कार्यहरु सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र गरिने छ।

**<u>ठाउँसारीको लागि आवश्यक कागजात</u>**

- ठाँउसारी गर्नु पर्नाको कारण सहितको निवेदन र दरखास्त फारम 'ख'
- IEE/EIA स्वीकृत गराउनु पर्ने उद्योगको हकमा सो स्वीकृत भएको प्रतिवेदन।
- सम्बन्धित निकायको स्वीकृति वा सहमती आवश्यक पर्नेमा सो समेत पेश गर्नु पर्ने।

**<u>नामसारीको लागि आवश्यक कागजातहरु</u>**

- नामसारी गर्न पर्नाको मनासिब कारण खुलेको निवेदन र ख फाराम।
- उद्योग दर्ता प्रमाण पत्र।
- सम्बन्धित आन्तरिक राजस्व कार्यालयको सकारात्मक प्रतिकृया।
- सनाखत सहितको हक छोडपत्र।
- नामसारी गरी लिनेको नागरिकताको प्रमाण पत्र।

### १.४.१.६ आयकर तथा अन्तःशुल्क सुविधा प्रदान गर्ने।

**आवश्यक कागजातहरु**

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी।
- उद्योगको स्कीम/"ख" फारामको प्रमाणित फोटोकपी।
- उद्योग निरिक्षण प्रतिवेदन।
- आयकर छुट सुविधा पाउन पेशा भएको कार्यहरु।
- उद्योगको निवेदन तथा कार्यालयको सिफारिश।
- उद्योग दर्ता गर्दा तोकिएको शर्तहरु पुरा गरेको प्रमाण।
- उद्योग संचालन मिति खुलेको कागजात।

१.४.१.७ कुनै उद्योग संचालनको निमित्त विदेशी विशेषज्ञको सेवा आवश्यक पर्ने भएमा श्रम स्वीकृति एवं गैर पर्यटकीय भिसाको लागि सिफारिस गर्ने।

१.४.१.८ भिषा सिफारिश :- कुनै उद्योग संचालनको निमित्त विदेशी विशेषज्ञको सेवा आवश्यक पर्ने भएमा र नेपाली नागरिकबाट त्यस्तो विशेषज्ञ सेवा प्राप्त हुन सक्ने पर्याप्त आधार नभएमा मात्र तपसीलका कागजात सहित विभागमा निवेदन दिनुपर्ने छ। शाखामा सम्पूर्ण कागजात, विवरण र भिसा सिफारिश गर्न आवश्यक पर्ने पुष्ट्याई र प्रमाण प्राप्त भएमा आवश्यकता अनुसार सिफारिस गरिनेछ।

**आवश्यक कागजातहरु।**

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी
- विदेशी कामदार र उद्योगको वीचमा भएको सम्झौता पत्र र विदेशी कामदारको वायोडाटा।
- विदेशी कामदार राख्नु पर्ने स्पष्ट पुष्ट्याई
- विदेशी कामदारको पासपोर्टको फोटोकपी
- विदेशी कामदारले गर्ने कार्य विवरण
- नेपाली कामदार माग गरेको पत्रिकामा विज्ञापन गरेको प्रमाण
- उद्योगको स्कीम/"ख" फारामको प्रमाणीत फोटोकपी
- उद्योगको निरीक्षण प्रतिवेदन।

१.४.१.९ केमिकल (विस्फोटक पदार्थ) को लागि गृह मन्त्रालयमा सिफारीसः-

घरेलु तथा साना उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ केमिकल (विस्फोटक पदार्थ आयात गर्न वातावरण तथा औद्योगिक अनुगमन शाखाको राय लिई गृह मन्त्रालयमा सिफारिश गर्ने।

**आवश्यक कागजातहरु**

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी
- उद्योगको स्कीमको प्रमाणित फोटोकपी
- पहिले आयात गरेको केमिकल्सको खपत तथा स्टक र उत्पादनको विवरण
- उद्योग निरीक्षणको प्रतिवेदन।
- सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय र जिल्ला प्रशासन कार्यालयको सिफारिश पत्र।

यसरी निवेदन प्राप्त भएपछि कागजात पूरा भए नभएको हेरी कार्यालयले विभागमा पठाउनु पर्ने छ। विभागवाट आवश्यकता अनुसार सम्वन्धित निकायमा सिफारिस गरिनेछ।

## १.४.२ इजाजत शाखाबाट सम्पादन हुने कामहरु

क) आयकर तथा अन्तःशुल्क सुविधा प्रदान गर्ने ।

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी ।
- उद्योगको स्कीम “ख” फारामको प्रमाणित फोटोकपी ।
- उद्योग निरिक्षण प्रतिवेदन ।
- आयकर छुट सुविधा पाउन पेशा भएको ।
- उद्योगको निवेदन तथा कार्यालयको सिफारिश ।
- उद्योग दर्ता गर्दा तोकिएको शर्तहरु पुरा गरेको प्रमाण ।
- उद्योग संचालन मिति खुलेको कागजात ।

ख) कुनै उद्योग संचालनको निमित्त विदेशी विशेषज्ञको सेवा आवश्यक पर्ने भएमा श्रम स्वीकृति एवं गैर पर्यटकीय भिसाको लागि सिफारिस गर्ने ।

ग) भिषा सिफारिश :- कुनै उद्योग संचालनको निमित्त विदेशी विशेषज्ञको सेवा आवश्यक पर्ने भएमा र नेपाली नागरिकबाट त्यस्तो विशेषज्ञ सेवा प्राप्त हुन सक्ने पर्याप्त आधार नभएमा मात्र तपसीलका कागजात सहित विभागमा निवेदन दिनुपर्ने छ । शाखामा सम्पूर्ण कागजात, विवरण र भिसा सिफारिश गर्न आवश्यक पर्ने पुष्ट्याई र प्रमाण प्राप्त भएमा आवश्यकता अनुसार सिफारिस गरिनेछ ।

आवश्यक कागजातहरु :

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी
- विदेशी कामदार र उद्योगको बिचमा भएको सम्झौता पत्र र विदेशी कामदारको बायोडाटा ।
- विदेशी कामदार राख्नु पर्ने स्पष्ट पुष्ट्याई
- विदेशी कामदारको पासपोर्टको फोटोकपी
- विदेशी कामदारले गर्ने कार्य विवरण
- नेपाली कामदार मागगरेको पत्रिकामा विज्ञापन गरेको प्रमाण
- उद्योगको स्कीम “ख” फारामको प्रमाणित फोटोकपी
- उद्योगको निरीक्षण प्रतिवेदन ।

घ) केमिकल (विस्फोटक पदार्थ) को लागि गृह मन्त्रालयमा सिफारिसः-

घरेलु तथा साना उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ केमिकल (विस्फोटक पदार्थ आयात गर्न वातावरण तथा औद्योगिक अनुगमन शाखाको राय लिई गृह मन्त्रालयमा सिफारिश गर्ने ।

आवश्यक कागजातहरु :

- उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी
- उद्योगको स्कीमको प्रमाणित फोटोकपी
- पहिले आयात गरेको केमिकल्सको खपत तथा स्टक र उत्पादनको विवरण
- उद्योग निरीक्षणको प्रतिवेदन ।
- सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय र जिल्ला प्रशासन कार्यालयको सिफारिश पत्र ।

यसरी दिवेदन प्राप्त भएपछि कागजात पूरा भए नभएको हेरी कार्यालयले विभागमा पठाउनु पर्ने छ । विभागबाट आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

### १.४.३ योजना अभिलेख शाखा

**यस शाखाबाट सम्पादित हुने कार्यहरु :-**

१) विभाग तथा अन्तरगत कार्यालय, आयोजनावाट तयार भएका कार्यक्रमहरु सहितको आयोजना प्रस्तावहरु नीति र प्राथमिकता अनुरुप भए नभएको विश्लेषण गरी वार्षिक विकास कार्यक्रमको मस्यौदा तयार गर्ने।

२) विभाग तथा अन्तरगतका कार्यालय र आयोजनाहरुको कार्यक्रम र बजेट तयार गर्ने काममा जिल्ला स्तरीय कार्यक्रम तर्जुमा गर्न समन्वय गर्ने।

३) विभागीय स्तरबाट स्वीकृत भएपछि कार्यक्रम मस्यौदा उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने।

४) स्वीकृत कार्यक्रमहरु विभाग तथा अन्तरगत कार्यालयहरुमा उपलब्ध गराउने। कार्यक्रम कार्यान्वयनमा परेका समस्याहरु संकलन गरी समाधानको लागि पेश गर्ने।

५) उपलब्ध जनशक्तिको सीप अभिवृद्धिको लागि प्रशिक्षण, सेमिनार, गोष्ठी आदिको व्यवस्था गर्न कारवाही गर्ने।

६) स्वीकृत कार्यक्रमहरु अनुरुप प्रगति तथा कार्यान्वयन सम्वन्धी समीक्षाको लागि आवश्यक व्यवस्था गर्ने र प्रगति संकलन गरी सम्वन्धित निकायमा पठाउने। लक्ष्य अनुसार प्रगति नभए कारण र तथ्य पत्ता लगाई आवश्यक कारवाहीको लागि पेश गर्ने।

७) आयोजना र कार्यक्रम संचालन गर्न आवश्यक विदेशी सल्लाहकार, सहायता, ऋण र भौतिक साधनहरुको सम्वन्धमा कारवाही उठाई स्वीकृत भए अनुसार कार्य सम्पादन भए नभएको बिश्लेषण गरी पेश गर्ने।

८) स्वीकृत कार्यक्रमहरु संचालनको लागि बिभाग तथा अन्तर्गत कार्यालयमा उपलब्ध जनशक्ति, वित्तीय तथा भौतिक साधनहरुको अद्यावधिक लगत राखी सो को पूर्ण सदुपयोग तथा परिचालन गर्ने व्यवस्था मिलाउने।

९) गरीवी निवारणका लागि लघुउद्यम विकास कार्यकम सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने।

१०) बिभाग र अन्तर्गतका निकायको आवधिक (मासिक, चौमासिक, अर्धबार्षिक, अष्टमासिक र वार्षिक) प्रगति मन्त्रालयमा पठाउने। योजना र कार्यक्रम सम्वन्धी अन्य सम्पूर्ण कार्यहरु गर्ने।

११) विभाग अन्तरगत संचालित कार्यकमहरुलाई सहयोग पुऱ्याउन घरेलु र साना उद्योग, वातावरण उपयुक्त प्रविधि, औद्योगिक संभाव्यता एवं विकास, गुणस्तर, बजार र निर्यात प्रवर्द्धन आदि विषयमा अध्ययन अनुसन्धान गर्ने / गराउने।

१२. आयोजना। कार्यकमको सम्भाव्यता, छनौट, तर्जुमा, कार्यान्वयन तथा त्यसको प्रभावकारिताको मूल्याङ्कन तथा  अध्ययन गर्ने / गराउने।

१३. विभाग अन्तरगत संचालित कार्यकमहरुको प्रभावकारिता अध्ययन गरी गराई कार्यकममा देखिएका कमी कमजोरी एवं समस्याहरुको पहिचान गरी भावि कार्यकम तर्जुमा एवं कार्यान्वयनमा सुधार गर्न सहयोग पुऱ्याउने।

१४. घरेलु तथा साना उद्योगको विकास सम्वन्धमा गरीएका अध्ययन/अनुसन्धानको अभिलेख राख्ने तथा सम्वन्धित पक्षहरुलाई उपलब्ध गराउने।

१५. घरेलु तथा साना उद्योग सम्वन्धी तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गर्ने।

१६. विभाग अन्तरगत संचालित विभिन्न कियाकलाप तथा आयोजना, कार्यकमको अद्यावधिक अभिलेख राख्ने।

१७. सीपमूलक /व्यवसायमूलक तालिम संचालन गर्न बजार माग, तालीम आवश्यकता पहिचान, रोजगारी आदि विषयमा सर्भेक्षण गर्ने गराउने र सो को जानकारी, विश्लेषण र नतिजा संप्रेषण गर्ने / गराउने।

१८. विभिन्न क्षेत्रमा भएका अध्ययन, सर्भेक्षण, अनुसन्धान र प्रतिवेदनलाई सम्वद्ध पक्षसम्म पुऱ्याउने।

१९. जिल्ला स्तरीय कार्यालयहरुवाट भएका घरेलु तथा साना उद्योगको दर्ता र संचालनको अभिलेख राख्ने, एवं जिल्लाको प्रोफाइल तयार गर्न लगाई अद्यावधिक राख्ने।

२०. रोजगारी सम्वन्धी तथ्याङ्क/सूचना संकलन, विश्लेषण र सम्प्रेषण गर्ने।

२१. अध्ययन, अनुसन्धान, तथ्यांङ्क तथा प्रकाशन सम्वन्धी अन्य भैपरी आउने सवै कार्यहरु गर्ने।

### १.४.४ प्रशासन शाखाः

१) विभाग तथा अन्तरगत कार्यालयहरुको नेपाल सरकारवाट स्वीकृत दरवन्दीको लगत र सो अनुसार जनशक्तिको अद्यावधिक रेकर्ड राख्ने।

२) विभाग तथा अन्तरगत कार्यालयहरुमा उपलव्ध जनशक्तिलाई विभाग तथा अन्तरगत कार्यालयको संगठनको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्न अधिकतम रुपमा परिचालन गर्ने क्रममा कर्मचारीहरुको नियुक्ति सरुवा, बढुवा तालिम आदि सम्वन्धी काम कारवाही गर्ने।

३) नेपाल सरकारको प्रचलित ऐन, नियम अनुरुप कर्मचारीहरु उपर दण्ड सजाय, पुरस्कार आदि कारवाही सम्वन्धित कर्मचारीहरुको कार्य सम्पादनको आधारमा गर्ने।

४) बिभाग तथा अन्तर्गत कार्यालयका कर्मचारीहरुको निजामति किताव खानामा तलवी प्रतिवेदन पास गराउने।

५) कर्मचारीहरुको विदा रेकर्ड, औषधि उपचारको लागि उपभोग भएको रकमको रेकर्ड, सरुवा, बढुवा आदि कर्मचारीहरुको व्यक्तिगत बिबरण सहितको व्यक्तिगत अभिलेख फाईलहरु सुरक्षित एवं अद्यावधिक राख्ने।

६) कर्मचारीहरुको बढुवा, ग्रेड थप, पदक सिफारिश आदिको लागि कार्य सम्पादन मूल्याङ्कन रेकर्डहरु अद्यावधिक राख्ने।

७) विभाग तथा अन्तरगत कार्यालयहरुको सम्पतिको विवरण अद्यावधिक राख्ने, संरक्षण गर्ने गराउने। लिलाम गर्नु पर्नेमा प्रचलित ऐन नियमानुसार कार्यवाही गर्ने गराउने तथा प्रशासन सम्वन्धी अन्य सम्पूर्ण कामहरु गर्ने गराउने।

८) विभाग तथा अन्तर्गतका कार्यालयको सामान्य प्रशासन सम्वन्धी कार्यहरु गर्ने।

९) विभागको आन्तरिक प्रशासन सम्वन्धी कार्यहरु गर्ने।

१०) जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

### १.४.५. आर्थिक प्रशासन शाखाः-

१) विभाग तथा अन्तरगत कार्यालयहरुको लागि बजेट अनुमान तयार गर्ने।

२) केन्द्रीय र जिल्लास्तरीय कार्यालयहरुको लागि स्वीकृत बजेट शीर्षक अनुरुप बांडफांड गरी निकाशा तथा खर्च सम्वन्धी अख्तियारी पठाउने।

३) स्वीकृत कार्यक्रम र बजेट अनुसार रकम पुग/ नपुग भए समयमै पुनरावलोकन गरी आवश्यक्ता अनुसार रकमान्तर तथा अन्य व्यवस्था गर्ने।

४) स्वीकृत बजेट अनुसार कर्मचारीहरुको नियमानुसार तलव भुक्तानी गर्ने र आर्थिक ऐन नियम अनुरुप निकाशा खर्चको लेखा राख्ने।

५) फर्म दर्ता, नविकरण, जरिवाना वा अन्य किसिमका राजश्व बुझी लिई सो को लेखा अद्याावधिक गर्ने।

६) बिभाग र अर्न्तगत कार्यालयहरुको आ.ले.प.र म.ले.प.गर्ने/गराउने, म.ले.प.को वेरुजुको अद्यावधिक रेकर्ड राखी नियमित रुपमा वेरुजु फछ्र्यौट सम्वन्धी कार्य गर्ने। वेरुजुको प्रगति बिबरण, लगत तयार गर्ने र वेरुजु सम्वन्धी अन्य सम्पूर्ण कार्यहरु गर्ने।

७) बिभागमा जम्मा हुने धरौटी रकम बुझी लिने र फिर्ता गर्ने सम्वन्धी सम्पूर्ण कार्य गर्ने । राजश्वको मासिक/बार्षिक प्रगति बिबरण तयार गरी लेखा परिक्षण गराउने।

८) आर्थिक प्रशासन सम्वन्धी आवश्यक राय सल्लाह उपलव्ध गराउने।

९) आर्थिक प्रशासन सम्वन्धी कार्यहरुमा आवश्यकता अनुसार राय पेश गर्ने।

१०) आर्थिक प्रशासन सम्वन्धी भैपरि आउने अन्य सम्पूर्ण कार्यहरु गर्ने।

### १.४.६ ऐन नियम परामर्श शाखा

१) प्रचलित ऐन, नियम अनुसार उद्योगहरुको इजाजत, रजिष्ट्रेशन तथा सुविधा उपलव्ध गराउने सम्वन्धमा कानूनी द्विविधा परेका बिषयहरुमा कानूनी राय उपलव्ध गराउने।

२) विभागका तर्फवाट गर्नुपर्ने बहस/प्रतिरक्षाका लागि आवश्यक कागजातहरुको मस्यौदा तयार गरी यथासमयमा पेश गर्ने।

३) विभागको अन्य कार्य संचालन सम्वन्धमा समेत आवश्यकतानुसार कानूनी राय उपलव्ध गराउने।

४) विभागसँग सम्वन्धित ऐन, नियम, निर्देशिका, कार्यविधिको कार्यान्वयन गर्ने सम्वन्धमा द्विविधा परेमा कानुनी राय दिने।

५) विभागसँग सम्वन्धित विषयमा अदालतबाट भएका आदेश निर्देश एवं फैसला कार्यान्वयन गर्न आवश्यक पहल गर्ने तथा विभाग अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गर्नु पर्ने अदालतको आदेश, निर्देश एवं फैसला कार्यान्वयन गर्न सम्वन्धित निकायमा पत्राचार गरी कार्यान्वयन भए नभएको अभिलेख राखी सो को जानकारी मन्त्रालयमा पठाउने।

### १.४.७ वातावरण तथा औद्योगिक अनुगमन शाखा :-

१) IEE /EIA गर्नु पर्ने वर्गमा परेका उद्योगहरुको IEE /EIA प्रतिवेदन एवं परियोजना प्रस्ताव अध्ययन गरी प्राविधिक परामर्श दिने र प्राप्त अख्तियारी भित्रको प्रतिवेदन स्वीकृती सम्वन्धी कार्य गर्ने।

२) उद्योगवाट उत्पादनको क्रममा उत्सर्जन हुने फोहोरको मापदण्ड सम्वन्धी कार्य गर्ने।

३) उद्योगवाट निस्कने फोहर पदार्थ, ग्यास, पानीको उत्सर्जनको मापदण्ड पालना भए नभएको निरीक्षण गरी मापदण्डको पालना गराउने।

४) वातावरण प्रदूषण प्रमाण-पत्र जारी गर्न उद्योगको निरीक्षण गर्ने, निर्धारित मापदण्ड अनुसार उद्योग संचालन भएका उद्योगलाई प्रमाण पत्र जारी गर्न सिफारिश गर्ने।

५) IEE /EIA गरेका उद्योगहरु र वातावरणीय प्रमाण-पत्र प्राप्त गरेका उद्योगहरुको पूर्व निर्धारित शर्त एवं मापदण्ड पालन गरे नगरेको एकिन गरी आवश्यक कारवाही गर्न सिफारिश गर्ने।

६) वातावरण प्रदूषण सम्वन्धी कुनै उजुरी परेमा आवश्यकतानुसार उद्योगको स्थलगत निरीक्षण गरी राय सहित प्रतिवेदन दिने र आवश्यक कारवाही गर्न सिफारिश गर्ने।

७) औ.व्य.ऐन अनुसार उद्योगले प्राप्त गर्ने सुविधा, जर्ति प्रमाणित, कच्चा पदार्थ, विष्फोटक पदार्थको सिफारिश आदिको लागि स्थलगत निरीक्षण गर्नु पर्ने भए गरी प्राविधिक राय दिने।

८) पर्यावरण व्यवस्थापन एवं प्रदूषण न्यून गर्ने प्रविधि सम्वन्धी सूचना संकलन एवं प्रचार प्रसार गर्ने।

९) औद्योगिक प्रदूषण नियन्त्रण सम्वन्धी ऐन, नियमको तर्जुमा एवं परिमार्जन गर्न परामर्श दिने।

१०) औद्योगिक प्रदूषण नियन्त्रण सम्वन्धमा जागरण सिर्जना गर्ने।

११) औद्योगिक प्रदूषण नियन्त्रण र वातावरण सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने।

### १.४.८ प्राविधिक परामर्श तथा प्रविधि हस्तान्तरण शाखाका कार्यहरुः

१) घरेलु तथा साना उद्योग स्थापना गर्न चाहने उद्यमी व्यवसायीहरुलाई औद्योगिक परामर्श दिने।

२) उद्योगको स्थापनाको लागि प्राप्त प्रस्तावहरुमा आर्थिक प्राविधिक पक्षको अध्ययन, विश्लेषण गरी राय दिने।

३) घरेलु तथा साना उद्योगको स्कीम तर्जुमा गर्ने र मौजुदा स्कीमहरु अद्यावधिक गर्ने।

४) प्रविधि हस्तान्तरण एवं विकास सम्वन्धी सूचना संकलन र सम्प्रेषण गर्ने। प्रविधि विस्तारको लागि उपयुक्त प्रविधिको खोजी गरी सम्वद्ध पक्षलाई उपलव्ध गराउने।

५) देशमा मौजूदा परम्परागत प्रविधिको विकास, विस्तार र परिमार्जन गर्न व्यवसायीलाई सहयोग पुऱ्याउने।

६) उद्योग क्षेत्रमा उपयुक्त प्रविधिको पहिचान गरी उद्यमी / व्यवसायीहरुलाई हस्तान्तरण गर्ने।

७) घरेलु तथा साना उद्योग क्षेत्रमा हस्तान्तरण भएका प्रविधिको अनुगमन गर्ने र आवश्यकतानुसार त्यसको विस्तारमा सहयोग पुऱ्याउने।

८) रुग्ण उद्योगहरुको पुनर्स्थापनाको लागि आवश्यक परामर्श दिने।

९) स्वच्छतर उत्पादन [Cleaner Production], उत्पादकत्व र गुणस्तर व्यवस्थापन वातावरण ब्यवस्थापन, व्यवसायजन्य स्वास्थ्य सुरक्षा, खाद्य सुरक्षा व्यवस्थापन सम्वन्धी तालीम, गोष्ठी संचालन गर्ने र यस बिषयको प्रचार प्रसार गर्ने। जिल्लामा परेका प्राविधिक समस्याको समाधान गर्ने।

१०) घरेलु तथा साना उद्योग प्रवर्द्धनका लागि अन्य आवश्यक कार्यहरु गर्ने।

### १.४.९ व्यवसाय संवर्द्धन कार्यक्रमका मूख्य मूख्य कार्यहरु :

- नविन सोंच र प्रतिभा भएका व्यक्तिहरुलाई Incubation Center मा राखी सफल उद्यमीको रुपमा विकास गर्ने,
- नविन प्रविधि समेतको उपयोग गरेर उच्च मूल्यका वस्तु तथा सेवा उत्पादन गर्ने, सिर्जनशिल, प्रतिस्पर्धी र सक्षम व्यवसायी तयार पार्न सहयोग पुर्‍याउने,
- कार्यक्रमको विकास विस्तारकालागि अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्र संग संपर्क, समन्वय र सहयोग गर्ने,
- प्रशिक्षार्थी व्यवसायीको लागि प्रस्ताव आव्हान गर्ने, निर्देशिका (२०६४) बमोजिमको प्रश्चात छनोट भएकासंग संभ्फौता गर्ने, कार्ययोजना बनाउने र सो बमोजिम प्रशिक्षार्थी व्यवसायीको कार्ययोजना कार्यान्वयन गर्न सहयोग पुर्‍याउने,
- उद्योग व्यवसायीको संवर्द्धन प्रति चेतना, ज्ञान र जागरुकता वढाउन तथा व्यवसाय संवर्द्धनको लागि सहि ढांचामा उपयूक्त प्रस्ताव आउन सकोस भन्ने अभिप्रायले आवश्यकतानुसार पूर्व व्यवसाय संवर्द्धन कार्यक्रम संचालन गर्ने,
- व्यवसाय संवर्द्धनका लागि आवश्यक पर्ने विभिन्न क्षेत्र, श्रोत र निकायहरु विच संजाल स्थापना गर्ने ,

### १.४.१० विभाग अन्तरगतका कार्यालयहरुवाट सम्पादन हुने कार्यहरु :

१. आफ्नो अधिकार क्षेत्र भित्र रही घरेलु तथा साना उद्योगहरुको प्रचलित औ.व्य.ऐन अनुसार अनुमति (इजाजत) प्रदान गर्ने, उद्योग दर्ता गर्ने र नवीकरण गर्ने।

२. आफ्नो अधिकार क्षेत्रभित्र पर्ने उद्योगको IEE स्वीकृतका लागि प्राप्त आवश्यक कागजातहरु सहित

विभागमा पढाउने।

३. प्रत्यायोजित अधिकारक्षेत्र भित्र रही उद्योगको पूँजी तथा क्षमता वृद्धि, उद्धेश्य थप, नामसारी, ठाँउसारी तथा दर्ता खारेज संवन्धी कार्य गर्ने।

४. औ.व्य.ऐन अनुसार घरेलु उद्योगलाई आयकर, विक्रिकर, अन्तशुल्क छुट सुविधा र साना उद्योगको आयकर छुट सुविधा प्रदान गर्न सिफारिस गर्ने।

५. आफ्नो अधिकार क्षेत्र भित्र नपर्ने विषयको हकमा आवश्यक कागजात सहित विभागमा पेश गर्ने।

६. स्वीकृत वार्षिक कार्यक्रम अनुसार सीपमूलक तथा उद्यमशिलता बिकास तालीम संचालन तथा अनुगमन गर्ने।

७. तालीम प्राप्त प्रशिक्षार्थीहरुलाई व्यवसाय संचालन गर्न कर्जा प्रवाहको लागि सिफारीस गर्ने।

८. वार्षिक कार्यक्रम अनुसार औद्योगिक संभाव्यता, तालीमको प्रभावकारीता, तालिमको वजार मागको अध्ययन आदि गर्ने, गराउने।

९. कार्यालयवाट सम्पादन हुने कार्यको अद्यावधिक अभिलेख राख्ने।

१०. निर्धारित समयमा विभागमा मासिक,चौमासिक, अर्धवार्षिक, अष्ठमासिक र बार्षिक प्रगति विवरण पठाउने।

११. आवश्यकतानुसार उद्योगको निरीक्षण गर्ने, देखिएका समस्याको छानवीन गरी समाधान गर्ने र विभागमा पेश गर्नु पर्नेमा पेश गर्ने।

१२. कार्यालय संचालनका लागि गर्नु पर्ने अन्य प्रशासनिक कार्य गर्ने।

**उल्लेखित कार्यहरु सम्पादन गर्ने प्रकृया:-**

क) **उद्योग अनुमति (इजाजत), दर्ता र नवीकरण गर्ने :-**

१. **पेश गर्ने र स्वीकृत गर्ने** :- संवन्धित फाँटवाला (ना.सु ले उद्योग अधिकृत कार्यालय प्रमुख भएका कार्यालयको हकमा स्वीकृतिको लागि उद्योग अधिकृत समक्ष र प्रमुखउद्योग अधिकृत भएका कार्यालयको हकमा उद्योग अधिकृत मार्फत प्रमुख उद्योग अधिकृत समक्ष पेश गरी प्रमुख उद्योग अधिकृतवाट सवै कागजात प्राप्त भएको मितिले अनुमतिको हकमा ३० दिन र दर्ताको हकमा २१ दिन भित्र स्वीकृत गर्ने।

२. **संलग्न गर्नु पर्ने कागजात**

क) अनुमतिको लागि : नागरीकताको प्रमाणपत्र को प्रतिलिपि, स्किम, अनुमति निवेदन फाराम 'क'।

ख) दर्ताको लागि : नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, घर भाडाको सम्झौता, संवद्ध निकायको सिफारिस आवश्यक पर्नेमा (जस्तै पर्यटन, स्वास्थ्य, हुलाक, आदिको सिफारिस र दरखास्त फाराम 'ख'।

ग) वातावरण संरक्षण नियमावली, २०५४ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report) स्वीकृत गराउनु पर्ने उद्योगका हकमा स्वीकृत Scheme, TOR, IEE Report सहितको दरखास्त फाराम 'ख', उद्योगीले नविकरणको लागि वार्षिक प्रगति विवरण सहितको निवेदन, नियमानुसार वुझाउनुपर्ने दस्तुरको नगदी रसिद र वैक भौचर संलग्न गर्नुपर्ने छ। फाइलहरु सम्बन्धित फाटवाला ना.सु. को जिम्मामा रहने छ।

## ख) IEE प्रतिवेदन स्वीकृत गर्ने :-

### १. पेश गर्ने र स्वीकृत गर्ने :-

सम्बन्धित फाँटवाला (ना.सु ले उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालयको हकमा स्वीकृतिको लागि उद्योग अधिकृत समक्ष र प्रमुख उद्योग अधिकृत कार्यालय प्रमुख भएको कार्यालयको हकमा उद्योग अधिकृत मार्फत पेश गरी प्र.उ.अ वाट TOR स्वीकृत भै IEE समितिको वैठकवाट IEE Report स्वीकृतिको लागि सिफारिस गर्ने । यसरी सिफारिश भएपछि सम्पुर्ण कागजात प्राप्त भएको मितिले २१ दिन भित्र IEE प्रतिवेदन स्वीकृत गर्ने।

### २. संलग्न गर्नुपर्ने कागजात :-

वातावरण संरक्षण नियमावली, २०५४ को प्रकृया पुरागरी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सूचनाको सक्कल प्रति, सूचना टांसको मुचुल्का, सूचनाको अवधिभित्र कसैको राय सुझाव परे नपरेको सम्वन्धमा सम्बन्धित गा.वि.स/न.पा को पत्र, चौतर्फि सधियारको सहमति सहितको सर्जमिन मुचुल्का, गा.वि.स/न.पा को सिफारीस, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, प्रमाणित नापी नक्सा, सिफारिस चाहिनेमा सम्बन्धित निकायको सिफारिस (जस्तै वन, स्वास्थ्य,पर्यटन आदि) उद्योग रहने स्थानको जग्गा धनी प्रमाण पुर्जा, भाडामा भए भाडा सम्झौता, Location Map, Scheme, TOR, IEE प्रतिवेदन सहितको दरखास्त फाराम 'ख'।

३. फाईल सम्वन्धित फाँटवाला (ना.सु.) जिम्मा रहने छ।

## ग) <u>उद्योगको पूँजी तथा क्षमता वृद्धि उद्देश्य थप, नामसारी, ठाँउसारी तथा दर्ता खारेजी गर्ने</u>

### १. पेश गर्ने र स्वीकृत गर्ने :-

सम्बन्धित फाँटवाला (ना.सु.)ले उद्योग अधिकृत कार्यालय प्रमुख भएकोमा स्वीकृतिको लागि उद्योग अधिकृत समक्ष र प्रमूख उद्योग अधिकृत कार्यालय प्रमुख भएकोमा उद्योग अधिकृत मार्फत पेश गरी प्रमूख उद्योग अधिकृतवाट सम्पूर्ण कागजात प्राप्त भएको मितिले २१ दिन भित्र निर्णय गर्ने।

### २. संलग्न गर्नु पर्ने कागजात :-

पूँजी वृद्धि, क्षमता वृद्धि, उदेश्य थप ठाँउसारीको लागि सो गर्नु पर्नाको कारण सहितको दरखास्त फाराम 'ख'। नामसारी तथा खारेजीको लागि सोको निवेदन आन्तरिक राजश्व कार्यालयको प्रतिकृया र नामसारीको हकमा हालवालाको छोडपत्र र नामसारी गरी लिनेको निवेदन सहित नागरीकता प्रमाण पत्रको प्रतिलिपि।

३. फाईल सम्बन्धित फाँटवाला (ना.सु.)को जिम्मामा रहनेछ।

## घ) <u>उद्योगलाई प्रदान गरिने सुविधा :-</u>

### १. पेश गर्ने र स्वीकृत गर्ने :-

सम्बन्धित फाँटवाला (ना.सु.)ले उद्योग अधिकृत कार्यालय प्रमुख भएकोमा उ.अ समक्ष पेश गरी उ.अ बाट स्वीकृति गर्ने र प्र.उ.अ कार्यालय प्रमुख भएकोमा उद्योग अधिकृत मार्फत पेश गरी प्र.उ.अ वाट

स्वीकृत भै औ.व्य.ऐन २०४९को दफा १५ वंमोजिम प्रदान गरिने सुविधाको हकमा समय समयमा बस्ने एकद्वार उपसमितिको बैठकवाट निर्णय हुने। तर काठमाडौं उपत्यकाका कार्यालयहरुको हकमा उल्लेखित सुविधाको लागि विभागमा सिफारीश गरी पठाइनेछ। निम्न कागजात प्राप्त भै एकद्वार समितिबाट निर्णय भएको मितिले ७ दिन भित्र सो को जानकारी पठाइने छ।

- **संलग्न गर्नु पर्ने कागजातहरु** :- सुविधा मागको निवेदन, अद्यावधिक नवीकरण भएको उद्योगको प्र.प.को प्रतिलिपि, प्रगति विवरण, उद्योगको स्थलगत निरीक्षण प्रतिवेदन।
- फाईल सम्बन्धित फाँटवाला (ना.सु.)को जिम्मामा रहने छ।

## ङ) कर्जा प्रवाह सिफारिस :-

तालिम प्राप्त प्रशिक्षार्थीको माग वमोजिम जिल्ला स्तरीय "लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह व्यवस्थापन समिति"को वैठक बसी सम्बन्धित निर्देशिका बमोजिम कर्जाको लागि सिफारिस गर्ने।


## च) उद्योगको निरीक्षण :-


१. आवश्यकता अनुसार उद्योगको स्थलगत निरिक्षण गर्ने।

२. उद्योगवाट असर परेकोमा उजुरी परी निरीक्षण गरी छानविन गरी समस्याको समाधान गर्ने।

३. समाधान गर्न नसकेकोमा आवश्यक राय सहित विभागमा पठाउने।

## २. उद्योग दर्ता प्रकृया *(Flowchart)*




IEE प्रतिवेदन उपलब्ध गर्ने
IEE प्रतिवेदनमा संशोधन गर्ने
IEE प्रतिवेदन मूल्याङ्कन
कैफियत भएमा
कैफियत नभएमा
IEE प्रतिवेदनको कम्तिमा ५ छाँयाप्रति उपलब्ध गर्ने
IEE समितिबाट IEE प्रतिवेदनको मूल्याङ्कन
अस्वीकृत IEE प्रतिवेदन
स्वीकृत IEE प्रतिवेदन
EIA गर्नु पर्ने प्रस्ताव
उद्योग दर्ता
IEE प्रतिवेदनमा पून: संशोधन
अनुगमन तथा मूल्याङ्कन

# उद्योगको वर्गीकरण

## ३. उद्योगको वर्गीकरण

ऐनको दफा ३ अनुसार उद्योगलाई उद्योगको प्रकृतिको आधारमा देहाय बमोजिम **उत्पादनमूलक, उर्जामूलक, कृषि तथा बनजन्य, खनिज, पर्यटन, सेवा र निर्माण** उद्योगको रुपमा वर्गीकरण गरिएको छ।

## ३.१ उत्पादनमूलक उद्योग

कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको मालसामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने।

जम्बो रोलबाट कटिङ्ग, स्लिटिङ्ग, कन्फेक्टीङ्ग, परफोरेटिङ्ग, स्यूलिङ्ग तथा क्यापिङ्ग गरी तयारी फोटोग्राफिक फिल्म रोल तयार गर्ने र प्याक गर्ने, जम्बो रोल आयात गरी कटिङ्ग स्लिटिङ्ग आदि प्रकृया पूरा गरी सिनेमाटोग्राफिक फिल्म, मेडिकल तथा औद्योगिक एक्सरे फिल्म, ग्राफिक आर्ट फिल्म, फोटोग्राफिक पेपर उत्पादन गर्ने तथा प्यान केक बनाउने उद्योग। (मिति ०५५/४/४ को राजपत्र द्वारा थप)

## ३.२ उर्जामूलक उद्योग

जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, वायो ग्याँस तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने। नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (ख) को उर्जामूलक उद्योगको वर्गीकरणमा “उर्जाको सम्भाव्यता अध्ययन गर्ने” उद्योगलाई समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ। (मिति ०६८/२/२ को राजपत्र द्वारा थप)

## ३.३ कृषि तथा बनजन्य उद्योग

(१) मूलतः कृषि वा वन पैदावरमा आधारित एकीकृत किसिमका रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफि खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बीऊ वीजन उत्पादन, च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), ग्रिन हाउस, मौरी पालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती बन, एग्रोफरेष्ट्री आदि व्यवसायिक बन सम्बन्धी व्यवसायहरू।

(२) “कपास खेती, कपास र कपासको विउ उत्पादन तथा प्रशोधन गर्ने” (मिति ०५५/४/४ को राजपत्र द्वारा थप )

(३) व्यवसायिक रुपमा गरिने फलफूल तथा नगदे वालीको खेती।

(४) व्यावसायिक रुपमा गरिने बेतवांस तथा निगालोको खेती र सोबाट वस्तुहरुको उत्पादन गर्ने कार्य।

(५) चल्ला काड्ने व्यवसाय।

(६) वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन। (मिति ०५९/२/६ को राजपत्र द्वारा थप)

### ३.४ <u>खनिज उद्योग</u>

खनीज उत्खनन वा प्रशोधन गर्ने ।

### ३.५ <u>पर्यटन उद्योग</u>

(१) पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ, केवलकार कम्प्लेक्स, पोनी ट्रेकिङ, पदयात्रा (ट्रेकिङ), हट एयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण (हर्स राइडिङ) आदि व्यवसायहरु ।

(२) मनोरञ्जन पार्क निर्माण तथा संचालन गर्ने व्यवसाय । (मिति २०५६/९/२६ को राजपत्रद्वारा थप)

(३) ग्रामीण पर्यटन । (मिति ०५८/५/२१ को राजपत्रद्वारा थप)

(४) अन्य साहसिक टुरिज्म व्यवसाय । (मिति २०५९/२/६ को राजपत्रद्वारा थप)

### ३.६ <u>सेवा उद्योग</u>

(१) कार्यशाला (वर्कशप), छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ होम, शिक्षण एवं प्रशिक्षण संस्था, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि व्यवसायहरु ।

(२) सार्वजनिक परिवहन अन्तरगत ढुवानी सेवा । (मिति ०५८/२/३१ को विभागीय निर्देशन)

(३) प्रशोधन वा प्रकृया नगण्य रुपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ्ग, फोटो पेपर स्लिटिङ्ग, टिस्यू पेपर स्लिटिङ्ग, बल वियरिङ्ग एसेम्व्ली तथा वल्क रुपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरु । (औ.प्र.बोर्ड ९० औं बैठक द्वारा थपं)

(४) आवास भवन निर्माण गरी विक्री वितरण गर्ने व्यवसाय, टेलिफोन सेवा (सेलुलर टेलिफोन, मोवाइल टेलिफोन, पेजिङ टेलिफोन सेवा) र टेलिभिजन प्रसारण सेवा (स्याटलाईट टेलिभिजन प्रसारण वा केबुल टेलिभिजन प्रसारण)

(५) कपडा तथा यार्न डाइङ्ग, यार्न साइजिङ र कपडामा प्रिन्टिङ्ग गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नै प्रयोजनको लागि गरेकोमा बाहेक) । (मिति ०५०/८/२१ को राजपत्रद्वारा थप)

(६) "कम्प्यूटर सफ्टवेयर" । (मिति ०५३/१/१० को राजपत्रद्वारा थप)

(७) विद्युत तथा व्याट्रीबाट संचालन हुने तीन पांग्रे र चार पांग्रे सार्वजनिक परिवहन संचालन गर्ने उद्योग,

(८) उपरोक्त सार्वजनिक परिवहनको लागि आवश्यक पर्ने व्याट्री चार्जिङ्गको सेवा प्रदान गर्ने उद्योग, (मिति ०५३/३/३१ को नेपाल राजपत्र द्वारा थप)

(९) बैंक तथा वित्तिय संस्था, उद्योग, होटेल, कार्यालय भवन, कुटनैतिक नियोग तथा आवासीय भवन आदिमा सुरक्षा सेवा पुर्‍याउने उद्देश्य रहेको व्यवसाय,

(१०) विज्ञापन सामाग्री उत्पादन गरी विज्ञापन एजेन्सीको रुपमा काम गर्ने व्यवसाय,

(११) प्रकाशन व्यवसाय,

(१२) एल. पि. ग्याँस रिफिलिङ्ग गर्ने व्यवसाय,

(१३) डिजिटल प्रकृयाद्धारा नक्सा बनाउने व्यवसाय,

(१४) टेलिभिजनमा प्रशारण हुने टेलिड्रामा, टेलिफिल्म विज्ञापन, स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम तथा अरु डकुमेन्टरी फिल्म निर्माण तथा प्रशारण गर्ने,

(१५) मोटरकार तथा टेम्पो आदि सवारी साधनमा एल. पि. ग्याँस रिफिलिङ्ग डिपो स्थापना गर्ने व्यवसाय,

(१६) रेडियो प्रशारण स्टेशन खडा गरी रेडियो प्रशारण गर्ने व्यवसाय। (मिति २०५५/४/४ को राजपत्रद्वारा थप)

(१७) कार्गो व्यवसाय। (मिति २०५६/११/१६ को राजपत्रद्वारा थप)

(१८) निर्माण सम्वन्धी हेभी ईक्विपमेन्ट भाडा मर्मत तथा संचालन सेवा

(१९) व्यवसायिक रुपमा गरिने पशु चिकित्सा सेवा

(२०) मानव स्वास्थ्योपचार सम्वन्धी डाईग्नोस्टिक सर्भिसेज

(२१) सभा सम्मेलन भवन संचालन, ढल तथा फोहर मैला संकलन र विकास खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यांस आपूर्तिको पाइपलाईन संचालन, गोदाम घर तथा भण्डारण संचालन, विमानस्थल संचालन, स्पोर्ट कम्प्लेक्स संचालन, रोपवे सेवा (रज्जुमार्ग संचालन, सडक संचालन, सिंचाई संचालन, उर्जा प्रसारण गृह संचालन, रेल्वे संचालन र उल्लेखित व्यवसाय संचालन गर्दा गरिने पर्ने सम्भार कार्य। (मिति २०५९/२/६ को राजपत्रद्वारा थप)

(२२) जलपरिवहन (Shiping) व्यवसाय

(२३) प्याकेजिङ्ग/रिफिलिङ्ग सेवा, कुरियर टेलिफोन सिस्टम सेवा, ड्राई क्लिनर्स, क्याटरिङ्ग सेवा, भिडियो/अडियो रेकर्डिङ्ग ,भि-स्याट, इन्टरनेट सर्भिस, व्युटि पार्लर, भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य, इन्टेरियर डेकोरेशन, सिडिरोम रेकर्डिङ्ग, (मिति २०५८/५/२१ को राजपत्रद्वारा थप)

(२४) इनल्याण्ड क्लियरेन्स डिपो (Inland Clearance Depo) व्यवस्थापन र संचालन। (२०५८/१०/१ को राजपत्रद्वारा थप)

(२५) चौपायबाट गरिने परिवहन (तान्ने र बोक्ने। (२०६०/११/२५ को राजपत्रद्वारा थप)

(२६) २०६४/५/२४ को औद्योगिक प्रवर्द्धन बोर्डको निर्णयानुसार थप भएका सेवा उद्योगहरु

१) व्यवसाय सेवा

क) पेशागत सेवा

- ✓ प्लम्विङ्ग, वोरिङ्ग, टुयुववेल फिटिङ्ग
- ✓ फेशन डिजाइन, बुटिक
- ✓ साइनवोर्ड, ब्यानर तथा होडिङ्ग बोर्ड बनाउने २०६९।१०।२९को राजपत्रमा प्रकाशित।

ख) कम्प्युटर वा सो सम्बन्धी सेवा

- ✓ तथ्याङ्ग डाटा संकलन, प्रशोधन तथा डिजाइन सेवा(स्थिर पुंजी रु २००,००० सम्म लगानी हुने

ग) अन्य ब्यबसाय सेवा

- ✓ क्रंक्रिट रेडि मिक्सिङ्ग सेवा (RMC)
- ✓ विद्युत जडान तथा मर्मत सम्बन्धी सेवा

२) संचार सेवा

- ✓ कल सेन्टर, भ्वाइस मेल (स्थिर पूँजी कम्तीमा २,००,०००।- लगानी हुने
- ✓ इमेल (स्थिर पूँजी कम्तीमा २,००,०००।- लगानी हुने
- ✓ टेलेक्स सेवा (स्थिर पूँजी कम्तीमा २,००,०००।- लगानी हुने
- ✓ टेलिग्राफ सेवा (स्थिर पूँजी कम्तीमा २,००,०००।- लगानी हुने

३) वातावरणीय सेवा

- ✓ फोहोर मैला संकलन तथा सफाइ सेवा

४) स्वास्थ्य तथा सामाजिक सेवा

- ✓ स्वास्थ्य क्लिनिक (कम्तीमा १ जना डक्टर तथा २ जना हेल्थ असिस्टेण्ट)
- ✓ छात्रावास संचालन (कम्तीमा ५० जना राख्न सक्ने क्षमताको हुनु पर्ने
- ✓ बालबच्चा स्याहार केन्द्र (कम्तीमा २० जनालाई स्याहार गर्न सक्ने क्षमता)
- ✓ बृद्धाश्रम संचालन सेवा (कम्तीमा ५० जनालाई आश्रमको ब्यबस्था गर्ने क्षमता)

५) <u>मनोरञ्जन, संस्कृति र खेलकुद सेवाहरु</u>

- ✓ स्नुकर, वलिङ्ग, आदी खेल खेलाउने सेवा (स्थिर पूँजी कम्तीमा रु ५ लाख भन्दा माथीको लगानी हुने
- ✓ नेपालमा प्रचलित अन्य खेलकुद सेवा
- ✓ सांस्कृतिक नाचगान नाटक अभिनय प्रदर्शन सेवा (नेपालको मौलिक संस्कृति र परम्परामा आँच नआउने किसिमको

६) नेपाल सरका औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (च) को सेवा उद्योगको वर्गीकरणमा “आर्थिक लगानी क्रियाकलाप, कारोवार तथा औद्योगिक एवं पूर्वाधार विकास क्षेत्रको उत्थान, प्रवर्द्धन (Counselling) गर्ने उद्देश्यको Investment Company" लाई समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ। (२०६८।२।२ को राजपत्रद्वारा थप)

७) World link Communication Pvt. Ltd. र Internet Protocol TELEVISION (IPTV) Internet Telephone र Data Network जस्ता सेवा उद्योगको रुपमा वर्गिकरण गरी सो दर्ता हुन आवेदन दिएको विषयमा वोर्डमा छलफल हुँदा सञ्चार क्षेत्रसँग सम्बन्धीत उपयुक्त नयाँ विधिहरु उद्योगको वर्गीकरणमा समावेश नभएको हुँदा यस्ता प्रकारका Innovative सञ्चार सम्बन्धी सेवाहरुमा क्रमस Internet Protocol Television (IPTV), Internet Telephony र Data Network लाई औद्योगीक व्यवसाय ऐन , २०४९ को दफा ३ (च) मा उल्लेखित सेवा उद्योगको वर्गमा समावेश गरी राजपत्रमा सूचना प्रकाशित गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो। (औद्योगिक प्रवदर्न बोर्डको १९४औं बैठक द्धारा थप)

८) नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०४९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा सोही ऐनको दफा ३ को खण्ड (च) को सेवा उद्योगको वर्गिकरण।

९) पाँच कि.वा. भन्दा बढीको विद्युतीय मेशिन प्रयोग गरी साइनबोर्ड व्यापार तथा होर्डिङ्ग बोर्ड बनाउने।

१०) कम्प्यूटर मेशिन प्रयोग गरी तथ्यांक (डाटा) संकलन ,प्रशोधन डिजाइनिङ्ग कार्य Business

Process Outsourcing (BPO)

११) Call center

१२) रेडिमिक्स कक्रिट (ready-mis concrete) सेवा

१३) ICT Value Added Services (Mobile Banking) , Mobile News /Events/Information providing, wireless system e-collection SMS service र Transcription service (२०६९ /१०/२९ को राजपत्र द्वारा थप)

२७) मिति २०७२ /२/३१ औद्योगिक प्रवर्द्धन वोर्डको २१५ औं बैठक द्वारा थप गरिएका सेवा उद्योग।

वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही IEE/EIA लगायतका प्रक्रिया पूरा गरी निस्चित स्थानमा संकलन वा भण्डारण गरिएको बालुवा संकलनकर्ता वा भण्डारणकर्ताबाट प्राप्त गरी धुने (प्रशोधन गर्ने) वा खानी तथा खनिज पदार्थ ऐन, २०४२ लगायका प्रचलित कानून बमोजिम स्वीकृत प्राप्त स्थानबाट उद्योग आफैंले बालुवा उत्खनन गरी धुने (प्रशोधन गर्न) उद्योगलाई सेवा उद्योगको रुपमा वर्गिकरण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र सो वर्गिकरण भएको सूचना नेपाल राजपत्रमा प्रकाशित भए पछि तपसिलमा उल्लेखित शर्तहरु समेत पालना गर्ने गरी सेवा उद्योगको रुपमा उद्योग दर्ता गर्न सम्बन्धित विभागहरुलाई निर्देशन दिने निर्णय गरियो।

**शर्तहरुः**

१. वालुवा धुलाई गरी सकेपछि निस्कने प्रदुषित पानीलाई आवश्कताका आधारमा दुई वा तिन चरणका Sedimentation Tank मा निस्चित समयसम्म संकलन गरी पानी सफा भएपछि मात्र नदी तथा खोलामा मिसाउने तथा पुनः प्रयोग गर्नु पर्ने छ।

२. Sedimentation Tank बाट प्राप्त हुने हिलो अथवा अन्य फोहोरलाई खाडल पुर्ने लगायतका अन्य आबश्यक ठाँउमा व्यवस्था गर्नु पर्नेछ। नदी वा खोलामा आवश्यक Treatment नगरी मिसाउन पाईने छैन। (वर्गीकरणको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने प्रयोजनका लागि उद्योग मन्त्रालयमा अनुरोधभई गएको)

## ३.७ निर्माण उद्योग

(१) सडक, पूल, रोपवे, रेल्वे, ट्रलिबस, टनेल, फ्लाइङ ब्रीज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने।

(२) अफिस एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने। (मिति ०५३/१/१० को नेपाल राजपत्रद्वारा थप)

(३) सभा सम्मेलन केन्द्रको पूर्वाधार निर्माण, व्यवस्थापन तथा संचालन।

(४) ढल तथा निकासको पूर्वाधार निर्माण व्यवस्थापन तथा संचालन।

(५) खानेपानी पाईप लाईन आपूर्ति गर्ने पूर्वाधारको निर्माण, व्यवस्था तथा संचालन

(६) ईन्धन तथा ग्यांस आपूर्तिको पाईप लाईन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा संचालन।

(७) सिंचाईको पूर्वाधार निर्माण, व्यवस्था र संचालन।

(८) उर्जा घर तथा उर्जा प्रशारण लाइनको पूर्वाधार निर्माण, व्यवस्था र संचालन। (मिति २०५९/२/६ को राजपत्रद्वारा थप)

(९) स्पोर्टस कम्प्लेक्स निर्माण तथा संचालन, स्वीमिङ पुल निर्माण तथा संचालन, एअरपोर्ट निर्माण तथा संचालन, फिल्म स्टुडियो निमाण तथा संचालन :- (२०५८/०५/२१ को राजपत्र प्रकाशित)

# उद्योगको स्तर विभाजन

## ४. उद्योगको स्तर

औद्योगिक व्यवसाय ऐनले उद्योगलाई घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठूला उद्योगको रुपमा स्थापना गर्न पाउने गरी देहाय बमोजिम उद्योगको स्तर निर्धारण गरेको छ।

## ४.१ घरेलु उद्योग

ऐनको दफा ४ संग सम्बन्धित ऐनको अनुसूची १ अनुसार देहाय बमोजिमका उद्योगहरुलाई घरेलु उद्योग भनी परिभाषित गरीएको छ। "श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसंग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका चुरोट, विडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ति मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक हाते तान, खुट्टे तान, अर्ध स्वचालित तान, वार्पिङ रङ्गाइ र छपाई, सिलाई (तयारी पोशाक बाहेक), बुनाई, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठका कलात्मक वस्तु उत्पादन, बाँस बेत र निगालो सम्बन्धी काम, प्राकृतिक रेशाबाट वस्तु उत्पादन, हाते कागज र त्यसबाट बनेको वस्तु, सुन, चाँदी, पित्तल, तामा, किमती तथा अर्धकिमती पत्थर लगायतका फिलीगिरी सामान, गहना, मूर्ति, भाँडा आदि बनाउने कार्य, मह, च्यूरी, अलैंची प्रशोधन, माटो, चिनियाँ माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने ग्रामीण ट्यानिङ र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बावियो, चोया, सूति धागो आदिका सामान उत्पादन, हाड सिङका कलात्मक सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएका सामान, चित्रकला, पौवा, बाटिक, धूप, पुतली, खेलौना उद्योगहरु र दुई लाख रुपैयाँसम्म स्थिर जेथा भएका कुटीर उद्योग "

**द्रष्टब्य :-**

(१) विशेष रुपमा उल्लेख गरेकोमा बाहेक माथिका उद्योगहरुमा सञ्चालित मेशिनले कूल पाँच किलोवाट भन्दा बढी विद्युत् मोटर वा डिजल वा पेट्रोल वा क्रुड आयल इन्जिन शक्ति प्रयोग गरेको हुनु हुँदैन । यस परिप्रेक्षमा पावरलूम घरेलु उद्योग अन्तर्गत पर्दैन।

(२) मेशिनबाट ऊनी धागो कात्ने तथा मेशिनबाट ऊनी गलैंचा उत्पादन गर्ने उद्योगहरुको स्थापनार्थ अनुमति लिनु पर्नेछ। तर औद्योगिक प्रवर्द्धन वोर्डको मिति ०५७।२।२६ मा वसेको १५४ औं वैठकको निर्णय नं. २ मा "मेशिनवाट उनी धागो उत्पादन गर्ने उद्योग स्थापना गर्न इजाजत प्रदान गर्ने सम्वन्धि प्रस्तावमा छलफल हुंदा यस्ता उद्योगहरुवाट नेपालको गलैंचा उद्योगहरुमा पर्न सक्ने नकारात्मक प्रभाव समेतलाई दृष्टिगत गरी नयां इजाजत प्रदान नगर्ने नीति लिने" निर्णय भएको छ।

(३) चुरोट, विडी, सिगार, खाने सूर्ती, खैनी र सुर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योगको स्थिर जेथा दुई लाख रुपैया मात्र भए पनि कुटिर उद्योग अन्तर्गत पर्ने छैनन्।

(४) घरेलु उद्योगमा वर्गिकृत उद्योगले ५ कि.वा. भन्दा बढी विद्युत शक्ति प्रयोग गरेमा पूंजीको आधारमा साना/मझौला/ठूला उद्योगको वर्गमा दर्ता गर्न सकिने।

## ४.२ साना उद्योग

ऐनको दफा ५ अनुसार तीन करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योग।

## ४.३ मझौला उद्योग

ऐनको दफा ६ अनुसार तीन करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म स्थिर जेथा भएको उद्योग।

## ४.४ ठूला उद्योग

ऐनको दफा ७ अनुसार दश करोड रुपैयाँभन्दा बढीको स्थिर जेथा भएको उद्योग।

## ४.५ लघु उद्योग

लघु उद्यमलाई निम्नानुसार परिभाषित गरेको छ।

क) "लघु उद्यम" भन्नाले देहायका शर्तहरु पूरा गरेको खास गरी कृषि, वन, पर्यटन तथा खानी र हस्तकलामा आधारित उद्योग व्यवसाय वा अन्य सेवा सम्झनुपर्छ।

अ) घर जग्गा बाहेक बढीमा दुई लाख रुपैयासम्म स्थिर पूँजी लगानी हुने उत्पादनमूलक उद्योग व्यवसाय, तर सेवा व्यवसाय भएमा बढीमा एक लाख रुपैयासम्म स्थिर पूँजी लगानी हुने उद्योग व्यवसाय।

आ) उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको,

इ) उद्यमी सहित नौ जना सम्म कामदारहरु रहेको,

ई) वार्षिक आर्थिक कारोवार बीस लाख रुपैयाभन्दा कम भएको,

उ) इञ्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इञ्जिन वा उपकरणको विद्युत शक्ति क्षमता पाँच किलोवाट भन्दा कम भएको। तर माथि जुनसुकै कुरा लेखिएको भएता पनि मदिरा, चुरोट वा अन्य सूर्तिजन्य बस्तु उत्पादन गर्ने उद्योग वा अनुमति लिनुपर्ने उद्योग ब्यावसायलाई लघु उद्यम मानिने छैन।

ख) "गरिबीको रेखामूनि रहेको जनसंख्या" भन्नाले राष्ट्रिय योजनाको मापदण्ड अनुरुप गरीवीको रेखामूनि रहेको जनसंख्या सम्झनुपर्छ।

# ५. उद्योगको स्थिर जेथा

ऐनको दफा ८ ले उद्योगको स्थिर जेथामा देहायका चल वा अचल सम्पत्तिहरु समावेश गर्न पाउने गरी तोकेको छ।

१) जमीन र जमीन सुधार (जस्तै जमीन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरु),

२) स्थलीय भौतिक पूर्वाधारहरु (जस्तै ढल निकास, आन्तरिक सडक),

३) कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत वितरण, पानी वितरण व्यवस्था तथा आवास भवनहरु,

४) यन्त्र उपकरण तथा औजारहरु,

५) परिवहनका साधनहरु,

६)	विद्युत उपकरण तथा कार्यालय उपकरणहरु,

७)	फर्निचर, फिक्स्चर, संचार व्यवस्था तथा उपकरणहरु।

उपयुक्त सम्पत्तिहरुका अतिरिक्त उद्योगमा लगानी हुनुभन्दा अघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पूँजीकृत गरिने प्राविधिक परामर्श र सुपरिवेक्षण खर्च, पूर्व लगानी र पूर्व संचालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने व्याज समेतलाई उद्योगको स्थिर जेथाको रुपमा मान्यता पाउने गरी तोकिएको छ।

## अनुमति लिनुपर्ने उद्योग र अनुमति को प्रकृया

### ६.	अनुमति (इजाजत) लिन पर्ने उद्योग र प्रकृया

ऐनको दफा ९ को उपदफा (२) बमोजिम सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने किसिमको उद्योग स्थापना गर्न चाहनेले अनुमतिको लागि विभाग समक्ष दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त परेमा विभागले बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिन भित्र अनुमति दिनु पर्नेछ। बोर्डले उद्योगको स्थापना गर्ने अनुमति नदिने निर्णय गरेमा विभागले सो कुराको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ। ऐनको अनुसूची १ को द्रष्टब्य २ र सोही ऐनको अनुसूची २ बमोजिम निम्न लिखित कुनै पनि उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्नको लागि अनुमति लिनु पर्ने व्यवस्था गरिएको छ।

१.	मेसिनबाट उनी धागो कात्ने तथा मेसिनबाट ऊनी गलैंचा उत्पादन गर्ने उद्योग । तर औ. प्र. वोर्डको मिति ०५७।२।२६ मा वसेको १५४ औं वैठकको नि.नं. २ अनुसार मेसिनवाट उनी धागो उत्पादन गर्ने उद्योगको नयां इजाजत नदिने निर्णय भएको छ।

२.	हातहतियार, गोलीगट्ठा, बारुद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्यूरिटी प्रिन्टीङ्ग), मुद्रा तथा सिक्का उद्योग।

३.	चुरोट, विडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग।

अनुमति लिनुपर्ने उद्योगहरुको अनुमति प्रदान गर्ने अधिकार ऐनको दफा १२ बमोजिम गठित बोर्डलाई छ भने बोर्डले विभाग तथा सम्बन्धित कार्यालयहरु समेतले तोकिएका उद्योगहरुको अनुमति प्रदान गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरेको छ। तर अनुमति लिन नपर्ने निम्न लिखित उद्योग दर्ता गर्ने सम्वन्धमा निम्न अनुसार गर्ने व्यवस्था भएको छ।

(क)	Zinc Dross. Ash. Skimmings, Zinc Scrap, Lead Ash Skimming, Lead Scrap, Lead Acid Battery तेस्रो मुलुकवाट आयात गरी Lead ingots, zinc ingots वनाई भारत तथा अन्य मुलुकमा निकासी गर्ने उद्योग स्थापना सम्वन्धमा यस किसिमको उद्योगवाट वातावरण ज्यादै प्रतिकुल असर पर्ने हुंदा हाललाई यस्ता प्रकारका उद्योगहरु स्थापनाका सम्वन्धमा उद्योगको अनुमति नदिने नीति लिने। (औ.प्र.वोर्डको १४२ औं वैठक मिति २०५४/१२/२५ को निर्णय)।

(ख)	PVC, HDPE, LDPE रेजीन कच्चा पदार्थको रुपमा आयात गरी प्लाष्टिक कम्पाउण्ड तथा ग्रान्युयल्स उत्पादन गरी भारत निकासी गर्ने उद्योग दर्ता सम्वन्धमा औ.प्र.वोर्डको १३४ औं वैठकवाट २५%मूल्य अभिवृद्धि हुने उद्योगलाई दर्ता गर्ने निर्णय भएकोमा सो को सट्टा मूल्य अभिवृद्धि २०% भन्दा वढी हुनु पर्ने र कूल उत्पादनको न्यूनतम १०% तेस्रो मुलुक वा परिवर्त्य विदेशी मुद्रामा

निकासी गर्नु पर्ने शर्त राखी दर्ता गर्न स्विकृति दिने। (औ.प्र. बोर्डको १४२ औं वैठक मिति २०५४/१२/२५ को निर्णय)

**मूल्य अभिवृद्धि निम्न अनुसार गणना गरिनेछ।**

$$\text{Value addition} = \frac{\text{Sales Revenue-Raw matterial cost-utilities-depreciations}}{\text{Sales Revenue}} \times 100$$

– उत्पादनको न्यूनतम २०% परिवर्त्य विदेशी मुद्रामा निकासी गर्नु पर्ने र सो प्रतिशत क्रमशः वढाउँदै लैजानु पर्ने।

– यस्ता उद्योगलाई आवश्यक पर्ने प्याकेजिङ र अन्य वस्तु क्रमैसंग नेपालमा उत्पादन गर्नु पर्ने वा नेपाली वस्तु प्रयोग गर्नु पर्ने। (औ.प्र.बोर्डको १४२ औ बैठक मिति २०५४।१२।२५ को निर्णय)

(ग) Non Ferrous Metal (फलाम वाहेक, तामा, पितल, सुन चाँदी, आदि धातु उद्योगहरु स्थापना, उद्देश्य थप, पूँजि वृद्धि तथा क्षमता थप गर्दा विभागीय स्विकृतीमा गर्ने गरिएकोमा जिल्ला स्थित कार्यालयहरुबाट विभागमा स्विकृतिको लागि आइरहँदा समय, लागत तथा असहजता भएकोले उक्त निर्णय उपर पुनरावलोकन गरी जिल्ला स्थित कार्यालयलाई उक्त अधिकार प्रदान गर्ने निर्णय हुन पेश भएको प्रस्ताव उपर छलफल हुँदा साविकमा विभागबाट यस्ता उद्योग दर्ता गर्दा तोक्ने शर्तहरु यथावत रहने गरी जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयलाई उक्त अधिकार प्रत्यायोजन गर्न घरेलु तथा साना उद्योग विभागलाई निर्देशन दिने निर्णय भएको।

(मिति २०६६/१२/२५ को औ.प्र. १९१ को वैठक निर्णय)

**तोकिनु पर्ने शर्तहरु**

– वातावरण संरक्षण नियमावली २०५४ अनुसार गर्नु पर्ने IEE र EIA सम्वन्धी प्रकृया पूरा गरी सक्नु पर्ने।

– अनुगमन गर्ने प्रयोजनको लागि प्रत्येक पटक परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न लागेको कच्चा पदार्थको रकम तथा परिमाण आयात प्रतितपत्र खोल्नु अगावै र परिवर्त्य विदेशी मुद्रा क्षेत्रमा निर्यात गरेको प्रमाणित प्रतिलिपि ने.रा.वैंक विदेशी विनिमय विभागमा जानकारी गराउनु पर्ने।

## ६.१ अनुमतिको लागि दरखास्त दिनु पर्ने

ऐनको दफा ९ बमोजिम अनुमति लिनुपर्ने उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्न चाहनेले ऐनको दफा ९(२) बमोजिम अनुमतिको लागि विभाग समक्ष अनुसूची १ बमोजिमको ढाँचामा रितपूर्वकको दरखास्त दिनु पर्नेछ। उपर्युक्त बमोजिम सम्बन्धित कार्यालयमा दरखास्त पर्न आएमा प्रत्यायोजित अधिकार अन्तर्गतत पर्ने भए सम्बन्धित कार्यालयले नै आवश्यक पक्रकृया पुऱ्याई अनुमति प्रदान गर्ने र प्रत्यायोजित अधिकार भित्र नपर्ने भए आवश्यक विवरण तथा कार्यालयको स्पष्ट राय सहित विभागमा लेखी पठाउनु पर्नेछ।

यसरी प्राप्त भएका दरखास्त तथा विवरण छानविन, अध्ययन गरी प्रत्यायोजित अधिकार अन्तर्गत पर्ने भए विभागबाट नै अनुमति प्रदान गरिने छ र प्रत्यायोजित अधिकार अन्तर्गत नपर्ने भए ऐनको दफा १२ बमोजिम गठित बोर्डमा प्रस्ताव पेश गरी निर्णयानुसार कार्यान्वयन गर्नु पर्नेछ।

### ६.१.१ अनुमतिको लागि दरखास्त साथ पेश गर्नु पर्ने  कागजातहरु

ऐनको दफा ९ बमोजिम अनुमति लिनु पर्ने वा यस दिग्दर्शनको अनुसूची १४ वा १९ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE ) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गराउनु पर्ने उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्न चाहनेले देहाय बमोजिमका कागजात तथा विवरणहरु सहित संलग्न भएको दरखास्त दिनु पर्नेछ।

१. अनुसूची १ बमोजिमको "क" दरखास्त फाराम।

२. अनुसूची १७ बमोजिमको ढाँचामा तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा अनुसूची २१  बमोजिमको ढाँचामा तयार पारिएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन। (IEE/EIA गर्नुपर्ने उद्योगको लागि मात्र)

३. अनुसूची ३ बमोजिमको ढाँचामा तयार पारिएको स्किम।

४. अनुमति माग गर्ने व्यक्ति/साझेदारहरु/संचालकहरुको नागरिकताको प्रमाणित प्रतिलिपि।

५. उद्योगको प्रकृतिको आधारमा उद्योग विशेषका लागि तोकिएका अन्य आवश्यक कागजातहरु।

६. अन्य निकायको जस्तै संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गृह मन्त्रालय, पशु सेवा विभाग, सूचना तथा संचार मन्त्रालय, चलचित्र विकास वोर्ड, कृषि विभाग आदि निकायको सिफारिश वा सहमति आवश्यक पर्ने भएमा त्यस्तो सिफारिश वा सहमति पत्र।

७. अनुसूची ३४ मा उल्लेखित उद्योगहरु बाहेक अन्य उद्योग अर्न्तराष्ट्रिय सीमानासंग जोडिएका जिल्लामा उद्योग स्थापना गर्ने भएमा प्रस्तावित उद्योग स्थल अर्न्तराष्ट्रिय सीमानाबाट ५ किलोमिटर भन्दा टाढा पर्छ भन्ने सम्बन्धित गा.वि.स./न.पा./जि.वि.स. को दूरी प्रमाणित।

८. उद्योगको स्थापना पश्चात हुन सक्ने वातावरण प्रदुषण, जनस्वास्थ्यमा नकारात्मक असर पर्ने तथा विस्फोटक पदार्थ प्रयोग हुने उद्योग विशेषको लागि नगरपालिका वा घनावस्तीबाट निश्चित दूरीमा स्थापना गर्नु पर्ने गरी दूरी खुलाउन तोकिएका उद्योगको हकमा त्यस्तो दूरी प्रमाणित जस्तै ईटा, रोडा ढुंगा, सलाई, खाँडसारी, चुरोट, एल. पि. ग्याँस, ब्लिचिङ्ग पाउडर आदि तथा अन्य यस्तै प्रकारका उद्योगहरु।

### ६.१.२ विभागबाट अनुमति दिन सकिने उद्योगहरु

बोर्डको ९० औं बैठक अर्थात ऐन लागू भएको मिति २०४९/७/२७ पछि पटक पटक बसेका बैठकका निर्णयहरुबाट विंडी, सूर्ती र खैनी, परम्परागत हातहतियार उत्पादन गर्ने उद्योग, सलाई तथा मदिरा उद्योगको स्थापना, विस्तार तथा विविधीकरण गर्ने अनुमति प्रदान गर्ने अधिकार विभागलाई प्रत्यायोजन भएकोले देहाय बमोजिम इजाजत प्रदान गरिने छ।

### ६.१.२.१ सलाई उद्योग

बोर्डको ११० औं बैठकको निर्णय नं. ६(२) अनुसार साना स्तरका सलाई उद्योगको अनुमति प्रदान गर्न देहायका शर्तहरु तोकी अनुमति प्रदान गरिने छ। सलाई उद्योगको लागि चौतर्फि साँध सँधियारको सहमति समेतको सर्जमिन मुचुल्का पेश गराउनु पर्नेछ।

१. सुरक्षा व्यवस्था (Safety Measures) सम्बन्धी उपयुक्त उपायहरुको व्यवस्था गर्नु पर्नेछ।
२. उत्पादनको क्रममा खेर जाने पदार्थहरु उचित तरिकाले निराकरण गर्नु पर्नेछ।
३. वातावरण प्रदुषण नहुने व्यवस्था मिलाई उद्योग संचालन गर्नु पर्नेछ।
४. सबै रासायनिक पदार्थहरुको Handling code of Practice बनाई सबै कामदार कर्मचारीलाई जानकारी गराई लागू गर्नु पर्नेछ।
५. रासायनिक पदार्थहरुको प्रयोग तथा भण्डारण सुव्यवस्थित तरिकाले गर्नु पर्नेछ।
६. अनुभवी प्राविधिकलाई संलग्न गराई उत्पादन गर्नु पर्नेछ।
७. अग्नी निरोधक उपकरणको आवश्यक व्यवस्था गर्नु पर्नेछ।
८. उद्योग आवास क्षेत्रबाट कम्तिमा १ कि. मी. भन्दा टाढा स्थापना गर्नु पर्नेछ।
९. नगर विकास ऐन लागु भएका क्षेत्रमा नगर विकास समितिको र नक्सा समेत पास गर्नु पर्ने ठाउँमा सम्बन्धित निकायबाट नक्सा पास गरेर मात्र उद्योग संचालनको लागि घर निर्माण गर्नु पर्नेछ।

### ६.१.२.२. <u>मदिरा उद्योग</u>

ऐन अनुसार अनुमति लिनु पर्ने मदिरा उद्योग स्थापनार्थ अनुमति प्रदान गर्ने अधिकार बोर्डको १२२ औं बैठकको निर्णय नं. २३ अनुसार विभागलाई प्रत्यायोजन भएको छ। बोर्डको ११७ औं बैठकले मदिरा उद्योग स्थापनार्थ देहाय बमोजिमका आधारहरु निर्धारण गरेको छ। तर हाल

क) मदिरा उत्पादनको लागि नयाँ उद्योग स्थापना गर्न ईजाजत पत्र प्रदान नगर्ने र भईरहेको उद्योगलाई क्रमश: अन्य वस्तुहरुको उत्पादन गर्ने उद्योगमा रुपान्तर गर्ने।

ख) मदिरा उत्पादन गर्ने उद्योगको वरपर वातावरण स्वच्छ राख्न लगाउने र उद्योग भित्र आन्तरिक निकासको व्यवस्था गर्न लगाउने। (म.प.को मिति २०५८/६/५ को निर्णय अनुसार)

ग) नेपालका विभिन्न जिल्लाहरुमा उत्पादन हुने र भू-धरातलीय दृष्टिले उत्पादन हुन सक्ने फलफूलमा आधारित साइडर, वाइन तथा ब्राण्डी उत्पादन गर्ने उद्योगलाई प्रचलित कानून बमोजिम इजाजत (अनुमती) प्रदान गर्ने र दर्ता गर्न स्वीकृति दिने। (म.प.को मिति २०६७/२/११ को निर्णय अनुसार)

घ) मिति २०६९/१०/२५ मा बसेको औद्योगिक प्रवर्द्धन बोर्डको २०१ औं बैठकको निर्णयानुसार गठित कार्यदलले प्रस्तुत गरेको प्रतिवेदन बोर्डबाट अर्को निर्णय नहुन्जेलसम्म मिति २०६९/१०/२५ को मिति देखि नयाँ मदिरा वा वियर उत्पादन गर्ने उद्योग स्थापना गर्ने तथा विद्यमान उद्योगहरुको क्षमता तथा उद्देश्य परिवर्तन गर्ने अनुमति प्राप्तिको लागि पर्ने आवेदनहरुको दर्ता एवं अनुमति प्रदान गर्ने कार्य स्थगन गर्न/गराउन उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिलाई निर्देशन दिने। (औ.प्र.बोर्ड २०२ औं बैठकको निर्णय)

**आधारहरुः**

१. स्वदेशमा नै उत्पादित रेक्टीफाइड स्प्रिट प्रयोग गर्नेलाई इजाजत प्रदान गर्ने।
२. डिष्टिलेशन प्लान्ट राख्ने उद्योगहरुले अनिवार्य रुपमा Effluent Treatment Plant राख्नु पर्ने।
३. अन्तर्राष्ट्रिय ख्याति प्राप्त भएको Brand Name प्रयोग गरी मदिरा उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिने।

४. विदेशी प्राविधिक सहभागितामा संचालन गर्ने उद्योगले आफ्नो कूल उत्पादनको ५० प्रतिशत अनिवार्य रुपमा निर्यात गर्नु पर्ने।

५. शैक्षिक, सामाजिक तथा धार्मिक स्थललाई प्रतिकूल असर नपर्ने गरी उद्योग स्थापना गर्नु पर्ने।

६. इजाजत प्राप्त गरेको २ वर्ष भित्रै व्यवसायिक उत्पादन गरी सक्नु पर्ने।

७. स्थानीय निकायबाट घोषित गरीएको मदिरा निषेधित क्षेत्रमा नयाँ मदिरा उद्योगको इजाजत प्रदान नगर्ने।

उपरोक्त आधारमा उल्लेखित सम्बन्धित शर्तहरुका अतिरिक्त देहायका शर्तहरु समेत पालना गर्नु पर्ने गरी विभागबाट नै मदिरा उद्योगको इजाजत प्रदान गरिने छ:-

१. स्वदेशमा नै उत्पादित रेक्टिफाइड स्प्रिट/मोलासिस/स्थानीय फलफूल मात्र कच्चा पदार्थको रुपमा प्रयोग गर्नु पर्ने।

२. डिस्टिलेसन र फर्मेन्टेशन प्रकृयाबाट मदिरा उत्पादन गर्ने उद्योगले Patent Steel Plant अनिवार्य रुपमा राख्नुपर्ने।

३. डिस्टिलेसन र फर्मेन्टेशन प्रकृयाबाट मदिरा उत्पादन गर्ने इजाजत पाएको ८ महिना भित्र र ब्लेण्डिङ प्रकृयाबाट मदिरा उत्पादन गर्ने उद्योगले इजाजत पाएको ४ महिना भित्रमा उत्पादन गर्नु पर्नेछ।

४. प्रदुषित पानीलाई ट्याङ्कीमा जम्मा गरी आवश्यक सेडिमेन्टेसन वा न्यूट्रलाइजेसन गरी आफ्नै जग्गामा निस्कासन गर्नु पर्नेछ।

५. Effluent को स्तर ने. गु. २२९ को सीमा भित्र रहनु पर्नेछ।

६. वातावरण प्रदुषण नहुने व्यवस्था मिलाई मदिरा उत्पादन गर्नु पर्नेछ।

७. मदिरा उत्पादन गर्नु पूर्व आन्तरिक राजश्व विभागबाट इजाजत लिनु पर्नेछ।

८. उत्पादित मदिरा आन्तरिक राजश्व विभाग मार्फत गुणस्तर परिक्षण गराएर मात्र विक्री वितरण गर्नु पर्नेछ।

९. प्रचलित मदिरा प्रशासन सम्बन्धी ऐन, नियम विपरित कार्य गर्न पाइने छैन।

१०. छर छिमेकलाई बाधा नपुऱ्याइ उद्योग संचालन गर्नु पर्नेछ।

११. उद्योग संचालन गर्दा उद्योग भित्र भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ।

१२. मदिरा उद्योगको स्थापनार्थ गाउँ विकास समितिबाट गरीएको चौतर्फि साँध सँधियारको सहमति सहितको सर्जमिन मुचुल्का र सम्वन्धित जिल्ला विकास समितिबाट सो जिल्ला मदिरा निषेधित क्षेत्र घोषित नभएको प्रमाणित पत्र।

औद्योगिक प्रवर्द्धन वोर्डको २१० औं बैठकले मदिरा उद्योग सम्बन्धमा तपसिल बमोजिमको मापदण्ड थप गरिएको छ।

१३. औ.प्र. बोर्डको विभिन्न मितिका निर्णयहरुबाट गठित कार्यदल/समितिका संयोजकहरुले पेश गरेको अध्ययन प्रतिवेदन तथा कार्य प्रगति वारे बोर्डलाई अवगत भयो। सो सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क Microbrewery स्थापना गर्ने सम्बन्धमा एवं फलफूलमा आधारित मदिरा उद्योग (साईडर,

वाईन ईत्यादी समेत) स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश हुन आएकोमा Microbrewery स्थापना गर्ने सम्बन्धी सो अध्ययन प्रतिवेदनलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्दै देहाय बमोजिम गर्ने निर्णय गरियो।

- फलफूलमा आधारित मदिरा उद्योग (साईडर, वाईन ईत्यादी समेत ) स्थापना गर्ने सम्बन्धमा पेश हुन आएको प्रतिवेदन सिद्धान्त स्वीकृत गर्ने तथा सो प्रतिवेदनमा उल्लेखित मापदण्ड बमोजिमका प्रक्रिया पुऱ्याई उद्योग स्थापना गर्ने अनुमति प्रदान गर्न एवं उद्योग दर्ता गर्न तथा सो को जानकारी नियमित रुपमा औ.प्र. बोर्डमा पेश गर्न सम्बन्धित विभागलाई निर्देशन दिने।

## वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्ने सम्बन्धी प्रतिवेदन

वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनार्थ अनुमति प्रदान गर्ने सम्बन्धमा निम्नलिखित मापदण्ड अपनाउनु पर्ने।

१) फलफूल (जडिबुटी, फूल समेत) मा आधारित भई वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने/नपाईने क्षेत्र सम्बन्धमा।

- औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकको निर्णयानुसार काठमाण्डौं उपत्यका एवं अन्य नगरपालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न पाईने छैन भनिएकोमा वाईन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा काठमाण्डौं उपत्यकाको महानगरपालिका, उपमहानगरपालिका एवं नगरपालिकाहरु तथा अन्य उपमहानगरपालिकाहरु वाहेक अन्य नगरपालिकाहरुमा वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्ने अनुमति प्रदान गर्न उपयुक्त हुने।
- औद्योगिक प्रवर्द्धन बार्डको १७६ औं बैठकले मझौला तथा ठूला स्तरका उत्पादमुलक उद्योग अन्तराष्ट्रिय सिमानाको ५ कि.मि. बाहिर मात्र स्थापना गर्न पाईने निर्णय गरेको सम्बन्धमा वाईन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा समेत यो प्रावधान कायम राख्ने।
- औद्योगिक प्रवर्द्धन बार्डको १९० औं बैठकको निर्णयानुसार लुम्विनी क्षेत्र संरक्षणको निम्ति निर्मित बाउन्ड्रीको दक्षिणतर्फ भारतीय सिमासम्म र पूर्व, पश्चिम र उत्तरतर्फ उक्त बाउन्ड्रीदेखि १५ कि.मी. दूरी (Areal Distance) भित्र वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने छैन।
- वाईन तथा साईडर उत्पादन गर्ने उद्योग ऐतिहासिक महत्वका मठ/मन्दिर, राष्ट्रिय निकुन्ज तथा नेपाल सरकारले मदिरा उद्योग स्थापना गर्न नपाईने भनी तोकेको क्षेत्रभन्दा ५०० मि. टाढा हुनु पर्नेछ । साथै उद्योग स्थापना गर्ने सम्बन्धमा सञ्चालनमा रहेका सामुदायिक अस्पताल र सामुदायिक विद्यालय क्षेत्रको हकमा भने कम्तीमा १०० मि. टाढा हुनु पर्नेछ।

२) **<u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, उद्योग दर्ता सम्बन्धमा</u>** :

अ) उद्योग दर्ता प्रयोजनको लागि वातावरण संरक्षण नियमावली २०५४ ले निर्दिष्ट गरे बमोजिम १५ दिने सार्वजनिक सूचना प्रकाशन (राष्ट्रिय दैनिक पत्रिकामा) गर्नुका साथै सूचना टाँसको मुचुल्का, छरछिमेक/सँधियार, स्वीकृति सहितको मुचुल्का, संबन्धित गा.वि.स. को सिफारिस सहितको IEE

/EIA प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गर्नु पर्नेछ।

आ) उद्योग सञ्चालन पूर्व IEE /EIA प्रतिवेदनमा उल्लेखित Mitigation Measures हरु जडान गरे/नगरेको सम्बन्धमा सम्बन्धित विभागबाट स्थलगत निरीक्षण गर्नु /गराउनु पर्नेछ।

३) **<u>वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्रदान गर्ने सम्बन्धमा विशेष व्यवस्था</u>**

अ) वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न रु. एक लाख धरौटी वापत जम्मा गर्नु पर्नेछ। तर आफैले फलफूल (जडिबुटी, फूल समेत) न्यूनतम ५० प्रतिशत सम्म खेति गरी आफ्नै फलफूल (जडिबुटी, फूल समेत) उत्पादनबाट मात्र वाईन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न भने ५०,०००।- धरौटी वापत जम्मा गर्नु पर्नेछ। उक्त धरौटी अनुमति प्राप्त नभएमा वा उद्योगको व्यवसायिक उत्पादन गरे पश्चात मात्र फिर्ता गरिनेछ। अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गरिनेछ।

आ) वाईन तथा साईडर उत्पादन गर्न स्थापना भै सकेको उद्योगको उद्देश्य थप/क्षमता वृद्धि अनुमति माग गर्दा आवेदन साथ रु ५०,०००/-(पचास हजार) धरोटी वापत जम्मा गर्नुपर्नेछ। उक्त धरौटी उद्देश्य थप/क्षमता वृद्धिको अनुमति प्राप्त नभएमा वा अनुमति प्रदान गरिएकोमा क्षमता वृद्धि अनुरुप व्यवसायिक उत्पादन शुरु भएको प्रमाण पेश गरे पश्चात मात्र फिर्ता गरिनेछ।

इ) अनुमति प्राप्त व्यक्तिको नाममा उद्योगले व्यवसायिक उत्पादन नगरेसम्म कम्तीमा २० प्रतिशत शेयर कायम हुनु पर्नेछ।

ई) वाइन तथा साईडर उत्पादन गर्न अनुमति प्राप्त भएको मितिले २(दुई) वर्षभित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरी सक्नु पर्नेछ। आफैले फलफूल (जडिवुटि, फुल समेत) खेति गरी आफ्नै न्यूनतम ५० प्रतिशतसम्म फलफूल (जडिवुटि, फुल समेत) उत्पादनबाट वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा भने अनुमति प्राप्त भएको मितिले ४(चार) वर्षभित्र उद्योगको निमार्ण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरिसक्नु पर्नेछ।

तर मनासिव माफिकको कारण दर्शाइ अनुमति प्राप्त व्यक्ति, संस्थाबाट निवेदन प्राप्त भएमा विभागले कार्य प्रगतिको मुल्यांकन गरेर इजाजतको म्याद समाप्त भएको मितिले ६/६ महिना गरी थप ४(चार) पटकसम्म म्याद थप गरीदिन सक्नेछ।

४) **<u>भौतिक संरचना एवं प्राविधिक पक्षः</u>**

अ. वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाका लागि न्यूनतम १,५०० (पन्ध्र सय ) वर्ग मि. जमिन हुनु पर्नेछ।

आ. आफैले फलफुल (जडिवुटि, फूल समेत) खेति गरी आफ्नै न्यूनतम ५० प्रतिशतसम्म फलफूल (जडिवुटि, फुल समेत) उत्पादन बाट वाइन तथा साईडर उत्पालन गर्ने उद्योग दर्ता गर्दा कम्तिमा ५,००० वर्ग मि. क्षेत्रफलको जग्गाको व्यवस्था गर्नुपर्ने छ।

इ) कारखाना भवन पक्की (न्युनतम पक्की गारो र सुरक्षित छाना ) हुनुपर्नेछ। कारखाना परिसरमा कम्पाउण्ड वाल लगाईएको हुनु पर्नेछ।

ई) उद्योगमा प्रयोग हुने Tank तथा Pipelines हरु Stainless Steel को हुनु पर्ने छ। तर, VAT भने

काठको समेत प्रयोग गर्न पाईनेछ। Plastic का pipelines/fitting प्रयोग गर्नै पर्ने अवस्था भएमा food Grade का मात्र प्रयोग गर्नु पर्नेछ।

उ) Clean in place( CIP) Facility तथा प्रयोगशालाको व्यास्था हुनु पर्नेछ।

ऊ) उद्योगले कम्तिमा १ जना Alcohol Technologist/Food Technologist/ Microbiologist को निगरानीमा उत्पादन गर्नुपर्नेछ।

ए) वाइन तथा साईडरमा Alcohol को मात्रा १५ प्रतिशत भन्दा कम हुनु पर्नेछ।

ऐ) उत्पादन गर्नु पूर्व खाद्य तथा गुण नियन्त्रण विभागबाट तोकिएको ⁄तोकिने प्रक्रिया पुरा गर्नु पर्नेछ।

ओ) आन्तरिक राजश्व विभागले तोकेको वा उपलब्ध गराएको software programs बाट मात्र विजक जारि गर्नुपर्ने छ। उत्पादन वा विक्रेताको बिजक जारि गर्ने software र computer मा आन्तरिक राजश्व विभागले online connective माध्यमबाट निरन्तर पहुँच प्राप्त गर्ने सुविधा उपलब्ध गराउनु पर्नेछ।

**५) <u>विद्यमान सञ्चालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योग सम्बन्धमा</u>** :

विद्यमानमा सञ्चालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योगहरुले समेत न्यूनतम रुपमा उल्लेखित जग्गाको व्यवस्था एवं भौतिक संरचनाको निर्माण अनुमति प्राप्त भएको मितिले २ (दुई) वर्ष भित्रमा सम्पन्न गर्नु पर्नेछ।

**६)** मापदण्डमा उल्लेखित विषयहरु सम्बन्धमा नियमित अनुगमन गर्न निम्नानुसारको संयुक्त अनुगमन टोलीको गठन सम्बन्धित विभागले गर्नेछ।

**<u>घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा</u>**

क) महानिर्देशकले तोकेको निर्देशक, घरेलु तथा साना उद्योग विभाग, संयोजक

ख) प्रतिनिधी, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

ग) प्रतिनिधी, घरेलु तथा साना उद्योग कार्यालय सदस्य

घ) महानिर्देशकले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

आ) माथि (१)मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछ।

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे ⁄ नगरेको।

(ख) स्वीकृत क्षमताभन्दा बढी उत्पादन गरे ⁄ नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल (Recovery) ईत्यादी

(घ) अनुगमन टोलीले अनुगमन पश्चात् आफ्नो प्रतिवेदन सम्बन्धित विभागहरुमा प्रस्तुत गर्नेछन।

**७) <u>अनुमतिपत्र खारेजी, जरिवाना</u>**

(अ) तोकिएको मापदण्ड अनुरुप कार्य गरेको नपाईएमा अनुमतिपत्र खारेजी एवं औ.व्य.ऐन तथा अन्य प्रचलित ऐन बमोजिम कारवाही, जरिवाना गर्न सकिनेछ।

### ६.१.३ सम्बन्धित कार्यालयबाट अनुमति प्रदान गर्न सकिने

बोर्डको ९० औं बैठकको निर्णय नं. ११-२१ (३) र ११८ औं बैठकको निर्णय नं. १ अनुसार विभागलाई अधिकार प्रत्यायोजन गरिएका विडी, सूर्ति र खैनी तथा परम्परागत हात हतियार उत्पादन गर्ने उद्योगको इजाजत प्रदान गर्ने अधिकार सम्बन्धित कार्यालयहरुलाई समेत प्रत्यायोजन गरिएको छ।

### ६.१.३.१ विंडी, सूर्ती र खैनी

बोर्डको ११८ औं बैठकको निर्णय नं. १(२)(क) अनुसार सम्बन्धित कार्यालयहरुलाई निर्धारित गरेको शर्तहरु पालना गर्ने गरी प्रत्यायोजित पूँजी सीमा भित्र रही विडी, सूर्ती र खैनी उद्योगको इजाजत दिने अधिकार प्रत्यायोजन भएकोले इजाजत प्रदान गर्दा देहायका शर्तहरु उल्लेख गर्नुपर्नेछ।

१. उद्योग संचालन गर्दा वातावरण प्रदुषण नहुने व्यवस्था गर्नु पर्नेछ।
२. सूर्ती तथा खैनीको प्याकेटमा "सूर्ती सेवन स्वास्थ्यको लागि हानिकारक छ" भन्ने वाक्यांश र विडी उद्योग भए विडीको प्याकेटमा "धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ" भन्ने वाक्याशं लेखिएको लेबल अनिवार्य रुपमा टाँस्नु पर्नेछ।
३. कामदारहरुलाई मास्क, एप्रोन आदि स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्नेछ।
४. उत्पादनको क्रममा खेर जाने पदार्थहरुको उपयुक्त तरिकाबाट निराकरण गर्नु पर्नेछ।
५. छर छिमेकलाई बाधा नपुऱ्याई उद्योग संचालन गर्नु पर्नेछ।
६. उद्योग संचालन गर्दा उद्योग भित्र भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाई उद्योग संचालन गर्नु पर्नेछ।

### ६.१.३.२ घरायसी प्रयोगका परम्परागत हात हतियार उत्पादन गर्ने उद्योग

ऐनको अनुसूची २ बमोजिम इजाजत लिन पर्ने वर्गमा परेका उद्योगहरु मध्ये बोर्डको ११८ औं बैठकको निर्णय नं. १(१) र १(२) ले खुकुरी (२ फिट सम्मको, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी र बन्चरो जस्तो घरायसी प्रयोगको परम्परागत हातहतियार उत्पादन गर्ने उद्योगको इजाजत प्रदान गर्ने अधिकार कार्यालयहरूलाई प्रत्यायोजन गरेकोले प्रत्यायोजित अधिकार अन्तर्गतको पूँजी सीमा भित्र रही देहायका शर्तहरु समेत तोकी उद्योगको अनुमति प्रदान गर्नु पर्नेछ।

१. घरायसी प्रयोगका २ फिट सम्मको खुकुरी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी र बन्चरो मात्र उत्पादन गर्नु पर्नेछ।
२. उद्योग संचालन गर्दा वातावरण प्रदुषण नहुने गरी संचालन गर्नु पर्नेछ।
३. उद्योग संचालन गर्दा ध्वनी प्रदुषण हुन सक्ने भएकोले ध्वनी (आवाज) प्रदुषण कम गर्ने उपाय अवलम्बन गर्नुपर्नेछ।
४. उद्योग संचालन गर्दा सुरक्षात्मक उपायहरु अवलम्बन गर्नु पर्नेछ।
५. छर छिमेकलाई बाधा नपुऱ्याई उद्योग संचालन गर्नु पर्नेछ।
६. उद्योग संचालन गर्दा उद्योग भित्र भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाउनु पर्नेछ।

## ६.२ अनुमति प्रदान गर्ने प्रकृया

अनुमतिको लागि प्राप्त दरखास्त र सो साथ संलग्न कागजातहरु प्रशासनिक तथा प्राविधिक पक्षबाट खास गरेर निम्न लिखित विषयहरुमा अध्ययन तथा विश्लेषण गरी प्रस्तावित उद्योग स्थापनाबाट पर्न सक्ने आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय प्रतिकूल असरहरुका विविध पक्षमा अध्ययन तथा विश्लेषण गरी अनुमति दिन मनासिब देखिएमा प्रत्यायोजित अधिकार भित्र रही उद्योग स्थापनाको लागि इजाजत दिने वा थप आवश्यक कागजात वा विवरण माग गर्नु पर्ने देखिएमा पुनः थप विवरणहरु पेश गर्न लगाई सम्पूर्ण विवरणहरु प्राप्त भएको ३० दिन भित्रमा अनुसूची ४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नुपर्नेछ।

१. प्रस्तावित उद्योग स्थल अनुसूची ३० र ३४ बमोजिम उद्योग स्थापना गर्न नपाइने क्षेत्रमा पर्छ पर्दैन ?

२. अन्य निकायको सिफारिश/प्रतिक्रिया/दूरी प्रमाणित/सर्जमिन मुचुल्का/लालपूर्जा/मन्जुरनामा/जग्गाको नक्सा/स्कीम/ नागरिकता/IEE वा EIA प्रतिवेदन आदि मध्ये आवश्यक पर्ने कागजातहरु पेश भएका छन् छैनन् ?

३. उद्योग विशेषको लागि निर्धारित रेडियसको जग्गा उद्योगले प्रयोग गर्नु पर्नेमा पर्याप्त जग्गा उपलब्ध भएको छ छैन ?

४. प्रस्तावित उद्योगको मेशिनरी, कच्चा पदार्थ तथा उत्पादन क्षमता, उपयुक्त एवं मनासिब छ छैन ?

५. प्रस्तावित उद्योग स्थापनाबाट सुरक्षा, जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्न सक्छ सक्दैन ? पर्ने भए रोकथामका उपायहरु अपनाउन सकिन्छ सकिदैन ?

६. प्रस्तावित उद्योग स्थापनाबाट शैक्षिक, धार्मिक, तथा सांस्कृतिक वातावरणमा नकारात्मक असर पर्छ पर्दैन ? पर्ने भए नकारात्मक असर कम गर्ने उपायहरु छन् छैनन् ?

७. IEE वा EIA प्रतिवेदन मा प्रस्तुत गरिएका वातावरण प्रदुषण कम गर्ने उपायहरु उपयुक्त, मनासिब र लागू गर्न सकिने खालका छन् छैनन् ?

८. साविकमा संचालन भैरहेका उद्योगहरुले हाल विद्युत आपूर्ति गर्ने उद्देश्यले वैकल्पिक उपकरणवाट विद्युत आपूर्ति गर्दा जेनरेटर जस्ता ध्वनि प्रदुषण गर्ने उपकरण प्रयोगमा ल्याउँदा ध्वनि न्यूनीकरण गर्ने उपाय अवलम्वन गर्नु पर्ने छ।

## ६.३ अनुमति पत्रमा उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्ने

अनुमति लिनु पर्ने कुनै पनि उद्योग स्थापनाको लागि अनुमति प्रदान गर्दा अनुसूची ५ बमोजिमको कार्य योजनामा उल्लेख गरेको अवधि खुलाई उद्योगको प्रकृति तथा उद्योगबाट सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई कम गर्ने उपाय अवलम्बन गर्न वा उद्योग विशेषको लागि खास किसिमका विशेष शर्त तोक्नुका साथै IEE /EIA प्रतिवेदन चाहिने उद्योगको हकमा सो स्वीकृत गर्दा तोकिएको शर्तहरू समेत अनुमति पत्रमा प्रष्ट उल्लेख गर्नु पर्नेछ।

## ६.४ अनुमतिको लागि कार्य योजना पेश गर्नु पर्ने

अनुमति प्रदान गर्ने निर्णय भए पछि अनुमति माग गर्नेले प्रस्तावित उद्योग स्थापना तथा संचालन गर्न लाग्ने त्रैमासिक अवधिमा गरिने कार्य प्रगति र उद्योग संचालन गर्न लाग्ने अनुमानित समय समेत उल्लेख गरी बढीमा १२ महिना अवधिको लागि अनुसूची ५ बमोजिमको ढाँचामा कार्य योजना (Plan of Operation) पेश गर्न लगाउनु पर्नेछ।

## ६.५ अनुमतिको लागि धरौटी रकम जम्मा गर्नु पर्ने

अनुमति प्रदान गर्ने निर्णय भएपछि अनुसूची ४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्दा देहायमा उल्लेखित स्थिर पूँजीको आधारमा देहाय बमोजिमको धरौटी रकम विभाग वा सम्बन्धित कार्यालयको धरौटी खातामा जम्मा गर्न लगाउनु पर्नेछ।

| क्र.स. | स्थिर पूँजी लगानी विवरण | जम्मा गर्नु पर्ने धरौटी रकम |
|---|---|---|
| १. | **स्थिर पूँजी रु. ५,००,०००/- सम्म** | रू १,०००/- |
| २. | **स्थिर पूँजी रु. १०,००,०००/- सम्म** | रू २,०००/- |
| ३. | **स्थिर पूँजी रु. २५,००,०००/- सम्म** | रू ४,०००/- |
| ४. | **स्थिर पूँजी रु. ५०,००,०००/- सम्म** | रू ७,०००/- |
| ५. | **स्थिर पूँजी रु. १,००,००,०००/- सम्म** | रू १०,०००/- |
| ६. | **स्थिर पूँजी रु. १,००,००,०००/- भन्दा माथि** | रू २०,०००/- |

शुरुमा अनुमति लिंदा स्थिर पूँजी कायम भै सोही अनुसारको धरौटी रकम जम्मा गरेकोमा पछि स्थिर पूँजी बृद्धि वा उद्देश्य थप गर्नु परेमा बृद्धि भएको स्थिर पूँजीमा साविकमा जम्मा गरेको धरौटी रकमले नपुग भएको थप रकम मात्र जम्मा गर्न लगाउनु पर्नेछ।

## ६.६ अनुमतिको म्याद थप/अनुमति रद्द गर्ने /धरौटी रकम जफत / धरौटी रकम फिर्ता/ उद्देश्य थप वा परिवर्तन

अनुमति पत्रमा तोकिएको म्याद भित्र उद्योग स्थापना वा संचालन गर्न नसकेमा मनासिब कारण सहित दरखास्त दिनु पर्ने र कारण मनासिब देखिएमा म्याद थप गर्न सकिने छ। कारण मनासिव नदेखिएमा अनुमति ( इजाजत) रद्दगरी सो वापत राखेको धरौटी रकम समेत जफत गरिने छ।

### ६.६.१ अनुमतिको म्याद थप

अनुमति लिनु पर्ने उद्योगको अनुमति पत्र प्राप्त भएको ३५ दिन भित्रमा उद्योग दर्ता गर्न सम्बन्धित कार्यालयमा दरखास्त दिनु पर्नेछ। कतिपय कारणले गर्दा सो म्याद भित्र उद्योग दर्ता गर्न नसकेमा तोकिएको म्याद भित्र दर्ता गर्न नसक्नाको कारण तथा औचित्य हेरी अनुमति पाएको ६ महिना भित्रमा उद्योग दर्ता गर्ने गरी सम्बन्धित कार्यालयले नै म्याद थप गरी उद्योग दर्ता गरी दिन सक्ने छ। तर मदिरा तथा चुरोट उद्योगको म्याद थप तथा ६ महिना भन्दा बढी अवधिको म्याद थप गर्दा तथा दर्ता भै सकेको उद्योग संचालन गर्ने अनुमतिको म्याद थप गर्ने सम्बन्धमा देहाय बमोजिमका कागजात सहित कार्यालयको स्पष्ट राय सिफारिश सहित विभागमा लेखी पठाउनु पर्नेछ।

१. अनुमति पत्रमा तोकिएको म्याद भित्र उद्योग दर्ता गर्न नसक्नाको कारण।

२. उद्योग संचालन गर्ने सम्बन्धमा हालसम्म पेश गरेको कार्य प्रगति विवरण।

३.	उद्योग दर्ता भै सकेकोमा म्याद भित्र संचालन गर्न नसक्नाको कारण।

४.	दर्ता भै सकेको उद्योगको प्रमाणपत्रको प्रतिलिपि।

### ६.६.२ धरौटी रकम फिर्ता गर्ने प्रक्रिया

अनुमतिको लागि जम्मा गरेको धरौटी रकम फिर्ता लिनको लागि उद्योग संचालन भए पछि अनुमति पत्रमा उल्लेखित शर्तहरु पालना गरेको भएमा मात्र धरौटी रकम फिर्ता गर्न सकिने भएकोले धरौटी रकम फिर्ता गर्नको लागि सम्बन्धित कार्यालयले देहायका कागजातहरु सहित तोकिएका शर्तहरु उद्योगले पालना गरे नगरेको स्पष्ट राय तथा सिफारिश विभागमा पठाउनु पर्नेछ र कार्यालयले नै फिर्ता दिनु पर्नेमा पनि सोही अनुसार गर्नु पर्नेछ।

१.	अनुसूची २३ बमोजिम उद्योगको स्थलगत निरीक्षण प्रतिवेदन।

२.	अनुमति पत्रमा तोकिएको म्याद भित्र वा थप भएको म्याद भित्र उद्योग संचालन भएको प्रमाण।

३.	धरौटी रकम जम्मा गरेको सक्कल रसिद।

४.	धरौटी रकम फिर्ता दिईसक्ने अवधि।

### ६.६.३ अनुमति लिन पर्ने उद्योगको उद्देश्य थप वा परिवर्तन

ऐनको दफा ९ अनुसार अनुमति लिन पर्ने उद्योगको उद्देश्य थप वा परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित कार्यालयले स्पष्ट राय तथा सिफारिश सहित विभागमा पठाउनु पर्ने छ। तर प्रत्यायोजित अधिकार अन्तर्गत पर्ने भए सम्बन्धित कार्यालयले नै उद्देश्य थप वा परिवर्तन गरी दिन सक्नेछ।

## उद्योगको कानूनी स्वरूप र दर्ता प्रकृया

## ७. दर्ता (रजिष्ट्रेशन), नवीकरण, नामसारी, ठाउंसारी, पूंजी तथा क्षमता बृद्धि, उद्देश्य थप वा परिवर्तन

ऐनको दफा १० अनुसार उद्योग दर्ता गर्दा सम्बन्धित कार्यालयलाई प्रत्यायोजित पूँजी सीमा भित्र रही देहाय बमोजिम गर्नु पर्नेछ :-

कुनै उद्योग दर्ता गर्ने सम्बन्धमा द्विविधा पर्न गएमा उक्त उद्योगको उद्देश्य, आवश्यक कच्चा पदार्थ, उत्पादन प्रकृया र प्रविधि, उत्पादन गरिने वस्तु समेत स्पष्ट गरी आवश्यक निर्देशनको लागि विभागमा लेखी पठाउनु पर्नेछ।

उद्योग दर्ता (रजिष्ट्रेशन), पूँजीबृद्धि, क्षमताबृद्धि, ठाउँसारी, उद्देश्य थप वा परिवर्तन आदि गर्दा अनुसूची ३० र ३४ बमोजिम उद्योग दर्ता गर्न तोकिएका क्षेत्र भित्र पर्ने नपर्ने यकिन गरेर सो नीतिको प्रतिकूल नहुने गरी मात्र उद्योग दर्ता, ठाउँसारी, पूँजीबृद्धि, क्षमताबृद्धि, उद्देश्य थप वा परिवर्तन गर्नु पर्नेछ।

## ७.१ उद्योग दर्ता

### ७.१.१ अनुमति लिन नपर्ने उद्योग दर्ता

औ. व्य. ऐ. २०४९ को दफा ४ र ५ वमोजिम घरेलु तथा साना उद्योगको कूल स्थीर पूजि रु. ३ करोडसम्मका इजाजत लिनु नपर्ने र वातावरण संरक्षण नियमावली वमोजिम IEE र EIA गर्न नपर्ने घरेलु

तथा साना उद्योगहरुको दर्ता सम्वन्धी कार्य सम्वन्धित जिल्लाका कार्यालयः घरेलु तथा साना उद्योग विकास समितिका शाखा कायालयबाट सम्पादन गर्नु पर्नेछ । उक्त ऐनको दफा ९ बमोजिम अनुमति लिनुपर्ने उद्योग र वातावरण संरक्षण ऐन वमोजिम IEE र EIA गर्नुपर्ने उद्योग दर्ता सम्वन्धी कार्यको लागि विभागमा पठाउनु पर्नेछ।

### ७.१.२ <u>अनुमति लिन पर्ने उद्योग दर्ता</u>

ऐन बमोजिम उद्योग स्थापना गर्न अनुमति लिनु पर्ने उद्योग दर्ता गर्नु अघि प्रत्यायोजित पूँजी सीमा अन्तर्गत पर्ने भए सम्बन्धित कार्यालयबाट र प्रत्यायोजित पूँजी सीमा अन्तर्गत नपर्ने भए विभागबाट अनुमति प्राप्त गरे पछि मात्र उद्योग दर्ता गर्नु पर्नेछ।

### ७.१.३ जायजेथा सकारेका उद्योग सम्वन्धमा

नेपाल औद्योगिक विकास निगम तथा अन्य बैंक एवं वित्तिय संस्थाहरुले यस किसिमको व्यवस्था अनुरुप विक्री गर्ने साविकदेखि संचालन भैरहेका उद्योगको जेथा खरिद गरी लिने उद्योगीहरुलाई समेत साविककै स्थान र साविककै जेथा एवं क्षमतामा उद्योग संचालन/दर्ता भई आएमा विभागस्तरबाटै गर्न सक्ने गरी स्विकृति प्राप्त भएको छ। (औ.प्र.बोर्डको १६८ को निर्णय अनुसार)

## ७.२ <u>कानूनी स्वरुप</u>

ऐनको दफा १० अनुसार दर्ता गराउनु पर्ने कुनै पनि उद्योग प्राइभेट फर्म, साझेदारी फर्म, प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको रुपमा देहाय बमोजिम दर्ता गर्नु पर्नेछ :-

### ७.२.१ <u>प्राइभेट फर्म</u>

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अनुसार कुनै एक व्यक्ति विशेषले कुनै उद्योग एकलौटी स्वामित्वमा दर्ता गर्न चाहेमा निम्न लिखित कागजातहरु सहित अनुसूची ६ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा रितपूर्वक दरखास्त दिनु पर्नेछ । यसरी दरखास्त प्राप्त भए पछि सम्बन्धित कार्यालयले प्रत्यायोजित अधिकार भित्र रही पूँजीको आधारमा लाग्ने फर्म दर्ता दस्तुर दाखिला गर्न लगाई उद्योग दर्ता गरी अनुसूची ९ मा उल्लेखित ढाँचामा प्राइभेट फर्म दर्ता प्रमाणपत्रमा समेत उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गरी फर्म दर्ता प्रमाणपत्रका साथै अनुसूची ८ बमोजिमको ढाँचाको पत्र समेत दिनु पर्नेछ।

१. अनुसूची ६ बमोजिमको ढाँचामा भरिएको दरखास्त “ख” फाराम।
२. नागरिकताको प्रमाणित प्रतिलिपि।
३. अनुमति लिनु पर्ने उद्योगको हकमा अनुमति पत्र।
४. अनुमति लिनु पर्ने तथा IEE वा EIA गराउनु पर्ने उद्योगको हकमा स्किम। तर अनुमति लिनु नपर्ने तथा IEE वा EIA गराउनु नपर्ने उद्योगको हकमा साधारणतया स्किम आवश्यक पर्ने छैन।
५. दूरी प्रमाणित/अन्य निकायको सिफारिस एवं प्रतिक्रिया/सर्जमिन मुचुल्का/जग्गाधनी प्रमाणपूर्जा/ मन्जुरीनामा/जग्गाको नक्सा आदि आवश्यक पर्ने उद्योगको हकमा त्यस्तो प्रमाणित वा सिफारिश एवं प्रतिक्रिया प्राप्त भएको पत्र।

६. राहदानी साइजको फोटो २ प्रति।

७. निवेदन दस्तुर बापत रु १००।- तिरेको रसिद।

८. उद्योग अर्काको घर जग्गामा भए जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि र रितपूर्वकको भाडा सम्झौता पत्र।

## ७.२.२ साझेदारी फर्म

साझेदारी ऐन, २०२० अनुसार दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलेर उद्योग संचालन गर्नको लागि साझेदारी फर्म दर्ता गर्न सक्नेछन्। साझेदारी फर्मको रुपमा उद्योग संचालन गर्न चाहने व्यक्तिहरुले अनुसूची ६ बमोजिमको ढाँचामा दरखास्त "ख" फाराम साथ देहायका कागजातहरुमा साझेदारहरुले दस्तखत गरी दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त प्राप्त भए पछि सम्बन्धित कार्यालयले प्रत्यायोजित पूँजी सीमा अन्तर्गत पर्ने भए दफा १०.३ बमोजिम पूँजीको आधारमा साझेदारी फर्म दर्ता दस्तुर दाखिला गर्न लगाई संलग्न अनुसूची ११ बमोजिमको ढाँचाको साझेदारी फर्म दर्ता प्रमाणपत्रमा समेत उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गरी साझेदारी फर्म दर्ता प्रमाणपत्रका साथै अनुसूची १० बमोजिमको ढाँचाको पत्र समेत दिनु पर्नेछ।

१. अनुसूची ६ बमोजिमको ढाँचामा भरिएको दरखास्त "ख" फाराम।

२. साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. साझेदारहरुले आपसमा गरेको साझेदारी कबुलियतनामा।

४. अनुमति लिनु पर्ने उद्योगको हकमा अनुमति पत्र।

५. अनुमति लिनु पर्ने तथा IEE वा EIA गराउनु पर्ने उद्योगको हकमा स्किम अनिवार्य हुनेछ। तर अनुमति लिनु नपर्ने तथा IEE वा EIA गराउनु नपर्ने उद्योगको हकमा साधारणतया स्किम आवश्यकता अनुसार पेश गर्नु पर्नेछ।

६. दूरी प्रमाणित/अन्य निकायको सिफारिश एवं प्रतिक्रिया/सर्जमिन मुचुल्का/जग्गाधनी प्रमाणपूर्जा/ मन्जुरीनामा/जग्गाको नक्सा आदि आवश्यक पर्ने उद्योगको हकमा त्यस्तो प्रमाणित वा सिफारिश एवं प्रतिक्रिया प्राप्त भएको पत्र।

७. राहदानी साइजको फोटो २/२ प्रति।

८. निवेदन दस्तुर वापत रु.१००।- बुझाएको रसिद/टिकट।

## ७.२.३ प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनी

कम्पनी ऐन, २०६३ अनुसार प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको रुपमा उद्योग दर्ता गर्न चाहने व्यक्तिले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता गराई सकेपछि उद्योग दर्ताको लागि अनुसूची ६ बमोजिमको दरखास्त "ख" फारामको साथमा निम्न लिखित कागजातहरु संलग्न गरी रितपूर्वकको दरखास्त पेश गरेमा प्रत्यायोजित पूँजी सीमा भित्र रही सम्बन्धित कार्यालयले अनुसूची १३ बमोजिमको ढाँचामा उद्योगले पालना गर्नु पर्ने शर्तहरु समेत तोकी कम्पनीको रुपमा उद्योग दर्ता प्रमाणपत्रका साथै अनुसूची १२ बमोजिमको ढाँचामा पत्र समेत दिनु पर्नेछ। कम्पनीको रुपमा उद्योग दर्ता गर्दा रु. १००।- को निवेदन दस्तुर बाहेक अन्य दर्ता दस्तुर बुझाउनु पर्ने छैन। यस्ता प्रा. लि. वा पब्लिक लिमिटेड कम्पनीको नाममा छुट्टा छुट्टै उद्देश्य, वर्ग र पूँजी राखी उद्योग दर्ता गर्नु परेमा सोही बमोजिम कार्य

गर्न कम्पनीको प्रबन्ध पत्रमा समेत उद्देश्य उल्लेख भै कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति ल्याएमा सोही अनुसार छुट्टाछुट्टै उद्योग दर्ता गर्न सकिने छ।

१. संलग्न अनुसूची ६ बमोजिमको ढाँचामा रितपूर्वक भरिएको दरखास्त “ख” फाराम।

२. संस्थापक शेयरहोल्डरहरुको नागरिकताको प्रमाणित प्रतिलिपि।

३. कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली तथा कम्पनी दर्ता पत्रको प्रतिलिपिहरु।

४. अनुमति लिनुपर्ने उद्योगको हकमा अनुमति पत्र।

५. अनुमति लिनु पर्ने तथा IEE वा EIA गराउनु पर्ने उद्योगको हकमा स्किम अनिवार्य हुनेछ। तर अनुमति लिनु नपर्ने तथा IEE वा EIA गराउनु नपर्ने उद्योगको हकमा साधारणतयाः स्किम आवश्यकता अनुसार पेश गर्नु पर्नेछ।

६. दूरी प्रमाणित/अन्य निकायको सिफारिश एवं प्रतिक्रिया/सर्जमिन मुचुल्का/जग्गाधनी प्रमाणपूर्जा/ मन्जुरीनामा/जग्गाको नक्सा आदि आवश्यक पर्ने उद्योगको हकमा त्यस्तो प्रमाणित वा सिफारिश एवं प्रतिक्रिया प्राप्त भएको पत्र।

७. राहदानी साइजको फोटो २/२ प्रति।

८. निवेदन दस्तुर वापत रु. १००।- बुझाएको रसिद/टिकट

**द्रष्टव्य** :– उद्योग दर्ता प्रमाणपत्र जारी गर्दा प्रमाणपत्रमा समेत स्पष्ट रुपमा उद्योगको उत्पादन क्षमता परिमाण र इकाई समेत खुलाउनु पर्नेछ।

## ७.३ रजिष्ट्रेशन, नवीकरण दस्तुर

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र साझेदारी ऐन, २०२० बमोजिम उद्योग दर्ता तथा नवीकरण गर्दा पूँजीको आधारमा देहाय बमोजिमको दर्ता दस्तुर राजस्व खातामा दाखिला गर्नु पर्नेछ। पहिले प्राइभेट फर्मको रुपमा दर्ता भएको फर्म साझेदारी फर्मको रुपमा वा पहिले साझेदारी फर्मको रुपमा दर्ता भएको फर्म प्राइभेट फर्मको रुपमा दर्ता परिवर्तन गर्नु पर्ने भएमा कूल पूँजी लगानीको आधारमा नयाँ फर्म दर्ता दस्तुर सरह पूरै राजस्व बुझाउन लगाउनु पर्नेछ।

## फर्म दर्ता र नविकरण दस्तुर (प्रा.फ.)

| क्र.सं. | कूल पूँजी लगानी | रजिष्ट्रेशन | नविकरण |
|---|---|---|---|
| १ | एकलाख रुपैयाँ सम्म | १,०००/- | ६००/- |
| २ | एकलाख एक रुपैँया देखि तीनलाख रुपैँया सम्म | ३,०००/- | १,०००/- |
| ३ | तीनलाख एक रुपैयाँ देखि पाँचलाख रुपैयाँ सम्म | ६,०००/- | १,६००/- |
| ४ | पाँचलाख एक रुपैयाँ देखि बीसलाख रुपैयाँ सम्म | १२,०००/- | ३,०००/- |
| ५ | बीसलाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्म | २०,०००/- | ५,०००/- |
| ६ | एककरोड एक रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | ३०,०००/- | ८,०००/- |
| ७ | पाँचकरोड एक रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि | ५०,०००/- | १५,०००/- |

## फर्म दर्ता र नविकरण दस्तुर (सा.फ.)

| क्र.सं. | कूल पूँजी लगानी | रजिष्ट्रेशन | नविकरण |
|---|---|---|---|
| १ | एकलाख रुपैयाँ सम्म | ६००/- | १००/- |
| २ | एकलाख एक रुपैँया देखि तीनलाख रुपैँया सम्म | २,०००/- | १२५/- |
| ३ | तीनलाख एक रुपैयाँ देखि पाँचलाख रुपैयाँ सम्म | ४,०००/- | १५०/- |
| ४ | पाँचलाख एक रुपैयाँ देखि दसलाख रुपैयाँ सम्म | ७,५००/- | २००/- |
| ५ | दसलाख एक रुपैयाँ देखि पचासलाख रुपैयाँ सम्म | १०,०००/- | २५०/- |
| ६ | पचासलाख एक रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि | १५,०००/- | ३००/- |

**द्रष्टव्य :**

१) कम्पनी ऐन, २०६३ अनुसार कम्पनीको रुपमा उद्योग दर्ता भएकोमा त्यस्तो कम्पनीलाई प्राइभेट फर्म वा साझेदारी फर्मको रुपमा परिणत गर्न पाइने छैन ।

२) कम्पनी ऐन, २०६३ अनुसार दर्ता भएको कम्पनीको नाममा उद्योग दर्ता गर्दा निवेदन दस्तुर रु १००।- वाहेक अन्य दस्तुर लाग्ने छैन ।

३) प्राइभेट फर्म नवीकरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम तोकिएको दस्तुर तिरी दर्ता भएका व्यवसायिक फर्महरु दर्ता भएको मितिले ५ वर्षसम्मको लागि वहाल रहने छन् । उक्त म्याद समाप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित कार्यालयमा गई नविकरण नगराएमा तोकिए बमोजिमको थप जरिवाना समेत लाग्नेछ । प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (नवौं संशोधन, २०७०) ले यस्तो नविकरण अवधी २ वर्षको हुने गरी व्यवस्था गरेको छ । जुनसुकै व्यवसायिक फर्मको दर्ता वा नविकरणको वहाल अवधी समाप्त भएपछि पुनः नविकरणको लागि ३५ दिनको अवधी रहनेछ । यस अवधी भित्र फर्म नविकरण गर्दा तोकिए बमोजिमको दस्तुर तिरी बुझाई आगामी दुई वर्ष अवधीको लागि नवीकरण गराउनको लागि दर्खास्त दिएमा र त्यस्तो दर्खास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्बन्धित कार्यालयले नवीकरण गराउन नसकेको रु. २० लाखसम्म पूँजी भएको प्राइभेट फर्मले प्रत्येक वर्षका लागि रु. २,५००।- का दरले रु. २० लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मले प्रत्येक वर्षका लागि रु. ५,०००।- का दरले जरिवाना तिरी त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिन सक्नेछ ।

४) साझेदारी फर्म नविकरण

साझेदारी फर्म जुन आ.व. मा दर्ता गरेको हो सो आ.व. को आषाढ मसान्तसम्म वहाल रहने हुँदा म्याद समाप्त हुनु अगावै आगामी वर्षको लागि नविकरण गर्नु पर्नेछ । म्याद नाघेको ३५ दिनभित्र नवीकरण गर्न आएमा नवीकरण दस्तुर मात्र र म्याद नाघेको ३५ दिन पछि नवीकरण गर्न आएमा साझेदार रु. ५०।- का दरले जरिवाना समेत र २ वर्ष वा सो भन्दा बढी समयको लागि नवीकरण गर्नु परेमा प्रति साझेदार प्रति वर्ष रु. ५०।- का दरले जरिवाना र पूँजीअनुसारको पुनः दर्ता शुल्क समेत लिई साझेदारी फर्म नवीकरण गरिने छ ।

## ७.४ जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराउनु पर्ने

जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुले घरेलु तथा साना उद्योग विभागबाट प्रत्यायोजित अधिकारको पूंजी सीमा भित्र रही उद्योगहरु दर्ता गर्नु पर्नेछ। साथै IEE /EIA गर्नु पर्ने उद्योगहरु सो को प्रतिवेदन स्वीकृत भएपछि दर्ता गर्नु पर्नेछ।

### ७.४.१ उद्योगको शाखा खोल्न सकिने :

संचालन भई रहेका उद्योगहरुले साविकको स्थानको अतिरिक्त अन्यत्र ठाँउमा नयाँ यूनिट (शाखा यूनिट) माग गरेमा उपयुक्तता हेरी खोल्न सम्वन्धित कार्यालयले स्वीकृती दिने। (औ.प्र.वोर्डको १५९ औ बैठक)

## ७.५ उद्योगको प्रकृतिको आधारमा उद्योगले पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्ने

उद्योग स्थापना पश्चात हुन सक्ने वातावरण प्रदूषण, जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असर आदि सम्बन्धमा उद्योगको प्रकृति, उद्योगबाट निस्कने फोहोरको आधारमा सबै उद्योगहरु एकै प्रकारका नहुने, कुनै उद्योग घातक तथा खतरापूर्ण हुने भएकोले त्यस्ता उद्योगको स्थापना, विस्तार एवं विविधीकरणबाट पर्न सक्ने प्रतिकूल असरलाई कम गर्न तथा नियन्त्रण गर्न, प्रतिरोधात्मक उपायहरु अवलम्बन गर्न सकिने भएकोले त्यस्ता उद्योगहरु स्थापना तथा संचालन गर्दा पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्नेछ।

### ७.५.१ ईटा उद्योग

देशको विभिन्न स्थानमा संचालित पूरानो प्रविधिमा आधारित इट्टा उद्योगले वातावरणीय मापदण्ड पालना नगरेकोले वातावरणमा प्रतिकुल प्रभाव परेको कारण विद्यमान पूराना प्रविधिमा संचालित इट्टा उद्योगहरुलाई आधुनिक प्रविधिको प्रयोग गरी व्यवस्थित वनाउनु पर्ने भनी इट्टा उद्योग व्यवसायी महासंघ लगायतका सरोकारवाला संस्थाहरुबाट माग भएको प्रस्ताव उपर छलफल गर्दा विद्यमान इट्टा उद्योग तथा अव स्थापना गर्ने इट्टा उद्योगहरुको सम्वन्धमा देहाय वमोजिम गर्ने गरी निर्णय भएको छ।

(क) विगतमा आधुनिक प्रविधि विना परम्परागत प्रविधिमा आधारित Moving Bulls Trench Kiln स्थापित इट्टा उद्योगहरुले २०७१ फागुन मसान्तभित्र अनिवार्य रुपमा आधुनिक प्रविधि Vertical Shaft Brick Kiln वा Fixed Chyimney वा Tunnel Kiln को प्रयोग गर्ने।

(ख) नयाँ दर्ता हुने उद्योगहरुले अनिवार्य रुपमा Vertical Shaft Brick Kiln वा Fix Chimney वा Tunnel Kiln प्रविधिको अनिवार्य अवलम्वन गर्नुपर्ने।

(ग) बार्षिक २ करोड गोटा भन्दा बढी उत्पादन गर्ने ईट्टा उद्योग दर्ता गर्दा वातावरण प्रभाव मूल्यांकन (EIA) गर्नुपर्ने। सो भन्दा कम क्षमताको दर्ता गर्दा प्रारम्भिक वातावरण परीक्षण (IEE) गर्नुपर्ने।

(घ) नयाँ प्रविधिमा आधारित ईट्टा उद्योगलाई तोकिएका शर्तहरु साविक निर्णय वमोजिम हुनेछन्।
(औ.प्र.वोर्डको १९१ औ बैठकको निर्णय)

(ङ) नयाँ प्रविधि, fixed chimney. Tunnel Kiln / VSBK को ईटा भट्टाको लागि निम्न अनुसार शर्तहरु तोक्नु पर्नेछ :-(औ.प्र.वोर्डको १६७ औ बैठकको निर्णय)

१) नेपालभरमा Moving Bull's Trench Kiln कुनै हालतमा पनि प्रयोग गर्न नपाइने। Fixed Chimney वा VSBK मात्र प्रयोग गरी उत्पादन गर्नु पर्ने।

२) उद्योगीले नयाँ प्रविधिमा आधारित ईटा उद्योग संचालनको लागि नयाँ प्रविधिको ईटा भट्टाको केन्द्र

विन्दुबाट कम्तिमा २०० फिटको रेडियस पुग्ने जग्गा तथा VSBK को हकमा औ.प्र.वोर्डको १६९ औं बैठकबाट १०० फिट भए पुग्ने जग्गा उद्योगको आफ्नै स्वामित्वमा भएको प्रमाण पेश गर्नु पर्ने सो नभएमा सो वरावरको जग्गाको कित्ता नम्वरहरु समेत उल्लेख गरी कम्तिमा ५ (पाँच) वर्षको लागि भाडामा लिएको प्रमाण पेश गर्नु पर्ने।

३) सम्वन्धित जिल्ला वन कार्यलयको सहमती लिनुपर्ने। (मिति २०७१/६/६ को राजपत्रमा प्रकाशित सूचना बमोजिम)

४) उद्योग संचालन अधि माटो कटान योजना तथा Reclamiation योजना पेश गर्नु पर्ने।

५) दाउरा, रवर, टायर, प्लाष्टिक जस्ता वस्तुहरु इन्धनको रुपमा प्रयोग गन नपाईने र नेपाल सरकार ले कोइलाको स्टाण्डर्ड तोकेमा सोही बमोजिम हुने गरी हालको लागि उपयुक्त कोईला मात्र उद्योगले प्रयोग गर्नु पर्ने।

६. Emission Standard for Suspended Particular Matter उद्योगको लागि ७०० Mg/Nm3 हुनु पर्ने।

७) VSBK को सम्वन्धमा कूल उचाई न्यूनतम ४० फिट र Fixed Chimney को सम्वन्धमा Induced Draught Fan Operating (Forced Drought) विनाको Kiln र Fixed Chimeny को कूल उचाई न्यूनतम ३० मिटर हुनु पर्ने। Gravtivational Setting Chamer राख्नु पर्ने। Induced Draught Fan Operating (Forced Drought) को हकमा Chimeny को उचाई न्यूनतम १७ मिटर हुनु पर्ने।

८) घनावस्तीबाट १ कि.मि. टाढा उद्योग स्थापना गर्नु पर्ने VSBK को हकमा ५०० मिटर भए पुग्ने।
(औ.प्र. को १६९ औ बैठक)

९) उद्योग संचालन गर्नु पूर्व विभागवाट निरीक्षण गराउनु पर्ने।

१०) विधिवत रुपमा दर्ता भएका इटा उद्योग संचालनको सिलसिलामा अपनाईने कुनै पनि समस्या र द्विविधा निराकरणको लागि विभाग, ईटा व्यवसायी संघ र सम्वन्धित उद्यमीले निरीक्षण गरी संयुक्त रुपमा पहल गर्ने।

११) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी धुंवाको मापदण्ड (Emission Standard) निर्धारण गरेको खण्डमा सो मापदण्ड अनुसार हुने गरी भट्टा संचालन गर्नुपर्ने। सो नगरेको पाईएमा दर्ता खारेज गर्न सकिने।

१२) उद्योग संचालन गर्दा उद्योगमा भैरहेको काम कारवाहीलाई मूल सडक बाट नदेखिने गरी संचालन गर्नु पर्नेछ।

१३) उद्योग संचालन गर्नु अगाडि माटो कटान योजना पेश गर्नु पर्नेछ। माटो कटान योजनाको विश्लेषण गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्नेछ :

- १) इट्टा भट्टा राखिने जमीनको जग्गाधनीको स्वीकृति पत्र पेश भए नभएको,
- २) जग्गा लिंदा बीचको जग्गा नछोडी लिए नलिएको,
- ३) जमिनको स्वरुप अनुचित तरिकाले विग्रने नविग्रने,
- ४) सार्वजनिक स्थल जस्तै बाटो, विजुलीको खम्वा, धारा र पाइप, ढल, पाटी पौवा, इनार र कुवा तथा अन्य स्थलहरुको संरक्षण हुने भए नभएको,
- ५) जमिनको साँध सीमाना स्पष्ट रुपमा राखिएको नराखिएको।

६) माटो उत्खननको कार्य समाप्त भए पछि जग्गामा सिंचाइ सुविधा पुग्ने नपुग्ने।

७) IEE प्रतिवेदनमा उल्लेखित कुराहरु पालना गर्नु पर्नेछ। इटा उद्योग स्थापनार्थ उद्योगले प्रयोग गर्ने जग्गाको चौतर्फि साँध सधियारको सहमति सहितको रितपूर्वकको सर्जमिन मुचुल्का समेत पेश गर्नु पर्नेछ।

१४) अब नयाँ दर्ता हुने इट्टाभट्टा उद्योगहरुले नयाँ प्रविधिमा आधारित VSBK वा Fixed Chiminey वा Tunnel Kiln प्रविधिको अनिवार्य अवलम्बन गनुपर्ने र परम्परागत प्रविधिमा आधारित Moving Bull Trench Kiln प्रविधिका उद्योगहरुले २ वर्ष भित्र आधुनिक प्रविधिको प्रयोग गर्ने र इट्टा उद्योगहरु वन क्षेत्रबाट १ कि.मि. वाहिर दूरीमा स्थापना गर्ने गरी औ.प्र. बोर्डको मिति २०६६/८/१२ मा निर्णय भएकोमा नयाँ प्रविधिमा आधारित इट्टाभट्टा उद्योगहरुले वनजन्य काठ, दाउरा प्रयोग नगर्ने र वनमा आधारित नभएको हुंदा वनको दूरीको प्रावधान व्यवहारिक नभएकाले सो प्रवधान हटाइनु पर्ने सहितको विषयमा छलफल हुँदा, प्रचलित वातावरण संरक्षण ऐन र नियमावलीले तोकेको प्रावधान पुरा गर्ने गरी वन पैदावार प्रयोग नगर्ने र नयाँ प्रविधिमा आधारित इट्टा उद्योगलाई तोकिएको साविक शर्तहरु यथावत पालना गर्ने गरी उल्लेखित वन क्षेत्रको १ कि. मि. दुरी सम्बन्धी वन्देज हटाउने निर्णय गरियो।

(औ..प्र. बोर्ड १९४ बैठकको निर्णय र २०८औं बैठकले यसलाई निरन्तरता दिने निर्णय गरिएको)

१५) मिति २०६४/५/२४ मा बसेको औद्योगिक प्रवर्द्धन बोर्डको १८१ औं बैठकद्वारा केही व्यवसाय सेवा, संचार सेवा, वातावरणीय सेवा, स्वास्थ्य र सामाजिक सेवा र मनोरन्जन, संस्कृति र खेलकुद सेवाहरुलाई विदेशी लगानी खुला नहुने गरी सेवा उद्योगको बर्गीकरणमा समावेश गर्न औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३ को (ङ) मा भएको व्यवस्था अनुरुप नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भएकोमा सो विषयलाई नेपाल राजपत्रमा सूचनाको रुपमा प्रकाशन सम्बन्धी कार्य अगाडी बढाउने क्रममा कुन उद्योगमा विदेशी लगानी गर्न पाउने-नपाउने भन्ने कुरा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ सँग सम्बन्धित भएको हुँदा सूचना प्रकाशन गर्न कानूनी अड्चन रहेको कारणबाट उक्त सिफारिस कार्यान्वयन हुन नसकेको र सो सम्वन्धमा औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औं बैठकबाट "सेवा उद्योगको रुपमा बर्गीकरण भएका उद्योगहरुको सूची नेपाल राजपत्रमा प्रकाशन गर्ने सम्वन्धमा थप अध्ययन गरी पेश " गर्ने भनी निर्णय भए अनुसार उक्त सूचीमा पुनरावलोकन गरी केही नयाँ व्यवसायलाई समेत थप गरी तयार गरिएको ७ वटा बुँदामा उल्लेखित व्यवसायहरुलाई मात्र सेवा उद्योगको रुपमा थप बर्गीकरण गर्ने सम्बन्धी पेश भएको प्रस्ताव उपर छलफल हुँदा बुँदा नं. (च) मा उल्लेखित " १००जना भन्दा बढी बृद्धालाई आश्रम तथा सेवा स्याहार प्रदान गर्न बृद्धाश्रम सञ्चालन सेवा " लाई हटाई बाँकी बुँदा (क), (ख),(ग), (घ), (ङ), (च), र (छ) मा उल्लेखित देहायका व्यवसायहरुलाई सेवा उद्योग सम्बन्धी बर्गीकरणमा थप सेवा उद्योगको रुपमा समावेश गर्न नेपाल सरकारलाई सिफारिस गर्न निर्णय भएको। (औ.प्र. बोर्ड १९९औं बैठकको निर्णय)

क) ५ कि.वा. भन्दा बढीको विद्युतिय मेशिन प्रयोग गरी साईनबोर्ड, व्यापार तथा हार्डिङ्गबोर्ड बनाउने।

ख) कम्प्यूटरको प्रयोग गरी तथ्यांक (डाटा) संकलन, प्रशोधन तथा डिजाईनिङ्ग कार्य।

ग) Business Process Out Sourcing (BPO)

घ) CALL CENTER

ङ) रेडिमिक्स कंक्रिट (Ready – mix Conceret) सेवा

च) ICT Valu Added Services - Mobile Banking, Mobile News / events / Information Providing, Wireless System, e–Collection, SMS Service इत्यादि

छ) Transcription Services

१६) आधुनिक प्रविधिको (Fixed Chimney) ईट्टा उद्योग सञ्चालन गर्न अनुमति सम्बन्धी प्रस्ताव उपर छलफल हुदा देहाय बमोजिम गर्ने निर्णय गरियो।

२०५३ साल भन्दा अगाडी वातावरण संरक्षण ऐन तथा नियमावली आउनु अगावै तत्काल प्रचलित कानून बमोजिम दर्ता भएका ईट्टा उदोगहरुले IEE नगरिकनै आधुनिक प्रविधिको ईट्टा उत्पादन गर्ने मेशिन (Fixed Chimney) जडान गर्न स्वीकृति दिने सम्बन्धमा औद्योगिक प्रवर्द्धन बोर्डको १९९ औ. बैठकको निर्णयबाट माग सम्बोधन हुन नसकेको भनी नेपाल ईट्टा उद्योग महासंघबाट निवेदन प्राप्त हुन आएको र सो सम्बन्धमा औ.प्र. बोर्डको १९९ औं बैठकले वातावरण संरक्षण ऐन, नियम आउनु अगावै दर्ता भई सञ्चालनमा रहेका ईट्टा उद्योगहरुलाई पुरानो प्रविधिबाट आधुनिक प्रविधिमा रुपान्तरण हुन चाहेमा (१) स्थानीय निकायको सिफारिस (२) घरेलु तथा साना उदोग कार्यालयबाट आधुनिक प्रविधिमा रुपान्तरण भएको भन्ने सिफारिस र (३) ठाउँसारी, पूँजी बृद्धि र क्षमता बृद्धि नभएको अवस्था भएमा विभागबाट आवश्यकता अनुसार निरीक्षण गरी गराई आधुनिक प्रविधिमा सञ्चालन गर्न अनुमति दिने भन्ने निर्णय कार्यान्वयनमा आउन दर्ता हुँदाका बखतको ठाउँसारी, पूजी बृद्धि, र क्षमता बृद्धि हुन नहुने भन्ने शर्तले आधुनिक प्रविधिमा रुपान्तरण हुन कठिनाई भएकोले उद्योगीहरुको माग उपर पुनः विचार गरी वातावरण संरक्षण ऐन र नियमावली आउनु पूर्व वा सो ऐन नियमावली आए पश्चात् क्षमता र पूँजी बृद्धि वा ठाउँसारी भएको भएतापनि आधुनिक प्रविधिको Fixed Chimney निर्माण गरी सञ्चालनमा रहेको वा निर्माण गर्ने क्रममा रहेको देखिएमा त्यस्ता ईट्टा उद्योगहरुलाई आधुनिक प्रविधिको मेशिन जडान गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने। (औ..प्र. बोर्ड २०६ बैठकको निर्णय)

१७) नवघोषित तथा विस्तारित नगरपालिका क्षेत्रमा उद्योग स्थापना गर्ने विषयमा नीतिगत निर्णय गर्ने सम्बन्धी प्रस्तावमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) औद्योगिक प्रवर्द्धन बोर्डबाट उद्योग स्थापना गर्ने क्षेत्र तोक्ने विषयमा गठित कार्यदलबाट प्रतिवेदन प्रस्तुत् भई सोमा बोर्डबाट अर्को निर्णय भए पछि सोही अनुसार हुने गरी हाललाई साविक ५८ नगरपालिकाहरु ( महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका) वाहेक अन्य नवघोषित तथा विस्तारित नगरपालिकाहरुमा साविक बमोजिम नै उद्योगको अनुमति प्रदान गर्न, दर्ता भएका उद्योगहरुको पूँजि तथा क्षमता बृद्धि, उद्येश्य थप, विद्युत क्षमता थप, ठाउँसारी गर्न एवं विदेशी लगानी स्वीकृत गर्न सम्बन्धित विभागहरुलाई निर्देशन दिने।

ख) माथि निर्णय (क) मा उल्लेख भएको कार्यदलले प्रदुषणको मात्रा बढी रहेका उद्योगहरुलाई सञ्चालनको लागि दिनु पर्ने म्यादका सम्बन्धमा राय सुझाव दिन वातावरणविद र स्थानीय निकायको प्रतिनिधी समेत बैठकमा आमन्त्रित गरी सुझाव सहित पेश गर्न सो कार्यदललाई निर्देशन दिने। (औ..प्र. बोर्ड २१३ बैठकको निर्णय)

१८) जुट उद्योगको विद्युत महशुल छुट सम्बन्धी प्रस्तावमा छलफल हुँदा प्रति उत्पादन परिमाणमा लाग्ने विद्युत खपत नेपाल विद्युत प्राधिकरणबाट एकिन गरी सोको आधारमा छुट उपलव्ध गराउन उर्जा मन्त्रालय र अर्थ मन्त्रालयमा सिफरिस गर्ने निर्णय गरियो। (औ..प्र. बोर्ड २१३ बैठकको निर्णय)

१९) भुसे ईट्टा उद्योग दर्ता सम्बन्धी प्रस्तावमा छलफल हुँदा औद्योगिक बोर्डबाट गठित कार्यदलले भुसे ईट्टा भट्टाका सम्बन्धमा तयार गरेको प्रतिवेदन, २०७१ मा उल्लेख गरिएका मापदण्डहरु अनिवार्यरुपमा पालना गर्ने गरी कम्तीमा १ वर्षदेखि सञ्चालनमा रहेका भुसे ईट्टाहरुलाई घरेलु तथा साना उद्योग कार्यालयले स्थलगत निरीक्षण गरी मिति २०७३ माघमसान्त सम्ममा आधुनिक प्रविधिमा रुपान्तरण हुने गरी सोही अवधिसम्मको लागि मात्र नियमानुसार उद्योग दर्ता गर्न घरेलु तथा साना उद्योग विभागलाई निर्देशन दिने निर्णय गरियो।

२०) औद्योगि प्रवर्द्धन बोडको मिति ०७२/२/३१ गते बसेको २१५ औं बैठकको निर्णयवाट थप भएको हव्ला जिग-ज्याग किल्न (Habla Zig- Zag Kiln) प्रविधिको ईटा उद्योग सम्वन्धि व्यवस्था।

हव्ला जिग-ज्याग किल्न (Habla Zig- Zag Kiln) प्रविधिको ईटा अन्य प्रविधिका ईटा उद्योगहरुले पालना गर्नुपर्ने गरी तोकिएका निम्न शर्त तथा मापदण्डहरु पालना गर्ने गरी परिक्षणको रुपमा दर्ता गर्न एवं परिक्षणवाट यो प्रविधि उपयुक्त देखिएमा उत्पादन शुरु गरेको दुई वर्षपछि यो प्रविधिलाई पूर्णरुपमा खुला गर्न सम्बन्धित विभागहरुलाई निर्देशन दिने निर्णय गरियो।

**शर्तहरु:**

१) उद्योग स्थापना भए पस्चात पहिलो पटक तीन महिनामा र त्यसपछिको प्रत्येक ६/६ महिनामा उक्त प्रविधिको Environmental Performance (Air Quality/Air pollution), Energy Efficiency, ईटाको Quality Parameters र प्रविधि प्रयोग गर्ने जनशक्ति खुलेको हाल स्वीकृत प्रविधि सँगको तुलनात्मक अध्ययन गरी आधिकारिक प्रयोगशालाबाट परीक्षण गराइ प्रतिवेदज उद्योग मन्त्रालय र सम्बन्धित विभागसमक्ष पेश गर्नुपर्ने

२) Habla Zig-Zag Kiln उद्योगहरुले अन्य ईट्टा उद्योगहरुले (Fixed Chimney/VSBK/Tunnel Kiln) सरह उद्योग रहने क्षेत्रको चौतर्फि साँध सँधियारहरुको सहमति सहित स्थानीय निकायको सिफारिस संलग्न गरी वातावरण संरक्षण नियमावली अनुसार IEE/EIA गर्नुपर्ने।

३) वन पैदावरमा आधारित काठदाउरा, पतकर, वातावरण प्रदूषण गर्ने टायर आदि प्रयोग गर्न नपाउने।

४) जग्गाको स्वामित्व उद्योग वा उद्योगिको नाममा हुनुपर्ने वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनुपर्ने।

५) उद्योग स्थल घनावस्तीबाट १ कि.मि. टाढा हुनुपर्ने।

६) उद्योगले ओगटेको जग्गाको क्षेत्रफल न्यूनतम २०० X २०० वर्ग फिट लम्बाई चौडाई पुग्ने हुनुपर्ने।

७) उद्योग संचालन गर्दा सम्वन्धित जिल्ला वन कार्यालयको सहमति लिनुपर्ने।

८) Habla Zig-Zag Kiln Ltd. Australia लाई सो प्रविधिको प्रयोग तथा परीक्षण वापत कुनै पनि प्रकारको रोयल्टी उपलब्ध गराइन पाइनेछैन।

## ७.५.२ .रोडा, ढुंगा उद्योग

सम्मानित सर्वोच्च अदालतको मिति २०६७।४।२१ को आदेश तथा वातावरण मन्त्रालयको मिति २०६७।५।२३ को निर्णय अनुरुपको प्रक्रिया पूरा गरी नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।५।१७ को निर्णय

वमोजिमको मापदण्ड र देहाएको शर्तहरु तोक्नुपर्नेछ। ♣

१. IEE प्रतिवेदनमा उल्लेखित सम्पूर्ण बुंदाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

२. क्रशर मेशिनको लागि सेड अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. वफर जोनमा वृक्षारोपण गर्नुपर्ने छ।

४. नगरपालिका क्षेत्रमा स्थापना गर्न पाइने छैन।

५. गाउँ विकास समितिमा घना वस्ती (१००० वा सो भन्दा बढी जनसंख्या वा २०० वा सो भन्दा बढी घरधुरी एकै ठाउँमा केन्द्रित भै बसोबास गरिरहेको क्षेत्र) बाट कम्तिमा २ कि. मि. पर उद्योग स्थापना गर्नु पर्ने छ।

६. क्रशर मेशिन राखिएको स्थानबाट कम्तिमा १०० फिटको रेडियसको जग्गा उद्योगले प्रयोग गर्ने व्यवस्था गर्नु पर्नेछ। यसको लागि नापीकार्यालयबाट प्रमाणित नक्सामा २०० फिट लम्वाई र २०० फिट चौडाईको एउटै चक्लाको जग्गा उपलब्ध गरेको हुनु पर्नेछ। साथै राजमार्गबाट ५०० मिटर , खोला किनाराबाट ५०० मि. शिक्षण संस्थाबाट २ कि.मि, स्वास्थ्य संस्थाबाट २ कि.मि. , धार्मिक ,सास्कृतिक र पुरातात्त्विवक महत्वका स्थानबाट २ कि.मि, सुरक्षा निकायबाट २ कि.मि. वन, निकुञ्ज र आरक्षणबाट २ कि.मि., र घनावस्तीबाट २ कि.मि. टाढा हुनुपर्ने छ। (रोडा ढुङ्गा उद्योग सम्बन्धमा नेपाल सरकार मन्त्री परिषदको मिति २०७१/५/१६ र २०७१/१०/२ को निर्णय अनुसूचिमा संलग्न छ )

७. छर छिमेकलाई बाधा नपुर्‍याई उद्योग संचालन गर्नु पर्नेछ।

८. उद्योग संचालन गर्दा उद्योगमा भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने गरी संचालन गर्नु पर्नेछ।

९. धुलोलाई वाहिर निस्कन नदिन क्रसर चल्दा पानी छर्की नियन्त्रण गर्ने प्रविधि अनिवार्य रुपमा जडान हुनुपर्ने छ।

१०. वायु एवं ध्वनी प्रदूषणको सम्बन्धमा राष्ट्रिय गुणस्तर तयार भए पछि सो गुणस्तर अनुसार प्रदुषण नियन्त्रण गर्नु पर्नेछ।

## २०६७/११/८ को विभागीय परिपत्रबाट भएको व्यवस्था निम्न अनुसार छः-

उद्योगको स्थापना, विविधीकरण, एवं विस्तार गर्दा बातावरण संरक्षण ऐन, २०५३ एवं नियमावली ( संसोधन सहित), २०५४ अनुसार स्थिर पूँजी रु.५ (पाँच) लाखसम्म र दैनिक ५०० (पाँचसय) लिटरसम्म कच्चा पदार्थको रुपमा दुध प्रयोग हुने दुग्ध प्रशोधन उद्योग, रु ५ (पाँच) लाखसम्म मिल मेशिनरी उपकरण प्रयोग हुने (दुई पांग्रे बाहेकका) अटो वर्कशप, र स्थिर पूँजी रु ७५ (पचहत्तर) लाखसम्म हुने फोटो प्रोसेसिंग उद्योग, क्रसर उद्योग, र प्लाष्टिक उद्योगको प्रत्यायोजित पूँजीगत सीमा भित्र पर्ने भएमा घरेलु तथा साना उद्योग विभाग र विकास समितिका ७५ वटै जिल्ला कार्यालयले IEE गर्न सक्ने गरी घरेलु तथा साना उद्योग कार्यालय वा विकास समितिका कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयका अधिकृत, जिल्लास्थित प्राविधिक अधिकृत समेत रहने गरी प्रत्येक जिल्लामा IEE समिति गठन गरी तत्कालिन (कार्यविधि दिग्दर्शन, २०६५ को १२.१.३.१) माथि उल्लेख भए बमोजिमका उद्योगहरुवाट पेश हुन आएका IEE प्रस्तावहरु स्वीकृत गर्ने तथा त्यस्ता उद्योगको दर्ता, नवीकरण, पुँजीवृद्धि, क्षमतावृद्धि जस्ता कार्यहरु गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरिएको थियो।

♣ यसको विस्तृत विवरण जिल्ला स्थित कार्यालयहरुलाई कार्यान्वयनको लागि घरेलु तथा साना उद्योग विभागको च.नं. १३८०, मिति २०६७/१२/२२ को पत्रद्वारा निर्देशन सहित परिपत्र भैसकेको।

- रोडा ढुग्गा उद्योग सम्बन्धमा नेपाल सरकार मन्त्री परिषदको मिति २०७१/५/१६ र २०७२/१०/२ को निणयहरु अनुसूचिमा सम्लग्न छ।

माथि उल्लेखित उद्योगहरु मध्ये क्रसर उद्योगहरुको सम्बन्धमा उद्योग मन्त्रालय मार्फत प्राप्त सम्मानित सर्वोच्च अदालतको मिति ०६७४।२१ को आदेश, प्राकृतिक श्रोत र साधन समिति (व्यवस्थापिका संसद) समेतवाट पटक-पटक भएका आदेशहरुवाट हाल ढुंगा, गिट्टी, वालुवा जस्ता प्राकृतिक स्रोत र साधनमा आधारित क्रसर उद्योगहरुवाट प्राकृतिक श्रोत र साधनको बढ्दो रुपमा क्षयीकरण हुन गएको कुरा प्रति राज्यको संवेदनशिलता बढेको कुरा अवगत नै छ।

अतः प्राकृतिक श्रोत र साधनको समुचित परिचालन गर्दै उपयुक्त विधि र प्रकृयावाट त्यस्ता उद्योगको IEE प्रतिवेदन स्वीकृत, दर्ता, नवीकरण, क्षमता वृद्धि जस्ता उद्योग प्रशासनसँग सम्बन्धित कार्यहरु गर्दा राज्यको संवेदनशिलतालाई ख्याल गर्न अत्यावस्यक देखिएकोले वातावरण संरक्षण नियमावलीको उद्देश्य पूरा गर्न/गराउन, संलग्न निकाय, पदाधिकारी र उद्योगीलाई वातावरण प्रति संवेदनशिल वनाउन तथा बढ्दो रुपमा भइरहेको प्राकृतिक श्रोत र साधनको क्षयीकरणलाई न्यूनीकरण गर्नका लागि यो पत्र प्राप्त भएको मितिदेखि निम्नानुसार गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१. ढुँगा, गिटी, वालुवा जस्ता प्राकृतिक श्रोत र साधनमा आधारित उद्योगहरुको IEE प्रतिवेदन स्वीकृत, दर्ता, नवीकरण, ठाउँसारी, पुँजीवृद्धी, क्षमतावृद्धी जस्ता कार्यका लागि त्यस्ता क्रसर उद्योग स्थापना गर्न चाहेका वा उद्योग स्थापना गरिसकेका उद्योगीहरुले त्यस प्रकारको कामको लागि निवेदन दिएमा त्यस्तो काम यस विभागवाट मात्र गर्न सक्ने हुनाले आवस्यक प्रकृया पूरा गरी कार्यालयको स्पष्ट राय सहित फाइल विभागमा पठाउने।

### ७.५.३ .खाँडसारी उद्योग

खाँडसारी उद्योगको लागि निम्न लिखित शर्तहरु तोक्नु पर्नेछ।

१. IEE प्रतिवेदनमा उल्लेखित सम्पूर्ण बुंदाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।
२. उद्योग नगरपालिका क्षेत्रबाट ३ किलो मिटर टाढा स्थापना गर्नु पर्नेछ।
३. Effluent Treatment Plant अनिवार्य रुपमा राख्नु पर्नेछ।
४. Effluent को स्तर नेपाल गुणस्तर १२९ को सीमा भित्र रहनु पर्नेछ।
५. उद्योग संचालन गर्दा निस्कने सोलिड वा अन्य वेस्टेजलाई उपयुक्त तरिकाले आफ्नै जग्गामा उपयुक्त माध्यमबाट निराकरण गर्नु पर्नेछ।
६. Fly Ash नियन्त्रणको उपयुक्त उपकरणको व्यवस्था गर्नु पर्नेछ।
७. वातावरण प्रदूषण नहुने गरी उद्योग संचालन गर्नु पर्नेछ।
८. छर छिमेकलाई बाधा नपुऱ्याई उद्योग संचालन गर्नु पर्नेछ।
९. उद्योग संचालन गर्दा उद्योगमा भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने गरी संचालन गर्नु पर्नेछ।
१०. खाँडसारी उद्योग स्थापनार्थ सम्बन्धित गा. वि. स. को सिफारिश सहित उद्योगले प्रयोग गर्ने जग्गाको चौतर्फि साँध सँधियारको सहमति भएको रितपूर्वकको सर्जमिन मुचुल्का समेत पेश गर्नु पर्नेछ।

## ७.५.४ . एल. पि. ग्याँस

एल. पि. ग्याँस उद्योग स्थापनार्थ निम्न लिखित शर्तहरु तोकिएको छ :-

१. IEE प्रतिवेदनमा उल्लेखित सम्पूर्ण बुंदाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

२. सुरक्षा व्यवस्था (Safety Measure) सम्बन्धी उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

३. उद्योगबाट निस्कने वेस्टेजलाई उपयुक्त तरिकाले निराकरण गर्नु पर्नेछ।

४. रासायनिक पदार्थको प्रयोग Handling code of Practice बनाई कामदारहरुलाई जानकारी गराई लागू गर्नु पर्नेछ।

५. अनुभवी प्राविधिक संलग्न गराई कार्य गर्नु पर्नेछ।

६. उद्योगलाई आवास क्षेत्रबाट कम्तिमा १ कि. मि. टाढा स्थापना गर्नुपर्नेछ।

७. सुरक्षाको लागि अग्नी निरोधक संयन्त्रको व्यवस्था गर्नु पर्नेछ।

८. छर छिमेकलाई बाधा नपुर्‍याई उद्योग संचालन गर्नु पर्नेछ।

९. उद्योग संचालन गर्दा उद्योगमा भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने गरी संचालन गर्नु पर्नेछ।

काठमाडौं उपत्यका भित्र र उपत्यका वाहिरका नगरपालिकाहरुमा स्थापना गर्न नपाइने उद्योगको सूचीमा Petroleum product (Petrol, Diesel, Kerosene, Lubricant, Furnace Oil) भन्ने उल्लेख भएको छ। हाल काठमाडौं उपत्यका क्षेत्र बाहेकका अन्य न.पा. तथा गा.वि.स. भित्र यस्ता उद्योग स्थापना गर्न पाउनु पर्ने माग हुने गरेको सम्वन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा काठमाडौं उपत्यका वाहेक अन्य उप.मा.न.पा./न.पा./गा.वि.स. भित्र उद्योग स्थापना गर्दा देहाय वमोजिमका प्रक्रिया पुर्‍याई तथा सर्तहरुको पालना गरी उद्योग दर्ता गरिदिने नीतिगत व्यवस्था भएको छ।

(क) उद्योग रहने स्थानको चौतर्फि सधियारको सहमति भएको सर्जमिन मुचुल्का सहित सम्वन्धित उ.मा.न.पा./न.पा./गा.वि.स. को सिफारिस पेश गर्नु पर्ने।

(ख) उद्योग घना वस्तीबाट ५ कि.मी. टाढा राख्ने। तर ग्रामिण नगरपालिकाको ग्रामिण क्षेत्र तथा ग्रामिण वस्ती देखी २.५ कि.मि. टाढा।

(ग) सुरक्षाको निम्ति अग्नी निरोधक संयन्त्रको उचित व्यवस्था गर्ने।

(घ) रासायनिक पदार्थको वारे विज्ञ प्राविधिक संलग्न गराई कामदारहरुलाई उचित जानकारी दिने।

(ङ) उद्योग दर्ता पूर्व प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रावधान (IEE) पुरा गर्नुपर्ने।

(औ.प्र. वोर्डको १९१ औ वैठकको निर्णयवाट)

## ७.५.५ प्लाष्टिक ग्रचानुएल्समा आधारित उद्योग

प्लास्टिक ग्रचानुएल्स तेश्रो मुलुकबाट पैठारी गरिएको वा स्थानीय स्क्रचापबाट बनाइएको ग्रचानुएल्सबाट विभिन्न सामानहरु उत्पादन गर्ने उद्योगको लागि निम्न शर्तहरु तोकिएका छन्।

१. IEE प्रतिवेदनमा उल्लेखित सम्पूर्ण बुंदाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

२. उद्योगबाट निस्कने वेस्टेजलाई उपयुक्त तरिकाले निराकरण गर्नु पर्नेछ।

३. कच्चा पदार्थको रुपमा स्क्रचाप प्रयोग गर्ने उद्योगले स्वदेशी प्लाष्टिक स्क्रचाप नै प्रयोग गर्नु पर्नेछ।

४. प्लाष्टिक स्क्रचापबाट सामान उत्पादन गर्ने उद्योगले प्लाष्टिक स्क्रचापबाट बनेका सामानमा खाद्य वस्तु

राख्न नहुने भन्ने व्यहोरा जानकारी गराउनु पर्नेछ।

५. प्लाष्टिक स्क्रयापबाट प्लाष्टिक ग्रयानुएल्स बनाई विक्री गर्ने उद्योगले प्लाष्टिक स्क्रयापबाट बनेको प्लाष्टिक ग्रयानुएल्स हो भन्ने जानकारी खरीदकर्तालाई दिनु पर्नेछ।

६. प्लाष्टिक झोला उत्पादन गर्ने उद्योगलाई निम्न शर्तहरु समेत तोक्नु पर्नेछ।

(क) स्वदेशी उपभोगको लागि प्लाष्टिकको झोला उत्पादन गर्दा २० माइक्रोन वा सो भन्दा वढी माइक्रोनको मात्र उत्पादन गर्नु पर्नेछ।

(ख) उद्योगले उत्पादन गरेको प्लाष्टिक झोलाको प्रत्येक प्याकेटमा त्यस्ता झोला उत्पादन गर्ने उद्योगको नाम र उत्पादित झोला कति माइक्रोनको हो भन्ने कुरा स्पष्ट वुझिने गरी उल्लेख गर्नु पर्नेछ।

७. उद्योग संचालन गर्दा उद्योगमा भैरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने गरी संचालन गर्नु पर्नेछ।

८. दैनिक ५ मे.टन भन्दा बढी प्लाष्टिक उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) स्थापना गर्न IEE प्रतिवेदन स्वीकृत हुनु पर्ने हुदाँ IEE प्रतिवेदनमा उल्लेखित कुराहरु पालना गर्नु पर्नेछ।

### ७.५.६ फिनेल उद्योग

किटनाशक औषधी अन्तर्गत पर्ने फिनेल उद्योग स्थापनार्थ निम्न लिखित शर्तहरु तोकिएका छन्।

१. Effluent को स्तर नेपाल गुणस्तर २२९ को सीमा भित्र रहनु पर्नेछ।

२. सुरक्षा व्यवस्था (Safety Measures) को उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

३. सम्बन्धित विषयका अनुभवि प्राविधिक संलग्न गराई उद्योग संचालन गर्नु पर्नेछ।

४. कामदारहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन मास्क, पंजा, एप्रोन आदि उपलब्ध गराउनु पर्नेछ।

५. उत्पादन कक्षमा आवश्यकता अनुसार Exhaust Fan को व्यवस्था गर्नु पर्नेछ।

### ७.५.७ प्राकृतिक रेशाबाट वस्तु उत्पादन गर्ने घरेलु उद्योगको पुष्ट्याइः

ऐनको अनुसूची १ मा प्राकृतिक रेसाबाट वस्तु उत्पादन गर्ने उद्योगलाई घरेलु उद्योगको वर्गमा राखिएको छ। तर बोर्डको ९१ औं बैठकले कच्चा पदार्थ विदेशबाट झिकाउन पर्ने प्राकृतिक रेशामा आधारित उद्योगलाई घरेलु उद्योगको वर्गमा राख्न नमिल्ने गरी निर्णय गरेकोले उद्योग दर्ता गर्दा कच्चा पदार्थको श्रोत स्पष्ट गराएर मात्र यस्तो उद्योग घरेलु वा अन्य कुन वर्गमा दर्ता गर्ने हो एकिन गरी दर्ता गर्नु पर्नेछ।

### ७.५.८ बन पैदावारमा आधारित उद्योग

वन पैदावारमा आधारित उद्योग दर्ता गर्ने सम्वन्धमा देहाय वमोजिमको व्यवस्था भएको छ:-

१. वनजन्य उद्योगको सम्बन्धमा बन तथा भूसंरक्षण मन्त्रालयको पत्र संख्या सद् टि. नं. १०/०४९/५०/५३१/२८१६ मिति २०४९/९/२१ र प.सं. यो ०६३/६४ । नं. ६९० मिति २०६४/१/१० को पत्रबाट निम्नानुसार लेखी आएकोले उद्योग दर्ता गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

क. बन क्षेत्रबाट नै बन पैदावार (कच्चापदार्थ उपलब्ध गराउनु पर्ने भएमा बन तथा भूसंरक्षण मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र नयाँ उद्योग स्थापना गर्न दिने।

ख. बन क्षेत्रबाट बन पैदावर उपलब्ध गराउन पर्ने नभएमा उद्योगको क्षमता अनुरुपको कच्चा पदार्थ उपलब्ध हुन सक्ने नसक्ने, सक्ने भए कुन श्रोतबाट कसरी उपलब्ध हुने हो सो यकिन गरेर मात्र स्वीकृति दिने।

ग. उद्योगको नामसारि गर्न वन तथा भूसंरक्षण मन्त्रालयको सहमति लिइ रहनु नपर्ने तर यसको जानकारी वन निकायलाई दिनु पर्ने।

घ. माथि प्रकरण क र ख बमोजिम दर्ता हुने बनजन्य उद्योगहरुको सम्बन्धमा यस दिग्दर्शनको अन्यत्र जुनसुकै माप दण्ड उल्लेख भएपनि खण्ड ६४ संख्या २० नेपाल राजपत्र भाग ५ मिति २०७१-६-६ मा प्रकाशित तपसिलको मापदण्ड लागूहुनेछ।

खण्ड ६४ संख्या २० नेपाल राजपत्र भाग ५ मिति२०७१/०६/०६ बाट वनजन्य उद्योग दर्ताको लगि भएको नयाँ मापदण्ड।

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मि.) | | कैफियत |
|---|---|---|---|---|
| | | उच्च एवं मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेश तथा तराई क्षेत्र | |
| १ | फर्निचर | | | |
| १.१ | १८' ईन्च सम्म आरा रहेको कुटिर उद्योग | ०.५ | ०.५ | |
| १.२ | १८' देखि ३५ ईन्च सम्म आरा रहेको साना तथा मझौला उद्योग | ०.५ | १ | |
| २ | ३६' ईन्च तथा सो भन्दा बढी साईजको आरा रहने सबैखाले उद्योग (स:मिल समेत) | १.५ | ३ | |
| ३ | भेनियर उद्योग | १ | ३ | |
| ४ | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग। | १ | ३ | |
| ५ | खयर उद्योग | १ | ३ | |
| ६ | जडिबुटी प्रशोधन उद्योग | ०.५ | १ | |
| ७ | स्थानीय वन उमभोक्त समूह र निजी क्षेत्रको साझेदारीमा सञ्चालन हुने उद्योग | ०.२५ | १ | |

(ङ) ईट्टाभट्टा सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी सम्बन्धित निकायबाट प्रमाणित भई आएमा जिल्ला वन कार्यालयको सहमति लिई सञ्चालन गर्न पाउँने।

(च) वन जंगलमा कुनै हानी नोक्सानी नपुऱ्याई र काठ/दाउराको प्रयोग नगरी सुगन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरुको हकमा न्यूनतम दूरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योग स्थापना गर्दा जिल्ला वन कार्यालयसँग सहमति लिनु पर्ने।

(छ) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रकोहकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ अनुसार हुने।

(ज) औद्योगिक क्षेत्रमा सञ्चालन हुने वन पैदावारमा आधारित उद्योगका हकमा दूरी नलाग्ने।

(झ) काठमाण्डौं उपत्यका लगायतका स्थानमा उद्योग दर्ताका सम्बन्धमा उद्योग मन्त्रालय औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकबाट भएको निर्णण नं. १ का अधिनमा रही काठमाण्डौं उपत्यका, जिल्ला सदरमुकाम र नगरपालिका क्षेत्रमा वन पैदावारमा आधारित उद्योग दर्ता गर्दा यो मापदण्ड लागू नहुने। (अनुसूची ३०)

(ण) यो मापदण्ड लागू हुनु अघी दर्ता भई सञ्चालनमा रहेका वन पैदावरमा आधारित उद्योगहरुका हकमा यो मापदण्ड लागू हुने छैन।

तर यस्ता उद्योगहरु सो स्थानबाट स्थानान्तरण वा क्षमता बृद्धि गर्नु पर्ने भएमा यसै मापदण्ड अनुसार हुनेछ।

(ट) यस मापदण्डको कार्यान्वयनमा आईपर्ने समस्या तथा बाधा उत्पन्न भएमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्ला वन अधिकृत र घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख सदस्य रहेको समितिको सिफारिसमा उद्योग मन्त्रालयले बाधा अड्काउ फूकाउन आवश्यक निर्णय गर्न सक्ने।

२. बन पैदावारमा आधारित उद्योगहरु दर्ता गर्दा जिल्ला स्थित कार्यालयहरुमा दुरी प्रमाणित गर्ने निम्न अनुसारको टोलीबाट प्रतिवेदन लिई दुरी प्रमाणित गर्नु पर्ने ब्यवस्था भएको।

**तपशिल**

| | | |
|---|---|---|
| क) | जिल्ला बन कार्यालयका अधिकृत प्रतिनिधि, | १ संयोजक |
| ख) | नापी कार्यालय अमिन, | १ सदस्य |
| ग) | जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, प्रतिनिधि | १ सदस्य |

### ७.५.८.१ फर्निचर, स :मील, कत्था उद्योग

बन पैदावरमा आधारित फर्निचर, सःमील, कत्था मील जस्ता उद्योगहरु दर्ता गर्नको लागि चौतर्फी साँध सँधियारले त्यस्तो उद्योग संचालन गर्दा बाधा विरोध नपर्ने र प्रदुषण नहुने भन्ने व्यहोरा सहितको सर्जमीन मुचुल्का र संवन्धित गा. वि. स. वा नगरपालिकाको सिफारिश पेश गर्न लगाउनु पर्नेछ।

### मिति २०६३/६/३१ औद्योगिक प्रवर्द्धन वोर्डको १७९ औ वैठकको निर्णय

काठका फर्निचरका लागि निर्धारित वैण्ड सः सम्बन्धी प्रावधान संशोधन गर्ने बारेको प्रस्तावमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय भएको छ।

क) फर्निचर उद्योगको लागि निर्धारित शर्तहरुको अतिरिक्त निम्न शर्तहरु समेत पालना गर्ने गरी काठमाडौं उपत्यकाका नगरपालिका क्षेत्र बाहेकका स्थानमा र अन्य क्षेत्रमा उपयुक्तता हेरी बढीमा ३६” सम्मको वैण्ड

सः राखी फर्निचर उद्योग स्थापना गर्न स्वीकृति दिने। साविकमा उद्योग दर्ता भै स्वीकृत प्राप्त भन्दा बढीको वैण्ड सः राखी उद्योग संचालन गर्ने उद्योगहरुले समेत पून चौतर्फी सधियारको सहमती जनाएको सार्जमिन मुचुल्का सम्बन्धित गा.वि.स./नगरपालिकाको सिफारिस सहित वढी क्षमताको वेण्ड सः राख्न स्वीकृतिको लागि माग गरेमा मात्र निम्न शर्तहरु पालना गर्ने गरी ३६" सम्मको सिंगल वेण्ड सः राख्न स्वीकृति दिने।

१ कुनै पनि प्रकारको गोलिया काठ चिरान गर्न नपाइने।

२ ट्रली राख्न नपाइने।

३ आफ्नै फर्निचर उद्योग प्रयोजनका लागि सः मिल बाट प्राप्त चिरान बाहेक अन्य काठ चिरान सम्बन्धी कार्य गर्न नपाईने।

ख) मिति २०५४।१।२९ को निर्णय पूर्व काठमाण्डौ उपत्यकाका न.पा. क्षेत्र भित्र साविकमा वेण्ड सः राख्न पाउने गरी स्वीकृत प्राप्त फर्निचर उद्योगहरुले उद्योग साबिककै स्थान, कच्चामाल, वार्षिक उत्पादन क्षमता यथावत रहने गरी पूनः चौतर्फी सँधियारहरुले सहमती जनाएको सर्जमिन मुचुल्का सम्बन्धित गा.वि.स. / न.पा.को सिफारिस सहित वढी क्षमताको वेण्ड सः राख्न स्वीकृतीको लागि माग गरेमा दफा (१) मा उल्लेखित शर्तहरु पालना गर्ने गरी ३६" सम्मको सिंगल वेण्ड सः राख्न स्वीकृति दिने तर मिति २०५४/१/२९ को निर्णय पश्चात दर्ता भै काठमाण्डौ उपत्यकाका न.पा. क्षेत्र भित्र संचालित फर्निचर उद्योगको हकमा सोही निर्णय बमोजिम हुनेछ।

### ७.५.८.२ जडीबुटी, लोक्ता तथा अन्य वन पैदावरमा आधारित उद्योग

जडीबुटी प्रशोधन गर्ने वा कच्चा पदार्थको रुपमा लोक्ता प्रयोग गर्ने बन पैदावरमा आधारित अन्य उद्योग दर्ता गर्नु अघि सम्बन्धित जिल्ला वन कार्यालयको सहमति लिन लगाउनु पर्नेछ।

**द्रष्टव्य :–** वन पैदावारमा आधारित उद्योगको वन सीमाबाट उद्योग स्थलसम्मको दूरी प्रमाणित जिल्ला वन कार्यालयका अधिकृत प्रतिनिधि-संयोजक, नापी कार्यालयका अमिन-सदस्य, जिल्ला घरेलु तथा साना उद्योगका प्रतिनिधि सदस्य रहेको टोलीले गर्ने (वन विभाग वन पैदावार शाखाको प.सं. ६ व.नि. २/२/०५९/६० नं. १८४ मिति २०५९/७/१५ को पत्रानुसार)

### सहमति लिनु पर्ने :

(१) मध्यवर्ति क्षेत्रमा घरेलु उद्योग बाहेकका अन्य उद्योगहरु संचालन गर्न पाउने गरी उद्योग दर्ता गर्नु वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको लिखित सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि वन पैदावारमा आधारित घुरेलु उद्योग दर्ता गर्न वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ।

(३) विभागले उपनियम (१) बमोजिम उद्योग खोल्न सहमति दिने सम्वन्धमा निश्चित मापदण्डहरु तयार गर्नु पर्नेछ।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि मध्यवर्ति क्षेत्रमा संचालन भै रहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले पनि औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३क. बमोजिम मध्यवर्ति क्षेत्र तोकिएको मितिले एक वर्ष भित्र उपनियम (३) बमोजिम विभागले तयार गरेको

मापदण्डदको अधिनमा रही त्यस्तो उद्योग संचालन गर्नु पर्नेछ।

(५) यस दिग्दर्शनमा अन्यत्र जुनसुकै मापदण्ड उल्लेख भए पनि वनजन्य उद्योगको हकमा खण्ड ६४ सख्या २० नेपाल राजपत्र भाग ५ मिति २०७१-६-६ मा प्रकाशित सूचना अनुसार वन पैदावारमा आधारित उद्योगका लागि सोहि राजपत्रमा उल्लेख भए वमोजिमकै नियम लागूहुनेछ।

### ७.५.९ . खाद्य प्रशोधन उद्योग,

चामल, च्यूरा, पीठो, मसला, दाल र तेल मील स्थापना गर्न दर्ता प्रमाणपत्र जारी गर्नु अघि सम्बन्धित गा. वि. स. वा नगरपालिकाबाट चौतर्फी साँध सँधियार समेतले सहमति जनाएको रितपूर्वकको सर्जमीन मुचुल्का, उद्योग संचालनबाट वातावरण प्रदुषण नहुने र छरछिमेकलाई बाधा नपर्ने भन्ने व्यहोरा सहित सम्बन्धित गा. वि. स. वा नगरपालिकाको सिफारिश पेश गर्न लगाउनु पर्नेछ।

माथी उल्लेख भएको बाहेक विभिन्न खाद्य प्रशोधन उद्योगहरु (जस्तै चाउचाउ, दालमोठ, पाउरोटी, पापड, आलुचिप्स, मरमसला, चकलेट, विस्कुट, आइसक्रिम, जामजेली, पौष्टिक आहार, आदि उत्पादन गर्ने उद्योग दर्ता गर्नको लागि निवेदन पर्न आएमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापत्र लिएर मात्र उत्पादन तथा बिक्री वितरण गर्न पाउने भएकोले उद्योग दर्ता गर्नु अघि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट प्रतिकृया समेत लिनु पर्नेछ।

### ७.५.१० औषधी उद्योग

विभिन्न प्रकारका औषधिहरु उत्पादन गर्ने गरी उद्योग दर्ताको लागि दरखास्त पेश हुन आएमा औषधिको प्रकृति र उत्पादन प्रकृया अनुसार आयुर्वेदिक औषधीको हकमा आयुर्वेद विभाग र औषधी व्यवस्था विभागको तथा अन्य औषधीको हकमा औषधी व्यवस्था विभागको सहमति पेश गर्न लगाउनु पर्नेछ। यस्ता निकायहरुबाट तोकिने शर्तहरु अनिवार्यरुपमा पालना गर्नु पर्ने शर्त समेत उल्लेख गरी उद्योग दर्ता गर्नु पर्नेछ। औषधी उद्योगकोनिवेदन लिंदा स्कीम तथा उत्पादन प्रकृया समेत खुल्ने विस्तृत विवरण लिनु पर्नेछ।

### नगरपालिका क्षेत्रभित्र औषधी उद्योग स्थापना बारे

औद्योगिक प्रवद्धन वोर्डको १३२ औं वैठकको निर्णयवाट काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्र भित्र उत्पादनमूलक विभिन्न उद्योगहरु स्थापना गर्न दर्ता रोक लगाइएको र सो मध्ये आयुर्वेदिक औषधि उद्योगमा बढिमा रू. ५०,००० (पचास हजार) मूल्य सम्मको मेशिनरी भएको उद्योग मात्र स्थापना गर्न पाउने व्यवस्था भई सोही बमोजिम कामकारवाही भइरहेकोमा आयुर्वेदिक औषधि उद्योग धेरै वातावरणीय प्रदुषण गर्ने प्रकृतिको नभएकोले प्रचलित कानून एवं वातावरण संरक्षण नियमावली २०५४ बमोजिम पुयाउनु पर्ने सम्पूर्ण प्रकृया पूरा गरी महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका क्षेत्र भित्र रू. १ करोड मूल्य सम्मका मेशिनरी जडित आयुवेर्दिक औषधि उद्योग दर्ता गर्न सक्ने गरी स्वीकृति प्राप्तीको लागि पेश भएको प्रस्तावमा छलफल हुँदा प्रस्तावमा पेश भए बमोजिम काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्र भित्र रू. १ करोड मूल्य सम्मको मेशिनरी जडित आयुवेर्दिक औषधि उद्योग दर्ता गर्न सक्ने गरी सम्बन्धित विभागलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

### ७.५.११ खनिज उद्योग

खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग दर्ता गर्न खानी तथा भूगर्भ विभागको सहमति तथा IEE/EIA प्रतिवेदन समेत पेश गर्नु पर्नेछ। खानी सम्बन्धी यस्ता उद्योगहरु दर्ता गर्दा सामान्यतया निम्नानुसारका शर्तहरु

पालना हुने नहुने हेरी कार्यालयहरुले विभागमासिफारिश गर्नु पर्नेछ।

१. सुरक्षाको उचित प्रवन्ध मिलाउनु पर्नेछ।

२. भूक्षय नहुने व्यवस्था गर्नु पर्नेछ।

३. वातावरण प्रदुषण नहुने व्यवस्था मिलाई उद्योग संचालन गर्नु पर्नेछ।

४. कार्य योजना अनुसार मात्र कार्य गर्नु पर्नेछ।

५. तोकेको ठाउँमा मात्र उद्योगबाट उत्खनन् या उद्योगको कार्य सञ्चालन गर्नु पर्नेछ।

६. छर छिमेकबाट बाधा विरोध भएमा अन्यत्र ठाउँ सार्नु पर्ने/बन्द गर्नु पर्नेछ।

७. खानी तथा भूगर्भ विभागले तोकेका सम्पूर्ण शर्तहरु पालना गर्नुपर्नेछ।

## ७.५.१२ गर गहना उद्योग

सुन, चाँदी, पित्तल, तामा, कीमति तथा अर्ध कीमति पत्थर लगायतका फिलीगरी सामान, गहना, मूर्ति, भाँडा आदि बनाउने उद्योगले ऐनको अनुसूची १ बमोजिम ५ किलोवाटभन्दा बढी विद्युत् शक्ति प्रयोग नगरेमा घरेलु उद्योगको वर्गमा पर्ने भएकोले उद्योग दर्ता गर्दा मेशिनरी तथा विद्युत शक्ति स्पष्ट गराएर घरेलु उद्योग वा साना उद्योग कुनमा पर्ने हो स्पष्ट खुलाई दर्ता गर्नु पर्नेछ । उद्योगले प्रयोग गर्ने पत्थर किमती वा बहुमूल्य जवाहरात भएमा निकासी तथा पैठारीमा प्रतिवन्धित बस्तु भएकोले सो को लागि वाणिज्य विभागबाट छुट्टै अनुमति लिनु पर्ने शर्त उल्लेख गरी दर्ता गर्न सकिने छ।

## ७.५.१३ पर्यटन उद्योग

ऐन अनुसार पर्यटन उद्योग भनी तोकिएका उद्योगहरु दर्ता गर्नु अगाडि संस्कृति, पर्यटन तथा नागरिकउड्डयन मन्त्रालयको सहमती लिनु पर्नेछ। होटल, लज रेष्टुरां बार आदी उद्योगहरु दर्ता गर्दा होटल, लज रेष्टुरां बार तथा पथ पर्दशक नियमावली २०३८ अनुसार हेरी पर्यटक स्तरको हो वा होइन भन्ने छुट्टाई पर्यटक स्तरको भए संस्कृति पर्यटन तथा नागरिकउड्डयन मन्त्रालयको प्रतिकृया प्राप्त गरेर मात्र उद्योग दर्ता गर्नु पर्नेछ। तर रेस्टुराँ तथा बार संचालन गर्ने उद्योग सीधै ऐनको दफा ३ (ङ) वर्गमा राखी दर्ता गर्न सकिने छ तर क्याविन सहितको रेष्टुरेण्ट भने दर्ता गर्न पाइनेछैन।

## ७.५.१४ निमार्ण उद्योग

ऐनको दफा ३ (छ) मा उल्लेखित आवासीय तथा व्यापारिक कम्प्लेक्स निर्माण गरी सञ्चालन गर्ने उद्योगको सम्बन्धमा स्पष्ट पार्न घरेलु तथा साना उद्योग विभाग, उद्योग विभाग र आवास तथा भौतिक योजना मन्त्रालय समेतका प्रतिनिधिहरु बसी मिति २०५३।१।१८ मा छलफल गर्दा देहाय बमोजिम हुनु पर्ने भन्ने निर्णय भएकोले तत्सम्बन्धमा देहाय बमोजिम भएमा मात्र निर्माण उद्योग दर्ता गर्नु पर्नेछ।

### ७.५.१४.१ व्यापारिक कम्प्लेक्स

१. व्यापारिक कम्प्लेक्सको लागि सुपर मार्केट वा डिपार्टमेन्टल स्टोरको अवधारणा सहित विभिन्न किसिमका पसल, कार्यालय आदि रहने हुँदा सो को लागि आवश्यक भौतिक पूर्वाधारहरुको पर्याप्त सुविधा पुऱ्याउने गरी तयार गरिएको विवरण सहित आवेदन दिनु पर्ने।

२. न्यूनतम २ रोपनी जग्गा हुनु पर्ने।

३. भवन निर्माण गर्दा भवनको बनावट अनुसार आवश्यक पानी, टेलिफोन, विजुली, ढल वा सेफ्टी ट्याङ्क, लिफ्ट वा इस्केलेटर, अग्नीनिरोधक उपाय तथा सुरक्षाको उचित व्यवस्था हुनु पर्ने।
४. भवन निर्माण गर्दा नेपाल सरकारको सम्बन्धित निकाय, नगर विकास समिति तथा सम्बन्धित नगरपालिकाद्वारा तोकिएको निर्माण सम्बन्धी मापदण्ड अनुसार गर्नु पर्ने।
५. कम्प्लेक्स भवनमा थप छुट्टै आकस्मिक सिंढीको व्यवस्था हुनु पर्ने।
६. Stand by Generator को व्यवस्था हुनु पर्ने।

### ७.५.१४.२ आवासीय भवन तर्फ

१. आवासीय भवनको लागि आवश्यक भौतिक पूर्वाधारहरुको पर्याप्त सुविधा पुऱ्याउने गरी तयार गरिएको विवरण सहित आवेदन दिनु पर्ने।
२. न्यूनतम २ रोपनी जग्गा हुनु पर्ने।
३. भवनको निर्माण गर्दा भवनको बनावट अनुसार आवश्यक पानी, विजुली, ढल वा सेफ्टी ट्याङ्क, लिफ्ट वा इस्केलेटर, अग्नीनिरोधक उपाय, टेलिफोन तथा सुरक्षाको उचित व्यवस्था हुनु पर्ने।
४. भवन निर्माण गर्दा नेपाल सरकारको सम्बन्धित निकाय, नगर विकास समिति तथा सम्बन्धित नगरपालिकाद्वारा तोकिएको निर्माण सम्बन्धी मापदण्ड अनुसार गर्नु पर्ने।
५. एक तल्ला भन्दा बढीको भवन निर्माण हुने भएमा थप छुट्टै आकस्मिक सिंढीको व्यवस्था हुनु पर्ने।
६. भवनमा Stand by Generator को व्यवस्था हुनु पर्ने।
७. भवनमा कम्तीमा १० फ्ल्याट हुनु पर्ने तथा हरेक फ्ल्याटमा कम्तीमा ५०० वर्गफिट क्षेत्रफल हुनु पर्ने।
८. भवनको प्रत्येक फ्ल्याटमा बेडरुम, लिभिङ रुम, किचेन-डाइनिङ्ग रुम तथा वाथरुमको व्यवस्था हुनु पर्ने।
९. भवनको मुख्य प्रवेशद्वार बाहेक हरेक फ्ल्याटको लागि छुट्टै प्रवेशद्वारको व्यवस्था हुनु पर्ने।

### ७.५.१५ निर्माण व्यवसाय

निर्माण व्यवसाय उद्योग दर्ताको लागि दरखास्त पर्न आएमा सम्बन्धित कार्यालयले प्रत्यायोजित अधिकार भित्र रही ऐनको प्रावधान अनुरुप दर्ता गर्न सक्ने छ र यस्ता उद्योगको ठेकेदारी सम्बन्धी वर्ग छुट्याउने र इजाजत दिने कार्य भने ठेकेदार सम्बन्धी नियमावली, २०३१ अनुसार निर्माण तथा यातायात मन्त्रालय वा सो मन्त्रालयद्वारा तोकिएको पदाधिकारीबाट मात्र गर्न सक्ने छ। यसरी दर्ताको लागि दरखास्त पर्न आएमा सम्बन्धित जिल्ला विकास समिति कार्यालयको अनुमति (ईजाजत) लिई कार्य संचालन गर्ने शर्ततोकी दर्ता गर्नु पर्ने छ। यसरी दर्ता गर्दा प्राविधिक एवम् दक्ष जनशक्तिको उपलब्धतालाई समेत उल्लेख गर्न लगाउनु पर्नेछ। त्यसै गरी दर्ता भएका उद्योगले पूँजी एवं क्षमता बृद्धि माग गरेमा कार्य अनुभवको प्रमाणित कागजात लिएर ठेकेदार सम्बन्धी नियमावली, २०३१ समेतको आधारमा पूँजी एवं क्षमता बृद्धि गरी दिन सकिनेछ।

### ७.५.१६ छापाखाना उद्योग

छापाखाना उद्योग दर्ता गर्न चाहने व्यक्तिले सूचना तथा सञ्चार मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सहमती लिएर मात्र संचालन गर्नुपर्ने शर्त तोकी सहमती पत्रमा उल्लेखित शर्तहरु समेत अनिवार्य रुपमा पालना गर्नु पर्ने गरी दर्ता गर्नु पर्नेछ। तर कपडा तथा प्लाष्टिकमा छपाई सम्बन्धी कार्य गर्न पाइने छैन।

## ७.५.१७ चलचित्र तथा सञ्चार

चलचित्र तथा सञ्चारसंग सम्बन्धित उद्योगहरु (सेलुलर टेलिफोन, मोबाइल टेलिफोन, पेजिङ्ग टेलिफोन सेवा) र टेलिभिजन प्रशारण सेवा (स्याटलाइट टेलिभिजन प्रशारण वा केबुल टेलिभिजन प्रशारण) तथा चलचित्र व्यवसाय सञ्चालन गर्ने किसिमका उद्योगहरु दर्ता गरी प्रमाणपत्र जारी गर्नु अघि सूचना तथा सञ्चार मन्त्रालयको सहमति लिनु पर्नेछ। उद्योग दर्ता गर्दा सहमति पत्रमा उल्लेखित शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्त समेत उल्लेख गर्नुपर्नेछ।

**द्रष्टव्यः–**

क) प्रसारण सम्वन्धी उद्योग दर्ता राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली २०५२ बमोजिम सूचना तथा संचार मन्त्रालयबाट ईजाजत/अनुमति पत्र लिएर मात्र प्रशारण सम्वन्धी कार्य गर्नु पर्ने।

ख) रेडियो यन्त्र सम्वन्धी उद्योग दर्ता गर्दा रेडियो ऐन, २०१४ र रेडियो संचार (लाईसेन्स) नियमावली २०४९ बमोजिम सूचना तथा संचार मन्त्रालयबाट लाईसेन्स लिएर मात्र रेडियो यन्त्र राख्न बनाउन वा प्रयोग गर्ने कार्य गर्नु पर्ने।

ग) चलचित्र विकास सम्वन्धी उद्योग दर्ता गर्दा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र सो को नियमावली २०५७ बमोजिम सूचना तथा संचार मन्त्रालय वा चलचित्र विकास बोर्डवाट स्वीकृति लिएर मात्र चलचित्र निर्माण प्रदर्शन तथा वितरण गर्नु पर्ने शर्त राख्नु पर्ने।

## ७.५.१८ अस्पताल तथा नर्सिङहोम

अस्पताल तथा नर्सिङहोम स्थापना गर्न चाहनेले दर्ताको लागि निवेदन दिंदा स्वास्थ्य सेवा विभागको सहमति अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। उद्योग दर्ता गर्दा सहमति पत्रमा उल्लेख भएका शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्त समेत उल्लेख गर्नु पर्नेछ। यस्ता नर्सिङ होम तथा अस्पताल दर्ताको लागि प्रोजेक्ट प्रपोजल, स्कीम तथा अन्य विस्तृत विवरण लिएर मात्र दर्ता सम्बन्धी अग्रीम कारवाही गर्नु पर्नेछ। अस्पताल तथा नर्सिङहोम अन्तर्गत संचालन गरिने X-Ray सेवा संचालन गर्न अन्य शर्तहरुका अतिरिक्त देहाय बमोजिम शर्तहरु समेत पालना गर्नु पर्नेछ।

१. X-Ray संचालन सम्बन्धी नीति तयार भए पछि सो अनुरुप गर्नु पर्ने

२. X-Ray मेशिनहरु उपयुक्त प्रविधिबाट परीक्षण (चेक) गराई स्तरीय मेशिनहरु ल्याउनु पर्नेछ।

३. X-Ray मेशिन संचालन गर्न दक्ष प्राविधिकलाई मात्र संलग्न गर्न लगाउनु पर्नेछ।

## ७.५.१९ हवाई सेवा

हवाई सेवा सम्बन्धी उद्योग दर्ताको लागि निवेदन साथ आवश्यक विवरणहरु लिइ विभागमा पेश गर्नु पर्नेछ।

## ७.५.२० सार्वजनिक परिवहन व्यवसाय

यातायात सेवासंग सम्वन्धित सार्वजनिक परिवहन व्यवसायको रुपमा उद्योग दर्ता गर्दा यातायात व्यवस्था विभाग वा सो अन्तर्गतको कार्यालयको सहमती लिई कार्य गर्नु पर्ने शर्त समेत उल्लेख गरी दर्ता गर्नु पर्नेछ। काठमाण्डौं उपत्यकामा यस्ता यातायात संग सम्वन्धित उद्योगको ग्यारेज तथा वर्कशप नगरपालिका क्षेत्र वाहिर रहनु पर्ने शर्त समेत तोक्नु पर्नेछ।

### ७.५.२१ शिक्षण एवं प्रशिक्षण तथा परामर्श सेवा

१. उद्योगी स्वयम् योग्य भएमा निजको योग्यताको प्रमाणपत्र पेश हुनु पर्ने । उद्योगीले अन्य कोही योग्य व्यक्तिलाई करार वा अन्य कुनै तरिकाबाट नियुक्त गर्न चाहेमा निजको योग्यताको प्रमाणपत्रका साथै नेपाली नागरिकताको प्रमाणपत्र र मंजुरीनामा समेत पेश हुनु पर्नेछ।

२. योग्यताको प्रमाणपत्रको अवधि बारे यस्ता सेवा उद्योगहरुको उद्देश्य एवं कार्य प्रकृति फरक फरक हुने हुँदा सो बारे कार्यालयबाट नै उपयुक्तता हेरी स्वीकृति दिन सक्नेछ।

३. सेवा उद्योगको रुपमा प्रशिक्षण संस्था दर्ता गर्नु अघि प्रशिक्षण दिने संस्थावाट प्रशिक्षणको विस्तृत कार्यक्रम (पाठयक्रममा) पेश गर्न लगाउने र उद्योग दर्ता प्रमाणपत्रमा प्रत्येक ३।३ महिनामा प्रशिक्षण प्राप्त व्यक्तिहरुको नामावली सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालय/ समितिको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्ने अन्यथा नियमानुसार कारवाही गर्न सकिने छ भन्ने शर्त राखी दर्ता गर्ने।

(मिति २०५७।४।२४ को विभागीय परिपत्र ।)

### ७.५.२२ सुरक्षा गार्ड आपूर्ति गर्ने सेवा उद्योग

वैंक तथा वित्तीय संघ संस्था, उद्योग, होटल, कार्यालय भवन, कूटनीतिक नियोग तथा आवासीय भवनमा सुरक्षा पुऱ्याउने उद्देश्य रहेको व्यवसाय सेवा उद्योगको रुपमा दर्ता गर्दा सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयको पूर्व सहमती लिई देहायका शर्तहरु तोकी दर्ता गर्न सकिने। (मिति ०५७।२।९ को विभागीय परिपत्र)।

**शर्तहरु**

१. प्रहरी प्रधान कार्यालय, मातहतका कार्यालयहरुवाट यस्ता सुरक्षा उद्योगहरुमा भए गरेका गतिविधिहरुको कम्तीमा ६ महिनामा १ पटक र आवश्यकता अनुसार जहिले सुकै पनि मनिटरिङ० गर्न पाउने।

२. तालीम तथा सुरक्षाकर्मिहरुको संख्याको सम्वन्धमा प्रहरी प्रधान कार्यालय वा उक्त कार्यालयले तोकेका मातहतका पदाधिकारीहरु संग समन्वय कायम राख्नु पर्ने।

३. सुरक्षा उद्योगहरुले पनि आफुले गर्न लागेको काम कारवाहीहरुको प्रहरी प्रधान कार्यालयलाई रिपोटिङ० गर्ने व्यवस्था मिलाउनु पर्ने।

४. खर खजानाको प्रयोग गर्न माग हुने क्रममा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार व्यक्तिहरुले पाए सरहको सुविधा प्रदान गर्नु पर्ने। प्रदान गरिएका खर खजानाहरुको प्रयोग तोकिएको कार्यमा मात्र प्रयोग गर्नु पर्ने। सो, भए नभएको वारे दर्ता भएको सुरक्षा कम्पनीले प्रहरी प्रधान कार्यालय वा उक्त कार्यालय मातहत तोकेको कार्यालयहरुमा प्रतिवेदन पेश गर्नु पर्ने र दुरुपयोग भएको देखिएमा प्रचलित ऐन नियम अनुसार कारवाही हुने।

५. सुरक्षा गार्डहरु खटाईंदा लाग्ने दर रेट र करहरुको सम्वन्धमा प्रचलित नियमानुसार हुनु पर्ने।

६. श्रम ऐन, २०४८ प्रतिकूल नहुने गरी व्यवसाय संचालन गर्नु पर्ने।

७. यस्तै उद्योग व्यवसायलाई तोकीने अन्य शर्तहरु पालन गर्नु पर्ने।

### ७.५.२३ Bulk मा प्रशोधित खाने तेल आयात गरी Consumer Pack मा विक्री वितरण गर्ने उद्योग

Bulk मा प्रशोधित खाने तेल आयात गरी Consumer pack मा विक्री वितरण गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने (औ.प्र. बोर्डको १८१ औ बैठकको निर्णय)

क) प्रशोधित तेल Loose in Bulk (२० किलोग्राम भन्दा बढीको साइजमा) अन्तर्गत आयात गरी Consumer

Pack मा Refilling गरी बिक्री वितरण गर्ने उद्देश्य रहेको सेवा उद्योगहरु दर्ता नगर्ने।

ख) हाल सम्म दर्ता कायम भै संचालनमा रहेका त्यस्ता प्रकृतिका सबै उद्योगहरुलाई पनि कच्चा पदार्थ (Crude Oil) आयात गरी नेपालमा Processing, Bleaching र Deodorizing जस्ता प्रकृया अवलम्बन गरी संचालन (रुपान्तरण) गर्न निर्देशन दिने।

ग) बजारमा सोझै बिक्री वितरण गर्ने प्रयोजनको लागि आयात गरिने प्रशोधित तेलको Consumer Pack को Size बढीमा २० किलोग्राम तोक्ने र सो भन्दा बढी तौलको Consumer Pack वा खुला प्रशोधित तेल आयात हुन नदिने ब्यबस्था उद्योग मन्त्रालय मार्फत मिलाउने।

घ) उत्पादनमूलक उद्योगहरुले कच्चा पदार्थ बस्तुका रुपमा आयात गर्ने तेल Bulk मा आयात गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिस तथा मापदण्ड बमोजिम मात्र आयात गर्न पाउने ब्यबस्था गर्ने।

ङ) उद्योगहरुले अन्य कुनै बस्तु उत्पादन गर्न आफुले मात्र विशेष किसिमको प्रयोग गर्ने कच्चा पदार्थको रुपमा आयात गर्ने प्रशोधित तेल उदाहरणार्थ Noodle को लागि आवश्यक पर्ने Refined Bleached and Deodorised (RBD) Palm oil र यस्तै अन्य उद्योगले प्रयोग गर्ने RBD Canola Oil RDB Superpalmolin, RBD Ground Nut Oil, RDB Coconut Oil, Refined Mustard Oil, Coconut Oil, Clove Leaf Oil जस्ताको हकमा माथी उल्लेखित ब्यबस्था लागु हुने छैन।

### ७.५.२४ गलैंचा उद्योग

गलैंचा उद्योग दर्ता गर्दा निम्न लिखित थप शर्त तोक्नु पर्नेछ।

१. गलैंचा उत्पादन गर्दा मेशिनवाट उत्पादन भएको उनी धागो प्रयोग गर्न पाइने छैन।

### ७.५.२५ उद्योग दर्ता गर्दा तोक्नु पर्ने शर्तहरु

प्रचलित ऐन अनुसार उद्योग दर्ता गर्दा उद्योगको किसिम र प्रकति अनुसार छुट्टा छुट्टै थप शर्तको रुपमा तोकीने शर्तहरुका अतिरिक्त जुन सुकै उद्योग दर्ता गर्दा निम्न लिखित शर्तहरु समेत दर्ता प्रमाणपत्रमा तोक्नु पर्नेछ।

१. उद्योग संचालन गर्दा हाल कायम रहेको र पछि लागु हुने नीति नियम सवै पालना गर्नु पर्ने।

२. वातावरण प्रदुषण हुन नदिन उपयुक्त व्यवस्था गर्नु पर्ने।

३. छर छिमेकलाई वाधा नपुऱ्याई उद्योग संचालन गर्नु पर्ने।

४. उपभोक्ता संरक्षण ऐन/ नियम विपरित गर्न नपाइने।

५. उद्योग संचालन गर्दा उद्योग भित्र भै रहेका काम कारवाहीलाई मूल सडकवाट नदेखिने व्यवस्था गर्नु पर्नेछ। (यस वुँदाको शर्त उद्योगको प्रकृतिको आधारमा तोक्नु पर्नेछ।)

६. उद्योग संचालन गर्दा निश्कासन हुने, खेर जाने पदार्थलाई उपयुक्त तरिकाले निराकरण गर्नु पर्नेछ।

७. उद्योगको नाम जुध्न गएमा पछि दर्ता गर्ने उद्योगले आफ्नो नाम संशोधन गर्नु पर्नेछ।

**द्रष्टव्य :-** IEE /EIA गर्नुपर्ने उद्योगको अनुमति प्रदान गर्दा वा दर्ता गर्दा IEE /EIA प्रतिवेदन स्वीकृत गर्दा तोकिएका शर्तहरू समेत अनुमति (इजाजत) पत्र र दर्ता प्रमाण पत्रमा जनाउनु पर्नेछ।

### ७.५.२६. एन.जि.ओ., आइ.एन.जि.ओ. आदि संस्था उद्योगको रुपमा दर्ता नगर्ने ।

एन.जि.ओ., आइ.एन.जि.ओ.आदि संस्थाहरु एकपटक सम्बन्धित ऐन नियम अनुसार दर्ता भई सकेकोमा उद्योगको रुपमा पुन: दर्ता गर्न आवेदन परेमा दर्ता नगर्ने गरी विभागीय निर्णय भएको ।

**७.५.२७.** सहकारी अर्न्तगत उद्योग दर्ता माग भएको अवस्थामा सहकारी विभागको सिफारिस लिई उद्योग दर्ता गर्न सकिनेछ ।

## ७.६ उद्योगको नविकरण, नामसारी तथा ठाउँसारी

ऐन अनुसार दर्ता भएका उद्योगहरु मध्ये कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएका उद्योग बाहेक साझेदारी फर्म प्रत्येक आर्थिक वर्षको लागि नविकरण गराउनु पर्ने र प्राइभेट फर्मको हकमा प्राइभेट फर्म रजिष्ट्रेशन नवौ संसोधन सक्षिप्त नियमावली बमोजिम नवीकरण गराउनु पर्ने । नियमानुसारको प्रकृया पुऱ्याई नामसारी तथा अनुसूची ३० र ३४ को विपरित नहुने गरी ठाउँसारी गर्न सकिने छ ।

### ७.६.१ प्राइभेट फर्मको अवधि र नविकरण :-

(१) रजिष्ट्रेशन भएको प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ ।

(२) प्रा.फ. नियमावलीको उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ हुँदाका बखत वहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्म रजिष्ट्रेशन वा नवीकरण भएको अवधी सम्म रहनेछ।सा.फ. को हकमा रजिष्ट्रेशन वा नबिकरण भएको आर्थीक वर्षको अन्त्य सम्म रहने छ र ,प्रा.फ को हकमा यो नियम प्रारम्भ भएपछि नवीकरण भएका प्राइभेट फर्मको अवधि दुई वर्षको हुनेछ ।

(३) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) वमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र प्राइभेट फर्म नवीकरण गारउनका लागि सम्वन्धित कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

**स्पष्टीकरण** : प्रा.फ.रजिष्ट्रेशन नियमावलीको प्रयोजनको लागि "सम्वन्धित कार्यालय" भन्नाले वाणिज्य व्यवसायको लागि काठमाडौं उपत्यकाको हकमा सम्वन्धित विभाग र अन्यत्रको हकमा वाणिज्य कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्वन्धित विभागले तोकिदिएको कार्यालय र उद्योग व्यवसायको लागि सम्बन्धित विभाग र घरेलु तथा साना उद्योग कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्वन्धित विभागले तोकिदिएको कार्यालयलाई जनाउँछ ।

(४) सोही नियमावलीको उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्वन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनुपर्ने ।

(क) एकलाख रुपैयासम्म रु. ६००।-

(ख) एकलाख रुपैयाभन्दा बढी तीनलाख रुपैयाँ सम्म रु. १,०००।-

(ग) तीनलाख रुपैयाभन्दा बढी पाँचलाख रुपैयाँ सम्म रु. १,६००।-

(घ) पाँचलाख रुपैयाभन्दा बढी बीसलाख रुपैयाँ सम्म रु. ३,०००।-

(ङ) बीसलाख रुपैयाभन्दा बढी एककरोड रुपैयाँ सम्म रु. ५,०००।-

(च) एककरोड रुपैयाँ भन्दा बढी पाँचकरोड रुपैयाँ सम्म रु. ८,०००।-

(छ)	पाँचकरोड रुपैयाँ र सो भन्दा माथी रु. १५,०००।-

(५) प्रा.फ. नियमावलीको उपनियम (३) बमोजिमको अवधिभित्र पनि प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन नसकेको मानसिव कारण देखाई सो अवधि समाप्त भएको मितिले ६ महिनभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्वन्धित कार्यालयले देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

क) प्रा.फ. नियमावलीको उपनियमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम (४) वमोजिमको दस्तुरको दोव्बर दस्तुर।

ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएको तीन महीनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको तेब्बर दस्तुर

(६) प्रा.फ. नियमावलीका उपनियम (५) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्वन्धमा सम्वन्धित विभागले ऐनको दफा ७ ख बमोजिम आवश्यक कारवाही गर्नेछ। अन्य व्यवस्था प्राईभेट फर्म रजिष्ट्रेशन (नवौ संशोधन) नियमावली २०७० नेपाल राजपत्र खण्ड ६३, २०७० भाद्र १७ गतेमा उल्लेख भए बमोजिम हुनेछ।

## ७ **<u>२०७० श्रावण १ गतेवाट २ वर्ष अवधिको लागि लागुभएको प्राईभेट फर्म नवीकरण सम्वन्धि विषेश व्यवस्था</u>**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम तोकिएको दस्तुर तिरी दर्ता भएका व्यवसायिक फर्महरु दर्ता भएको मितिले ५ वर्षसम्मको लागि बहाल रहने छन्। उक्त म्याद समाप्त भएको मितिले ३५ दिनभित्र सम्वन्धित कार्यालयमा गई नवीकरण नगराएमा तोकिए बमोजिमको थप जरिवाना समेत लाग्नेछ। प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (नवौं संशोधन, २०७०) ले यस्तो नवीकरण अवधी २ वर्षको हुने गरी व्यबस्था गरेको छ। जुनसुकै व्यवसायिक फर्मको दर्ता वा नवीकरणको बहाल अवधी समाप्त भएपछि पुनः नवीकरणको लागि ३५ दिनको अवधी रहनेछ। यस अवधी भित्र फर्म नवीकरण गर्दा तोकिए बमोजिमको दस्तुर तिरी बुझाई आगामी दुई वर्ष अवधीको लागि नवीकरण गराउनको लागि दर्खास्त दिएमा र त्यस्तो दर्खास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्वन्धित कार्यालयले नवीकरण गराउन नसकेको रू. २० लाखसम्म पूँजी भएको प्राइभेट फर्मले प्रत्येक वर्षका लागि रू. २,५००/- का दरले र रू. २० लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मले प्रत्येक वर्षका लागि रू.५,०००/- दरले जरिवाना तिरी त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिन सक्नेछ। अन्य व्यवस्था प्राईभेट फर्म रजिष्ट्रेशन (नवौ संशोधन) नियमावली २०७० नेपाल राजपत्र खण्ड ६३, २०७० भाद्र १७ गतेमा उल्लेख भए बमोजिम हुनेछ।

८) प्रा.फ. रजिष्ट्रेशन ऐन, २०१४ एवं प्रा.फ. रजिष्ट्रेशन नियमावली, २०३४ र सो अन्तरगत जारी भएका सूचनाहरुका अधिनमा रहि नवीकरणका लागि तोकिएको समयावधि भित्र जुनसुकै कारणवाट प्रा.फ. नवीकरण नगराउने प्रा.फ.का धनिले उक्त प्रर्मको नवीकरण नगराएको अवधिको नवीकरण दस्तुर, दण्ड, जरिवना लगायत वक्यौता रहेको सम्पूर्ण रकम सम्वन्धित कार्यालयमा दाखिला नगरेसम्म उक्त प्रा.फ.को लगत कट्टा गरिने छैन।

९) **फर्म नवीकरणका लागि आवश्यक कागजातहरु**

१. नवीकरण लागि तोकिएको ढाँचाको निवेदन ,

२. फर्म दर्ताको सक्कल प्रमाण पत्र,

३. अघिल्लो आ.व.को कर तिरेको निस्सा,

४. ५० लाख वा सो भन्दा बढी पूँजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन।

- आयकर ऐन, २०५८ मा आय विवरण बुझाउने म्याद (म्याद थप समेत) पुष मसान्तसम्म रहेको हुदा अघिल्लो आ.व. भन्नाले पुष मसान्तसम्म नवीकरण गर्न आउनेको हकमा त्यसको अघिल्लो आ.व. र पूष मसान्तभन्दा पछि नवीकरण गर्न आउनेको हकमा लगतै सकिएको आ.व. सम्झनु पर्दछ। जस्तै आ.व. २०७०/७१ को पुष मसान्तसम्म नवीकरण गर्न आउनेको हकमा आ.व. २०६८/६९ र पुष मसान्तभन्दा पछि नवीरण गर्न आउनेको हकमा आ.व. २०६९/७० लाई सम्झनु पर्दछ।

१०) कम्पनी ऐन, २०६३ अनुसार कम्पनीको रुपमा उद्योग दर्ता भएकोमा त्यस्तो कम्पनीलाई प्राइभेट फर्म वा साझेदारी फर्मको रुपमा परिणत गर्न पाइने छैन। कम्पनी ऐन, २०६३ अनुसार दर्ता भएको कम्पनीको नाममा उद्योग दर्ता गर्दा निवेदन दस्तुर रु १००।- बाहेक अन्य दस्तुर लाग्ने छैन र नवीकरण कम्पनी रजिष्ट्रार कार्यालयमा गर्नुपर्नेछ।

११) साझेदारी फर्म नवीकरण

साझेदारी फर्म जुन आ.व. मा दर्ता गरेको हो सो आ.व. को आषाढ मसान्तसम्म बहाल रहने हुँदा म्याद समाप्त हुनु अगावै आगामी वर्षको लागि नवीकरण गर्नु पर्नेछ। म्याद नाघेको ३५ दिन भित्र नवीकरण गर्न आएमा नवीकरण दस्तुर मात्र र म्याद नाघेको ३५ दिन पछि नवीकरण गर्न आएमा प्रति साझेदार रू. ५०/- का दरले जरिवाना समेत र २ वर्ष वा सो भन्दा बढी समयको लागि नवीकरण गर्नु परेमा प्रति साझेदार प्रति वर्ष रू. ५०/- का दरले जरिवाना र पूँजी अनुसारको पुनः दर्ता शुल्क समेत लिई साझेदारी फर्म नवीकरण गरिने छ। साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका ऐन नियम बमोजिम नवीकरण नभएका वा नवीकरण गर्ने म्याद भुक्तान भएका साझेदारी फर्महरु समेत साझेदारी ऐन, २०२० को दफा ११ ख मा व्यवस्था भए अनुसार विभागले खारेज गर्न सक्ने हुँदा कार्यालयले ऐनको दफा ११ ख. को प्रकृया पुरा गरी आवश्यक कारवाहीको लागि विभागमा पेश गर्नुपर्नेछ।

## ७.६.२ नामसारी (स्वामित्व परिवर्तन)

दर्ता भएको उद्योग साविक फर्म वा व्यक्तिको नामबाट अर्को व्यक्ति वा फर्मको नाममा नामसारी वा स्वामित्व परिवर्तन गर्न चाहेमा निम्न लिखित कागजात सहित दरखास्त दिनु पर्नेछ। यसरी दरखास्त प्राप्त भएमा सम्बन्धित राजस्व कार्यालयको प्रतिकृया लिई सम्बन्धित कार्यालयले नामसारी सम्बन्धमा उजुर परे नपरेको हेरी उजुरी नपरेको भए नामसारी दस्तुर बापत रु. १००।- दाखिला गर्न लगाई उद्योगको नामसारी वा स्वामित्व परिवर्तन गर्न सक्ने छ। नामसारी गर्दा साविकवालाले गरी दिएको नामसारीमा साविकवाला स्वयं सम्बन्धित कार्यालयमा उपस्थित भै सनाखत समेत गर्न लगाउनु पर्नेछ।

१. नामसारी गरी लिन चाहने व्यक्तिको निवेदन।

२. नामसारी गरी लिन चाहने व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि।

३. साविकवालाले गरी दिएको नामसारीपत्र।

४. नामसारीपत्रमा सनाखत गर्न स्वयं उपस्थित हुन नसकेको अवस्थामा अधिकृत वारेशनामा वा अन्य कुनै सरकारी कार्यालयको रोहवरमा भएको सनाखत।

५. सम्बन्धित राजस्व कार्यालयको सकारात्मक प्रतिकृया।

६. अनुमति लिनु पर्ने उद्योगको हकमा अनुमति नामसारी भएको पत्र।

७. नामसारी दस्तुर बापत रु १००।- राजस्व बुझाएको रसिद। प्रा.फ.को हकमा निवेदन दस्तुर रु १०० लाग्ने छ।

### ७.६.३ ठाउँसारी

इजाजत लिनु पर्ने वा सीधै दर्ता भएका उद्योग एक स्थानबाट अर्को स्थानमा राख्ने गरी ठाउँसारी गर्न माग गरेमा देहायको प्रकृया पूरा गरी अनुसूची ३० र ३४ बमोजिम उद्योग स्थापना गर्न पाइने स्थानमा मात्र राख्ने गरी उद्योग ठाउँसारी गर्ने स्वीकृति प्रदान गर्न सकिने छ।

### ७.६.३.१ अनुमति लिनु पर्ने उद्योग

अनुमति लिन पर्ने उद्योगको ठाउँसारी गर्नु अघि उद्योगको ठाउँसारी गर्ने स्थानको स्वीकृति लिनु पर्ने र त्यस पछि मात्र उद्योगको ठाउँसारी गर्न लगाउनु पर्नेछ।

### ७.६.३.२ IEE वा EIA गर्नु पर्ने उद्योग

यस निर्देशिकाको अनुसूची १४ र १९ मा उल्लेखित उद्योगको हकमा IEE वा EIA स्वीकृत भए पछि मात्र ठाउँसारी गर्नु पर्नेछ।

### ७.६.३.३ एउटै जिल्ला भित्र ठाउँसारी

एउटै जिल्ला भित्र एक स्थानबाट अर्को स्थानमा उद्योगको ठाउसारी गर्ने स्वीकृती माग भएमा सिधै दर्ता हुने उद्योगको हकमा तोकिएको प्रकृया पुऱ्याई सम्बन्धित कार्यालयले नै ठाँउसारी गर्ने स्विकृति प्रदान गर्न सक्ने छ।

### ७.६.३.४ एक जिल्लाबाट अर्को जिल्लामा ठाउँसारी

अनुमति लिन नपर्ने तथा यस दिर्गदशनको अनुसूची १४ र १९ मा उल्लेखित उद्योगको वर्गमा नपर्ने उद्योग एक जिल्लाबाट अर्को जिल्लामा ठाउँसारी गर्नु पर्ने भएमा सम्वन्धित जिल्लाले ठाउँसारी भईजाने (प्रशतावित जिल्ला) को सिफारिस लिई संवन्धित जिल्लाले (दर्ता भइरहेको) गरिदिन सक्नेछ।

## ७.७ उद्योगको पूँजी एवं क्षमता बृद्धि तथा उद्देश्य थप वा परिवर्तन

अनुमति लिनु पर्ने वा नपर्ने दर्ता भएको उद्योगको हकमा पूँजी तथा क्षमता बृद्धि एवं उद्देश्य थप वा परिवर्तन गर्नु पर्ने भै मनासिव कारण सहित निवेदन दिएमा अनुसूची ३० र ३४ विपरित नहुने गरी देहाय बमोजिमको कागजातहरु पेश गर्न लगाई आवश्यक प्रकृया पुऱ्याई स्वीकृति प्रदान गर्न सकिने छ।

१. अनुमति लिन पर्ने उद्योगको हकमा दरखास्त “क” फाराम, संशोधित स्किम, उद्देश्य परिवर्तन गर्दा परिवर्तन हुने उद्देश्यको लागि IEE/EIA गर्नुपर्ने भएमा सोको प्रतिवेदन।

२. सीधै दर्ता मात्र हुने उद्योगको हकमा उद्योग दर्ता “ख” फाराम।

३. पूँजी बृद्धि, क्षमता बृद्धि वा उद्देश्य थप गर्नु पर्नाको कारण सहितको निवेदन।

४. निवेदन दस्तुर वापत रु १००।- बुझाएको रसिद। प्रा.फ.को हकमा रु १००।- लाग्ने छ।

### ७.७.१ पूँजी तथा क्षमता बृद्धि

कुनै पनि उद्योगको पूँजी तथा क्षमता बृद्धि गर्नु पर्ने उपयुक्त देखिएमा देहाय बमोजिम पूँजी तथा क्षमता बृद्धि गर्न सकिने छ।

#### ७.७.१.१ अनुमति लिन पर्ने र IEE/EIA गर्नु पर्ने उद्योग

इजाजत लिन पर्ने वा दफा ८.१ बमोजिम IEE/EIA गर्नुपर्ने उद्योग भएमा उद्योगको पूँजी तथा क्षमता बृद्धि गर्न कार्यालयलाई अधिकार प्रत्यायोजन भएकोमा कार्यालयले नै र कार्यालयलाई अधिकार प्रत्यायोजन नभएका उद्योगको हकमा आवश्यक प्रकृया पूरा गरी स्वीकृतिको लागि विभागमा लेखी पठाउनु पर्नेछ। औं.व्य. ऐन २०४९ मा इजाजत लिनु पर्ने वर्गमा दर्ता भै सकेका उद्योगहरुको स्वीकृत क्षमतामा बृद्धि गर्न आवेदन दिएमा स्वीकृत वार्षिक उत्पादन क्षमताको ९०% उत्पादन भएमा स्थीर पूंजीको आधारमा सम्वन्धित विभागवाट नै क्षमता वृद्धिको स्वीकृति प्रदान गर्ने नीति लागु गर्ने। (औं.प्र.वोर्ड १५० औं वैठकको निर्णय)।

#### ७.७.१.२ अनुमति लिन नपर्ने उद्योग

अनुमति लिन नपर्ने र IEE गर्न नपर्ने उद्योगको पूँजी तथा क्षमता बृद्धि गर्नु पर्ने भएमा प्रत्यायोजित पूँजी सीमा अन्तर्गत पर्ने भए सम्बन्धित कार्यालयले र प्रत्यायोजित पूँजी सीमा अन्तर्गत नपर्ने भए आवश्यक कागजात सहित विभागमा पठाई विभागबाट निर्देशन भए अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

### ७.७.२ उद्योगको उद्देश्य थप वा परिवर्तन

दर्ता भएको उद्योगको उद्देश्य थप वा परिवर्तन गर्नु परेमा आवश्यक प्रकृया पुऱ्याई स्वीकृति प्रदान गर्न सकिने छ। तर उद्देश्य परिवर्तन गर्दा उद्योगको नाम र उद्देश्यसंग मेल नखाने गरी उद्देश्य परिवर्तन गर्न मिल्ने छैन।

#### ७.७.२.१ अनुमति लिन पर्ने र IEE/EIA गर्नुपर्ने उद्योग

अनुमति लिनु पर्ने र IEE/EIA गर्नु पर्ने वर्गमा पर्ने भनी उल्लेख भए अनुसारका कागजातहरु संलग्न गरी विभागमा लेखी पठाउनु पर्ने र विभागबाट अनुमति पाएपछि मात्र उद्देश्य थप वा परिवर्तन गर्न सकिने छ।

#### ७.७.२.२ अनुमति लिन नपर्ने र IEE/EIA गर्नु नपर्ने उद्योग

IEE वा EIA गर्न नपर्ने, अनुमति लिन नपर्ने उद्योगको उद्देश्य थप वा परिवर्तन गर्नुपर्नाको कारण तथा औचित्यता हेरी प्रत्यायोजित पुँजी सीमा अन्तर्गत पर्ने भए सम्बन्धित कार्यालयले र प्रत्यायोजित पूँजी सीमा अन्तर्गत नपर्ने भए विभागमा पठाई विभागबाट भएको निर्देशानुसार उद्देश्य थप वा परिवर्तन गर्नु पर्नेछ।

## ८. उद्योग स्थापना गर्ने क्षेत्र (स्थान)

औद्योगिक विकास र विस्तारको क्रम संगै बढ्दै गै रहेको शहरीकरण तथा जनघनत्व समेतको कारणबाट

हुन गै रहेको वातावरण प्रदुषणलाई नियन्त्रण, रोकथाम तथा कम गर्ने र व्यवस्थित रुपमा औद्योगिकीकरण समेत गराउने उद्देश्यले औं प्रं बोर्डको मिति २०५४।१।२९ मा बसेको १३२ औं बैठकको निर्णय नं. १ अनुसार उद्योग स्थापना गर्न पाइने क्षेत्र (स्थान) सम्बन्धी साविकको नीतिलाई पुनरावलोकन गरी देहाय बमोजिमको नयाँ नीति लागु गरीएको छ।

## ८.१ काठमाडौ उपत्यकाका नगरपालिका/काठमाडौ उपत्यका/अन्य न.पा. क्षेत्रमा स्थापना गर्न पाईने उद्योग

काठमाडौं उपत्यकाका नगरपालिकाभित्र स्थापना गर्न पाइने उद्योग काठमाडौं उपत्यकाभित्र स्थापना गर्न नपाइने उद्योग र काठमाडौं उपत्यका वारिहका नगरपालिकामा स्थापना गर्न नपाईने उद्योगको सम्वन्धमा अनुसूची ३० मा उल्लेख भए बमोजिम हुने छन्।

## ८.२ अन्तर्राष्ट्रिय सीमानाबाट ५ किलोमिटर टाढा उद्योग स्थापना गर्नुपर्ने

अन्तर्राष्ट्रिय सीमानाबाट कम्तिमा ५ किलोमिटर टाढा स्थापना गर्नु पर्ने उद्योगको हकमा अनुसूची ३४ मा व्यबस्था भए बमोजिम हुनेछ।

## ९. IEE वा EIA गर्नुपर्ने उद्योग र स्वीकृति गर्ने प्रकृया/निकाय

### ९.१ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गराउनु पर्ने उद्योगहरु।

उद्योग दर्ता गर्नु अघि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नु पर्ने उद्योग तथा प्रस्तावहरु अनुसूची १४ मा र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नु पर्ने उद्योग तथा प्रस्तावहरु अनुसूची १९ मा उल्लेख गरीएको छ। IEE वा EIA गराउनु पर्ने उद्योग दर्ता वा प्रस्ताव कार्यान्वयन गर्नु अघि देहाय बमोजिमको प्रकृया पुऱ्याई IEE वा EIA स्वीकृतिको लागि विभागमा पठाउनु पर्ने र सो स्वीकृति प्राप्त भए पछि मात्र प्रस्ताव कार्यान्वयन गर्न लगाउनु पर्नेछ।

### ९.१.१ प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्ने उद्योगको (IEE) प्रतिवेदन तयार गर्ने प्रकृया

IEE गर्नु पर्ने अनुसूची १४ मा उल्लेखित प्रस्ताव कार्यान्वयन गर्नु अघि प्रस्तावकले वातावरण संरक्षण नियमावली, २०५४ (प्रथम संशोधन सहितको को अनुसूची १७ मा उल्लेखित ढाँचामा तयार गरी नियम ५ बमोजिम कार्यसूची (TOR) स्वीकृत गराई सो कार्यसूचीको आधारमा सोही नियमावलीको नियम ७ बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगर पालिका तथा जिल्ला विकास समिति वा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा पन्ध्र दिन भित्र लिखित राय सुझाव दिनको लागि गाउँ विकास समिति वा नगरपालिका, जिल्ला विकास समितिको कार्यालय, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्ने र सो सूचना प्रकाशन भए पछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सो राय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गरी वातवारण संरक्षण नियमावलीको अनुसूची ५ र यसमा दिग्दर्शनको अनुसूचि १७ बमोजिमका कुराहरु समेत खुलाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्ने र सोही नियमावलीको नियम १० बमोजिम प्रतिवेदनको १५ प्रति र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि

उद्योगको स्किम, "ख" फाराम, सर्जमिन मुचुल्का, नागरिकताको प्रमाणित प्रतिलिपि आदि समेत संलग्न गरी विभागको दर्ता र इजाजत शाखामा पठाउनु पर्नेछ। यसरी प्राप्त भएको IEE प्रतिवेदन सोही नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम स्वीकृती प्रदान गरिने छ। तर, हाल IEE /EIA गर्न पर्ने तर साविकमा नपर्ने उद्योगको क्षमता वृद्धि, उद्देश्य थप, ठाउंसारी गर्ने सम्वन्धमा कार्यालयको राय सहित विभागमा पठाउनु पर्ने र वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूचि १ को (आ) को (ख) अनुसारका मेशिन, औजार र उपकरणमा रु १० लाख भन्दा बढी (कंपनीको मूल्यमा) लगानी हुने उद्योगको हकमा IEE गर्नुपर्ने छ। साविकमा दर्ता भएका उद्योगहरुको मेशिन, औजार, उपकरणमा रु १० लाख नाघ्नेगरी पूँजी बृद्धि क्षमता बृद्धि ठाँउसारी, उद्देश्य थप गर्नुपर्ने भएमा वातावरण संरक्षण नियमावलीको नियम ७(२) प्रकृया अनुसार IEE गर्नुपर्ने।

तर सोही नियमावलीको अनुसूची १ को खण्ड (अ), (ई, (उ), (ऊ), (ए), (ऐ, (ओ, (औ मा उल्लेखित प्रस्तावको सम्बन्धमा सम्बन्धित निकायबाट IEE प्रतिवेदन स्वीकृत भै आए पछि मात्र तत्सम्बन्धी प्रस्ताव कार्यान्वयनको लागि दर्ता गर्न लगाउनु पर्नेछ।

## ९.१.२ वातावरणीय प्रभाव मूल्यांकन (EIA) गराउनु पर्ने उद्योगको EIA प्रतिवेदन तयार गर्ने प्रकृया

EIA गर्नु पर्ने अनुसूची १९ मा उल्लेखित उद्योग दर्ता र प्रस्ताव कार्यान्वयन गर्नु अघि प्रस्तावकले वातावरण संरक्षण नियमावली, २०५४ को (प्रथम संशोधन सहित) नियम ४ बमोजिम क्षेत्र निर्धारण (स्कोपिङ्ग) स्वीकृतिको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी सो को आधारमा क्षेत्र निर्धारणको स्वीकृति लिनु पर्ने र सोही नियमावलीको नियम ५ बमोजिम अनुसूची ४ मा उल्लेखित ढाँचामा तयार गरी कार्यसूची स्वीकृत गराई सो स्वीकृत कार्यसूचीको आधारमा सोही नियमावलीको नियम ७ बमोजिम सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्ने र सोही बमोजिमको १५ दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचार पत्रमा समेत प्रकाशन गर्नु पर्नेछ। यसरी सूचना प्रकाशित भए पछि कुनै राय सुझाव प्राप्त भएमा सो समेतलाई प्रतिवेदनमा समावेश गर्नु पर्ने र प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगर पालिकाको इलाकामा एक पटक प्रस्तावका बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने र सो प्राप्त राय सुझावलाई र नियमावलीको अनुसूची ६ बमोजिमका कुराहरु समेत खुलाई EIA प्रतिवेदनमा समावेश गर्न लगाउनु पर्नेछ।

यसरी प्रतिवेदन तयार भएपछि सोही नियमावलीको नियम १० बमोजिम प्रतिवेदनको १५ प्रति र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि सम्बन्धित निकाय समक्ष पेश गर्न लगाउनु पर्नेछ। यसरी प्राप्त भएको प्रतिवेदनमा सोही नियमावलीको नियम १० बमोजिमको प्रकृया पुऱ्याई सम्बन्धित निकाय मार्फत प्राप्त प्रस्ताव जनसंख्या तथा वातावरण मन्त्रालयले EIA कार्यान्वयनको लागि स्विकृति प्रदान गर्नेछ।

## ९.१.३ IEE वा EIA स्वीकृत गर्ने निकाय

IEE वा EIA स्वीकृत गर्ने सम्बन्धमा उद्योग, मन्त्रालयको प. सं. वाता- ०/०५५/५६/१०२ च. नं. ३६८१ मिति ०५५।१२।२९ को पत्रानुसार वातावरण संरक्षण नियमावली २०५४ (संशोधित) को नियम ५२ (१) मा भएको प्रावधान बमोजिम मिति ०५५।१२।२६ को मन्त्रीस्तरीय निर्णयानुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE ) स्वीकृत गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को हकमा राय सहित क्षेत्र निर्धारण (Scoping) कार्यसूची एवं EIA प्रतिवेदन उद्योगमन्त्रालयमा पेश गर्ने गरी मझौला तथा ठूला उद्योगहरुको हकमा उद्योग विभागलाई र घरेलु तथा साना उद्योगहरुको हकमा घरेलु तथा साना उद्योग विभागलाई अधिकार प्रत्यायोजन भएको छ।

IEE स्वीकृतिको लागि सम्बन्धित विभागीय प्रमुखहरुको अध्यक्षतामा वातावरण शाखा हेर्ने प्राविधिक

(रा.प.द्वि), उद्योग विभाग भएमा घरेलु तथा साना उद्योग विभागको वातावरण हेर्ने प्रमुख वा घरेलु तथा साना उद्योग विभाग भएमा उद्योग विभागको वातावरण हेर्ने प्रमुख, उद्योग मन्त्रालयको वातावरण शाखाको प्रतिनिधि र आवश्यकतानुसार सम्बन्धित निकायको प्रतिनिधि एवं विशेषज्ञ समेतको समिति गठन गरी कार्य सम्पादन गर्ने गरी अधिकार प्रत्यायोजन भएको छ।

### ९.१.३.१ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत गर्ने र वातावरणीय प्रभाव मूल्यांङ्कन (EIA) को हकमा राय सहित क्षेत्र निर्धारण (Scoping) कार्यसूची (TOR) एवं EIA प्रतिवेदन उद्योग, मन्त्रालयमा पेश गर्न गठित समितिः-

| | | | |
|---|---|---|---|
| १) | महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग | - | अध्यक्ष |
| २) | निर्देशक (प्रा.) वातावरण शाखा, घरेलु तथा साना उद्योग विभाग | - | सदस्य |
| ३) | निर्देशक (प्रा.) वातावरण शाखा, उद्योग विभाग | - | सदस्य |
| ४) | प्रतिनिधि, वातावरण शाखा, उद्योग मन्त्रालय | - | सदस्य |
| ५) | प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समिति | - | सदस्य |
| ६) | निर्देशक, दर्ता ईजाजत शाखा, घरेलु तथा साना उद्योग विभाग | - | सदस्य सचिव |

### ९.१.३.२ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृतिको लागि गठित जिल्ला स्तरीय समिति :–

१) कार्यालय प्रमुख, घ.त.सा.उ कार्यालय / समितिको कार्यालय-संयोजक

२) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय-सदस्य

३) प्रतिनिधि, जिल्ला स्थित घरेलु तथा साना उद्योग महासंघ, सो नभएमा उद्योग वाणिज्य संघ-सदस्य

४) जिल्ला स्थित प्राविधिक अधिकृत, संयोजकले तोक्ने (भए सम्म सम्बन्धित विषयको विशेषज्ञ)-सदस्य

५) कार्यालय प्रमुखले तोकेको कर्मचारी- सदस्य सचिव

### ९.१.३.४ IEE समितिवाट भएका नीतिगत निर्णयहरु :-

(क) IEE सम्वन्धी सूचना प्रकाशित गर्दा निम्न अनुसारका कुराहरु अनिवार्य रुपमा खुलाउन पर्दछ। (६९ औ IEE समितिका बैठकको निर्णय)

१. उद्योग रहने जिल्ला

२. सम्वन्धित गा.वि.स. /न.पा.

३. वडा नम्वर / टोल

४. जग्गाको कित्ता नं.

५. राय सुझाव पेश गर्ने निकाय

६. प्रस्तावकको नाम र ठेगाना

७. उद्योगको उद्देश्य

(ख) उल्लेखित विवरण सहितको १५ दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्ने छ। सूचनाको नमूना अनूसूची-१८ मा दिइएको छ। सो नमूना सम्बन्धित उद्योगीको जानकारीको लागि सूचना पाटीमा समेत राख्नु पर्ने छ।

ग) ईजाजत/दर्ता भई संचालनमा रहेका यस भन्दा अधि IEE नगरेका उद्योगको पूंजी वृद्धि, क्षमता वृद्धि,

उद्देश्य थप, उद्देश्य परिवर्तनको माग भएमा IEE गराएर मात्र स्वीकृति दिने। (IEE समितिको १५० औं वैठकको निर्णय)

घ) साविकमा IEE स्वीकृत गराएका उद्योगहरुको क्षमता वृद्धि, उद्देश्य थप र पूंजी वृद्धिको माग भएमा संसोधित IEE प्रतिवेदन पेश गरे पुग्ने IEE समितिमा निर्णयका लागि पून: पेश गरी रहन नपर्ने। यसको स्वीकृति सिधै विभागबाट गर्न सक्ने। (IEE समितिको ८४ औ वैठकको निर्णय)

ङ) IEE स्वीकृत भई सकेका उद्योगको ठांउसारीको स्वीकृति प्रदान गर्दा वातावरणीय संरक्षण नियमावली २०५४ को नियम ७(२) को सूचना सम्वन्धी प्रक्रिया र उद्योग रहने स्थलको साँध सधियारको मंजुरी तथा सर्जिमिन मुचुल्का र गा.वि.स., न.पा. को सिफारिस सम्वन्धी प्रक्रिया पूरा गर्नु पर्ने, उक्त नियमावली अनुसार IEE नगरेका उद्योगहरुको हकमा IEE गराएर मात्र ठांउसारीको स्वीकृत गर्नु पर्ने।

(IEE को समितिको १५० औं वैठकको निर्णय)

च) दर्ता/ईजाजत पाई संचालनमा नआएका उद्योगहरुले संचालन सम्वन्धी म्याद थप गर्न परेमा IEE गर्नु नपर्ने।(IEE समितिको ७२ औ. वैठकको निर्णय)

छ) बा.स.नि. २०५४ लागू हुनु भन्दा अधि दर्ता भई, संचालनमा रहेका उद्योगहरुले हाल उद्देश्य थप माग गरेमा त्यस्तो उद्योगको साविकको क्षमता हाल EIA स्वीकृत गराउनु पर्ने वर्गमा पर्ने भएमा सो क्षमता र उद्देश्य यथावत रहने गरी हाल थप हुने उद्देश्य र क्षमता सोही उद्योगको बेग्लै एकाईको रुपमा रहने गरी IEE गराउने उद्यागको हकमा वा.स.नि. २०५४ को प्रक्रिया समेत पूरा गरी स्वीकृती दिने।

(IEE समितिको १८३ औ. वैठकको निर्णय)

ज) साना स्तरको चिया खेती र चिया प्रशोधन गर्ने उद्योग स्थापनार्थ IEE स्वीकृत गराइ रहने नपर्ने।

(IEE समितिको ११५ औ. वैठकको निर्णय)

झ) सम्मानित सर्वोच्च अदालतको मिति २०६७।४।२१ को आदेश तथा वातावरण मन्त्रालयको मिति २०६७।५।२३ को निर्णय अनुरुपको प्रक्रिया पूरा गर्नु पर्नेछ।

### ९.१.४ IEE वा EIA गर्नु पर्ने उद्योगहरुले अस्थायी वा स्थायी प्रदुषण नियन्त्रण प्रमाण पत्र लिनुपर्ने

वातावरण संरक्षण नियमावली, २०५४ को (संशोधित) नियम १६ बमोजिम अनुसूची ७ मा उल्लेख भए बमोजिमका हाल संचालन भै रहेका उद्योगले उक्त नियमावली प्रारम्भ भएको मितिले ९० दिन भित्र र यो नियमावली प्रारम्भ हुनु पूर्व दर्ता भई उत्पादन शुरु नभएका उद्योग वा यो नियमावली प्रारम्भ भए पछि दर्ता हुने उद्योगले उत्पादन शुरु गरेको मितिले साठी दिन भित्र सम्बन्धित उद्योगको विस्तृत विवरण उल्लेख गरी अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र लिन सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो निवेदन उपर जाँचबुझ गरी आवश्यकता अनुसार उद्योग संचालन हुने गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव समेत लिई त्यस्तो उद्योग संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखेमा वा त्यस्तो प्रभाव कम वा नियन्त्रण गर्न सकिने भएमा सम्बन्धित निकायले त्यस्ता उद्योगहरुले पालना गर्नु पर्ने गरी आवश्यकता अनुसार देहायका सबै वा कुनै शर्तहरु तोक्न सक्ने छ:-

क) प्रदुषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणहरु निर्धारित समयमा जडान गर्ने

ख) जडान भएका प्रदुषण नियन्त्रण उपकरणहरुको उचित प्रयोग गर्ने।

ग) निर्धारित समयमा मात्र उद्योग संचालन गर्ने।

घ) कुनै उद्योग हाता भित्र कुनै काम गरीएबाट प्रदुषण भएकोमा सो काम रोक्का गर्नको लागि खास उपायहरु अवलम्बन गर्ने।

ङ) कुनै उद्योगको काम कारवाहीबाट उद्योग हाता बाहिर प्रदुषण भएमा सो काम कारवाहीलाई नियन्त्रण गर्नको लागि खास उपायहरु अवलम्बन गर्ने।

च) अनुगमनको लागि आवश्यक पर्ने उपकरणहरु निश्चित समयमा उपलब्ध गराउने।

छ) सम्बन्धित निकायले उद्योगको प्रकृति अनुसार आवश्यक सम्झी तोकी दिएका अन्य शर्त बमोजिमका काम गर्ने।

## १०. वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता तथा नविकरण गर्ने अधिकार प्रत्यायोजन सम्बन्धमा

नेपाल सरकारको तर्फबाट सेवाग्राहीलाई पुऱ्याउनु पर्ने सेवा सुविधा निजको स्थानमा पायक पर्ने ठाँउबाट छिटो छरितो ढंगले उपलब्ध गराउने नीति अन्तर्गत नेपाल सरकारले मिति २०६२।११।४ मा वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता तथा नविकरण सम्बन्धमा नयाँ ब्यबस्था लागु गरेकोले उक्त ब्यबस्था कार्यान्वयन गर्न वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता तथा नविकरण कार्यविधि, २०६२ यसै साथ संलग्न राखी पठाइएको छ । उक्त कार्यविधिमा उल्लेख भए अनुरुप आफ्नो क्षेत्र भित्रको वाणिज्य फर्म दर्ता लगाएतका अन्य कार्यहरु तहाँबाटै सम्पादन हुन प्राइभेट फर्म रजिष्ट्रेशन नियमाबली २०३४ को नियम ६ को उपनियम २ बमोजिम तहाँ अधिकार प्रत्यायोजन गरीएको छ। साथै सोही नियमावलीको नियम ७ को उपनियम २ बमोजिम नविकरण प्रयोजनको लागि समेत नेपाल सरकारले त्यस कार्यालयलाई तोकेकोले फर्म नविकरण गर्न समेत अनुरोध गरीएको छ। यस बारे कुनै दुविधा भएमा यस विभागमा पत्राचार गर्नुहुन र प्रस्तुत सर्न्दभमा वाणिज्य कार्यालयले आफु अवस्थित जिल्ला बाहिरका जिल्ला प्राइभेट फर्महरुको फाइल सम्बन्धित घरेलु तथा साना उद्योग विभाग/समितिका कार्यालयहरुमा पठाइ दिन समेत अनुरोध छ।

### निर्णय नं.: १

उद्योग मन्त्रालय मातहतका निकायहरुबाट प्रचलित कानूनी प्रक्रिया पुऱ्याई दर्ता भई संचालनमा रहेका वा रहने प्रक्रियामा रहेका उद्योगहरु उद्योग मन्त्रालय वा मातहतका निकायहरुको सहमति/स्विकृति विना अन्य निकायहरुबाट बन्द गर्दा यस्ता उद्योगहरुमा उद्योगीहरुबाट गरेको लगानी डुब्ने, अन्य निकायबाट समेत उद्योग वन्द गरिंदा अनिश्चितताका कारण उद्योगीहरु हतोत्साही भई दिगो औद्योगिक वातावरण वन्न नसक्नुका साथै रोजगारी र राजश्वमा समेत प्रतिकूल प्रभाव पर्न जाने हुँदा एक निकायबाट दर्ता भई संचालनमा रहेका उद्योगहरु अन्य निकायवाट वन्द गर्न नपाउने कानूनी व्यवस्था गरि पाउँ भनी समय समयमा आउने माग सम्वन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा उद्योग दर्ता तथा इजाजत प्रदान गर्ने उद्योग मन्त्रालय मातहतका निकायहरुवाट कानून वमोजिम विभिन्न शर्तहरु तोकी उद्योग दर्ता तथा इजाजत प्रदान गर्ने गरेको र यस्ता उद्योगहरुले उद्देश्य अनुसार काम सम्पादन गरे/नगरको सम्वन्धमा अनुगमन गर्ने गरेकोले उद्योग मन्त्रालय वा मातहतका निकायहरुको सहमति नलिई अन्य मन्त्रालय वा निकायहरुबाट उद्योग वन्द नगर्न नेपाल सरकारका सवै मन्त्रालयलाई पत्राचार गर्ने निर्णय भयो।

### निर्णय नं. २

देशका विभिन्न स्थानहरुमा जलविद्युत उत्पादन, खानी उत्खनन् तथा सिमेन्ट उद्योग संचालन गर्ने गरी अनुमति लिने तर अनुमति होल्ड गरी लामो समयसम्म उद्योग संचालनमा नल्याएको कारण वास्तविक लगानीकर्ताहरुबाट लगानी गर्ने चाहना सहित उद्योगको इजाजत माग गर्दा इजाजत दिन सकिने अवस्था

नरहेकोले औद्योगिक विकासमा तिब्रता आउन नसकेको कारण सो सम्वन्धमा नीतिगत व्यवस्था हुनु माग भएको प्रस्ताव उपर छलफल हुँदा उद्योग दर्ता भएको ५ वर्ष वा सो भन्दा बढी अवधिसम्म पनि पूर्वाधारको कार्य प्रारम्भ समेत नगरी उद्योग संचालन तर्फ उन्मुख नभएका उद्योगहरुलाई सो तर्फ अभिप्रेरित गर्ने उद्देश्ले उद्योग संचालन गर्न चाहने उद्योगलाई ६ महिना म्याद थप गर्ने । सो अवधिसम्म पनि उद्योग संचालन नल्याएमा औ.व्य.ऐनको दफा २५ वमोजिमको कारवाही प्रक्रिया सुरु गर्ने र उक्त प्रावधान उद्योग दर्ता हुँदाको वखतमा नै उद्योगीलाई जानकारी दिने निर्णय भयो । (औ.प्र.वोर्डको मिति २०६६।८।३० को १९१ औं वैठकको निर्णय)

## उद्योगले प्राप्त गर्ने सुविधा तथा सो को प्रकृया

### ११. सुविधा तथा सहुलियत

घरेलु तथा साना उद्योगले पाउने सुविधा तथा सहुलियतहरु प्रचलित कानुन वमोजिम हुनेछ।

### ११.१ सुविधा एवं सहुलियत उपलब्ध गराउन एकद्वार समिति तथा उपसमितिको व्यवस्था

औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम उद्योगहरुले पाउने सुविधा तथा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन दफा १७ अनुसार एकद्वार समिति गठन गरीएको छ। घरेलु तथा साना उद्योगलाई प्रदत्त सुविधा एवं सहुलियतहरु उपलब्ध गराउनका लागि विभागबाट पेश गरिने प्रस्ताव माथि उक्त समितिले सुविधा दिने वा नदिने भनि निर्णय गर्नेछ। तत्पश्चात् मात्र सो निर्णय कार्यान्वयनको लागि विभागद्वारा सीधै सम्बन्धित कार्यालयलाई पत्राचार गरिने छ। यस प्रयोजनको लागि एकद्वार समितिमा प्रस्ताव पेश गर्नको लागि सम्बन्धित कार्यालयहरुले विभागमा लेखी पठाउँदा राय सहित अनुसूची २४ बमोजिमका आवश्यक सबै विवरण पठाउनु पर्नेछ। एकद्वार समितिको मिति २०५७।१२।२७ को बैठकको निर्णय नं. ५ बाट निम्न अनुसार उप समितिहरु कायम गरी निम्न अनुसार अधिकार प्रत्यायोजन भएको छ।

**एकद्वार समितिलाई प्राप्त अधिकार उप समितिलाई प्रत्यायोजन :-**

क) औद्योगिक नीति र औद्योगिक व्यवसाय ऐनको भावना र मर्म अनुरुप उद्योगहरुले प्राप्त गर्ने सेवा तथा सुविधाहरु एकै थलोबाट समय मै प्राप्त गर्न मिति २०५४।१०।६ का दिन बसेको समितिको १०९ औं. बैठकबाट औद्योगिक व्यवसाय ऐन २०४९ को दफा १७ (१) अनुसार गठित एकद्वार समितिमा प्रतिनिधित्व गर्ने विभिन्न निकायको यथासम्भव प्रतिनिधित्व हुने हिसावले सोही ऐनको दफा १८ (३) ले दिएको अधिकार प्रयोग गरी मोरंग, धनुषा, पर्सा, काठमाडौं, कास्की, रुपन्देही र बांके सहित ७ जिल्लामा भौगोलिक कार्य क्षेत्र समेत तोकी अधिकार प्रत्यायोजन भई कार्यरत रहेकोमा औद्योगिक क्षेत्र विस्तार गरी थप जिल्लाबाटै सुविधा तथा सहुलियत उपलब्ध गराउन समितिलाई प्राप्त अधिकार मध्ये निम्न अधिकारहरु क्षेत्रगत आधारमा देहाय बमोजिम उप समितिको गठन गरी प्रत्योजन गरीएको छ।

ख) एकद्वार उप समिति (काठमाडौं वाहेकको लागि)

| | | |
|---|---|---|
| १) | प्रमुख उद्योग अधिकृत/प्रमुख उद्योग अधिकृत नभएको जिल्लामा उद्योग अधिकृत | संयोजक |
| २) | प्रतिनिधि (अधिकृत स्तर) भंसार कार्यालय (उप समिति गठन भएको जिल्ला) | सदस्य |
| ३) | प्रतिनिधि (अधिकृत स्तर) कर कार्यालय (उप समिति गठन भएको जिल्ला) | सदस्य |
| ४) | प्रतिनिधि (अधिकृत स्तर) मूल्य अभिवृद्धि कर कार्यालय (उपलव्ध भएसम्म) | सदस्य |
| ५) | प्रतिनिधि (अधिकृत स्तर) नेपाल राष्ट्र बैंक (उपलव्ध भएसम्म) | सदस्य |

६) प्रतिनिधि (अधिकृत स्तर) पर्यटन कार्यालय/पर्यटन सूचना केन्द्र उपलव्ध भएसम्म) सदस्य
७) प्रतिनिधि (अधिकृत स्तर) ने.उ.वा. संघको जिल्लास्थित प्रतिनिधि सदस्य
८) प्रतिनिधि घरेलु तथा साना उद्योग महासंघको सम्वन्धित जिल्लाको प्रतिनिधि सदस्य

**एकद्वार उप समिति (काठमाडौंको लागि)**

| | | |
|---|---|---|
| १. | महा निर्देशक घरेलु तथा साना उद्योग विभाग | संयोजक |
| २. | प्रतिनिधि कर विभाग | सदस्य |
| ३. | प्रतिनिधि भंसार विभाग | सदस्य |
| ४ | प्रतिनिधि मूल्य अभिवृद्धि कर विभाग | सदस्य |
| ५. | प्रतिनिधि पर्यटन तथा नागरिकउडड्यन मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि उद्योग विभाग | सदस्य |
| ७. | प्रतिनिधि नेपाल राष्ट्र बैंक | सदस्य |
| ८. | प्रतिनिधि नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | कानून अधिकृत घरेलु तथा साना उद्योग विभाग | सदस्य |
| १०. | प्रतिनिधि, घरेलु तथा साना उद्योग महासंघ, काठमाडौं | सदस्य |
| ११. | निर्देशक, घरेलु तथा साना उद्योग विभाग सदस्य | सचिव |

- उपर्युक्त अनुसारको उप समिति गठन गर्दा माथि उल्लेखित जिल्लाहरुमा उपरोक्त अनुसारको प्रतिनिधित्व गर्ने कार्यालयहरु भएमा मात्र उप समितिको सदस्यमा समावेश गरिने छ।
- उप समितिले आवश्यक देखेका बिषयमा सम्वन्धित निकायका विशेषज्ञ वा सम्वन्धित जिल्लाका घरेलु तथा साना उद्योग समितिका कार्यालयका प्रमुखलाई उप समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ।
- उप समितिको बैठक सामान्यतया कार्यवोझको आधारमा महिनाको एक पटक वस्ने छ।
- उप समितिको बैठक सम्वन्धि कार्यविधि एकद्वार समितिले निर्धारण गरे अनुसार हुनेछ।
- उप समितिको सचिवलायको कार्य उप समिति गठन भएको जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयले गर्ने छ। तर काठमाडौं उप-समितिको सचिवालयको कार्य घरेलु तथा साना उद्योग विभागले गर्ने छ।
- उप समितिले गरेको सबै निर्णयको जानकारी उद्योग विभाग र घरेलु तथा साना उद्योग विभागमा नियमित रुपमा पठाउनु पर्ने छ।
- नेपाल उद्योग वाणिज्य महासंघ र घरेलु तथा साना उद्योग महासंघबाट उप-समितिमा प्रतिनिधित्व गर्ने वारे उक्त महासंघहरुले प्रतिनिधि तोक्ने काम गर्नेछ।

ग) उप समितिको भौगोलिक कार्य क्षेत्र हाललाई देहाय बमोजिम हुनेछ।

१. झापा मेची अञ्चलका सवै जिल्ला
२. मोरंग सुनसरी बाहेक कोशी अञ्चलका सबै जिल्ला

३. सुनसरी सुनसरी जिल्ला
४. सप्तरी सिराहा जिल्ला वाहेक सगरमाथा अञ्चलका सबै जिल्ला
५. सिराहा सिराहा जिल्ला
६. धनुषा धनुषा सिन्धुली र रामेछाप जिल्ला
७. महोत्तरी महोत्तरी जिल्ला
८. सर्लाही सर्लाही जिल्ला
९. रौतहट रौतहट जिल्ला
१०. पर्सा पर्सा जिल्ला
११. बारा बारा जिल्ला
१२. मकवानपुर मकवानपुर जिल्ला
१३. चितवन चितवन जिल्ला
१४. काठमाडौं काठमाडौं ललितपुर भक्तपुर नुवाकोट धादिङ्ग र रसुवा जिल्ला
१५. काभ्रेपलान्चोक काभ्रेपलान्चोक सिन्धुपाल्चोक र दोलखा जिल्ला
१६. कास्की गण्डकी र धवलागिरी अञ्चलका सबै जिल्ला
१७. नवलपरासी नवलपरासी जिल्ला
१८. रुपन्देही रुपन्देही जिल्ला
१९. कपिलवस्तु कपिलवस्तु र अर्धाखाची जिल्ला
२०. पाल्पा पाल्पा र गुल्मी जिल्ला
२१. दाङ्ग राप्ती अञ्चलका सबै जिल्ला
२२. बांके वर्दिया वाहेक भेरी र कर्णाली अञ्चलका सबै जिल्ला
२३. वर्दिया वर्दिया जिल्ला
२४. कैलाली सेती अञ्चलका सबै जिल्ला
२५. कन्चनपुर महाकाली अञ्चलका सबै जिल्ला

**स्पष्टिकरण :–** कार्य क्षेत्र भन्नाले उद्योगको कारखाना भवन रहेको स्थानलाई जनाउने छ।

घ) एकद्वार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) औद्योगिक व्यवसाय ऐन अनुसार घरेलु तथा साना उद्योगले पाउने आयकर छुट सुविधा (औ.व्य.ऐन २०४९ को दफा १५ (ञ) बमोजिम र औ.व्य.ऐन २०३८ बमोजिम मूल्य अभिवृद्धिको आधारमा पाउने आयकर छुट वाहेक) उपलब्ध गराउन आवश्यक निर्णय गर्ने।

(२) उप समितिलाई निर्णयमा पुग्न अपठ्यारो भए त्यस्तो बिषयमा उप समितिले आफ्नो राय सहित मार्गदर्शनको लागि एकद्वार समितिमा पठाउन सक्ने छ।

(३) उप समितिले गरेको निर्णय सम्वन्धित निकायले कार्यान्वयन गर्नु पर्ने छ।

(ङ) आयकर छुट माग गर्ने कार्यविधि

(१) कुनै उद्योगले औद्योगिक व्यवसाय ऐन बमोजिम पाउने आयकर छुट सुविधा (पुनर्लगानी वा क्षमता विस्तार वा विविधिकरण वापत र मूल्य अभिवृद्धिको आधारमा पाउने आयकर छुट वाहेक) उपलब्ध

गर्न चाहेमा सम्वन्धित क्षेत्रको एकद्वार उप समितिको सचिवलायमा आवेदन गर्न सक्ने छ।

(२) उपदफा १ अनुसारको आवेदन दिंदा निम्न कागजातहरु संलग्न गर्नु पर्ने छ।

(क) कम्पनी दर्ता/ईजाजत पत्र र उद्योग दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

(ख) उद्योग संचालनमा आएको मिति प्रमाणित सक्कल पत्र

(ग) हालसम्मको उत्पादन/प्रगति विवरण

(घ) लेखा परिक्षण प्रतिवेदन (स्थिर सम्पत्तिको विवरण खुल्ने वासलात सहित)

(ङ) आयकर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

(च) आयात गरेको मेशिनरीहरुको प्रज्ञापन पत्रको प्रमाणित प्रतिलिपी

(३) उपदफा २ मा उल्लेखित कागजातका अतिरिक्त उप समितिको सचिवालयको अन्य आवश्यक कागजात तथा विवरणहरु समेत उद्योगसंग माग गर्न सक्नेछ।

(च) ड्यूटी ड्र्याक र मूल्य अभिवृद्धिको आधारमा पाउने छुटवारे पछि विचार गर्ने।

## ११.२ विदेशी जनशक्तिको लागि भिसा सुविधा

ऐनको दफा २२ अनुसार उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्ने व्यवस्था गरेको भए तापनि कुनै उद्योग विदेशी जनशक्ति विना सञ्चालन हुन नसक्ने तथा त्यस्तो व्यक्ति नेपाल भित्र उपलब्ध हुन नसक्ने प्राविधिक भएमा श्रम तथा रोजगार प्रवर्द्धन विभागको पूर्व स्वीकृति लिई शुरुमा बढीमा ५ वर्ष (अर्को ५ वर्ष थप गर्न सकिने को लागि विदेशी नागरिकनियुक्त गर्न सकिनेछ। यसरी कुनै उद्योगमा कार्यरत परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको देशको विदेशी नागरीकले प्राप्त गरेको तलब, भत्ता, मेहनताना आदि रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउने छ। उपर्युक्त बमोजिम घरेलु तथा साना उद्योगको लागि आवश्यक पर्ने विदेशी नागरीकलाई आवश्यक पर्ने भीसा सिफारिशको निमित्त सम्बन्धित उद्योगद्वारा विभागको सुविधा शाखामा निम्नानुसारको विवरण उपलब्ध गराउनु पर्नेछ।

१. उद्योगको लागि नेपाली कामदार उपलब्ध हुन नसक्नाको स्पष्ट कारण।

२. उद्योगमा विदेशी विशेषज्ञले गर्नु पर्ने कामको विवरण।

३. विदेशी विशेषज्ञको योग्यता र अनुभव।

४. उद्योग र विदेशी विशेषज्ञ बीच भएको सम्झौता पत्र।

# विविध

## १२. उत्पादन मिति, प्रगति विवरण र उद्योग निरीक्षण

उद्योग दर्ता हुँदैमा संचालन भएको मान्न नमिल्ने भएकोले उद्योगको शुरु उत्पादन मिति, प्रगति विवरण र उद्योगको निरीक्षण सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ।

## १२.१ परीक्षण उत्पादन र व्यापारिक उत्पादन

उद्योगको सञ्चालन मिति कायम गर्दा परीक्षण उत्पादन मिति र व्यापारिक उत्पादन मिति फरक भएमा स्थापित मेशिन औजार परीक्षण गरी व्यापारिक उत्पादन समेत शुरु गरेको अवस्थालाई व्यापारिक उत्पादन भएको मानि सोही मितिलाई नै सञ्चालन मिति कायम गर्नु पर्नेछ। तर शुरुमा मेशिनहरुबाट परीक्षण

उत्पादनसम्म गरी व्यापारिक उत्पादन नगरेको वा मेसिनरीलाई परीक्षण गर्दा टुटफुट हुन गै कार्य बन्द गर्नु परेकोमा व्यापारिक उत्पादन कार्य शुरु गरेको मितिलाई सञ्चालन मिति कायम गर्नु पर्नेछ।

### १२.२ प्रगति विवरण

सम्बन्धित उद्योगीबाट प्राप्त प्रगति विवरण सम्बन्धित कार्यालयहरुले समय समयमा विभागमा पठाएको विवरणको आधारमा समष्टिगत तथ्याङ्क निकाल्न सकिने हुँदा सम्बन्धित उद्योगले ऐनको दफा २३ बमोजिम विवरणहरु नियमित रुपमा पठाउनु पर्ने र कार्यालयले देहाय बमोजिमको प्रगति विवरण मासिक, चौमासिक अर्धवार्षिक, अष्ठमासिक तथा वार्षिक रुपमा पठाउनु पर्नेछ।

१. अनुसूची २७, २८ र २९ बमोजिम विवरण भरि नियमित रुपमा विभागमा पठाउनु पर्ने छ।

२. औ. व्य. ऐन बमोजिमका सुविधा तथा सहुलियतहरु प्राप्त गर्न निवेदन दिने उद्यमीहरुले उद्योगको उत्पादन स्थिति बारे वार्षिक प्रगति विवरण नियमित रुपमा पेश गरेको हुनु पर्नेछ।

### १२.३ उद्योग निरीक्षण

ऐन अनुसार अनुमति लिनु पर्ने उद्योगको हकमा पेश गरेको कार्य योजनामा उल्लेखित अवधि भित्र र अन्य उद्योगको हकमा दर्ता भएको ६ महिना भित्र उद्योग सञ्चालन गर्नु पर्ने शर्त उल्लेख हुने भएबाट सो अवधि भित्र उद्योग सञ्चालन गरी प्रगति विवरण अद्यावधिक रुपमा पेश भएको अवस्थामा आयकर छुट सिफारिश गर्ने प्रयोजनको लागि आवश्यकता हेरी उद्योग निरीक्षण गर्नु पर्नेछ। तर दर्ता मिति र सञ्चालन मिति विच धेरै अन्तर भएमा, उद्योगको यथार्थ अवस्था बारे अस्पष्टता भएमा, उद्योगले प्रयोग गरेको प्रविधि बारे जाँच गरिनु आवश्यक देखिएमा र अन्य कुनै उपयुक्त कारण भएमा वा आयकर सिफारिशको सन्दर्भमा आवश्यक भएमा अनुसूची २३ बमोजिमको उद्योग निरीक्षण फाराममा उद्योगको निरीक्षण गर्दा देखिएका विवरणहरु र उद्योग दर्ता गर्दा वा इजाजत दिंदा तोकिएका शर्तहरु पालना गरे नगरेको कुरा निरीक्षणकर्ताले स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

### १२.४ घरेलु तथा साना उद्योगलाई दिइने सुविधा सिफारिस प्रकृया

ऐन, नियम तथा अन्य प्रचलित आर्थिक ऐन कानून बमोजिम घरेलु तथा साना उद्योगहरुले पाउने मेशीनरी तथा कच्चा पदार्थमा पाउने भंसार, विक्रीकर तथा अन्य छुट तथा आयकर सुविधाका छुट पाउने भै त्यस्ता उद्योगहरुलाई सुविधा तथा सहुलियत उपलब्ध गराउनु पर्ने भएमा अनुसूची २४ बमोजिमका सम्बन्धित विवरणहरु अनिवार्य रुपमा संलग्न राखि विभागमा पठाउनु पर्नेछ।

### १२.५ चेक लिष्ट संलग्न गर्नु पर्ने

उद्योगको अनुमति प्रदान गर्ने, दर्ता गर्ने वा सुविधा सिफारिश गर्ने सम्बन्धी कारवाहीको निर्णय गर्दा अनुसूची २ वा २५ बमोजिमको ढाँचामा तयार पारिएको चेक लिष्ट फाइलमा संलग्न गरी राख्न लगाउनु पर्नेछ।

## १३. फर्मको खारेजी र दण्ड सजायः

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४, सोभ्रेदारी फर्म रजिष्ट्रेशन ऐन २०२० र औद्योगिक व्यवसाय ऐन, २०४९ विपरित कार्य गरेमा देहाय वमोजिम खारेजी र दण्ड सजाय गर्न सकिने छ।

## <u>१३.१ प्राइभेट फर्मको खारेजी</u>

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ७.ख अनुसार देहायको अवस्थामा विभागवाट प्राइभेट फर्म खारेज गर्न सकिनेछ।

(क) उद्योग, व्यवसाय सम्वन्धी प्राइभेट फर्मले तोकिएको अवधि भित्र नविकरण नगराएमा।

(ख) प्राइभेट फर्मको धनिले मुनासिव कारण दर्साई आफ्नो प्राइभेट फर्म खारेज गरी पांउ भनि विभागमा निवेदन दिएमा।

(ग) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत रजिष्टर्ड भएको कुनै प्राइभेट फर्म संग विभागले त्यस्तो प्राइभेट फर्मको हिसावको विवरण माग गर्दा सम्वन्धित प्राइभेट फर्मले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा।

(घ) उद्योग सम्वन्धित प्राइभेट फर्मले कार्य संचालन गरी विभागलाई जानकारी दिई वा नदिई उद्योग वन्द गरेमा।

(ङ) प्राइभेट फर्मले नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधि भित्र नविकरण नगराएमा वा नविकरण गराए पनि इजाजतको शर्त वमोजिम उद्योग स्थापना र संचालन गर्नकोलागि कारखाना निर्माण मेशिनरी औजार वा उपकरण खरीद वा उद्योग संचालनकोलागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण विभागमा नदिएमा।

(च) प्राइभेट फर्मले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र सो अन्तर्गत वनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा।

(छ) औद्योगिक व्यवसाय ऐन, २०४९ वा दफा २५ वमोजिम कसैले अनुमति लिनु पर्नेमा नलिदै उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा। माथि उल्लेखित खण्ड क, ग, घ, ङ, च, र छ वमोजिम विभागले प्राइभेट फर्म खारेज गर्नु अघी सम्वन्धित प्राइभेट फर्मलाई सफाइको सवुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ।

## <u>१३.२ साझेदारी फर्मको खारेजी।</u>

साझदारी फर्म रजिष्ट्रेशन ऐन २०२० को दफा ११ ख. वमोजिम देहायको अवस्थामा सो ऐन अन्तर्गत दर्ता भएको साभेदारी फर्म खारेज गर्न सकिनेछ।

(क) तोकिएको अवधि भित्र नविकरण नगराएमा।

(ख) साझेदारीहरुले मुनासिव कारण दर्साई फर्म खारेज गरी पाउं भनि विभागमा निवेदन दिएमा।

(ग) साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० अन्तर्गत दर्ता भएको कुनै फर्म संग विभागले त्यस्तो फर्मको हिसाबको विवरण माँग गर्दा सम्बन्धित फर्मले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा।

(घ) उद्योग सम्वन्धी साझेदारी फर्मले कार्य संचालन गरी विभागलाई जानकारी दिई वा, नदिई उद्योग वन्द गरेमा।

(ङ) उद्योग सम्वन्धि साझेदारी फर्मले नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधि भित्र नविकरण नगराएमा वा नविकरण गराएर पनि इजाजतको शर्त अनुसार उद्योग स्थापना र संचालन गर्नकोलागि कारखाना निर्माण, मेशिनरि औजार, उपकरणको खरीद वा उद्योग संचालनकोलागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण विभागमा नदिएमा।

(च) फर्मले साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० र सो ऐन अन्तर्गत वनेको नियमको विपरित हुने गरी

अन्य कुनै काम गरेमा वा।

(छ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ वमोजिम कसैले अनुमित लिनु पर्नेमा नलिई उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा।

माथि उल्लेखित खण्ड क, ग, घ, ङ र च वमोजिम विभागले फर्म खारेज गर्नु अघि सम्वन्धित फर्मलाई सफाइको सवुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ।

## १३.३ कम्पनि ऐन अन्तर्गत दर्ता भएको उद्योगको खारेजी।

कम्पनि ऐन, २०६३ अन्तर्गत दर्ता हुने उद्योगको हकमा कम्पनिको प्रशासन गर्ने कार्य कम्पनि रजिष्ट्रारको कार्यालयको भएको हुंदा कम्पनिको खारेजी र लिक्वीडेसन सम्वन्धी कार्य विभागवाट नहुने र कम्पनी दर्ता भै सके पछि कम्पनिको नाममा उद्योग दर्ता हुने भएकोले कम्पनीको नाममा औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार दर्ता भएको उद्योग भएकोले देहायको अवस्थामा कम्पनीको नाममा दर्ता भएको उद्योग खारेज गर्न सकिने छ।

(क) कम्पनीको तर्फवाट मुनासिव कारण दर्शाई आफ्नो उद्योग खारेज गरी पाउ भनि विभागमा निवेदन दिएमा।

(ख) कुनै कम्पनी संग विभागले त्यस्तो कम्पनिको हिसावको विवरण माग गर्दा सम्वन्धित उद्योगले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा।

(ग) त्यस्तो कम्पनीले कार्य संचालन गरी विभागलाई जानकारी दिई वा नदिई उद्योग वन्द गरेमा। (घ) अनुमति पत्र वा उद्योग दर्ता प्रमाण पत्रमा उल्लेखित शर्त पालना नगरेमा।

(घ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ वमोजिम कसैले अनुमति लिनु पर्नेमा नलिई उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा।

(ङ) माथि उल्लेख भए वमोजिम उद्योग खारेज गर्नु अघि सम्वन्धित कम्पनिलाई सफाइको सवुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ।

## १४. प्राइभेट फर्म र साझेदारी फर्म दर्ता गर्न नपाइने

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ७ ख. को उपदफा ३. र साझेदारि फर्म रजिष्ट्रेशन ऐन, २०२० को दफा ११ ख. को उपदफा ३ वमोजिम फर्म खारेज भएको मितिले एक वर्ष सम्म फर्म खारेज भएको फर्मको धनिको वा साझेदारको नाममा सोहि उद्देश्यवाट अर्को फर्म दर्ता गरिने छैन।

## १५. फर्म र उद्योग खारेजी प्रकृया

१) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२० र औद्योगिक व्यवसाय ऐन २०४९ अनुसार दर्ता भएका घरेलु तथा साना उद्योगहरु तोकी ए बमोजिम नवीकरण नगराएमा (कम्पनी ऐन अन्तर्गत दर्ता भएका बाहेक), विभाग वा सम्बन्धित कार्यालयले माग गरेको विवरण पेश नगरेमा, कुनै कुरा ढाँटी उद्योग दर्ता गरेको ठहरिएमा, अनुमति वा दर्ताको शर्तहरु पालना नगरेमा र सम्बन्धित विभागलाई जानकारी नदिई उद्योग बन्द गरेमा त्यस्तो उद्योगलाई खारेज गर्न सकिने हुँदा खारेज गर्नु पूर्व सम्बन्धित व्यक्तिलाई मनासिब माफिकको सफाई पेश गर्ने मौका दिइ खारेज समेत गर्न बाञ्छनीय देखिएमा सम्बन्धित कार्यालयले आवश्यक राय र पुष्ट्याइ सहित खारेजी सम्बन्धी निर्णयको लागि विभागमा लेखी पठाउनु पर्नेछ। तर लगातार पाँच वर्ष सम्म उद्योग नविकरण नगराएमा कानून वमोजिम उद्योगको खारेजी हुनेछ।

२) प्राइभेट फर्मका मालिक वा साझेदारले मनासिब कारण दर्शाइ आफ्नो फर्म/उद्योग खारेज गरी पाउँ भनि निवेदन दिएमा सम्बन्धित कार्यालयले मनासिव कारण भएमा आवश्यक प्रकृया पूरा गरी त्यस्तो फर्म/उद्योग खारेज गरी सोको जानकारी विभागमा पठाउनु पर्नेछ। यस प्रकार फर्म खारेज गर्दा साझेदारी वा प्राइभेट फर्मको हकमा सम्बन्धित उद्योगीको सनाखत गराउनुका साथै अद्यावधिक रुपमा उद्योग नवीकरण समेत गराउनु पर्नेछ।

३) अनुमति लिनु पर्नेमा नलिई उद्योग स्थापना गर्ने, अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरु पालना नगर्ने, झुट्टा विवरण पेश गर्ने र माग गरीएको विवरण पेश नगर्ने उद्योगहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ८, साझेदारी ऐन, २०२० को दफा ४१ र औद्योगिक ब्यावसाय ऐनको दफा २५ अनुसार दण्ड सजायँ गर्नु परेमा आवश्यक पुष्ट्याई सहित निर्णयको लागि विभागमा पठाउनु पर्नेछ।

४) कसैले औ.व्य. ऐन बमोजिम अनुमति लिनु पर्नेमा अनुमति नलिई उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा वा यस ऐनको अरु कुनै कुरा उल्लंघन गरेमा नेपाल सरकार ले देहाय बमोजिमको सजाय गर्नेछ :–

क. पाँच लाख रुपैंयासम्म जरिवाना गर्ने,

ख. उद्योगको दर्ता वा अनुमति खारेज गर्ने,

ग. उद्योग बन्द गराउने।

५) उपदफा (१) अन्तर्गत कारवाही गर्नु अघि सो विषयमा सम्वन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्न वा आफूले गरेको भूल सुधार गर्ने मुनासिव माफिकको मौका दिईनेछ।

६) उपदफा (१) अन्तर्गत नेपाल सरकार ले गरेको निर्णय उपर चित्त नबुझेमा उद्योगले त्यसको सूचना पाएको पैंतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

## १६. घरेलु तथा साना उद्योग कार्यालयलाई उद्योग प्रशासन सम्बन्धी अधिकार प्रत्यायोजन

ऐन अनुसार घरेलु तथा साना उद्योग प्रशासन सम्बन्धमा विभागबाट गरिर्नु पर्ने कार्यहरु मध्ये निम्नानुसारका कार्यहरु उक्त ऐनको दफा १० को उपदफा (४) र सोही ऐनको दफा २६ (२) बमोजिम सम्बन्धित कार्यालयहरुबाट सम्पादन गर्ने गरी विभागले निम्नानुसारको अधिकार प्रत्यायोजन गरेकोले प्रचलित कानून र प्रत्यायोजित अधिकार भित्र रहीकार्य सम्पादन गर्नु पर्नेछ।

१) अनुमति लिन पर्ने तथा IEE वा EIA गर्न नपर्ने घरेलु तथा साना उद्योगहरुको हकमा समय समयमा तोकी दिएको पूँजी सीमासम्म स्थिर पूँजी लगानी हुने उद्योगहरुको दर्ता, नवीकरण एवं तत्सम्बन्धी अन्य कार्यहरु (पूँजी एवम् क्षमता बृद्धि, नामसारी, ठाउँसारी आदि) गर्न सक्नेछ । अधिकार प्रत्यायोजन भएको स्थिर पूँजीको सीमा भन्दा बढी स्थिर पूँजी लगानी हुने उद्योग दर्ताको लागि सिफारिश साथ विभागमा पठाउनु पर्नेछ । तर वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची (१) र (२) बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE ) वा वातावणीय प्रभाव मूल्याङ्कन (EIA) गराउनु पर्ने उद्योगहरुको दर्ता गर्ने सम्बन्धमा विभागमा पठाउनु पर्नेछ।

२) औं.व्य. ऐन, २०४९ अनुसार दर्ता गर्नु अघि इजाजत (अनुमति) लिनु पर्ने र वातावरण संरक्षण नियमावली, २०५४ (प्रथम संशोधन, २०५५।१२।२२) को अनुसूचि १ र २ मा उल्लेखित IEE र EIA स्विकृत गराउनुपर्ने प्रस्ताव वाहेक अन्य उद्योगको हकमा घरेलु तथा साना उद्योग विभाग अन्तरगतका कार्यालयहरुले स्थिरपूंजी (रु. ३,००,००,०००।–) रु. तिन करोडसम्म लगानि हुने घरेलु तथा साना उद्योग दर्ता, नामसारी,

ठाउंसारी गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरीएको छ । (घरेलु तथा साना उद्योग बिभागको मिति २०७१/०९/१८ च.नं. ५५५ को अधिकार प्रत्योजित पत्र र मिति २०७२/०३/०७ च.नं. १९९६ लगायतका पत्रहरुवाट अधिकार प्रत्यायेजन गरिएको ।)

३) अधिकार प्रत्यायोजन भएको पूँजीमा उल्लेखित सीमा भन्दा बढी स्थिर पूँजी भएका उद्योगहरुको दर्ता, पूँजी एवं क्षमता बृद्धि र ठाउँसारी सम्बन्धमा आवश्यक सम्पूर्ण प्रारम्भिक कार्य गरी विभागमा पठाउनु पर्नेछ। तर यस्ता उद्योगहरुको नविकरण तथा नामसारी भने जिल्ला स्तरबाटै गर्नुपर्नेछ।

४) अनुमति लिनु पर्ने घरेलु तथा साना उद्योगहरु मध्ये जिल्ला स्तरबाटै इजाजत प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन भैसकेको बाहेक घरेलु तथा साना उद्योगहरुको स्थापना, विस्तार एवम् विविधिकरण गर्नको लागि त्यस्ता उद्योगहरुको अनुमतिको लागि तोकिएको ढाँचामा आवश्यक सबै विवरणहरु संलग्न राखि विभागमा पठाउनु पर्नेछ।

५) घरेलु तथा साना उद्योगहरुले कानून बमोजिम पाउने सुविधा तथा सहुलियत उपलब्ध गराउने सम्बन्धमा काठमाडौ उप-समितिको हकमा सम्वन्धित कार्यालयहरू (काठमाडौ, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र रसुवा) ले आवश्यक सबै विवरण सहित घरेलु उद्योगको हकमा विभागको सुविधा शाखामा अन्य कार्यालयहरुको हकमा सम्वन्धित एकद्वार उप समितिमा पठाउनु पर्नेछ।

६) उद्योगको अनुमति, दर्ता एवं सुविधा सिफारिश आदि सम्बन्धमा केन्द्रीय स्तरमा विभागद्वारा अद्यावधिक अभिलेख राख्नको लागि तोकीए बमोजिमको ढाँचामा विवरणहरु नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

७) प्रत्योजित अधिकार बमोजिम उद्योग प्रशासन सम्बन्धी कार्यहरु तोकिएको समय भित्र सम्पादन गराउनु पर्नेछ।

८) औद्योगिक प्रवर्द्धन बोर्डले समय समयमा गरेका निर्णयहरू समय समयमा छुट्टाछुट्टै परिपत्रद्वारा जानकारी गराइने छ र तत्सम्वन्धमा परिपत्रमा उल्लेख भए अनुसार कार्यान्वयन गर्नुपर्ने छ।

## १७. खारेजी र बचाउ :

१. घरेलु तथा साना उद्योग विभागवाट जारी कार्यविधि दिग्दर्शन, २०६५ र २०६८ खारेज गरिएको छ।

२. घरेलु तथा साना उद्योग विभागवाट जारी कार्यविधि दिग्दर्शन, २०६५ र २०६८ वमोजिम भए गरेका काम कारवाहीहरु यसै दिग्दर्शन वमोजिम भए गरेको मानिनेछ।

३. अन्य परिपत्रवाट अधिकार प्रत्यायेजन गरिएका यसमा उल्लेख नभएका उद्योग प्रशासन लगाएतका कार्यहरु अर्को व्यवस्था नभएसम्मका लागि साविकै व्यवस्था अनुसार सुचारु रुपमा कार्यान्वयन गर्नु पर्नेछ।

**मिति २०६७/९/११ को विभागीय परिपत्रमा निम्न व्यवस्था रहेको छ ।**

उद्योगको स्थापना, विविधिकरण, एवं विस्तार गर्दा वातावरण संरक्षण ऐन, २०५३ एवं नियमावली (संसोधन सहित), २०५४ अनुसार स्थिर पूँजी रु. ५ (पाँच) लाखसम्म र दैनिक ५०० (पाँच सय) लिटरसम्म कच्चा पदार्थको रुपमा दुध प्रयोग हुने दुग्ध प्रशोधन उद्योग, रु. ५ (पाँच) लाखसम्म मिल मेशिनरी उपकरण प्रयोग हुने (दुई पांग्रे बाहेकका) अटो वर्कशप, र स्थिर पूँजी रु. ७५ (पचहत्तर) लाखसम्म हुने फोटो प्रोसेसिंग उद्योग, ईटा उद्योग (पुरानो प्रविधिको, क्रसर उद्योग, र प्लाष्टिक उद्योगको प्रत्यायोजित पूँजीगत सीमा भित्र पर्ने भएमा घरेलु तथा साना उद्योग विभाग र विकास समितिका ७५ वटै जिल्ला कार्यालयले IEE गर्न सक्ने गरी घरेलु तथा साना उद्योग कार्यालय वा विकास समितिका कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयका अधिकृत, जिल्ला स्थित प्राविधिक अधिकृत समेत रहने गरी प्रत्येक जिल्लामा IEE समिति गठन गरी (कार्यविधि दिग्दर्शन, २०७१ को ९.१.३.२) माथि उल्लेख भए बमोजिमका उद्योगहरुबाट पेश हुन आएका IEE प्रस्तावहरु स्वीकृत गर्ने गरी अधिकार प्रत्यायोजन गरी सकिएको छ ।

सो प्रत्यायोजित अधिकारको प्रयोग हुँदै जाँदा पुरानो प्रविधिका ईटा उद्योगहरुको मात्र IEE स्वीकृत गर्ने अधिकार रहेकोमा Fixed Chimney तथा Tunnel Kiln जस्ता आधुनिक प्रविधिका ईटा उद्योगहरुको पनि IEE स्वीकृत गरेको पाइएको, दर्जा नपुगेको कार्यालय प्रमुख संयोजक भई, वा विषयको सामान्य जानकारी नै नहुने पदका कर्मचारीलाई पनि समितिका सदस्यहरुको रुपमा मान्यता दिई उक्त समितिबाट IEE को निर्णय गर्ने गरिएको अवस्था हाल श्रृजना हुन गएको देखियो ।

यसबाट वातावरण संरक्षण नियमावलीको उद्देश्य पुरा गर्न/गराउन, मा. मन्त्रिस्तरीय निर्णय (२०६४।२।३१) को अक्षरशः पालना गर्न/गराउन, तथा संलग्न निकाय र पदाधिकारीलाई वातावरण प्रति संवेदनशिल गराउनका लागि अब उप्रान्त निम्नानुसार गर्ने/गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१. Fixed Chimney र Tunnel Kiln जस्ता नविन प्रविधिमा आधारित ईटा उद्योगहरुको IEE प्रतिवेदन (वातावरण संरक्षण नियमावलीको प्रकृया पूरा गरी) स्वीकृतिका लागि विभागमा नै पठाउनु हुनेछ र विभागबाट स्वीकृति प्राप्त भएपछि मात्र प्रस्ताव कार्यान्वयनमा लैजानु हुनेछ ।

२. जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय तथा समिति अन्तर्गतका कार्यालयहरुमा स्वीकृत दरबन्दी संरचना अनुसारको कार्यालय प्रमुखको दरबन्दी रिक्त रहेको वा अन्य कुनै कारणले उपस्थित नरहेको वा उपस्थित हुन नसक्ने अवस्था रहेको समयमा जति सुकै पूँजी कायम गरेको भए पनि IEE गर्नुपर्ने सबै उद्योगहरुको IEE प्रतिवेदन (वातावरण संरक्षण नियमावलीको प्रकृया पूरा गरी) स्वीकृतिका लागि विभागमा नै पठाउनु हुनेछ र विभागबाट स्वीकृति प्राप्त भए पछि मात्र प्रस्ताव कार्यान्वयनमा लैजानु हुनेछ ।

३. जिल्ला स्थित IEE समितिमा प्रतिनिधित्व गर्ने अन्य निकायका प्रतिनिधि तोकिए बमोजिमकै पदाधिकारी हुनु पर्नेछ । कारणवश उपस्थित हुन नसकेमा सोको स्पष्ट कारण खुलाउन लगाई उपस्थित पदाधिकारीले सही गर्नु पर्नेछ । यसो गर्दा समितिमा तोकिए बमोजिमको पदको विषयको कर्मचारी उपस्थित भए पुग्नेछ ।

यसरी एकतह मुनीको कर्मचारी उपस्थित हुन नसक्ने परिस्थितिमा IEE प्रतिवेदन (वातावरण संरक्षण नियमावलीको प्रकृया पूरा गरी) स्वीकृतिका लागि विभागमा नै पठाउनु हुनेछ र विभागबाट स्वीकृति प्राप्त भए पछि मात्र प्रस्ताव कार्यान्वयनमा लैजानु हुनेछ ।

४. कार्यविधि दिग्दर्शन, २०६५ र २०६८ मा व्यवस्था भएको तथा अन्य परिपत्रबाट प्रत्यायोजन गरिएका यस पत्रमा उल्लेख नभएका उद्योग प्रशासन सम्बन्धी अधिकारहरु अर्को व्यवस्था नभएसम्मका लागि साविककै व्यवस्था अनुसार सुचारु रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

# अनूसूचीहरू

# दरखास्त फाराम 'क'
## (साना उद्योगको इजाजतको लागि)

**श्री महानिर्देशकज्यू,**
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल।

**महोदय,**

निम्न बमोजिमको उद्योग स्थापना गर्ने ईच्छा भएकोले दरखास्त पेश गरेको छु / गरेका छौं। मैले / हामीले पेश गरेको निम्न लिखित व्यहोरा मैले / हामीले जाने बुझेसम्म ठीक दुरुस्त छ।

१. उद्योगको किसिम :- साना।

२. उद्योगको वर्ग :- उत्पादनमूलक/सेवा/कृषि तथा बनजन्य/पर्यटन/उर्जा/खनिज/निर्माण

३. उद्योग रहने स्थान :- (क) अञ्चल :-
(ख) जिल्ला :-
(ग) नगर/गा.वि.स. :-
(घ) वार्ड नं. :-

४. निवेदक (हरु) को :- (क) नाम :-
(ख) स्थायी ठेगाना :-
(ग) फोन नं. :-
(घ) नागरीकता :-
(ङ) नागरीकता प्रमाणपत्रको नम्बर :-
(च) नागरीकता प्राप्त गरेको जिल्ला :-
(छ) नागरीकता प्रमाणपत्र लिएको मिति :-

५. उद्देश्य

| उत्पादन/सेवाको पूर्ण विवरण | वार्षिक क्षमता | मूल्य (value) | खपत | |
|---|---|---|---|---|
| | | | खपत हुने देश | अनुमानित प्रतिशत |
| | | | | |

(क) शिफ्ट संख्या :-
(ख) शिफ्ट समय :- ........... बजे देखि ......... बजे सम्म
(ग) बाईप्रडक्टस् (By-products) कुनै भए त्यसको विवरण र सो को उपयोग :-

६. पूँजी विवरण :-
- (क) स्थिर पूँजी :- रु. ...........
- (ख) चालु पूँजी :-
- (ग) कूल पूंजी :–

७. लगानीको श्रोत :- स्वलगानी -
ऋण लगानी -

८. विदेशी प्राविधिक सहयोग प्राप्त हुने भए त्यस सम्बन्धी भएको लेखापढी वा सम्झौताको विवरण।

................................................ ................................................ ................................................

................................................ ................................................ ................................................

९. कच्चामाल (मुख्य तथा सहायक)

| पूर्ण विवरण | वार्षिक चाहिने परिमाण | कच्चा मालको मूल्य | श्रोत | | |
|---|---|---|---|---|---|
| | | | नेपाल | भारत | अन्य देश |
| | | | | | |

१०. मेशिन :-

| पूर्ण विवरण | संख्या | मोल | श्रोत | | |
|---|---|---|---|---|---|
| | | | नेपाल | भारत | अन्य देश |
| | | | | | |

११. मेशिनरीको लागि आवश्यक परिवर्त्य विदेशी मुद्रा :-

१२. कर्मचारी, मजदुर

| | **कर्मचारी** | **स्वदेशी** | **विदेशी** | **जम्मा** |
|---|---|---|---|---|
| क) | प्राविधिक | | | |
| ख) | प्रशासनिक | | | |
| | **मजदुर** | | | |
| क) | दक्ष | | | |
| ख) | अर्धदक्ष | | | |
| ग) | अदक्ष | | | |
| | | कूल | | |

१३. उद्योगको लागि आवश्यक पर्ने जमिनको क्षेत्रफल र विवरण :-

१४. आवासीय क्षेत्रबाट उद्योग स्थल ............................ किलोमीटर .......... मीटर टाढा पर्छ।

१५. नजिकै कुनै उद्योग छ कि ? छ भने कुन उद्योग ? कति पर छ (खुलाउने ?

१६. स्कूल, हस्पिटल, साँस्कृतिक, प्राकृतिक तथा धार्मिक सम्पदा नजिकै भए कति दूरीमा छ ?

१७. क) पानीको श्रोत र आवश्यक परिमाण :-

ख) इन्धन/विद्युत्को श्रोत र आवश्यक परिमाण :-

१८. सार्वजनिक ढल निकास छ/छैन ?

१९. उद्योगबाट हुने प्रदुषण सम्बन्धी स्तर र विवरण :-

(क) खेर जानी पानी (Waste Water Effluent), परिमाण (दैनिक)

(ख) खेर जाने ठोस पदार्थ (Solid Waste), परिमाण (दैनिक)

(ग) वायु प्रदुषण

२०. प्रदुषण र रोकथाम गर्ने उपायको विस्तृत विवरण :-

(क) खेर जाने पानीको उपचार (Treatment), कसरी गर्ने हो खुलाउने।

(ख) उपचार पछिको पानी (Treated Water) कहाँ कसरी छोड्ने ?

(ग) इफ्युएण्टको गुणस्तर ने. गु. २२९ भित्र हुने / नहुने ?

(घ) सोलिड वेष्ट डिस्पोजल कहाँ कसरी गर्ने ?

(ङ) वायु प्रदुषणको रोकथाम कसरी गर्ने ?

(१) चिम्नी हुने भए उचाई :-

(२) वायु प्रदुषण नियन्त्रण गर्ने कुनै उपकरणहरु प्रयोग गरिने भए सो को विवरण :-

(च) प्रयोग हुने रासायनिक पदार्थहरुको विवरण :-

(छ) हानिकारक (Hazardous) रसायनहरुको परिचालन गर्ने विधि :-

(ज) प्रदुषण रोकथाम गर्ने आन्तरिक उपायहरु अवलम्बन गर्ने बारेको विवरण :-

(१) पुःन प्रयोग (Re–cycling)

(२) वाई प्रडक्ट (By-Product) को पुनः प्रयोग

(झ) उर्जा श्रोत :-

२१. यस दरखास्तमा लेखिएको सबै कुराहरु सत्य हुन कुनै कुरा झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

**शर्तहरु पालना बारे :-**

१. साँध सधियार र छर छिमेकलाई वाधा नपुऱ्याइ उद्योग सञ्चालन गर्नेछु।

२. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन।

३. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको वखत उपलब्ध गराउने छु।

४. उद्योग दर्ता गर्दा किटान गरीएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु।

५. उद्योग दर्ता गर्दा किटान गरीएको उद्देश्य विपरीत काम गर्ने छैन।

६. अन्य निकायबाट समेत अनुमति लिनु पर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु।

७. अनुमति पत्रमा उल्लेख भएका शर्तहरु पालना गर्नेछु।

पूरा ठेगाना :- ..............................................

भवदीय

.............................................. (दरखास्तवालाको सहिछाप)

दरखास्तवालाको नाम :-

मिति :-

फोन नं. :- फ्याक्स नं. :-

**<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>**

क) स्कीम।

ख) निवेदकको नागरीकताको प्रमाणित प्रतिलिपि।

ग) IEE/EIA प्रतिवेदन।

घ) साझेदारी फर्म भए साझेदारी कबुलियतनामा।

ङ) प्रा. लि. / प. लि. भए प्रबन्ध पत्र, नियमावली, कम्पनी दर्ता प्रमाण पत्र समेतको प्रतिलिपि।

## (ख) अनुमति (ईजाजत) सम्वन्धि चेकलिष्ट (Check-list)

| सि.नं. | विवरण | नतिजा (Outcome) छ | छैन | आवश्यक नभएको |
|---|---|---|---|---|
| १. | नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी | | | |
| २. | कम्पनीको हकमा कम्पनी सम्वन्धित कागजात जस्तै प्रमाणपत्र, नियमावली, प्रवन्धपत्र र सो साथ दिने पत्र | | | |
| ३. | उद्योगको ईजाजत (क) फारम रितपूर्वक भरेको | | | |
| ४. | स्कीम | | | |
| ५. | घनावस्ती/वन/अन्य संवेदनशिल क्षेत्रबाटको दूरी " | | | |
| ६. | निषेधित क्षेत्र भए नभएको उद्योग न.पा./गा.वि.स. क्षेत्रमा राख्ने पाईने हो, होइन | | | |
| ७. | कार्ययोजना पेश गरेको | | | |
| ८. | IEE /EIA प्रतिवेदन पेश गरे नगरेको | | | |
| ९. | IEE /EIA प्रतिवेदन बनाउनेको योग्यता सहितको बायोडाटा | | | |
| १०. | न.पा./गा.वि.स.को सिफारिस सहितको चौतर्फी संधियारको सहमति पत्र | | | |

# स्कीमको नमूना

**<u>परियोजनाको झलक</u>**

१. परियोजनाको नाम :-

२. ठेगाना :-

३. उत्पादन क्षमता :-

४. उत्पादन हुने वस्तु :-

५. वार्षिक काम गर्ने समय :- (दैनिक.... घण्टा, वार्षिक ...... दिन)

६. कूल पूंजी लगानी :- रु.

(क) स्थिर पूँजी रु....

(ख) चालु पूँजी रु.

(ग) कूल पूंजी रु.

७. वित्तीय संस्थाबाट ऋण सहयोग

(क) स्थिर पूँजीमा रु.

(ख) चालु पूँजीमा रु.

८. लगानीको प्रतिफल :-

(क) कूल पूँजी लगानीमा ............ प्रतिशत

(ख) स्वलागत इक्विटीमा ............ प्रतिशत

९. पारविन्दु (ब्रेक इभन प्वाइन्ट)

(क) प्रतिशतमा

(ख) मूल्यमा

१०. रोजगारी

(क) प्रत्यक्ष रोजगारी

(ख) अप्रत्यक्ष रोजगारी

११. ग्रस मुनाफा रु.

(क) वार्षिक उत्पादन विक्रीबाट रु.

(ख) वार्षिक उत्पादन खर्च रु.

१२. मूल्य अभिबृद्धि

**स्कीमको विवरण**

**<u>स्थिर पूँजी</u>**

१. जग्गा क्षेत्रफल (रोपनी, व. फि. वा वर्गमीटरमा) प्रचलित दर

२. निर्माण

(क) कारखाना घर,

क्षेत्रफल, निर्माणको किसिम, रुफिङको किसिम

(ख) कार्यालय घर

क्षेत्रफल, निर्माणको किसिम, रुफिङको किसिम

(ग) गोदाम

क्षेत्रफल, निर्माणको किसिम, रुफिङको किसिम

(घ) ढल, पर्खाल, चुल्हो भट्टी आदि

(ङ) क, ख, ग, मा विद्युतीकरण आवश्यकता अनुसार

(निर्माणको ५ प्रतिशत थप)

घर र जग्गाको स्थिर पूँजी रु. .......

३. मेशीनरी, प्लाण्ट, औजार उपकरण :-

(भंसार, कर, लागत बमोजिम र ढुवानी, जडान तथा विद्युतीकरण उद्योग स्थापना हुने स्थान र किसिम अनुसार बढीमा ८ प्रतिशत)

क) ख) ग) घ)

४. फर्निचर तथा फिक्स्चर

५. उद्योगमा लगानी गर्नु अघिको खर्च

(कूल पूँजी लगानीको अनुपातमा र १ प्र. श. नबढ्ने गरी व्यवहारिक खर्च मात्र)

६. उद्योग सञ्चालन हुन अघिको खर्च :-

(वार्षिक उत्पादन खर्चको अनुपातमा १ प्र. श. मा नबढ्ने गरी व्यवहारिक खर्च मात्र)

कूल स्थिर पूँजी (Total Fixed Capital) रु. .....................

**चालु पूँजी**

१. कच्चामाल मौज्दात (प्रोजेक्टको प्रकृति अनुसार व्यवहारिक हुनु पर्ने )

दिन ................

२. प्रशोधनमा लाग्ने समय (कूल वार्षिक उत्पादन खर्चमा ह्रास कट्टी रकम र व्याज बाहेक)

दिन ...............

३. तयारी सामान मौज्दात (कूल वार्षिक उत्पादन खर्चमा ह्रास कट्टी रकम र व्याज बाहेक)

दिन ...............

४. उधारोमा रहने अवधि (कूल वार्षिक उत्पादन खर्चमा ह्रास कट्टी रकम र व्याज बाहेक)

दिन ...............

कूल चालु पूँजी (Total Working Capital)

कूल पूँजी लगानी (Total Investment)

(क) कूल स्थिर पूँजी :-

(ख) कूल चालु पूँजी :-

**वार्षिक उत्पादन खर्च (पूर्ण विवरण)**

१. ह्रास कट्टी

(क) कारखाना र अन्य निर्माण ५ प्र. श.

(ख) मेशिनरी, प्लान्ट औजार, उपकरण १० प्र.श.

(ग) फर्निचर तथा फिक्स्चर, भेइकल २० प्र.श.

२. बीमा (स्थिर पूँजीमा जग्गाको रकम बाहेक) १ प्रतिशत

३. ब्याज [दीर्घकालीन ऋण (स्थिर पूँजीको ७५ प्र.श. मा) रु. .......... को १६ प्र. श. ले]

४. व्यवस्थापन कर्मचारी तथा अन्य अप्रत्यक्ष जनशक्ति

(क)

(ख)

(ग)

५. कार्यालय तथा अन्य खर्च

(अफिस सामान, मसलन्द, छपाई, तार टिकट, महसुल दस्तुर, विज्ञापन, सभा समारोह, जलपान, भ्रमण तथा दैनिक भत्ता समेत संभार भवनको मात्र र अन्य व्यवस्थापन खर्च मात्र)

६. लेखापरीक्षण

(उद्योगको किसिम हेरी व्यवहारिक पारिश्रमिक)

कूल स्थिर खर्च (Total Fixed Cost)

७. कच्चामाल

(क)

(ख)

(ग)

८. कामदार, प्रत्यक्ष जनशक्ति

(न्यूनतम पारिश्रमिक तथा ज्यालामा नघटाई

(क)

(ख)

(ग)

९. उत्पादन तथा अन्य खर्च (विद्युत, इन्धन, पानी, मेशिनरी मर्मत संभार वर्ष दिन भित्र खर्च हुने सामान र अन्य उत्पादन खर्च

१०. ब्याज [अल्पकालीन ऋण (चालु पूँजीको ५० प्र.श. मा) रु............. को प्र. श. ले]

कूल चल खर्च (Total Variable Cost)

कूल वार्षिक खर्च रु.

आम्दानी (उत्पादन तथा विक्री वितरण फैक्ट्री मूल्यमा)

ग्रस मुनाफा रु. ............................

(क) वार्षिक आम्दानी रु. ..............

(ख) वार्षिक उत्पादन खर्च रु. ..............

लगानीको प्रतिफल

कूल पूँजीको लगानीको प्रतिशत

स्वलागतको (Equity) प्रतिशत

**निवेकको नाम** :

**दस्तखत** :

**ठेगाना** :

**मिति** :

**अनुसूची ४**

उद्योगको अनुमति पत्र

**नेपाल सरकार**

# घरेलु तथा साना उद्योग विभाग

## (दर्ता र इजाजत शाखा)

मिति :-

**विषय :- ............................................................. उद्योगको अनुमति पत्र ।**

श्री ..............................................

उपर्युक्त सम्बन्धमा तपाईले .......................... मा ................................. उद्योग स्थापनार्थ अनुमति प्राप्तिको लागि पेश गर्नु भएको दरखास्त पेश हुँदा अनुमति प्रदान गर्ने निर्णयानुसार यो अनुमति पत्र प्रदान गरीएको छ। निम्न लिखित शर्तहरु अनिवार्य रुपमा पालना नभएमा जुनसुकै बखत पनि अनुमति खारेज गर्न सकिने छ।

**शर्तहरु**

१) उद्योगको किसिम :-

२) उद्योगको वर्ग :-

३) स्थिर पूँजी :- रु. ....

चालु पूँजी रु ...........

४) उद्योग रहने स्थान :- जिल्ला................................. गा. वि. स. ⁄ न. पा. .............. अञ्चल ....................

५) उद्योगको उद्देश्य र वार्षिक उत्पादन क्षमता :- शिफ्टको आधारमा

उत्पादन गरिने सामान ⁄ परिमाण

१.

२.

६) स्वीकृत शिफ्ट संख्या :-

७) आवश्यक विद्युत शक्ति :-

८) आवश्यक पर्ने कोरा माल :- वार्षिक परिमाण

९) अनुमति पत्र पाएको ३५ दिन भित्र प्रचलित कानून बमोजिम उद्योग दर्ता गर्न आवेदन गर्नु पर्नेछ।

१०) उद्योगका सबै कामदार र कर्मचारीहरु नेपाली नागरिक हुनु पर्नेछ, तर दक्ष कामदार र व्यवस्थापकका पदका लागि नेपाली कर्मचारी नपाई तालिम दिएर दक्ष जनशक्ति तयार गर्न आवश्यक परे श्रम विभागको अनुमति लिएर उक्त विभागले तोकी दिएको अवधिसम्मका लागि मात्र विदेशी नागरीकलाई त्यस्ता पदमा राख्न पाइनेछ।

११) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा अनुमति लिनु पर्ने भनि तोकिएका विषयहरुमा यस विभागको पूर्व स्वीकृति प्राप्त गर्नु अनिवार्य हुनेछ।

१२) उद्योगको पुनरोत्थान, आधुनिकिकरण, विविधिकरण वा विस्तार गर्नको लागि यस विभागको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ।

१३) अरुलाई पीर मर्का नपर्ने गरी र वातावरण दुषित नहुने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

१४) अनुमति पत्र प्राप्त गरे पछि उद्योग सञ्चालन नभएसम्म प्रत्येक ३/३ महिनामा स्थापनार्थ भएको प्रगति प्रतिवेदन यस विभागको दर्ता र इजाजत शाखामा पठाउनु पर्नेछ।

१५) उद्योग चालु भए पछि यस विभागको दर्ता ईजाजत शाखामा मासिक कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। सिजनल वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नु पर्नेछ। अन्यथा कानून बमोजिम कारवाही हुनेछ।

१६) उद्योग स्थापना गर्ने कार्य ६ महिना भित्र शुरु नगरेमा र तपाईले पेश गर्नु भएको कार्य योजना बमोजिम ............. महिना भित्र उद्योग स्थापना गरी सञ्चालन नगरेमा धरौटी वापतको रकम जफत गरी इजाजत खारेज गरिने छ। कुनै कारणबश सो बमोजिम कार्य हुन नसकेमा यस विभागबाट म्याद थपको स्वीकृति लिनु पर्नेछ।

१७) प्रदत्त अनुमति अनुसार कार्य नभएको र उपलब्ध गराईएको परिवर्त्य विदेशी मुद्रा तथा अन्य सहुलियतहरुको दूरुपयोग भएको पाईएमा औ. व्य. ऐन, २०४९ को दफा २५ बमोजिम कारवाही हुनेछ।

१८) विशेष शर्त

क

ख)

ग)

**बोधार्थ :-**

श्री दर्ता र ईजाजत शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री योजना तथा अभिलेख शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री आन्तरिक राजस्व कार्यालय, ...................................

**अनुसूची ५**

# कार्य योजनाको ढाचा

मिति :-

**श्री महा-निर्देशकज्यू,**
**घरेलु तथा साना उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाण्डौं।

**<u>विषय :- कार्य योजना पेश गरेको</u>**

**महोदय,**

मैले/हामीले ........................................................................................................................ मा ....................................................................................................... उद्योग स्थापना गर्न अनुमतिको लागि दरखास्त दिए अनुसार इजाजत दिने निर्णय भएको हुँदा प्रस्तावित उद्योगको .......................... महिनामा गरिने कार्य योजना पेश गरेको/गरेका छु/छौं।

कार्य योजना अनुसार उल्लिखित समय भित्र उद्योग सञ्चालन नगरेमा धरौटी बापतको रकम जफत गरी अनुमति पत्र खारेज गरे पनि मेरो/हाम्रो मन्जुरी छ।

**<u>प्रथम ३ महिनामा गरिने कार्य</u>**

१.

२.

३.

**<u>दोश्रो ३ महिनामा गरिने कार्य</u>**

१.

२.

३.

**<u>तेश्रो ३ महिनामा गरिने कार्य</u>**

१.

२.

३.

**<u>चौथो ३ महिनामा गरिने कार्य</u>**

१.

२.

३.

निवेदकको नाम :
दस्तखत :
ठेगाना :
मिति :

**नोट** :- आवश्यकता अनुसार अरु अवधि (त्रैमासिक) थप गर्न सकिने।

# उद्योग दर्ताको निवेदन फाराम (ख)

**श्री महा-निर्देशकज्यू,**

**घरेलु तथा साना उद्योग विभाग,**

त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल

**महोदय,**

निम्न लिखित विवरण बमोजिमको उद्योग स्थापना गर्न यो निवेदन गरेको छु /गरेका छौं। पेश गरीएको विवरण ठीक छ। झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**१. उद्योगको नाम :-**

**२. उद्देश्य :-**

**३. उद्योग रहने स्थान :-**

(क) अञ्चल :-

(ख) जिल्ला :-

(ग) नगर/गाउँ :-

(घ) वार्ड नं./कि नं. :-

**४. उद्योगको स्तर :- (√ चिन्ह लगाउने)**

(क) घरेलु ( ) (ख) साना ( )

**५. उद्योगको कानूनी रुप फर्म :- (√ चिन्ह लगाउने)**

(क) निजी ( ) ख) साझेदारी ( ) (ग) प्रा. लि. ( ) (घ) पब्लिक लि. कम्पनी ( )

**६. उद्योगको वर्ग :- (√ चिन्ह लगाउने)**

(क) उत्पादनमूलक ( ) (ख) उर्जामूलक ( ) (ग) कृषि तथा वनजन्य ( ) (घ) खनिज ( )

(ङ) पर्यटन ( ) (च) सेवा ( ) (छ) निर्माण ( )

**७. पूँजी लगानी :-**

(क) स्थिर पूँजी मूल्य कैफियत

जमीन :-

भवन :-

मेशिन औजार :-

फर्निचर फिक्स्चर :-

अन्य :-

जम्मा :-

(ख) चालु पूँजी :-

(ग) कूल पूँजी :-

**७.१ पूँजी तथा क्षमता बृद्धि भए (पूँजी बृद्धिको लागि)**

| स्थिर पूँजी | जमीन | भवन मेसीन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|
| साविक | | | | |
| प्रस्तावित | | | | |

कूल पूँजी रु.

१) स्थिर पूँजी रु.

२) चालु पूँजी रु.

**८. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण**

| वस्तु उत्पादन/सेवा इकाइ | वार्षिक क्षमता | मूल्य |
|---|---|---|
| १) | | |
| २) | | |
| ३) | | |
| ४) | | |

**८.१ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण वार्षिक (क्षमता बृद्धिको लागि)**

| | साविक | | | प्रस्तावित | |
|---|---|---|---|---|---|
| | वस्तु/सेवा इकाइ | वार्षिक क्षमता | | वस्तु/सेवा इकाइ | वार्षिक क्षमता |
| १. | | | १. | | |
| २. | | | २. | | |
| ३. | | | ३. | | |
| ४. | | | ४. | | |

**८.२ पूँजी बृद्धि/क्षमता बृद्धिको कारण**

**१.**

२.

३.

४.

९. कच्चा पदार्थको विवरण वार्षिक परिमाण मूल्य

१)

२)

३)

४)

५)

**१०. मेशिन उपकरण**

| क्र.सं. | विवरण | संख्या | प्रति इकाई मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) | श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | **जम्मा** | | | | | |

११. **जनशक्ति (लिङ्ग र संख्या**) :- प्राविधिक :- अप्राविधिक :- अन्य :- जम्मा संख्या :-

**१२. निवेदकको पूरा नामथर लिङ्ग बाबुको नाम बाजेको नामथर**

१)

२)

३)

**निवेदकको पत्राचारको ठेगाना :-**

जिल्ला :- न. पा. ⁄ गा. वि. स. :-

वडा नं. :- ब्लक नं. :-

फोन नं. :- फ्याक्स नं. :- इमेलः

**१३. सर्म्पक व्यक्तिको नाम ठेगाना र फोन नं.:-**

**१४. लोकेशन म्याप**

**१५ शर्तहरु पालना बारे** :-

१. साँध सधियार र छर छिमेकलाई बाधा नपुऱ्याइ उद्योग सञ्चालन गर्नेछु।

२. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन।

३. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको वखत उपलब्ध गराउने छु।

४. उद्योग दर्ता गर्दा किटान गरीएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु।

५. उद्योग दर्ता गर्दा किटान गरीएको उद्देश्य विपरीत काम गर्ने छैन।

६. अन्य निकायबाट समेत अनुमति लिनु पर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु।

७. उद्योग सञ्चालन गर्दा बालमजदूर प्रयोग गर्ने छैन।

८. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गरिने छ।

मिति :-

निवेदकको सही :-

औंठाको छाप :-

| दायाँ | बाँया |
| --- | --- |
| | |

नोट :- १) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला।

२) यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ।

क) सम्बन्धित व्यक्तिको नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ख) सा.फ. को हकमा साझेदारी कबुलियतनामा

ग) प्रा. लि. वा पब्लिक लि. को हकमा प्रबन्ध पत्र, नियमावली, कम्पनी दर्ताको प्रमाण पत्र, कम्पनी दर्ता पत्रको प्रमाणित प्रतिलिपि।

घ) अनुमति लिनु पर्ने वा IEE/EIA गराउनु पर्ने उद्योगको हकमा अनुमति पत्र वा IEE/EIA स्विकृति पत्र र स्किम समेत पेश गर्नु पर्नेछ।

ङ) उद्योग आफ्नै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रितपूर्वकको भाँडा सम्झौता पत्र

च) उद्योगको उद्देश्य र प्रकृती हेरी अन्य थप कागजातहरु

(ग) दर्ता सम्वन्धि चेक लिष्ट

अनुसूची ७

| क.सं. | विवरण | नतिजा (Outcome) | | |
|---|---|---|---|---|
| | | छ | छैन | आवश्यक नभएको |
| १. | नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी | | | |
| २. | ईजाजत पत्र | | | |
| ३. | उद्योग दर्ता "ख" फाराम (रितपूर्वक भरेको) | | | |
| ४. | स्वीकृत IEE/EIA प्रतिवेदन (रितपूर्वक भरेको) | | | |
| ५. | सा.फ.को हकमा साझेदारी कवुलियतनामा | | | |
| ६. | कम्पनीको हकमा कम्पनी दर्ता पत्र, कम्पनी दर्ता प्रमाण पत्र, प्रवन्धपत्र, नियमावली | | | |
| ७. | कम्पनीको अधिकृत पूंजी/उद्देश्य उद्योगको कूल पूंजी र उद्देश्यसँग मेल खाएका | | | |
| ८. | उद्योग काठमाडौ उपत्यका/न.पा./गा.वि.स. क्षेत्रमा स्थापना गर्न पाईने हो, होइन ? | | | |
| ९. | अन्तर्राष्ट्रिय सीमानादेखिको दूरी ? | | | |
| १०. | न.पा./गा.वि.स.को सिफारिस सहितको चौतर्फी सँधियारको सहमति पत्र | | | |
| ११. | अन्य निकायको सहमति आवश्यक पर्नेमा सो सम्बन्धी सहमती पत्र | | | |
| १२. | जग्गाधनीको संझौता भए/नभएको | | | |
| १३. | अन्य थप आवश्यक काजजातहरु | | | |
| १४. | IEE/EIA बनाउनेको योग्यता सहितको बायोडाटा | | | |

**अनुसूची ८**

**प्रा.फ. दर्ता गरीएको पत्र बारे**

**नेपाल सरकार**

**उद्योग मन्त्रालय**

## घरेलु तथा साना उद्योग विभाग

प. सं. :

च. नं. :

मिति :

**विषय :- प्रा.फ. दर्ता गरिएको पत्र वारे ।**

श्री ...................

---

तपाईले स्थिर पूँजी रु. ............. र चालु पूँजी रु. ............. समेत कूल पूँजी रु. .......... लगानी गरी अन्दाजी वार्षिक रु. ........ बराबरको .................. उत्पादन गर्ने उद्देश्यले कामदार .......... जवान राखी .............. अंचल ...... जिल्ला ............ न.पा/गा.वि.स. वडा नं. ....... मा उद्योग स्थापना गर्ने गरी ..................... नामको प्रा.फ रजिष्ट्रेशन गरी पाउँ भनि दिनु भएको निवेदन उपर कार्यवाही हुँदा मिति ................ को निर्णयानुसार निम्न लिखित शर्तहरु पालना गर्नु पर्ने गरी रजिष्ट्रेशन गरी दिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा रजिष्ट्रेशन भएको प्रा.फ. नं. ......... को सक्कल प्रमाण पत्र यसै साथ संलग्न गरी पठाएको व्यहोरा जानकारी गराइएको छ।

उद्योगले पाउने सुविधा तथा सहुलियतहरु औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १६ अनुसार हुनेछ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१. उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ।

२. उद्योगको साइनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. रात्री शिफ्ट संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१० तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही गरिने छ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ। साथै विभागबाट माग भएका उद्योगसंग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाउन पर्ने।

१३. प्रचलित कानून बमोजिमको रित पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई समेत दिनु पर्नेछ।

१४. उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन।

१५. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१६. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१७. उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार कार्य गर्नु पर्ने छ।

१८. **विशेष शर्त**

क)

ख)

ग)

**बोधार्थ :-**

श्री दर्ता र ईजाजत शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री योजना तथा अभिलेख शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री आन्तरिक राजस्व कार्यालय, ...................................

**अनुसूची ९**

प्रमाण पत्र

नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालय

प्रा.फ.नं.घ.उ.वि.

## प्रमाण पत्र

श्री ................. फर्म सम्बत् २०.... साल ...... महिना ..... गते रोज ... मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्ट्रर गरी यो प्रमाण-पत्र दिईएको छ।

प्रोप्राइटरको नाम :-

ठेगाना :-

फर्मको ठेगाना :-

पूँजी रु :- स्थिरः- ....... चालु पूँजी रु. .....

उद्देश्य :-

वार्षिक उत्पादन क्षमता :- परिमाणमा मूल्यमा रु

विद्युत शक्ति (किलोवाट) :-

यो उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ............ र सोही ऐनको दफा ........... अनुसार घरेलु/साना उद्योग अन्तर्गत सोही ऐनको दफा १० बमोजिम दर्ता गरीएको छ।

मिति :-...............

सही :–

पद :–

### नवीकरण गरेको प्रमाण

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको अवधि | नवीकरण दस्तुरको भौचर नं र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नोट :- हालको व्यवस्था अनुसार रजिष्ट्रेशन (दर्ता) वा नवीकरण भएको प्राइभेट फर्मको अवधी क्रमश ५ वर्ष र २ वर्षको लागि हुनेछ। सो अवधी समाप्त हुनु अगावै फर्म नवीकरण गराउनु पर्नेछ। यो प्रमाणपत्रमा लेखिएको उद्देश्य बाहेकको अन्य काम गर्नु हुँदैन। नवीकरण गराउन ल्याउँदा यो प्रमाणपत्र साथै लिइ आउनु पर्नेछ। यहि प्रमाणपत्रमा सम्बन्धित कार्यालयबाट नवीकरण भएको निस्सा पाउने छ। म्याद भित्र नवीकरण नभएमा उद्योग खारेज हुन सक्नेछ। (प्रा.फ. रजिष्ट्रेशन नवौ संशोधन, नियमावली २०७० बमोजिम

**सुविधा तथा सहुलियतहरु :-**

क) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १६ अनुसार पाउने सुविधा तथा सहुलियत उपलब्ध हुनेछ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१. उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ।

२. उद्योगको साइनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. रात्री शिफ्ट संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१० तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही हुनेछ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ। साथै विभागबाट माग भएका उद्योगसंग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. प्रचलित कानून बमोजिमको रित पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई समेत दिनु पर्नेछ।

१३ उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन।

१४. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१५. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१६. उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार कार्य गर्नु पर्ने छ।

१७. विशेष शर्त

क)

ख)

ग)

**अनुसूची १०**
सा. फ. दर्ता गरीएको पत्र बारे

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
## घरेलु तथा साना उद्योग विभाग

प. सं. :

च. नं. : मिति :

**विषय :- सा. फ. दर्ता गरीएको पत्र बारे ।**

श्री ..................................

तपाईले स्थिर पूँजी रु. ............ र चालु पूँजी रु. ............ समेत कूल पूँजी रु. .......... लगानी गरी अन्दाजी वार्षिक रु. ........ बराबरको .................. उत्पादन गर्ने उद्देश्यले कामदार ......... जवान राखि .............अंचल ...... जिल्ला ........... न.पा / गा.वि.स. वडा नं. ....... मा उद्योग स्थापना गर्ने गरी .................... नामको सा.फ. रजिष्ट्रेशन गरी पाउँ भनि दिनु भएको निवेदन उपर कार्यवाही हुँदा मिति ............... को निर्णयानुसार निम्नलिखित शर्तहरु पालना गर्नु पर्ने गरी रजिष्ट्रेशन गरी दिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा रजिष्ट्रेशन भएको सा.फ. नं. ......... को सक्कल प्रमाण पत्र यसै साथ संलग्न गरी पठाएको व्यहोरा जानकारी गराइएको छ।

उद्योगले पाउने सुविधा तथा सहुलियतहरु औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १६ अनुसार हुनेछ।

उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-

१. उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ।

२. उद्योगको साइनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. रात्री शिफ्ट संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुननसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१० तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही गरिने छ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ। साथै विभागबाट माग भएका उद्योगसँग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. प्रचलित कानून बमोजिमको रित पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई

समेत दिनु पर्नेछ।

१३. उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन।

१४. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१५. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१६. **विशेष शर्त**

क)

ख)

ग)

**बोधार्थ :-**

१) श्री श्रम कार्यालय, .................

२) श्री आन्तरीक राजश्व कार्यालय ..........................

३) श्री घरेलु तथा साना उद्योग कार्यालय, ............ । :- प्रस्तुत उद्योगको सक्कल फाइल यसै साथ संलग्न छ।

४) .................................

**अनुसूची ११**

सा.फ. प्रमाण पत्र

नेपाल सरकार

उद्योग मन्त्रालय

घरेलु तथा साना उद्योग विभाग

सा.फ. द. प्र. प. नं.

## प्रमाण पत्र

श्री ......................................... नामको साझेदारी फर्म यस विभागमा नं. ............मा मिति ......... मा साझेदारी ऐन, २०२० अनुसार दर्ता भएकोले यो प्रमाणपत्र दिईएको छ।

साझेदारहरुको नाम :-

ठेगाना :-

फर्मको ठेगाना :-

पूँजी रु :-  स्थिरः- .......  चालु पूँजी रु. .....

उद्देश्य :-

वार्षिक उत्पादन क्षमता :-

विद्युत शक्ति (किलोवाट) :-

यो उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ............ र सोही ऐनको दफा ........... अनुसार घरेलु/साना उद्योग अन्तर्गत सोही ऐनको दफा १० बमोजिम दर्ता गरीएको छ।

मिति :-..............

सही–

पदः–

**नवीकरण गरेकेको प्रमाण**

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको अवधि | नवीकरण दस्तुरको भौचर नं र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**नोट** :- यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त सम्म बहाल रहने छ। आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र अर्को आ.व.को लागि नवीकरण गराउनु पर्नेछ। यो प्रमाणपत्रमा लेखिएको उद्देश्य बाहेकको अन्य कार्य गर्नु हुँदैन। नवीकरण गराउन ल्याउँदा यो प्रमाण पत्र साथै लिइ आउनु पर्नेछ। यहि प्रमाण पत्रमा सम्बन्धित कार्यालयबाट नवीकरण भएको निस्सा पाउने छ। म्याद भित्र नवीकरण नभएमा उद्योग खारेज हुन सक्नेछ।

**सुविधा तथा सहुलियतहरु :-**

क) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १६ अनुसार पाउने सुविधा तथा सहुलियत उपलब्ध हुनेछ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१. उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ।

२. उद्योगको साइनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. रात्री शिफ्ट संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१० तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही गरिने छ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ। साथै विभागबाट माग भएका उद्योगसंग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. प्रचलित कानून बमोजिमको रित पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई समेत दिनु पर्नेछ।

१३. उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन।

१४. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१५. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१६. उपभेक्ता संरक्षण ऐन २०५४ अनुसार कार्य गर्नु पर्ने छ।

१७. विशेष शर्त

क)

ख)

ग)

**अनुसूची १२**

**(प्रा.) लि. दर्ता गरीएको बारे ।**

**नेपाल सरकार**

**उद्योग मन्त्रालय**

## घरेलु तथा साना उद्योग विभाग

प. सं. :

च. नं. :

मिति :

**विषय :- (प्रा.) लि. दर्ता गरीएको बारे ।**

श्री ...................

तपाई समेतले स्थिर पूँजी रु. ............. र चालु पूँजी रु. ............. समेत कूल पूँजी रु. .......... लगानी गरी अन्दाजी वार्षिक रु. ........ बराबरको ................... उत्पादन गर्ने उद्देश्यले कामदार .......... जवान राखि .............. अंचल ...... जिल्ला ............ न.पा/गा.वि.स. वडा नं. ....... मा उद्योग स्थापना गर्ने गरी ..................... नामको (प्रा.) लि. रजिष्ट्रेशन गरी पाउँ भनि दिनु भएको निवेदन उपर कार्यवाही हुँदा मिति ................ को निर्णयानुसार निम्न लिखित शर्तहरु पालना गर्नु पर्ने गरी रजिष्ट्रेशन गरी दिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा रजिष्ट्रेशन भएको प्रा. लि. नं. ......... को सक्कल प्रमाण पत्र यसै साथ संलग्न गरी पठाएको व्यहोरा जानकारी गराइएको छ।

उद्योगले पाउने सुविधा तथा सहुलियतहरु औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १६ अनुसार हुनेछ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१. उद्योग संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ उद्योगले स्वयं व्यवस्था गर्नु पर्नेछ।

२. उद्योगको साइनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. छर छिमेक कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. रात्री शिफ्ट संचालन गर्नु पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१० तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही गरिने छ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ। साथै विभागबाट माग भएका उद्योगसँग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. प्रचलित कानून बमोजिमको रित पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई समेत दिनु पर्नेछ।

१३. उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्न पाइने छैन।

१४. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१५. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१६. उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार कार्य गर्नु पर्ने छ।

**१७. विशेष शर्त**

क)

ख)

ग)

**बोधार्थ :-**

श्री दर्ता र ईजाजत शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री योजना तथा अभिलेख शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री आन्तरिक राजस्व कार्यालय, ..................................

**अनुसूची १३**

**प्रमाण पत्र**

नेपाल सरकार

उद्योग मन्त्रालय

घरेलु तथा साना उद्योग विभाग

उ. द. प्र. प. नं.

## प्रमाण पत्र

श्री ......................................... (प्रा) लि. औ. व्य. ऐन, २०४९ बमोजिम २०७... साल ....... महिना ........... गते रोज .......... मा दर्ता भएको हुनाले यो प्रमाणपत्र दिईएको छ।

कम्पनीको नाम :-

उद्योगको ठेगाना :-

उद्योगको स्तर :-

उद्योगको वर्ग :-

पूँजी लगानी : स्थिरः- ....... चालु पूँजी रु. ..... कूल ............

उद्योगको उद्देश्य :-

वार्षिक उत्पादन क्षमता :-

विद्युत शक्ति (किलोवाट) :-

यो उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ............ र दफा ........... अनुसार दर्ता गरीएको छ।

मिति :-...............

सहीः–

पदः–

प्रथम संचालकहरुको नाम र ठेगाना :-

अधिकृत पूँजी :

जारी पूँजी :

कम्पनीको मुख्य उद्देश्य :

**सुविधा तथा सहुलियतहरु :-**

क) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ अनुसार पाउने सुविधा तथा सहुलियत उपलब्ध हुनेछ।

**उद्योगले पालना गर्नु पर्ने शर्तहरु :-**

१. कच्चा पदार्थ स्वयं व्यवस्था गर्नुपर्नेछ।

२. साइनबोर्ड र कम्पनीको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ।

३. नावालकलाई उद्योगको काममा संलग्न गराउन पाइने छैन।

४. कसैलाई पीर मर्का बाधा नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

५. स्वीकृति लिएर मात्र रात्री शिफ्ट संचालन गर्न सकिनेछ।

६. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरीकबाटै पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति विना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पूर्व स्वीकृति लिएर मात्र काममा लगाउन सकिनेछ।

७. उद्योगको विस्तार, विविधिकरण वा स्तर परिवर्तन गर्दा पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ।

८. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।

९. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१०. तोकिएको शर्तहरु पालना नभएकोमा वा प्रदत्त सुविधा तथा सहुलियतहरु दुरुपयोग भएको पाइएमा आद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कार्यवाही गरिने छ।

११. उद्योगको वार्षिक प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नु पर्नेछ ।साथै विभागबाट माग भएका उद्योगसंग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनु पर्नेछ।

१२. उद्योग सञ्चालन गर्दा उद्योगमा भइरहेको काम कारवाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाउन पर्ने।

१३. प्रचलित कानून बमोजिमको रित पुर्‍याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सात दिन भित्र सो को जानकारी विभागलाई समेत दिनु पर्नेछ।

१४. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भै सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गर्नु पर्नेछ।

१५. कम्पनी रजिष्ट्रारको कार्यालयबाट तोकिएका सम्पूर्ण शर्तहरु पालना गर्नु पर्नेछ।

१६. माथि उल्लेख भए अनुसारका शर्तहरु पालना नगरेमा वा प्रगति विवरण प्राप्त नभएमा उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलब्ध गराइने छैन।

१७. उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार कार्य गर्नु पर्ने छ।

१८. **विशेष शर्त**

क)

ख)

ग)

**वोधार्थ**

श्री दर्ता र ईजाजत शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री योजना तथा अभिलेख शाखा, घरेलु तथा साना उद्योग विभाग

श्री आन्तरिक राजस्व कार्यालय, ..................................

**वातावरण संरक्षण नियमावली-२०५४**
**(नियम ३ संग सम्वन्धित)**
**प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावहरू**

## (अ) वन क्षेत्र

१) तराईमा ५० देखि ५०० हेक्टरसम्म र पहाडमा २५ देखि १०० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातीका स्वदेशी विरुवा एउटै व्लकमा बृक्षारोपण गर्ने।

२) सम्वन्धित ठाउँमा परिक्षण भई बृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू तराईमा १० हेक्टर देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टरदेखि ५० हेक्टरसम्मका क्षेत्रफलमा एउटै व्लकमा बृक्षारोपण गर्ने।

३) तराईमा ५० देखि २०० हेक्टरसम्म र पहाडमा १० देखि ५० हेक्टरसम्म क्षेत्रफलको वन कवुलियती वनको रुपमा दिने।

४) सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय बन सरपट कटान गर्ने।

५) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने।

६) बन तथा संरक्षित क्षेत्र व्यवस्थापन योजनामा वन पैदावारको परिमाण उल्लेख नभएको अबस्थामा एक जिल्लाबाट एउटै वन क्षेत्र वा धेरै वन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाति वार्षिक ५ देखि ५० मे. टन सम्म जरा झिक्ने प्रजातीका बन पैदावार संकलन गर्ने।

७) संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गर्ने।

८) १० हेक्टर भन्दा बढीको क्षेत्रफलमा नयाँ बनस्पती उद्यान, वन विउ बगैचा र चिडियाखाना निर्माण गर्ने।

९) विभिन्न प्रजातिका आयातित जंगली जनावरहरू प्रतिस्थापन गर्ने।

१०) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्र र तिनको मध्यवर्ति क्षेत्र एवं सिमसार क्षेत्र समेतमा व्यवस्थापन योजना तयार गर्ने र सरकारद्वारा व्यवस्थित सबै प्रकारका जिल्लास्तरीय वन व्यवस्थापन योजनाहरु तयार गर्ने।

११) सार्वजनिक वुट्यान क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडिबुटि केन्द्र स्थापना गर्ने।

१२) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एउटै वन

क्षेत्र वा धेरै बन क्षेत्र वा एक वा धेरै सिजनमा एक पटक वा पटक पटक गरी एक जिल्ला बाट प्रति प्रजाती ५ देखि ५० टन सम्म बन पैदावार संकलन गर्ने।

१३) १० कि.मि. भन्दा बढी वन पथ र १० कि.मि. भन्दा लामो अग्नी रेखा निमार्ण गर्ने।

१४) वन क्षेत्र वा बन क्षेत्र भएर बहने नदी, खोलाहरुबाट दैनिक १०० घनमिटर भन्दा वढी वालुवा ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने।

१५) वन क्षेत्रबाट कोइला र अन्य खनिजजन्य पदार्थ निकाल्ने।

१६) निरपेक्ष गरीबीको रेखामुनिका समूहमार्फत संचालित ५० हेक्टर भन्दा बढी बन कबुलियती बनको रुपमा दिने।

१७) बनसँग सम्बन्धित सरकारी निकाय बाहेक अन्य निकायहरुबाट कार्यान्वयन हुने प्रस्तावको लागि ५ हेक्टर सम्मको वन क्षेत्र भित्रको बनस्पती हटाउने कार्य गर्ने।

१८) २०० देखि ५०० हेक्टर सम्मको बन क्षेत्र एउटै समुदायलाई ब्यवस्थापन गर्न हस्तान्तरण गर्ने।

१९) बन तथा संरक्षित क्षेत्र ब्यबस्थापन योजनामा बन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै बन क्षेत्र वा धेरै वन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाती वार्षिक १०-१०० मे. टन सम्म बोक्रा झिक्ने प्रजातीका बन पैदावर संकलन गर्ने।

२०) प्रचलित कानून अनुसार संकलन गर्न प्रतिवन्ध नलगाइएका एउटै बन क्षेत्र वा धेरै बन क्षेत्र वा एक वा धेरै सिजनमा माथी क्र.सं. ६ र १९ का सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात लगाएत काठ बाहेकका बन पैदावार एक जिल्लाबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाती वार्षिक ५-१०० मे. टनसम्म संङ्कलन गर्ने।

२१) बन क्षेत्र, राष्ट्रिय निकुन्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यबर्ति क्षेत्र, सिमसार क्षेत्र र वातावारण संरक्षण क्षेत्रमा १० देखि ५० शैया सम्म रिसोर्ट, होटल र सफारी तथा साना खालका शिक्षण संस्था, अस्पताल वा नेपाल सरकारको बनसंग सम्बन्धित निकाय बाहेक अन्य निकाय बाट हुन सक्ने निमार्ण कार्य गर्ने।

२२) स्वीकृत बन कार्य योजना बमोजिम ५ हेक्टर भन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने।

२३) एलियन (Alien) तथा इन्भेसिभ (Invasive) जङ्गलीप्राणी तथा बनस्पतीको स्थापना (Introduced) लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल एम ओ (Living Modified Organism) प्रभावित प्रजाती एवं प्रविधिको स्थापना, प्रसारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।

२४) एक जिल्लाबाट वार्षिक ५ मे. टन भन्दा बढी खोटो संकलन गर्ने।

## (आ) उद्योग क्षेत्र

(क)

१) व्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने।

२) दैनिक १०० मे.टनसम्म उत्पादन क्षमता भएको एसिड, अल्काली र प्राथमिक रसायन उद्योगहरू स्थापना गर्ने।

३) दैनिक १०,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने।

४) कुकिङ्ग, नेचुरल ग्यास रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन-वितरण गर्ने उद्योग स्थापना गर्ने।

५) ढुंगा क्रसिङ्ग उद्योग स्थापना गर्ने।

६) श्रृगार सामान बाहेकका रंग रोगन उद्योग स्थापना गर्ने।

७) दैनिक १०,००० लिटर भन्दा बढी क्षमता भएको दुग्ध प्रशोधन उद्योग स्थापना गर्ने।

८) व्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

९) फोम उत्पादन उद्योग स्थापना गर्ने।

१०) ड्राई वा वेट सेल (व्याट्रि उत्पादन गर्ने) उद्योग स्थापना गर्ने।

११) दैनिक ३००० मे.टनसम्म खाडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

१२) परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रंगाई, छपाई वा धुलाई उद्योग (गलैंचा समेत) स्थापना गर्ने।

१३) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने।

१४) वार्षिक २ करोड गोटासम्म उत्पादन क्षमता भएको ईटा, टायल आदि उद्योग स्थापना गर्ने।

१५) चुन ढुंगा वा क्लिङ्करमा आधारित प्रतिघण्टा ५० मे. टनसम्म उत्पादन क्षमता भएको सिमेन्ट उद्योग स्थापना गर्ने।

१६) दैनिक ५०० मे. टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने।

१७) औषधी उत्पादन उद्योग स्थापन गर्ने र दैनिक ५० मे. टन सम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs ) संश्लेषण (Formulation) गर्ने।

१८) दैनिक ५ मे. टन भन्दा बढी प्लाष्टिक उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) उद्योग स्थापना गर्ने।

१९) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटर भन्दा बढी दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

**(ख) मेशिन औजार र उपकरणमा रू. १० लाख भन्दा बढी (कम्पनीको मूल्यमा) लगानी हुने देहायका उद्योगहरू स्थापना गर्ने ।**

१) टायर, ट्युव्स र रबर प्रशोधन तथा उत्पादन।

२) फाउण्ड्री।

३) विटुमिन तथा विटुमिन इमल्सन।

४) दैनिक ५० मे.टन सम्म हाड, सिंग र खुरको रासायनिक प्रशोधन गर्ने।

५) आयुर्वेदिक औषधी।

६) ५० करोड सम्म स्थिर पुँजी लगानी हुने (सिभिल कार्य र मेशिनरी) खानीमा आधारित उद्योग स्थापना गर्ने।

७) दैनिक ५० मे.टन सम्म फेरस तथा नन फेरस ( रिरोलिङ्ग, रिमोल्टीङ्ग र फेव्रिकेशन बाहेक ) प्रारम्भिक स्मेल्टिङ गरी धातु उत्पादन गर्ने।

८) वार्षिक ५ हजार देखि ५० हजार क्युविकफिट सम्म काठ प्रयोग गर्ने सः मिल स्थापना गर्ने।

**(इ) खानी क्षेत्र**

१) २५ देखि १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन गर्ने।

२) रेडियोधर्मी धातुहरु बाहेक अन्य धातुहरु उत्पादन गर्न गरिने भुमिगत उत्खनन भए दैनिक २०० टन सम्म र सतही उत्खनन भए दैनिक ४०० टन सम्म उत्खनन्को कार्य गर्ने।

३) एस्वेस्टस बाहेक अधातु खनिज उत्पादन गर्न गरिने भुमिगत उत्खनन् भए दैनिक २०० टन सम्म र सतही उत्खनन भए दैनिक ४०० टन सम्म उत्खनन्को कार्य गर्ने।

४) डेकोरेटिभ ढुङ्गा (जस्तै Marble, Granite, Amphibolite/Polished Stone) संकलन तथा उत्पादन गर्ने।

५) साधारण निर्माणमुखी ढुंगा, वालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननका लागि दैनिक ३०० क्यु मि. सम्म उत्खनन्को कार्य गर्ने।

६) कोइला तथा मट्टीकोईला उत्पादन गर्न गरिने भुमिगत उत्खनन् भए दैनिक २०० मे.टन र सतही उत्खनन् भए दैनिक ४०० मे.टन सम्म उत्खनन्को कार्य गर्ने।

७) दैनिक १ लाख घन मिटर सम्म प्राकृतिक ग्यास (Biogenic Natural Gas ) उत्पादन कार्य गर्ने।

**(ई) सडक क्षेत्र**

१) देहायका सडकहरू निर्माण गर्ने :-

(क) जिल्ला सडकहरू

(ख) शहरी सडकहरू

२) १ देखि ५ कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने।

३) १ देखि ५ कि.मि. सम्मको केवुल कार मार्ग निर्माण गर्ने।

४) प्रमुख पुलहरू निर्माण गर्ने।

५) सडक प्रयोजनको लागि सुरुङहरू बनाउने।

६) राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरूको स्तरबृद्धि, पुनर्स्थापना तथा पुनः निर्माण गर्ने।

## (उ) आवास, भवन तथा शहरी विकास क्षेत्र

१) ५,००० वर्ग मिटर सम्म क्षेत्रफल भन्दा माथी १०,००० वर्ग मिटर सम्म क्षेत्रफल सम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने।

२) १००० देखि २,००० जना सम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Sport Complex निमार्ण गर्ने।

३) ५० परिवार बस्न मिल्ने वा १ हेक्टर देखि ४ हेक्टर सम्मको क्षेत्रमा आवास विकास गर्ने।

४) १० हेक्टर देखि १०० हेक्टर सम्मको जग्गा विकास आयोजना संचालन गर्ने।

५) १० हेक्टर भन्दा माथी Hard Surface Pavement (जस्तै Dry Port, Bus Park, Parking Lot आदी ) निर्माण गर्ने।

६) २०,००० क्यु.मिटर भन्दा माथी माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने।

७) १० तल्ला वा २५ मिटर भन्दा माथी १६ तल्ला वा ५० मिटर सम्म भवनहरु निर्माण गर्ने।

## (ऊ) जलश्रोत र उर्जा क्षेत्र

१) विद्युत लाईन निर्माण अन्तर्गत

(क) २० कि.मि. भन्दा लामो ३३ के.भि. क्षमतासम्मको विद्युत लाइन निर्माण गर्ने।

(ख) ५ कि.मि. भन्दा लामो ६६ के.भि. क्षमतासम्मको विद्युत लाइन निर्माण गर्ने।

(ग) ३ कि.मि. भन्दा लामो १३२ के.भि. क्षमतासम्मको विद्युत प्रसारण लाइन निर्माण गर्ने

(घ) विद्यमान २२० के.भि. वा सो भन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निमार्ण गर्ने।

२) विद्युत उत्पादन अन्तर्गतः-

(क) १ मेगावाट देखि १० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना संचालन गर्ने।

(ख) १ मेगावाट देखि ५ मेगावाट क्षमतासम्मको खनिज तेल वा ग्यासबाट विद्युत उत्पादन आयोजाना संचालन गर्ने।

३) सिंचाइको नयाँ प्रणाली अन्तर्गत :-

(क) तराई र भित्री मधेशमा २०० हेक्टर देखि २००० हेक्टर सम्मको क्षेत्र सिंचाई गर्ने

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने।

(ग) पहाडी भिरालो पाखा र पर्वतिय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने।

४) सिंचाईको पुनरुत्थान प्रणाली अन्तरगत :-

(क) विद्यमान प्रणाली अन्तर्गत सिचाइ आयोजनाहरुमा नयाँ हेड वर्क्स निमार्ण वा मुल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने।

५) २५ जनादेखि १०० जनासम्म स्थाई बसोबास भएको जनसंख्या विस्थापित गर्ने कुनै पनि जलश्रोत विकास कार्य।

६) १० कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रण गर्ने।

**(ए) पर्यटन क्षेत्र**

१) ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने।

२) विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने।

३) माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इन्जिन जडीत उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ कार्य सञ्चालन गर्ने।

४) तालमा स्थापना हुने हाउस वोट(तैरने घर) संचलन गर्ने।

**ऐ )खानेपानी**

१) २०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको बर्षादको पानी संकलन गर्ने तथा सोहि क्षेत्रफलमा भएका पानीका श्रोतहरूको प्रयोग गर्ने।

२) सेफ इल्ड १ क्यूसेक सम्मको सतही पानीको श्रोत र पानीको ५० प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने।

३) प्रति सेकेण्ड २५ लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने।

४) भूमीगत पानीको श्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशतसम्म रिचार्ज गर्ने।

५) सुरुङ निर्माण गरी खानेपानी आयोजना संचालन गर्ने।

६) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसंख्या विस्थापन गर्ने।

७) पानीको श्रोतको माथिल्लो भागमा ५०० जनसंख्यासम्मको बसोबास गराउने।

८) पाच हजारदेखि पचास हजारसम्म जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने।

९) दश हजारदेखि एक लाखसम्म मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ श्रोत जोड्ने।

१०) १ कि.मि. भन्दा बढीको रिभर ट्रेनिङ्ग एण्ड डाइभरसन सम्वन्धी काम गर्ने।

११) ट्रिटमेन्टसहितको ढल निकास सिष्टम समावेश भएको खानेपानी आयोजना संचालन गर्ने।

**(ओ) फोहोर मैला व्यबस्थापन**

१) घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहोर मैलाको सम्वन्धमा देहायको काम गर्ने

क) वार्षिक १००० देखि ५००० टनसम्म फोहोरमैला जमिनमा भर्ने।

ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्वन्धी काम गर्ने।

ग) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहोर मैला छनौट, केलाउने, तह लाउने, पुनः प्रयोग गर्ने।

घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्वन्धी काम गर्ने।

ङ) ५० लाख भन्दा बढी लागतको ढल निकास आयोजना सञ्चालन गर्ने।

**(औ) कृषि क्षेत्र**

१) पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने।

२) निर्माण सम्वन्धी देहायको काम गर्ने :-

क) ३०,००० वटा भन्दा बढी पंक्षी जाती पाल्नको लागि निर्माण कार्य गर्ने।

ख) १,००० वटा भन्दा बढी ठुला चौपायाहरु पाल्नको लागि निर्माण कार्य गर्ने।

ग) ५,००० वटा भन्दा बढी साना चौपायाहरु (भेडा बाखा) पाल्नको लागि निर्माण कार्य गर्ने।

घ) महानगरपालीका र उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टर भन्दा वढी तथा अन्य ठाउमा ०.५ हेक्टर भन्दा वढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने।

ङ) इजाजत प्राप्त बधशाला निमार्ण गर्ने।

३) म्याद नाघेका विषादी सम्वन्धी (सूचित विषादिहरूको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने।

४) रासायनिक मल (इनअर्गानिक फर्टिलाइजर) र रासायनिक विषादी (इनअर्गानिक पेस्टिसाइट) उत्पादन, संश्लेषण(फर्मूलेशन), रिप्याकिङ्ग, भण्डारण तथा डिस्पोजल गर्ने।

५) केमिकल फर्टिलाइजर (ब्लेण्डिङ्ग) तथा किट नाशक पदार्थ (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

**(अं) स्वास्थ क्षेत्र**

१) २५ शैयादेखि ५० शैयासम्मको अस्पताल वा नर्सिङ होम वा चिकित्सा ब्यावसाय (अध्ययन अध्यापन समेत) सञ्चालन गर्ने।

(अः) खण्ड (अ) देखि (अं सम्म उल्लेखित र सो भन्दा कम स्तरका प्रस्तावहरु तथा अनुसूची २ मा उल्लेखित प्रस्तावहरु बाहेक पाँच करोड रुपैंयाँदेखि पच्चीस करोड रुपैयाँसम्म लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्न कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने।

**अनुसूची-१५**
प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची

**<u>वातावरण संरक्षण नियमावली-२०५४</u>**
**अनुसूची-३**
**(नियम ५ संग समवन्धित)**
**<u>प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची</u>**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको -

क) सामान्य परिचय

ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने निति, ऐन, नियम तथा निर्देशिकाहरू

५. प्रतिवेदन तयार गर्दा लाग्ने -

क) समय

ख) अनुमानित बजेट

| छ | छैन | आवश्यक नभएको |
|---|---|---|
| | | |

६. ........................................................

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव -

क) सामाजिक-आर्थिक

ख) सांस्कृतिक-भौतिक

ग) रसायनिक

घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरू -

क) डिजाइन

ख) आयोजना स्थल

ग) प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ

घ) अन्य कुराहरू

९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू

११. अन्य आवश्यक कुराहरू

# चेकलिस्ट

(क) **IEE** सम्बन्धी चेकलिस्ट

| क्र.सं. | विवरण | नतिजा (Outcome) | | |
|---|---|---|---|---|
| | | **छ** | **छैन** | **आवश्यक नभएको** |
| १ | नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी | | | |
| २ | कम्पनीको हकमा कम्पनी सम्वन्धित कागजात जस्तै प्रमाणपत्र, नियमावली प्रवन्धपत्र र सो साथ दिने पत्र | | | |
| ३ | उद्योग दर्ता "ख" फाराम (रितपूर्वक भरेको र स्कीम | | | |
| ४ | घनावस्ती ⁄ वन ⁄ अन्य संवेदनशिल क्षेत्रबाटको दूरी | | | |
| ५ | अन्य निकायको प्रतिक्रिया ⁄ सहमती आवश्यक पर्ने उद्योगको हकमा सो भए नभएको | | | |
| ६ | चौतर्फी संधियारको सरजमिन मुचुल्का | | | |
| ७ | राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित रितपूर्वकको १५ दिने सार्वजनिक सूचना | | | |
| ८ | न.पा. ⁄ गा.वि.स.को सिफारिस सहितको सूचना टाँस मुचुल्का | | | |
| ९ | सूचना उपर राय सुझाव परे नपरेको | | | |
| १० | अन्तर्राष्ट्रिय सीमानादेखि दूरी | | | |
| ११ | जग्गाको संझौता ⁄ जग्गाधनी दर्ता प्रमाण पत्रको फोटोकपी | | | |
| १२ | कार्यसूची (TOR) स्वीकृत भएको | | | |
| १३ | IEE प्रतिवेदन | | | |
| १४ | कम्पनीको अधिकृत पूंजी र उद्देश्य उद्योगको कूल पूंजी र उद्देश्यसंग मेल खाएको | | | |
| १५ | IEE बनाउनेको योग्यता सहितको बायोडाटा | | | |
| १६ | ठाँउसारी ⁄ पूंजी ⁄ क्षमता वृद्धि ⁄ उद्देश्य थप ⁄ परिवर्तन (IEE नगरेको उद्योगको लागि मात्र) | | | |
| १७ | राज्यलाई तिर्नु ⁄ बुझाउनु पर्ने कैद,दण्ड,जरिवाना आदि बुझाउन बाँकी | | | |

## प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

### वातावरण संरक्षण नियमावली २०५४

### अनुसूची ५

### (नियम ७ संग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको सारांश (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरु संक्षेपमा उल्लेख गर्ने

क) प्रस्तावको उद्देश्य,

ख) भू उपयोगमा पर्ने असर

ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप

घ) स्थानीय चिज वस्तुमा हुने क्षति

ङ) अन्य आवश्यक कुराहरु।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :

क) प्रस्तावको किसिम १) प्रशोधन गर्ने २) उत्पादन गर्ने ३) जडान गर्ने ४) सर्भिस डेलिभरी

५) अन्य

ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

ग) प्रस्तावको :

१) जडान क्षमता २) प्रति दिन वा वर्ष कति घण्टा संचालन हुने

घ) प्रयोग गरिने सामग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय संचालन हुँदा कति परिमाणमा निष्काशन हुने हो खुलाउने

१) ठोस २) तरल ३) हावा ४) ग्याँस ५) ध्वनी ६) धुलो ७) अन्य

च) प्रयोग हुने उर्जाको :

१) किसिम २) श्रोत ३) खपत हुने परिमाण (प्रति घण्टा, दिन र वर्षमा)

छ)जनशक्रिको आवश्यकता कति पर्ने

ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

१) कूल पूँजी २) चालु पूँजी ३) जमिनको क्षेत्रफल ४) भवन र तिनका किसिम ५) मेशिनरी औजार ६) अन्य

झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण

१) नक्सा २) सो क्षेत्र र वरिपरीको जनसंख्या र बसोबासको स्थिति

३)प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरण

४) हालको स्थिति ५) पानीको श्रोत ६) फोहर मैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवत जावत गर्ने बाटो

ञ) उत्पादन प्रक्रिया

ट) प्रविधिको विवरण

ठ) अन्य आवश्यक कुराहरु

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु :

क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

१) मानव स्वास्थ्यमा पर्ने प्रभाव

२) खेति योग्य जमिनको क्षय

३) बन जंगलको क्षय

४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

५) अन्य

ख) जैविक प्रभावहरु

१) जनसंख्या २) वनस्पति तथा जीवजन्तु ३) प्राकृतिक वासस्थान र समुदाय

ग) भौतिक प्रभावहरु

१) जमिन २) वायुमण्डल ३) पानी ४) ध्वनी ५) मावननिर्मित वस्तुहरु ६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरु

१) डिजाइन २) आयोजना स्थल ३) प्रक्रिया, समय तालिका ४) प्रयोग हुने कच्चा पदार्थ ५) अन्य कुराहरु

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरु

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

८. अन्य आवश्यक कुराहरु

**द्रष्टव्य** : प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट आदि संलग्न गर्नु पर्नेछ।

# प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित १५ दिने सार्वजनिक

# सूचना

.............जिल्ला................ न.पा./गा.वि.स. ............वडा/टोलको....... कि.नं. मा........................उद्देश्यको उद्योग स्थापना/पूंजी, क्षमता वृद्धि/उद्देश्य थप/परिवर्तन गर्न लागिएको हुंदा उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्वन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरीएको छ।

| राय सुझाव दिने स्थान | प्रस्तावक |
|---|---|
| १) सम्वन्धित गा.वि.स./न.पा | नाम |
| २) सम्वन्धित जिल्ला स्तरिय घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालय। | ठेगाना |

# वातावरण संरक्षण नियमावली-२०५४

(नियम ३ संग सम्वन्धित)

## वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरू

### (अ) वन क्षेत्र

१) तराईमा ५०० हेक्टर भन्दा बढी र पहाडमा १०० हेक्टर भन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै व्लकमा बृक्षारोपण गर्ने।

२) सम्वन्धित ठाउँमा परीक्षण भई बृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढी क्षेत्रफलमा बृक्षारोपण गर्ने।

३) तराईमा २०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढी क्षेत्रफलको वन कवुलियती वनको रुपमा दिने।

४) सरकारद्वारा बन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टर भन्दा वढीको राष्ट्रिय वन सरपट कटान गर्ने।

५) कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने वन क्षेत्रको १ कि.मि. भित्र स्थापना गर्ने रोजिन र टर्मेन्टाइन, रवर, प्लाइउड र भेनिर, इट्टा तथा टायल, सुर्ति, कत्था र काठमा आधारित सलाई, पल्प र कागज उद्योग, दाउरा बढी खपत गर्ने अलैंची लगाएत र मध्यम र ठूला चिया उद्योग तथा लौठसल्ला र धुप उद्योग स्थापना गर्ने।

६) फोहोर तथा प्रदुषण फाल्ने, जडिबुटि र सुगन्धित वनस्पतीको व्याबसायिक तथा औद्योगिक प्रशोधन गर्ने।

७) वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र, मध्यवर्ति क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा ५० सैया भन्दा वढीका रिसोर्ट, होटल र सफारी तथा शिक्षण संस्था, अस्पताल र उद्योग स्थापना वा अन्य निर्माण कार्य गर्ने

८) बन संरक्षण क्षेत्र व्यवस्थापन योजनामा बन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै बन क्षेत्र वा धेरै बन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाती वार्षिक ५० मे. टन भन्दा वढी जरा झिक्ने प्रजातीका बन पैदावार संकलन गर्ने।

९) बन संरक्षण क्षेत्र व्यवस्थापन योजनामा बन पैदावारको परिमाण उल्लेख नभएको अवस्थामा एक जिल्लाबाट एउटै बन क्षेत्र वा धेरै बन क्षेत्रबाट एक पटक वा पटक पटक गरी प्रति प्रजाती वार्षिक १०० मे. टन भन्दा वढीका वोक्रा झिक्ने प्रजातीका बन पैदावार संकलन गर्ने।

१०) प्रचलित कानून अनुसार संकलन गर्न प्रतिवन्ध नलगाइएका एउटै बन क्षेत्र वा धेरै क्षेत्र वा एक वा धेरै सिजनमा जरा र वोक्रा प्रजाती सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात लगाएत काठ बाहेकका वन पैदावार एक पटक वा पटक पटक गरी प्रति प्रजाती वार्षिक १०० टन भन्दा वढी एक जिल्लाबाट संकलन गर्ने।

११) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एउटै वन

क्षेत्र वा धेरै वन क्षेत्र वा एक वा धेरै सिजनमा एक जिल्लाबाट प्रति प्रजाति ५० टन भन्दा वढी पैदावार संकलन गर्ने।

१२) वनसंग सम्बन्धित सरकारी निकाय बाहेक अन्य निकायहरुबाट कार्यान्वयन हुने प्रस्तावको लागि ५ हेक्टर भन्दा वढीको बन क्षेत्र कटान गर्ने।

१३) ५०० हेक्टर भन्दा वढीको बन क्षेत्र एउटै समूदायलाई ब्यवस्थापन गर्न हस्तान्तरण गर्ने।

## (आ) उद्योग क्षेत्र

१) दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त ब्रुअरी तथा वाइनरी स्थापना गर्ने।

२) दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन (साइट्रिक, टारटरिक, एसेटिक, एसिड जस्ता बाहेक) गर्ने।

३) दैनिक १०,००० हजार वर्ग फिट भन्दा बढी छाला प्रशोधन गर्ने।

४) रु. ५० करोड भन्दा बढी स्थिर पूँजी लगानी हुने (सिभिल कार्य र मेशिनरी) खानीमा आधारित उद्योग स्थापना गर्ने।

५) पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टितेल, लुव्रिकेन्टस, प्लाष्टिक, सिन्थेटिक, रवर आदि) गर्ने।

६) दैनिक ५० मे. टन भन्दा बढी फेरस तथा नन फेरस (रिरोलिङ्ग, रिमेल्टिङ्ग र फेव्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन गर्ने।

७) दैनिक ३००० मे. टन भन्दा बढी खाँडसारी वा चिनि उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

८) चुनढुंगा वा क्लिकरमा आधारित प्रतिघण्टा ५० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको सिमेन्ट उद्योग स्थापना गर्ने।

९) दैनिक ५०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको चुन उद्योग स्थापना गर्ने।

१०) एस्वेस्टस उत्पादन गर्ने।

११) रेडियो विकिरण निष्काशन हुने (न्यूक्लियर / एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने।

१२) दैनिक ५० मे. टन भन्दा वढी औषधिको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk drugs) संश्लेषण (Formulation) गर्ने।

१३) अति घातक (Extremely Hazardous) पदार्थ जस्तै आइसोनाइट, मर्करी कम्पाउण्ड आदी उत्पादन गर्ने।

१४) नेपाली सेना वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली गठ्ठा, बारुद लगाएतका विस्पोटक पदार्थ उत्पादन गर्ने।

१५) दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग,

१६) वार्षिक २ करोड गोटा भन्दा बढी उत्पादन क्षमता भएको इटा टायल उद्योग स्थापना गर्ने।

१७) दैनिक ५० मे. टन हाड सिंग र खुरको रसायनिक प्रशोधन गर्ने।

१८) वार्षिक ५० हजार क्युविक फिट भन्दा बढी काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने।

## (ई) खानी क्षेत्र

१) खानी उत्खनन् गर्नको लागि १०० जना भन्दा बढी जनसंख्या स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्ने।

२) खानी उत्खनन् कार्यको लागि :

क) सबै रेडियो धर्मी धातुहरुको उत्पादन कार्य गर्ने।

ख) अन्य धातुहरु उत्पादन गर्न भूमीगत उत्खनन् भए दैनिक २०० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक ४०० टन भन्दा बढी उत्खनन् कार्य गर्न।

ग) अधातु खनिजको उत्पादन गर्न भूमिगत उत्खनन् भए दैनिक २०० टन भन्दा बढी र सतही उत्खनन भए दैनिक ४०० टन भन्दा बढी उत्खनन् कार्य गर्ने।

घ) साधारण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुगा, वालुवा, ग्राभेल र औद्योगिक माटोको उत्खनन्का लागि दैनिक ३०० क्यू.फिट भन्दा बढी उत्खनन् कार्य गर्ने।

ङ) कोइला तथा मट्टिकोइला उत्पादन गर्न गरिने भुमिगत उत्खनन भए दैनिक २०० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक ४०० टन भन्दा बढी उत्खनन कार्य गर्ने।

च) दैनिक १ लाख घन मिटर भन्दा बढी प्राकृतिक ग्यास (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने।

छ) पेट्रोलियम पदार्थको उत्खनन् र प्रशोधन सम्बन्धी कार्य गर्ने।

ज) नदी नाला सतहबाट दैनिक २५० घन मिटर भन्दा बढी वालुवा, ग्राभेल (गिर्खा माटो) निकाल्ने।

## (ई) सडक क्षेत्र

१) देहायका सडकहरू निर्माण गर्ने :-

(क) राष्ट्रिय राजमार्ग

(ख) प्रमुख सहायक सडकहरू

२) ५० कि.मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने।

३) ५ कि.मि. भन्दा लामो केवुल कार मार्ग निर्माण गर्ने।

## (उ) आवास, भवन तथा सहरी विकास क्षेत्र

१) १०,००० वर्ग मिटर क्षेत्रफल भन्दा माथिको Built Up Area वा Floor Area भएको Residential Commercial and their Combination को भवन निर्माण गर्ने।

२) २,००० जना भन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने।

३) ५० परिवार बस्न मिल्ने वा ४ हेक्टर भन्दा बढी क्षेत्रमा आवास विकास गर्ने।

४) १०० हेक्टर भन्दा माथिको जग्गा विकास आयोजना संचालन गर्ने।

५) १६ तल्ला वा ५० मिटरभन्दा माथिका भवन निर्माण गर्ने।

## (ऊ) जलश्रोत र उर्जा क्षेत्र

१) ३ कि.मि. भन्दा लामो १३२ के.भि. भन्दा बढी क्षमताको विद्युत लाइन निर्माण गरी वितरण गर्ने।

२) १० मेगावाट भन्दा बढी क्षमताको जल विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

३) विद्युत उत्पादन अन्तर्गत

   क) १ मेगावाट भन्दा वढीको कोइला वा आणविक विद्युत उत्पादन आयोजना संचालन गर्ने।

   ख) ५ मेगावाट भन्दा बढीको खनिज तेल वा ग्यास बाट विद्युत उत्पादन आयोजना संचालन गर्ने।

४) सिंचाईको नयाँ प्रणाली अनर्तगत:

   क) तराई र भित्री मधेशमा २ हजार हेक्टर भन्दा बढीको क्षेत्र सिंचाई गर्ने।

   ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने।

   ग) पहाडी भिरालो पाखा र पर्वतिय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने।

५) १०० जना भन्दा बढी स्थायी बसोबास भएको जनसंख्या विस्थापित गर्ने कुनै पनि जलश्रोत विकास कार्य गर्ने।

६) बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने।

७) एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने।

## (ए) पर्यटन क्षेत्र

१) १०० शैंया भन्दा बढीको होटल निर्माण स्थापना र सञ्चालन गर्ने।

२) नयाँ विमानस्थलको निर्माण गर्ने।

## (ऐ) खानेपानी क्षेत्र

१) २०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षादको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका श्रोतहरु प्रयोग गर्ने।

२) सेफ इल्ड १ क्यूसेक भन्दा वढी सतही पानीको श्रोत र सो पानीको श्रोतको सर्म्पुण भाग सुख्खा समयमा आपूर्ति गर्ने।

३) भूमीगत पानीको श्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशत भन्दा बढी रिचार्ज गर्ने।

४) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जना भन्दा बढी जनसंख्या विस्थापित गर्ने।

५) पानीको श्रोतको माथिल्लो भागमा ५०० जना भन्दा बढी जनसंख्याको बसोबास गराउने।

६) ५० हजारभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने।

७) एक लाखभन्दा बढी मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ श्रोत जोड्ने।

८) जैविक एवं रासायनिक प्रदुषणहरू हुने पोयन्ट र ननपोयन्ट श्रोतहरू वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलश्रोतको ओभर माइनिङ गर्ने।

९) प्रति सेकेण्ड २५ लिटर भन्दा बढी पानीको श्रोत उपयोग गर्ने खानेपानी श्रोत सम्वन्धी आयोजना सञ्चालन गर्ने।

## (ओ) फोहोर मैला व्यबस्थापन

१) १० हजार भन्दा बढी जनसंख्यालाई सेवा पुचाउने उद्देश्यले सञ्चालन हुने फोहोर मैला व्यबस्थापन कार्य गर्ने।

२) घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहोरमैलाको सम्वन्धमा देहायको काम गर्ने :-

- क) वार्षिक ५,००० टन भन्दा बढी फोहोरमैला जमिनमा भर्ने।
- ख) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्वन्धी काम गर्ने।
- ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहोर मैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने।
- घ) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्वन्धी काम गर्ने।
- ङ) कम्तीमा दश हजार जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहोर मैला गाड्ने काम गर्ने।

३) देहाएको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोरमैला सम्वन्धी देहायका निर्माण सम्वन्धी काम गर्ने :-

- क) फोहोरमैला संयन्त्र निर्माण।
- ख) फोहोमैला रिकोभरी प्लान्ट निर्माण।
- ग) फोहोरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण।
- घ) फोहोरमैला भण्डार गर्ने ठाउँको निर्माण।
- ङ) फोहोरमैला ट्रिटमेन्ट सुविधाको निर्माण।

४) घातक फोहोर पदार्थहरू सम्वन्धी देहायका काम गर्ने :-

- क) २५ वर्ष भन्दा बढी आधा आयु भएको कुनै पनि रेडियो धर्मी वस्तुहरूको निष्कासन र व्यबस्थापन गर्ने।
- ख) ५० लेथल डोज भएको कुनै पनि रेडियोधर्मी बस्तुहरुको निष्कासन र व्यबस्थापन गर्ने।

ग)	कम्तीमा २५ शैंया भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नसिंङ होमबाट निस्कने जैविक घातक पदार्थहरूको अन्तिम निष्कासन व्यबस्थापन गर्ने।

घ)	कुनै पनि घातक पदार्थलाई भस्म वा पुनः प्रयोग गर्नको लागि एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफल जमीन र उर्जा सम्वन्धी कुनै काम गर्ने।

**(औ ) कृषि क्षेत्र**

१)	पहाडमा १ हेक्टर भन्दा बढी र तराईमा ५ हेक्टर भन्दा बढी सरकारी वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने।

२)	कृषि योग्य भुमिमा शहरीकरण योजना गर्ने।

३)	जीवनाशक विषादी (सूचित विषादीहरुको हकमा मात्र) प्लान्ट स्थापना गर्ने।

**(अं)	स्वास्थ्य क्षेत्र**

१)	१०० शैंया भन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यबसाय ( अध्ययन/अध्यापन समेत) सञ्चालन गर्ने।

**(अः)	देहायको क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमा :-**

१)	ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र।

२)	राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार र संरक्षण क्षेत्र।

३)	सार्वजनिक खानेपानी आपूर्तिका मुख्य श्रोतहरू रहेको क्षेत्र।

**(अः१)** खण्ड (अ) देखि (अः) सम्म उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरु तथा अनुसूची १ मा उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरु बाहेक पच्चीस करोड रुपैया भन्दा बढी लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिर्वतन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने।

**वातावरण संरक्षण नियमावली, २०५४**
**(नियम ५ संग सम्बन्धित)**
**वातावरणीय प्रभाव मूल्याङ्कन कार्यसूची**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको सामान्य परिचय

३. प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क र तथ्याङ्कहरु संकलन विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरु

५. प्रतिवेदन तयार गर्दा लाग्ने :

क) समय

ख) अनुमानित बजेट

ग) आवश्यक पर्ने विशेषज्ञ

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारण गरीएको क्षेत्र

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

क) सामाजिक - आर्थिक

ख) साँस्कृतिक - भौतिक

ग) रसायनिक

घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका अन्य विकल्पहरु

क) डिजाइन

ख) आयोजना स्थल

ग) प्रविधि र संचालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ

घ) वातावरण व्यवस्थापन प्रणाली

ङ) प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने

च) अन्य कुराहरु

९. प्रस्ताव कार्यान्वयन गर्दा देखिने नकारात्मक प्रभावहरु हटाउने उपायहरु

१०. प्रस्तावको लागत प्रतिफलको विवरण

११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

१२. प्रतिवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने सान्दर्भिक सूचना, सन्दर्भ सूची, परिशिष्ट, नक्सा, फोटो चित्र, तालीका, चार्ट, ग्राफ, प्रश्नावलीहरु

## वातावरण संरक्षण नियमावली २०५४
## अनुसूची ६
## (नियम ७ संग सम्बन्धित)
## वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको सारांश (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरुमा उल्लेख गर्ने

क) प्रस्तावको उद्देश्य,

ख) भूउपयोगमा पर्ने असर

ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप

घ) स्थानीय चिज वस्तुमा हुने क्षति

ङ) अन्य आवश्यक कुराहरु।

३. प्रतिवेदनको सारांश :

वातावरणीय प्रभाव मूल्याकंन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरुको संक्षिप्त विवरण।

४. प्रस्तावको विवरण

क) प्रस्तावको प्राविधिक, भौगोलिक, वातावरणीय, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पक्ष उल्लेख गर्ने।

ख) प्रस्तावको कार्यान्वयनको प्रत्येक चरणमा गरिने कार्यहरुको उद्देश्य, कार्यनीति तथा कार्यतालिका उल्लेख गर्ने।

५. प्रस्तावको आधारभूत जानकारी

प्रस्तावको प्रकृति अनुसार मूल्याकंन गरिने क्षेत्रको भू भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक, आर्थिक परिस्थितिका साथै प्रस्ताव संचालन हुनभन्दा पहिला हुन सक्ने कुनै परिवर्तनका बारेमा आधारभूत जानकारी उल्लेख गर्ने। उपलब्ध हुन नसक्ने कुनै तथ्यांक तथा अध्ययनले समेट्न नसक्ने विषयवस्तुहरु भए सो पनि उल्लेख गर्ने।

६. वातावरणीय प्रभावको पहिचान

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणको देहायका क्षेत्रमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुको उल्लेख गर्ने तथा संभव भएसम्म समय र कार्य तालिका अनुसार सम्भावित प्रभावहरुको अनुमान गर्ने र परिमाण तोक्ने

क) प्रस्तावको कार्यान्वयनबाट लाभदायी वा प्रतिकूल प्रभाव पर्ने समय र भौगोलिक क्षेत्र।

ख) प्रस्तावको कार्यान्वयनबाट निष्काशन हुने फोहरमैला र प्रदूषणका प्रभावहरु।

ग) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रत्यक्ष, अप्रत्यक्ष र समग्र (कुमुलेटीभ) प्रभावहरु।

७. प्रस्तावको विकल्प विश्लेषण

देहायको विषयमा विश्लेषण गर्नु पर्ने :

क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र संचालन विधि, समय तालिका प्रयोग हुने कच्चा पदार्थ आदिको विषयमा।

ख) प्रस्ताव कार्यान्वयन गर्दा आवशयक पर्ने स्थिर पूँजी र चालू पूँजी, स्थानीय अनुकूलता, संस्थागत तालिम र सुपरिवेक्षणको आवश्यकताहरुका आधारमा तुलना गर्ने र सम्भव भएसम्म प्रत्येक वैकल्पिक उपायका वातावरणीय लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा।

ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालिन, मध्यकालिन र दीर्घकालिन प्रतिकूल असरहरु।

घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने उर्जा र त्यस्तो उर्जा बचत गर्न अपनाइने उपायहरु।

ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण।

८. वातावरणीय प्रभाव कम गर्ने उपायहरु

- क) वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरुको लागि अपनाउनु पर्ने व्यावहारिक सुरक्षात्मक उपायहरु उल्लेख गर्ने।
- ख) सुरक्षात्मक उपायहरुद्धारा वातावरणमा पर्ने प्रभाव पूर्ण रुपमा हटाउन नसकिने भएमा क्षतिपूर्तिका सम्बन्धमा उल्लेख गर्ने । अन्य सम्भावित विकल्पहरुसंग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कत्तिको प्रभावकारी छन् भन्ने कुराका विश्लेषण गर्ने।
- ग) अन्य सम्भावित विकल्पहरुसंग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कतिको प्रभाव परेका छन् भन्ने कुरामा विश्लेषण गर्ने।

९. वातावरणीय व्यवस्थापन योजनाका सम्बन्धमा उल्लेख गर्ने।

१०. नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा

प्रस्तावको प्रकृति र स्तरका आधारमा सम्बन्धित नीति तथा ऐन नियमहरुको समीक्षा गर्ने । कुनै नीति तथा कानूनी व्यवस्थामा सुधार गर्नु पर्ने भए सो उल्लेख गर्ने।

११. प्रस्तावको अनुगमन

प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका सम्बन्धमा गरिने अनुगमनको तरिका, अनुगमन गर्ने निकाय र समय तालिका, अनुगमन तथा मूल्यांकनका सूचक आदि उल्लेख गर्ने।

१२. वातावरणीय परीक्षणको ढाँचा तथा त्यसको सार्थकताका बारेमा उल्लेख गर्ने।

१३. सन्दर्भ सामग्रीहरु

प्रतिवेदन तयार गर्दा उद्धृत गरीएको सन्दर्भहरुको प्रकाशन सम्बन्धी सूची निम्नलिखित आधारमा बनाउने :

क) लेखक, ख) प्रकाशित भएको मिति ग) उद्धृत गरीएका सामग्रीको शीर्षक

घ) उद्धृत गरीएको प्रकाशन वा पत्रिको नाम, ङ) वर्ष, खण्ड, अंक आदि (भएको खण्डमा) च) पृष्ठ

१४. परिशिष्टमा देहायका कुराहरु समावेश गर्ने

- क) भू बनोट, भौगोलिक स्थिति, भू उपयोग, भू क्षमता र अध्ययनसंग सम्बन्धित नक्साहरु
- ख) संभव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु
- ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरीएका प्रश्नावली वा विषय वस्तुको सूची
- घ) चार्ट तथा चित्रहरु जस्ता वातावरणीय प्रभाव मूल्यांकनसंग सम्बन्धित कुराहरु
- ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्यांक (समयको आधारमा क्रमबद्ध गरी)
- च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क
- छ) भौगर्भिक तथा जोखिम मूल्यांकन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),
- ज) उपलब्ध हुने सक्ने भएमा आयोजना संचालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनीको स्तर सम्बन्धी जानकारी
- झ) वातावरण प्रभाव मूल्यांकनसंग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र
- ञ) नक्सा, स्लाइड, रेकर्डहरु तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामग्री
- छ) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्यांक
- ठ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरीएका लिखित सामग्रीहरुको सन्दर्भ सूची
- ड) आमन्त्रित व्यक्तिहरु तथा सहभागीहरुको सूची तथा सम्बन्धित संस्थाहरु बीचको छलफल, भेला र बैठकको रेकर्डहरु तथा छलफल र अनुगमनको छोटो जानकारी
- ढ) वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीका व्यक्ति तथा संस्थाहरुको नामावली
- ण) अध्ययनको क्रममा सम्पर्क गरीएका व्यक्ति तथा संस्थाहरुको नाम, ठेगाना र टेलिफोन नम्बर

## वातावरण संरक्षण नियमावली २०५४
## अनुसची ७
## (नियम १६ को उपनियम (१) संग सम्बन्धित)
## प्रदूषण नियन्त्रण प्रमाणपत्र लिनु पर्ने उद्योगहरु

१ ब्लेण्डिङ प्रकृयाबाट मदिरा उत्पादन गर्ने तथा उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी सम्बन्धी

२ फर्मेन्टेसन सुविधायुक्त ब्रुअरी र वाइनरी सम्बन्धी

३ कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन सम्बन्धी (साइट्रिक, टारटरिक, एसेटिक एसिड जस्ता बाहेक)

४ छाला प्रशोधन गर्ने

५ इलेक्ट्रो प्लेटिङ तथा ग्याल्भनाइजिङ्ग सम्बन्धी

६ कुकिङ, नेचुरल ग्याँस रिफिलिङ्ग, फिलिङ्ग, उत्पादन वितरण गर्ने

७ ढुंगा क्रसिङ सम्बन्धी

८ रंग रोगन सम्बन्धी

९ दुग्ध प्रशोधन सम्बन्धी

१० ब्लेन्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रकृयाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने

११ फोम उत्पादन सम्बन्धी

१२ ड्राइ वा वेट सेल (ब्याट्री) उत्पादन गर्ने

१३ खाँडसारी वा चिनी उत्पादन गर्ने

१४ परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रंगाई, छपाई वा धुलाई (गलैंचा समेत) सम्बन्धी

१५ परम्परागत घरेलु उद्योग बाहेकका पल्प वा कागज सम्बन्धी

१६ इटा, टायल आदी सम्बन्धी

१७ चुन ढुंगा वा क्लिङ्गरमा आधारित सिमेन्ट सम्बन्धी

१८ चुन उत्पादन सम्बन्धी

१९ औषधी सम्बन्धी

२० केमिकल फर्टिलाइजर (ब्लेण्डिङ) तथा किट नाशक पदार्थ (ब्लेण्डिङ्ग) उत्पादन गर्ने

२१ प्लाष्टिक (खेर गएको प्लाष्टिकको कच्चा पदार्थमा आधारित) सम्बन्धी

२२ सलाई सम्बन्धी

२३ अटो वर्कशप (२ पांग्रे बाहेक) सम्बन्धी

२४ कोइलाबाट कोक, ब्रिकेट आदि उत्पादन तथा प्रशोधन सम्बन्धी

२५ प्लाष्टिक प्रोसेसिङ्ग (खेर गएको पदार्थ प्रोसेस गर्ने बाहेक) सम्बन्धी

२६ टायर, ट्यूब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने

२७ साबुन (डिटरजेन्ट, क्लीनिङ्ग स्याम्पु समेत) सम्बन्धी

२८ फोटो प्रोसेसिङ्ग सम्बन्धी
२९ फाउण्ड्री सम्बन्धी
३० चुरोट, विडी, सूर्ती पान मसला उत्पादन गर्ने
३१ पशु बधशाला सम्बन्धी
३२ ग्लाँस (काच) सम्बन्धी
३३ खाद्य प्रशोधन सम्बन्धी
३४ धातुगत (रिमेल्टिङ, रिरोलिङ तथा फेव्रिकेशन समेत) सम्बन्धी
३५ विटुमिन तथा विटुमिन इमल्सन सम्बन्धी
३६ कोल्ड स्टोरेज सम्बन्धी
३७ धागो कताई सम्बन्धी
३८ बनस्पति ध्यू, तेल सम्बन्धी
३९ जडिबुटी प्रशोधन सम्बन्धी
४० हाड सिंग र खुरबाट विभिन्न वस्तु उत्पादन सम्बन्धी
४१ रोजिन टर्पेन्टाइन, भेनिएर तथा कत्था सम्बन्धी
४२ माछामासु प्रशोधन सम्बन्धी
४३ प्याकेजिङ पदार्थ उत्पादन सम्बन्धी
४४ पशुपंक्षीको दाना सम्बन्धी
४५ मेशिन शप सम्बन्धी
४६ वेल्डिङ प्रकिया बाहेकको केमिकल फर्टिलाइजर, किटनाशक पदार्थ उत्पादन सम्बन्धी
४७ रु ५ करोड भन्दा बढी स्थिर पूँजी लगानी हुने खानीमा आधारित उद्योग सम्बन्धी
४८ पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजल, मट्टीतेल, लुव्रिकेन्टस्, प्लाष्टिक, सिनथेटिक रबर आदि उत्पादन गर्ने
४९ फेरस तथा नन् फेरस (रिरोलिङ, रिमेल्टिङ्ग र फेव्रिकेशन बाहेक) प्रारम्भिक स्मेल्टिङ गरी धातु उत्पादन
५० एस्वेस्टस उत्पादन गर्ने
५१ रेडियो विकिरण निष्काशन हुने (न्यूक्लियर र एटोमिक प्रशोधन) सम्बन्धी
५२ औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk drugs) उत्पादन गर्ने
५३ अति घातक (extremely hazardous) पदार्थ जस्तै आइसोसाइनाइट, मर्करी कम्पाउण्ड आदि सम्बन्धी
५४ गोली गट्ठा, बारुद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने
५५ हाडको रासायनिक प्रशोधन सम्बन्धी

अनुसूचि २३

नेपाल सरकार
उद्योग मनत्रालय
घरेलु तथा साना उद्योग विभाग

**घरेलु तथा साना उद्योग कार्यालय,............................**

उद्योग निरीक्षण फारम
उद्योग रहेको स्थलको नक्सा
अवधि................................

| | | | |
|---|---|---|---|
| उद्योग सञ्चालन मिति | अञ्चल | पूँजी | |
| उद्योगको नाम :- | जिल्ला | स्थिर पूँजी रु. | प्रयोग गरेको विद्युत शक्ति |
| उद्योगपतिको नाम | न.पा. /गा.वि.स. | चालु पूँजी | वार्षिक उत्पादन क्षमता |
| रजिष्ट्रेशन मिति र नं. | वडा | साईनबोर्ड भएको /नभएको | |

व्लक नं.

| स्कीममा भएको मेशिन औजार | | | | | हाल मौजुदा मेशिन औजार | | | | | कच्चा पदार्थ वार्षिक विवरण | | | उत्पादन विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | उत्पादन क्षमता | संख्या | मुल्य | विद्युत कि.वा | विवरण | उत्पादन क्षमता | संख्या | मुल्य | विद्युत कि.वा | विवरण | खपत परिमाण | बाँकी | वस्तुको नाम | परिमाण | बिक्री | बाँकी | |
| | | | | | | | | | | | | | | | | | |

## सुविधा उपभोग गरेको/नगरेको

गरेको √     नगरेको x

| आयकर | बिक्री कर | भंसार | अन्तःशुल्क |
|---|---|---|---|
| | | | |

आयकर बिक्रीकर भंसार अन्तःशुल्क

१. इजाजत/दर्ता हुँदा उल्लिखित शर्तहरु पालना भए नभएको बारे :-

२. उद्योगीको   भनाई:-

४. निरीक्षकको मन्तव्य:-

**निरीक्षण मिति :-**

## कामदारको विवरण र संख्या

कूल रोजगार संख्या :-

| दक्ष | अर्धदक्ष | अदक्ष | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |

## कर्मचारी

| प्रशासनिक | प्राविधिक | जम्मा |
|---|---|---|
| | | |

३. कारखाना स्थल सम्बन्धमा :-
- (क) नीजि वा भाडामा :-
- (ख) कारखाना भवन नयाँ/पुरानो :-
- (ग) पुरानो भए पहिला कुन काममा सो भवन प्रयोग भएको थियो :-

५. मेशिन औजार सम्बन्धमा :-
- (क) खरिद मिति :-
- (ख) इन्भ्वाइस नम्वर :-
- (ग) मेशिन निर्माण भएको मुलुक :-
- (घ) खरिद मूल्य :-
- (ङ) अन्य

**निरीक्षकको नाम र पद :-**

**निरीक्षकको दस्तखत:-**

## घरेलु तथा साना उद्योगलाई दिइने सुविधा सिफारिश गर्दा संलग्न गर्नु पर्ने विवरण

घरेलु र साना उद्योगहरुले प्रचलित ऐन अनुसार सुविधा माग गरेपछि देहाय बमोजिमको कागजातहरु संलग्न गरी सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयले प्रमाणित गरी माग बमोजिमको सुविधा दिन मिल्ने नमिल्ने बारेमा स्पष्ट राय सहित विभागमा पठाउनु पर्नेछ।

१. उद्योगको नाम, दर्ता मिति, पूँजी विवरण (स्थिर, चालु र कूल), उद्देश्य, वार्षिक उत्पादन क्षमता :

उद्योगको नाम : उद्योग रहेको स्थान :

उद्योगीको नाम ठेगाना : उद्योगको स्तर :

दर्ता मिति : उद्योगको वर्ग :

सञ्चालन (व्यापारिक उत्पादन शुरु गरेको मिति :

पूँजी विवरण : स्थिर : चालु : जम्मा :

वार्षिक उत्पादन क्षमता : परिमाण : मूल्य :

उद्देश्य :

कामदार संख्या :

क्षमता :

२. उद्योग दर्ता गर्दा भरेको निवेदन (ख) फाराम

३. स्कीम भएमा सो समेतको प्रतिलिपि

४. दर्ता प्रमाणपत्र पठाइएको जानकारी पत्रको प्रतिलिपि

५. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि (अद्यावधिक नविकरण भएको)

६. ईजाजत लिएको भए इजाजत पत्रको प्रतिलिपि

७. निवेदन (क) फारामको प्रतिलिपि (इजाजत लिएको भए)

८. तोकिएको अवधिमा सञ्चालन नभएको भए म्याद थपको प्रमाण

९. कर वा मूल्य अभिबृद्धि कर वा अन्य राजस्व सम्बन्धी कार्यालयबाट उद्योगको शुरु सञ्चालन मिति प्रमाणित गरीएको प्रमाण

१०. रीतपूर्वकको निरीक्षण प्रतिवेदन र फाराम

११. सञ्चालन पश्चात्को मासिक वा चौमासिक वा वार्षिक प्रगति विवरण

१२. आयकर वा अन्य छुट कुन ऐनको कुन दफा अनुसार माग गरेको हो

१३. वातावरणीय शर्तहरु पालना भएको छ भन्ने पुष्ट्याई

१४. उद्योग संचालन गर्दा इजाजत तथा दर्ता प्रमाणपत्रमा तोकिएका शर्त पालना भए नभएको पुष्ट्याइ

१५. खाद्य प्रशोधन लगायत अन्य उद्योगको हकमा सम्बन्धित निकायबाट तोकिएका शर्तहरु पालना भए नभएको पुष्ट्याइ

अनुसूची २५

# घरेलु तथा साना उद्योगहरुलाई सुविधा सिफारिश गर्दाको चेक लिष्ट

१. निवेदकको नाम, ठेगाना :-

२. उद्योग रहने स्थान (जिल्ला, न.पा. /गा.वि.स., वडा नं. र स्थान) :-

३. उद्योगको स्तर :- घरेलु/साना

४. उद्योगले प्रयोग गर्ने विद्युत शक्ति :- ......... किलोवाट

५. उद्योगको वर्ग :- क) उत्पादनमूलक ख) उर्जामूलक ग) कृषि तथा वनजन्य घ) खनीज ङ) पर्यटन च) सेवा छ) निर्माण

६. कूल पूँजी :- ......... क) स्थिर पूँजी :- ......... ख) चालु पूँजी :- .........

१) घर जग्गा बाहेकको स्थिर पूँजी :- .........

७. उद्योगको उद्देश्य :-

८. मेशीनरीको लागि विदेशी मुद्रा आवश्यक पर्ने/नपर्ने :- पर्ने भए आवश्यक रकम :- .........

९. कच्चा पदार्थको श्रोत :-

१०. कच्चा पदार्थको लागि विदेशी मुद्रा आवश्यक पर्ने नपर्ने :- पर्ने भए आवश्यक रकम :- .........

११. उद्योगको लागि आवश्यक कामदार :-

| | स्वदेशी | विदेशी |
|---|---|---|
| | ............ | .............. |
| प्रा. | ............ | .............. |
| प्र. | ............ | .............. |

| | | छ | छैन | आवश्यक नभएको |
|---|---|---|---|---|
| १. | उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न | | | |
| २. | उद्योग दर्ता पत्रको प्रतिलिपि | | | |
| ३. | उद्योग अद्यावधिक नविकरण भएको प्रमाण | | | |
| ४. | अनुमति (इजाजत) पत्रको प्रतिलिपि संलग्न | | | |
| ५. | निवेदन क फारामको प्रतिलिपि संलग्न | | | |
| ६. | उद्योग दर्ता निवेदन ख फारामको प्रतिलिपि संलग्न | | | |
| ७. | स्कीमको प्रतिलिपि संलग्न | | | |

| | | | | |
|---|---|---|---|---|
| ८. | उद्योग संचालन भएदेखिको मासिक/चौमासिक/वार्षिक प्रगति विवरण संलग्न | | | |
| ९. | उद्योग निरीक्षण प्रतिवेदन उद्योग प्रशासन निर्देशिका, २०५४ अनुसार | | | |
| १०. | उद्योग दर्ता भएको छ महिना भित्रमा संचालन हुनुपर्नेमा सो म्याद भित्र संचालन हुन नसकि उद्योग संचालन म्याद थप भएको प्रमाण | | | |
| ११. | अनुमति लिनु पर्ने उद्योगले अनुमति पत्रमा उल्लेखित म्याद भित्र संचालन हुन नसकेकोमा अनुमतिको म्याद थप भएको प्रमाण | | | |
| १२. | केन्द्रीय खाद्य अनुसन्धानशाला/नेपाल गुणस्तर तथा नापतौल विभाग/मूल्य अभिबृद्धिकर विभाग वा यस्तै अन्य निकायको पूर्व स्वीकृति लिनु पर्नेमा लिएर मात्र वा गुणस्तर परिक्षण गराउनु पर्ने शर्त तोकिएकोमा सो अनुसार भएको प्रमाण | | | |
| १३. | कर वा मूल्य अभिबृद्धि कर वा अन्य राजस्व सम्बन्धी कार्यालयबाट उद्योगको शुरु संचालन मिति प्रमाणित गरीएको प्रमाण | | | |
| १४. | वातावरण प्रदूषण र साँध सँधियारको उजुरी सम्बन्धमा गा. वि. स. वा सम्बन्धित निकायको प्रतिकृया | | | |

**उपरोक्त व्यहोरा ठीक छ भनि पेश गर्ने**

**उपरोक्त व्यहोरा ठीक छ भनि प्रमाणित गर्ने**

घरेलु तथा साना उद्योग कार्यालय....................................

# औद्योगिक तथ्याङ्क विवरण

२०७ ............. साल ................ महिनाको

जिल्ला :-

अञ्चल :-

| सि.नं. | उद्योगको | | उद्योगको उद्देश्य | उद्योगको स्तर | उद्योगको वर्गिकरण | किसिम | पूँजी लगानी | | | वार्षिक लगानी | | | वार्षिक उत्पादन क्षमता | | रोजगार | | उद्यमी | | बिद्युत कि. वाट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं. | मिति | | | | | प्रा.फ. | सा.फ. | प्रा.लि. | स्थिर पूँजी | चालु पूँजी | कूल पूँजी | परिमाण | मूल्य रू. | म. | पु | म. | पु | | |
| | | | | | | | | | | | | | | | | | | | | |

**द्रष्टव्य :** १ यो विवरण हरेक महिना व्यतित भएको ३ दिन भित्र विभागमा पठाउनु पर्नेछ ।

२ यो फाराम भर्दा उद्योगको वर्गिकरण मिलाएर जस्तै उत्पादनमूलकको एक ठाउँमा, बनजन्य अर्को ठाउँमा गरी गर्न पर्ने छ ।

# प्रगति विवरण फाराम

घरेलु तथा साना उद्योग कार्यालय .............

मासिक/चौमासिक/अर्धवार्षिक,अष्टमासिक वार्षिक

२०...... साल ............... महिनाको ............ कार्य प्रगति विवरण

| सि.नं. | बिषय | घरेलु उद्योग तर्फ | | | साना उद्योग तर्फ | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा.फा. | सा.फा. | कम्पनी | प्रा.फा. | सा.फा. | कम्पनी | | |
| १. | उद्योग दर्ता संख्या | | | | | | | | |
| २ | दर्ताको स्थिर पूँजी रकम रु. | | | | | | | | |
| ३. | नामसारी संख्या | | | | | | | | |
| ४. | ठाउँसारी संख्या | | | | | | | | |
| ५. | नवीकरण संख्या | | | | | | | | |
| ६. | पूँजी बृद्धि संख्या | | | | | | | | |
| ७. | पूँजी बृद्धिको रकम रु. | | | | | | | | |
| ८. | इजाजत प्रदान भएको संख्या | | | | | | | | |
| ९. | IEE स्वीकृत भएका संख्या | | | | | | | | |

**द्रष्टव्य** :-

१) यो फाराम भरी मासिक विवरण हरेक महिनाको ३ गते भित्रमा विभागमा पठाउनु पर्ने र चौमासिक/अर्धवार्षिक, अष्टमासिक विवरणहरु हरेक अवधि समाप्त भएको ५ दिन भित्र विभागमा पठाउनु पर्नेछ र वार्षिक प्रगति एकमुष्ठ हरेक वार्षिक अवधि व्यतित भएको १५ दिन भित्र विभागमा आइ पुग्नु पर्ने।

२) प्रत्येक मासिक, चौमासिक, अर्धवार्षिक, अष्टमासिक र वार्षिक प्रगतिमा तपसिल बमोजिमको विवरण समेत उल्लेख हुनुपर्ने।

क) उद्योग दर्ताबाट राजस्व (प्रा.फ. रु. .........., सा.फ.रु. ............ प्रा.लि.रु. ............) कुल रु. ..............

ख) नामसारीबाट राजस्व रु. ..........................

ग) ठाउँसारीबाठ राजस्व रु. ..........................

घ) नवीकरणबाट राजस्व रु. ..........................

ङ) पूँजीवृद्धीबाट राजस्व रु. ..........................

च) अन्य संसोधान (उद्योग प्रशासनको मात्र) बाट राजस्व रु. ..........................

कुल जम्मा राजस्व रु . ..........................

छ) उद्योगको वर्ग, कानूनी स्वरुप, स्तर (प्रा.फ., सा.फ., प्रा. लि. /घरेलु, साना) छुट्टिनेगरी स्थीर, चालु र कुल पूँजी लगानी

ज) उत्पादन परिमाण र रु. ......................

झ) दर्ताका आधारमा रोजगारी (म. ........., पु. ..........), उद्यमी (म. ........., पु. ..........)

अनुसूची २८

# घरेलु तथा साना उद्योग विभाग

# वार्षिक प्रगति विवरण

## आ. व. २०७.../२०७...

## (वस्तु उत्पादन गर्ने उद्योगको लागि)

**१. उद्योगको नाम :** **स्थिर पूँजी :**

**२. उद्योगको ठेगाना** **चालु पूँजी :**

**३. उद्योगी/साझेदारको नाम :** **शुरु सञ्चालन**

**मिति :** **चालु/बन्द**

**४. ठेगाना :**

**प्राइभेट/साझेदारी/प्रा. लि./पब्लिक कम्पनी :**

**५. टेलिफोन :**

**फ्याक्स नं :**

**साइनबोर्ड भएको/नभएको :**

| वार्षिक उत्पादन विवरण | | | कच्चा पदार्थ खपत विवरण | | | कच्चा पदार्थको श्रोत | | मेशिन औजारको विवरण र उपयोग भएको विद्युत् | | | रोजगार | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वस्तु | परिमाण | मूल्य | कच्चा पदार्थको नाम | परिमाण | मूल्य | स्वदेश | विदेश | नाम | संख्या | कि.वा. | महिला | पुरुष | |
| | | | | | | | | | | | | | |

उद्योगलाई परेका समस्याहरु :– क)

उद्योगपतिको नाम :-

ख)

दस्तखत :-

ग)

मिति :-

**द्रष्टब्य** :- यो फाराम उद्योग नवीकरण गर्न आउँदा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

अनुसूची २९

# घरेलु तथा साना उद्योग विभाग
# वार्षिक प्रगति विवरण
## आ. व. २०७.../२०७...
## (वस्तु उत्पादन गर्ने  बाहेक उद्योगको लागि)

१. उद्योगको नाम : स्थिर पूँजी :

२. उद्योगको ठेगाना : चालु पूँजी :

३. उद्योगी/साझेदारको नाम : शुरु सञ्चालन मिति :

चालु/बन्द :

४. ठेगाना :

प्राइभेट/साझेदारी/प्रा. लि./पब्लिक कम्पनी :

५. टेलिफोन :

फ्याक्स नं. :

साइनबोर्ड भएको/नभएको :

| सि.नं. | सेवाको किसिम | प्रदत्तसेवा इकाई | | मेशिन औजारको विवरण | रोजगार संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | मूल्य | | पुरुष | महिला | |
| | | | | | | | |

उद्योगलाई परेका समस्याहरु :–

क)

ख)

ग)

उद्योगपतिको नाम :-

दस्तखत :-

मिति :-

**द्रष्टब्य** :- यो फाराम उद्योग नवीकरण गर्न आउँदा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

## उद्योग रहने स्थान (क्षेत्र) सम्बन्धी कार्यनीति
## औ. प्र. बोर्डको मिति २०५४/१/२९ मा बसेको १३२ औं बैठकको निर्णय नं. १

उद्योग रहने स्थान बारेको औ. प्र. बोर्डको १११ औं बैठकको निर्णयानुसार लागु भएको नीतिमा पुनरावलोकन गरी नयाँ नीति लागु गर्न विभिन्न उद्यमीहरुबाट माग भै रहेको सन्दर्भमा उपरोक्त नीतिमा पुनरावलोकन गरी नयाँ कार्यनीति लागु गर्ने बारे औ. प्र. बोर्डको १२९ औं बैठकमा प्रस्ताव पेश भै छलफल हुँदा यसमा उद्योग, मन्त्रालयको सह सचिव श्री विमल प्रसाद कोइराला, जनसंख्या तथा वातावरण मन्त्रालयका सहसचिव, उद्योग विभागका महानिर्देशक, घरेलु तथा साना उद्योग विभागका महानिर्देशक र घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष समेत रहेको कमिटी गठन गरी सो कमिटीको राय सहित औ. प्र. बोर्डमा पुनः प्रस्ताव पेश गर्ने निर्णय भएको थियो। उपरोक्त कमिटिले दिएको राय सुझाव समेतको आधारमा उद्योग रहने स्थान बारेको औ. प्र. बोर्डको १११ औं बैठकको निर्णयलाई पुनरावलोकन गरी पेश भएको नयाँ कार्यनीतिमा छलफल हुँदा उद्योग रहने स्थान बारे निम्नानुसारको कार्यनीति लागू गर्ने निर्णय भयो।

१. काठमाडौं उपत्यकाका नगरपालिकाहरु भित्र अनुसूची १ (औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची) अनुसारका उद्योगहरु मात्र स्थापना गर्न सकिने छ।

२. काठमाडौं उपत्यका भित्र अनुसूची २ (औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची) मा उल्लेखित Negative List का उद्योगहरु स्थापना गर्न पाईने छैन।

३. काठमाडौं उपत्यकाका नगरपालिका बाहेक अधिराज्यका अन्य नगरपालिकाहरुमा अनुसूची ३ (औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची) मा उल्लेखित Negative List का उद्योगहरु स्थापना गर्न पाइने छैन।

४. औद्योगिक क्षेत्र भित्र प्रदूषण रोकथाम र सुरक्षाका उपायहरुको व्यवस्था गरी सबै किसिमका उद्योगहरु स्थापना गर्न पाइने छ।

५. प्रमुख धार्मिक क्षेत्र नजिकै इजाजत लिनु पर्ने उद्योग स्थापना गर्दा सम्बन्धित गा. वि. स./नगरपालिकाको सिफारिश पेश गर्नु पर्ने छ।

६. यो नीति लागू हुनु भन्दा पहिले इजाजत लिएका वा दर्ता भएका वा संचालनमा रहेको उद्योगहरुले पूँजी तथा क्षमता बृद्धि वा उद्देश्य थप माग गरेमा यो नीति अनुरुप विभागले स्वीकृति दिने।

७. यसभन्दा अगाडी दर्ता भएका वा इजाजत लिएका उद्योगहरु पनि ठाउँसारीको लागि निवेदन दिन आएमा माथि उल्लेख भए अनुसारको सिद्धान्त अनुसार विभागले स्वीकृति दिने।

८. यसभन्दा अगाडी इजाजत प्रदान गर्दा उद्योग रहने स्थान नगरपालिका क्षेत्रबाट निश्चित दूरी कायम गरिनु पर्ने गरी राखिएको शर्त फुकुवा गर्न माग भएमा विभागले फुकुवा गरीदिने।

९. उद्योग संचालन गर्दा उद्योगमा भइरहेको काम कार्वाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था मिलाई छरछिमेकलाई बाधा नपुऱ्याउने गरी संचालन गर्नु पर्ने छ।

१०. काठमाडौं उपत्यकाका नगरपालिका क्षेत्रहरुमा संचालनमा रहेका उद्योगहरु नगरपालिकाको एक स्थानबाट नगरपालिकाको अर्को स्थानमा ठाउँ सारी गर्न माग गरेमा छर छिमेकलाई बाधा नपार्ने शर्तमा सम्बन्धित नगरपालिकाको वडा समिति मार्फत सर्जमिन मुचुल्का समेतको सिफारिश लिइ पूँजी, क्षमता तथा उद्देश्य थप नहुने गरी उद्योगको ठाउँ सारी सम्बन्धित विभागले नै गरीदिने।

११. संचालनमा रहेका स्थानको आधारमा नकारात्मक सूचीमा परेका उद्योगहरुले स्वीकृत स्किम बमोजिमका सम्पूर्ण मेशिन उपकरण आयात गरी नसकेको अवस्थामा आयात गर्न बाँकी मेशिन उपकरणको स्किममा उल्लेखित मूल्यमा बृद्धि हुन गै वा उत्पादन क्षमता बृद्धि नहुने गरी मेशिन थप गर्न परेमा उत्पादन क्षमतामा बृद्धि तथा उद्देश्य थप नहुने गरी पूँजी बृद्धि सम्बन्धित विभागले नै गरी दिने।

१२. संचालनमा रहेका स्थानको आधारमा नकारात्मक सूचीमा परेका उद्योगहरुमा पुरानो जडित मेशिन उपकरणको बदला नयाँ मेशीन जडान गर्न माग गरेमा साबिकमा स्वीकृत तथा जडित मेशिनको क्षमता तथा उद्देश्य थप समेत नहुने गरी नयाँ मेशिन जडान गर्न र पूँजी बृद्धि हुने भएमा सम्बन्धित विभागले स्वीकृति दिने।

१३. साविकमा औद्योगिक व्यवसाय भित्र नपर्ने र अन्य निकायबाट इजाजत लिई संचालन भएका व्यवसायहरु हाल औद्योगिक व्यवसाय अन्तर्गत उद्योगको रुपमा दर्ता गरी संचालन गर्न माग गरेमा साविकमा संचालन भएको प्रमाण पेश गरेको खण्डमा उक्त व्यवसाय जुन ठाउँमा संचालन भै रहेको छ सोही ठाउँमै संचालन गर्न पाउने गरी विभागले दर्ता गरी दिने।

१४. रुग्ण अवस्थामा रहेको उद्योगहरुले उद्योगमा थप पूँजी बृद्धि गरी क्षमता बृद्धि तथा विविधिकरण गरी साविककै ठाउँमा संचालन गर्न चाहेमा यस प्रकारको केशमा उद्योगको वास्तविक स्थिति बुझि औचित्य हेरी पूँजी तथा क्षमता बृद्धि र विविधिकरण गर्न सम्बन्धित उद्योगको केशको आधारमा औ. प्र. बोर्डमा पेश गर्ने।

**(औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची १)**

**काठमाडौं उपत्यकाका नगरपालिकाहरुमा स्थापना गर्न सकिने नयाँ उद्योगहरु**

क) घरेलु उद्योग

- परम्परागत घरेलु उद्योग (ग्रामीण ट्यानिङ्ग बाहेक)

ख) पर्यटन उद्योग

- ट्राभल एजेन्सी
- ट्रेकिङ्ग एजेन्जी
- होटेल रिसोर्ट, रेस्टुरेण्ट

ग) उत्पादनमूलक उद्योग

- खाद्य प्रशोधन मीट प्रोसेसिङ बाहेक (बढीमा रु. दुई लाखसम्मको मेशिनरी भएको)
- इलेक्ट्रोनिक जडान उद्योग
- मैनबत्ती उद्योग (बढीमा रु. एक लाखसम्मको मेशिनरी भएको
- स्टेशनरी उद्योग (कागजबाट बन्ने मसलन्द सामानहरु : बढीमा रु. १ लाखसम्म मेशिनरी भएको
- काठको फर्निचर उद्योग (ब्याण्ड सः राख्न नपाइने र बढीमा रु. पचास हजारसम्मको मेशिनरी भएको)
- ऊनी धागो कताई (हाते चर्खाबाट)
- रेग्जीनका ब्याग उद्योग (बढीमा रु. एक लाखसम्म मेशिनरी भएको)
- छालाका तयारी सामान (बढीमा रु. एक लाखसम्म मेशिनरी भएको)
- आयुर्वेदिक औषधी उद्योग (बढीमा रु. पचास हजार सम्म मेशिनरी भएको)

घ) निर्माण उद्योग

- फ्लाइ ओभर ब्रीज
- कार्यालय, व्यापारिक र आवासिय कम्प्लेक्स
- ट्रलि बस सेवा (वर्कशप र ग्यारेज हुने भएमा नगरपालिका बाहिर हुनु पर्ने

ङ) सेवा उद्योग

निम्नलिखित सेवा उद्योगहरु काठमाडौं उपत्यकाका नगरपालिकाहरुमा स्थापना गर्न पाइने छैन।

- मझौला तथा ठूला रासायनिक प्रयोगशाला उद्योग
- कार्यशाला (वर्कशप रु. दुई लाखभन्दा बढी मेशीन भएको)
- कट टु लेन्थ सिट्स, स्ट्रिप्स र ट्यूव
- चिया, घरायसी मसला, चिनी, मैदा, नून, दाल आदि खाद्य वस्तुहरु प्याकिंग गर्ने उद्योग बाहेकका रिप्याकिंग उद्योगहरु
- चलचित्र व्यवसाय अन्तर्गतको प्रशोधन गर्ने प्रयोगशाला
- वासिंग, डाइङ्ग प्लाण्ट, कपडा छपाई (टेक्सटाइल प्रिन्टीङ्ग)
- कोल्ड स्टोरेज

(औ. प्र. बोर्डको १३२ औं  बैठकको निर्णय नं. १ को अनुसुची २)

## २. काठमाडौं  उपत्यका भित्र स्थापना गर्न नपाइने उद्योगहरु

| Sector | Pollution : Parameters |
| --- | --- |
| Tannery | Chromium Sulphides High BOD, Sodium, Odour |
| Chemical Fertilizer | Ammonia, $NH_4Cl$, SiF4, HF NOx from Ammonium Nitrate Reactor |
| Cement | Particulate (Dust) CO, $SO_x$, $No_x$ |
| Steel Melting & Foundry (medium & large) | Hydrocarbons, Aldehydes, Ketones, Carbon Monoxide fumes, Smokes, $SO_x$, $NO_x$ spent pickle liquor - Acidic |
| Pulp & Paper (except traditional handmade paper & small scale recycling plant) | Sulphite waste liquor with calcium bisulphite liquor white water effluent |
| Caustic Soda Chemical Manufacturing Industries | Mercury from caustic soda production many acidic and alkali wastes |
| Oil Refineries Petroleum Product (Petrol, Diesel, Kerosene, Lubricant, Furnace oil etc.) | Oil & Grease, Hydrocarbon, phenols fatty acid & Nitrogen Compounds and sulphur compounds, fire hazardous |
| Dyeing (medium & large) | Alkali wastes from dyestuff high pH, high BOD |
| Acid Manufacturing | Acidic wastes |
| Fermentation, Distillation & Blending (Distillery & Beer) | Odour, High BOD & high COD |
| Electroplating & Galvanization (medium & large) | High pH, BOD, Oil & greases metals, phenols & organic |
| Smelting Ferrous & non ferrous (medium & large) | Particulate matters (dust) |
| Sugar Production and khandasari | Odour, High pH, BOD, COD |
| Rubber Processing (tube & tyre manufacturing) | High pH, COD, Sulphide, Oil & grease |
| Paints Industries (medium & large scale) | |
| Bleaching powder | |

(औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची ३)

३. काठमाडौं उपत्यकाका नगरपालिकाहरु बाहेक अन्य नगरपालिकाहरुमा स्थापना गर्न नपाईने उद्योगहरु :

क) अनुसूची २ (औ. प्र. बोर्डको १३२ औं बैठकको निर्णय नं. १ को अनुसूची) मा उल्लेखित उद्योगहरु

ख) रोडा ढुंगा उद्योग

**स्पष्टीकरण**

रोडा ढुङ्गा उद्योग का. म. न. पा., उ.न.पा. र न.पा. क्षेत्रमा राख्न नपाइने।

औद्योगिक व्यवसाय ऐन, २०४९ (मूल ऐन) को दफा १५ को खण्ड (ख) र (ग) संग सम्बन्धित

## राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुको विवरण

१. आधुनिक चिनी तथा खाँडसारी उद्योग।

२. स्थानीय तेलबीज प्रशोधन गर्ने आधुनिक तेल उद्योग।

३. एकीकृत डेरी (पशु पालन समेत) उद्योग।

४. फलफूल तथा तरकारी बीउ बीजन उत्पादन गर्ने उद्योग।

५. चिया, कफी खेती तथा प्रशोधन गर्ने उद्योग।

६. फलफूल प्रशोधन गर्ने उद्योग।

७. जडीबुटी खेती तथा प्रशोधन गर्ने उद्योग।

८. बेबीफूड र स्वास्थ्यकर खाना उत्पादन गर्ने उद्योग।

९. सूती, ऊनी तथा रेशम धागो तथा यिनमा आधारित कपडा उद्योग।

१०. छाला प्रशोधन र छालाका वस्तु उत्पादन गर्ने उद्योग।

११. व्यवसायिक एवं पेशागत ज्यावल, औजार उद्योग।

१२. स्लेट, ढुङ्गा एवं सिमेण्टका ब्लकहरु बनाउने उद्योग।

१३. कागज उद्योग (लेख्ने, छाप्ने एवं न्यूज प्रिण्ट)।

१४. शैक्षिक सामाग्री उत्पादन गर्ने एवं मसलन्द उद्योग।

१५. औषधि उत्पादन उद्योग।

१६. स्वास्थ्य उपकरण र औजार उद्योग।

१७. इन्जिनियरिङ्ग उद्योग (कृषि एवं औद्योगिक मेशीन औजार उत्पादन गर्ने समेत)।

१८. कीटनाशक औषधि उद्योग।

१९. रसायनिक मलखाद उत्पादन (ब्लेण्डिङ र मिश्रण बाहेक) उद्योग।

२०. इन्धन बचत गर्ने साधन उत्पादन गर्ने उद्योग।

२१. प्रदूषण रोक्ने साधन उत्पादन गर्ने उद्योग।

२२. फोहर मैला वा खेर गएको वस्तु प्रशोधन गर्ने उद्योग।

२३. जलविद्युत उत्पादन एवं वितरण।

२४. होटेल, रिसोर्ट।

२५. सडक, पूल, टनेल, रोप वे, फ्लाईङ ब्रिज, रेल्वे, ट्रलीबस तथा अफिस एवं आवस कम्प्लेक्स आदि।

२६. खनिज पदार्थमा आधारित उद्योग।

२७. विद्युत प्रमुख रुपमा प्रयोग गर्ने कष्टिक सोडा, क्लोरिन, एलुमिनियम स्मेल्टर आदि उद्योग।

२८. अस्पताल नर्सिङ होम।

२९. कम्प्यूटर सफ्टवेयर उद्योग।

३०. निकाशीमूलक कृषिजन्य उद्योग।

३१. प्रेसिजन वस्तुहरु।

(संशोधित ऐनको दफा १५ को खण्ड (ग) संग सम्बन्धित)

## राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरु

१. कृषि तथा वनजन्य उद्योगहरु।

२. इन्जिनियरिङ्ग उद्योग (कृषि तथा औद्योगिक मेशीन उत्पादन गर्ने।

३. इन्धन बचत गर्ने वा प्रदूषण कम गर्ने साधन उत्पादन गर्ने उद्योग।

४. फोहर मैला प्रशोधन गर्ने उद्योग।

५. सडक, पुल, टनेल, रोपवे, फ्लाइङ ब्रिज, ट्रलिबस तथा ट्राम निर्माण गरी संचालन गर्ने उद्योग।

६. अस्पताल र नर्सिङ्ग होम (काठमाडौं उपत्यका बाहिर मात्र)।

७. आयुर्वेदिक, होमियोपेथिक र अन्य परम्परागत औषधी उत्पादन गर्ने तथा अपाङ्ग तथा हाडजोर्नीको मद्दतका लागि प्रयोग गरिने बैशाखी, कम्मरपेटी, व्हील चियर, स्ट्रेचर र लठ्ठी आदि उत्पादन गर्ने उद्योगहरु।

८. फलफूल तथा तरकारी भण्डारका लागि स्थापित शीत भण्डार (कोल्ड स्टोरेज)।

## अन्तर्राष्ट्रिय सीमाना सम्बन्धमा भएका निर्णयहरु

### औ. प्र. बोर्डको मिति ०५३।९।२३ मा बसेकेको १२९ औं बैठकको घरेलु तथा साना उद्योग विभाग तर्फको निर्णय नं. २

अन्तर्राष्ट्रिय सीमानाबाट ८ कि. मी. भित्र उद्योग स्थापना गर्न नपाइने भन्ने बारेमा औ. व्य. ऐन, २०४९ मा कुनै व्यवस्था नभएको तर औ. प्र. बोर्डको १११ औं बैठकको निर्णय नं. २ अनुसार उक्त बन्देज लागु भै राखेको सन्दर्भमा समयानुकुल परिवर्तन गर्न उद्योग सम्बन्धी जिल्ला स्तरिय कार्यालय प्रमुखहरुको गोष्ठीबाट समेत प्राप्त सुझावलाई ध्यानमा राखी उक्त औ. प्र. बोर्डको १११ औं बैठकको **निर्णय नं. २ को सट्टा देहाय बमोजिम गर्ने निर्णय भयो।**

(१) पर्यटन उद्योग, सेवा उद्योग, घरेलु उद्योग (गलैंचा बाहेक) र नेपाल सरकार ले स्थापना गरेको वा नेपाल सरकार को स्वीकृती लिइ स्थापना भएको औद्योगिक क्षेत्र भित्र स्थापना गर्ने उद्योगलाई अन्तर्राष्ट्रिय सीमाना देखि ८ कि. मि. भित्र उद्योग राख्न नपाउने भन्ने शर्त कायम नराख्ने।

२.(क) देहायका साना स्तरका उद्योगहरुको इजाजत प्रदान गर्दा तथा दर्ता गर्दा अन्तर्राष्ट्रिय सीमानादेखि ८ कि. मी. भित्र उद्योग राख्न पाइने।

- दालमोठ, भुजिया, मसला, चाउचाउ, पाउरोटी, चकलेट, आइसक्रिम, बरफ, विस्कुट उद्योग।
- पशुपंक्षीको दाना उद्योग।
- अगरबत्ति उद्योग।
- मैनबत्ति।
- होजियारी उद्योग।
- मसलन्द उद्योग (शैक्षिक सामग्री समेत)।
- रेजिनका व्याग उद्योग।
- विडी (सूर्ति, सुपारीसंग सम्बन्धित उद्योग समेत)।
- पल्प एवं पेपर।
- कपडा धुलाई एवं रंगाई।
- लुव्रिकेटिङ तेल।
- साबुन।
- टायर, ट्यूब्स, रबर पार्टस र रबरका सामान उत्पादन गर्ने उद्योग।
- प्लाष्टिकमा आधारित उद्योगहरु (हवाई चप्पल, घरायसी सामान आदि)।
- १० अश्वशक्तिभन्दा कम विद्युत खपत गर्ने दाल, तेल, चामल, चिउरा, मैदा (आटा समेत) उद्योग (औ.प्र. बोर्डको मिति ०५५।११।१३ मा बसेको १४८ औं बैठकको घरेलु तर्फको निर्णय नं. ३ अनुसार १० अश्व शक्ति को सट्टा २५ अश्व शक्ति कायम भएको।
- फर्निचर (मेटल फर्निचर र ५ अश्वशक्ति भन्दा कम विद्युत शक्ति खपत गर्ने काठमा आधारित उद्योग)।

२.(ख) ईटा उद्योग, ढुंगा क्रसिङ उद्योग (साना, मझौला र ठूला समेत)।

३. क्र. सं. १ र २ मा नपरेका अन्य उद्योगहरुलाई उक्त दूरी बन्देज हटाउनु परेमा औ. प्र. बोर्डमा प्रस्ताव पेश गर्ने।

**औ. प्र. बोडको मिति २०६३/६/३१ को १७९ औ बैठकको निर्णय**

देहायका उद्योगहरुलाई अन्तराष्ट्रिय सिमानाबाट ५ (पाँच) कि.मि.बाहिरमात्र स्थापना गर्न दिने र अन्य उद्योगहरुको हकमा अन्तराष्ट्रिय सिमाना दुरी सम्बन्धी प्रावधान नराख्ने निर्णय भयो।

१) मझौला तथा ठुला स्तरका उत्पादनमूलक उद्योग

२) कुल खपत हुने कच्चा पदर्थाको ५० प्रतिशत भन्दा कम स्वदेशी कच्चा पदार्थ खपत हुने साना स्तरका उत्पादनमूलक उद्योग

३) वन पैदावारमा आधारित उद्योगहरु

४) हात हतियार, खर खजाना सम्बन्धी उद्योग

५) वियर तथा मदिरा उत्पादन उद्योग

६) बनस्पती ध्यू तथा तेल उद्योग

७) नेपाल-भारत ब्यापारका नकारात्मक सूचीमा परेका उद्योग

**औ. प्र. बोडको मिति २०६४/५/२४ को १८१ औ बैठकको निर्णय**

अन्तराष्ट्रिय सिमानाबाट ५ कि.मि. बाहिर मात्र उद्योग स्थापना गर्न पाउने प्रावधानको सम्बन्धमा औ.प्र. वोर्डको १७९ औं वैठकका निर्णय नं. ९ को सि.नं. २ मा औ.प्र. वोर्डको १२९ को वैठकको निर्णयानुसार उद्योगहरु, भाडाकुडा, सुनचाँदीका गरगहना उद्योग बाहेक र सि.नं. ३ फर्निचर, सुगन्धीत काठबाट बन्ने धुप तथा अगरबत्ती उद्योग बाहेक भन्ने शब्द थप गरीएको।

## (ऐनको दफा ३ को उपदफा ४ संग सम्वन्धित) विदेशी लगानी गर्न नदिइने उद्योगहरुको सूची

## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को अनुसूचि

### खण्ड क

१. घरेलु उद्योग
२. व्यक्तिगत व्यवसाय (जस्तो कपाल काट्ने, श्रृंगार गर्ने, सिलाई टेलरिङ्ग, ड्राइभिङ्ग तालिम आदि व्यवसाय)
३. हात हतियार तथा खर खजाना उद्योग
४. गोली गट्ठा बारुद
५. विकिरण जन्य पदार्थ (रेडियो एक्टिभ मेटेरियल्स) सम्वन्धी उद्योग
६. घर जग्गा खरिद विक्री व्यवसाय (निर्माण उद्योग वाहेक)
७. चलचित्र व्यवसाय (राष्ट्रिय तथा राष्ट्र भाषाको)
८. सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिटिंङ्ग)
९. मुद्रा तथा सिक्का व्यवसाय

### खण्ड ख

१. खुद्रा व्यवसाय (रिटेल बिजनेस)
२. ट्राभल एजेन्सी
३. ट्रेकिङ्ग एजेन्सी
४. वाटर र्‍याफ्टिङ्ग
५. पोनी ट्रेकिङ्ग
६. अस्वारोहण
७. चुरोट, विडी, मदिरा (९०% भन्दा बढी निकासी गर्ने वाहेक)
८. आन्तरिक कुरियर सेवा
९. आणविक शक्ति (एटोमिक इनर्जी
१०. पर्यटक आवास
११. कुखुरा पालन,
१२. माछा पालन,
१३. मौरी पालन
१४. परामर्श सेवा व्यवसाय व्यवस्थापन, लेखा, ईन्जिनियरिंग, कानूनी जस्ता व्यवसायहरु)
१५. व्यूटी पार्लर
१६. भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य
१७. स्थानिय क्याटरिङ्ग
१८. ग्रामीण पर्यटन

(२०५८।५।२१ को राजपत्रद्वारा थप)

## नेपाल सरकार
## उद्योग मन्त्रालय
## घरेलु तथा साना उद्योग विभाग
## नागरिक वडापत्र (Citizen Charter) क्षत्तिपूर्ति सहितको

| सि. नं. | उपलब्ध हुने सेवाहरु | संलग्न गर्नु पर्ने कागजातहरु | लाग्ने समय | लाग्ने शुल्क | सम्पर्क गर्नु पर्ने कर्मचारी | गुनासो सुन्ने अधिकारी | क्षत्तिपूर्ति सहितको रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | अनुमति लिनुपर्ने साना उद्योगको सम्बन्धमा (औ.व्य.ऐन. २०४९ को अनुसूचि १ को दृष्टव्य २ र अनुसूचि २ अनुसार) अनुमति प्रदान गर्ने । | क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>ख) कम्पनी भएमा कम्पनी दर्ता सम्बन्धी कागजातहरु ।<br>ग) इजाजत (क) फाराम ।<br>घ) स्कीम ।<br>ङ) वातावरण संरक्षण नियमावली, २०५४को अनुसूचि १ वा २ अनुसार (IEE वा EIA) गर्नु पर्ने भएमा स्वीकृत IEE वा EIA प्रतिवेदन ।<br>च) अन्य निकायको सिफारिस (आवश्यक भएमा) र सरजमिन मुचुल्का । | IEE/EIA स्वीकृत भएको दिनबाट औ. व्य. ऐन अनुसार ३० दिन भित्र । | धरौटी रकम<br>स्थीर पूँजी रु.५ लाखसम्म रु.१,०००।<br>" १० " " रु.२,०००।<br>" २५ " " रु.४,०००।<br>" ५० " " रु.७,०००।<br>" १ करोड" " रु. १०,०००।<br>" १ करोड भन्दा माथी" रु. २०,०००।<br>(मदिरा, बियर, वाइन, साइडर उद्योगको हकमा सम्बन्धित मापदण्डमा उल्लेख भए बमोजिम) | दर्ता ईजाजत शाखाका शा.अ.र ना. सु. | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |
| २ | सि.नं. १ अनुसार अनुमति प्रदान भएको उद्योगहरुको अनुमति प्रयोजनको लागि पूँजी बृद्धि, क्षमता बृद्धि, उद्येश्य थप, ठाउँसारी र नामसारी गर्ने स्वीकृति दिने । | क) उद्योग दर्ता प्रमाण पत्र ।<br>ख) उद्योगको तुलनात्मकसंशोधित स्कीम ।<br>ग) संशोधित इजाजत (क) फाराम ।<br>घ) सम्बन्धित कर कार्यालयको प्रतिक्रिया ( ठाँउसारी र नामसारीको लागिमात्र) ।<br>ङ) हक छोडपत्र (नामसारीको लागि) चं वा.स.नि २०५४ अनुसार IEE स्वीकृत नभई दर्ता भएको उद्योगको हकमा वा.स.नि को प्रक्रिया पूरा गरी TOR/IEE प्रतिवेदन पेश गर्नु पर्ने IEE स्वीकृत भएका उद्योगको हकमा संशोधित IEE पेश गर्नु पर्ने । | IEE/EIA प्रतिवेदन स्वीकृत गर्नु पर्ने उद्योगको हकमा सो स्वीकृत भएको ७ दिन भित्र संशोधत IEE पेश गर्नु पर्नेमा संशोधित IEE स्वीकृत भएको ७ दिनभित्र र अन्यको हकमा कागजात सहितको निवेदन प्राप्त भएको ७ दिनभित्र । | उद्योगको पूँजी बृद्धि भएमा माथी तोकिए बमोजिम फरक धरौटी रकम जम्मा गर्नु पर्ने । | " " | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वातावरण संरक्षण नियम(ावली २०५४ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण IEE गर्नु पर्ने प्रस्तावहरु स्वीकृत गर्ने । | क) नागरीकताको प्रमाण पत्रको प्रतिलिपि<br>ख) कम्पनी भएमा प्रमाणपत्र र प्रबन्धपत्र नियमावलीको प्रतिलिपि (प्रा.लि./प.लि. को अधिकृत पूँजी भन्दा उद्योगको कूल पूँजी बढी हुनु हुदैन तथा प्रा.लि./प्रा.लि.को उद्देश्यमा उल्लेख नभएको उद्देश्यको उद्योग प्रा.लि. को नामबाट खोल्न पाईने छैन ।<br>ग) स्कीम ।<br>घ) दरखास्त फाराम वा निवेदन ।<br>ङ) प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूचि (TOR)<br>च) प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन (IEE)<br>छ) प्रारम्भिक वातावरणीय परिक्षण को कार्यसूचि (TOR) र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदन तयार पार्नेको विवरण (Bio-Data)<br>ज) वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) बमोजिम देहायका कागजात ।<br>१. गा.वि.स., न.पा. र सम्बन्धित निकायमा उद्योग स्थापना गर्ने १५ दिने सूचना टाँस मुचुल्का (राय सुझाव नपरेको भन्ने सूचनामा उल्लेख भएको निकायको पत्र सहित) ।<br>२. उद्योग स्थापना गर्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सुचना (राय सुझाव नपरेको सम्बन्धित निकायको सिफारिस सहित) ।<br>३. चौतर्फी संघियार खुलेको सर्बजनिक मुचुल्का र गा.वि.स./न.पा.को सिफारिस<br>४. उद्योग रहने स्थान उद्योग वा उद्योगीको नाममा भए जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी, भाडामा भए भाडा सम्झौता, जग्गाधनीको नागरिकताको प्रतिलिपि ।<br>५. दुरी प्रमाणित आवश्यक भए सम्बन्धित निकायबाट पत्र ।<br>६. उद्योग विशेषका लागि निर्धारित रेडियस/जग्गाको क्षेत्रफल जग्गा पुगेको छ भने नापि कार्यालयको पत्र ।<br>७. उद्योगको प्रकृतिसंग सम्बन्धित निकायको सिफारिस/सहमति आवश्यक पर्ने भएमा सो को पत्र । | (क) आवश्यक कागजात प्राप्त भएको मि(तिले वातावरण संरक्षण नियम(ावली अनुसार २१ दिन भित्र (IEE) स्वीकृत गर्ने ।<br>ख) औ.व्य.ऐन २०४९ अनुसार (IEE) स्वीकृत भएको मितिबाट २१ दिन भित्र उद्योग दर्ता गर्ने । | रजिष्ट्रेशन दस्तुर नियमानुसार<br>**प्रा. फ. फर्म दर्ता**<br>पुंजी रु१,००,००० सम्म रु.१०००/-<br>पुंजी रु१,००,००१ देखि रु३,००,००० सम्म रु.३,०००/-<br>पुंजी रु३,००,००१ देखि रु५,००,००० सम्म रु.६,०००/-<br>पुंजी रु५,००,००१ देखि रु२०,००,००० सम्म रु.१२,०००/-<br>पुंजी रु२०,००,००१ देखि रु१,००,००,०००सम्म रु.२०,०००/-<br>पुंजी रु.१००,००,००१ देखि रु५,००,००,००० सम्म रु.३०,०००/-<br>पुंजी ५,००,००,००१ भन्दा माथि रु.५०,०००/-<br>**सा. फ. फर्म दर्ता**<br>पुंजी रु१,००,००० सम्म रु.६००/-<br>पुंजी रु१,००,००१ देखि रु३,००,००० सम्म रु.२०००/-<br>पुंजी रु३,००,००१ देखि रु५,००,००० सम्म रु.४०००/-<br>पुंजी रु५,००,००१ देखि रु१०,००,००० सम्मरु.७५००/-<br>पुंजी रु१०,००,००१ देखि रु.५०,००,०००सम्म रु.१००००/-<br>पुंजी रु५०,००,००१ भन्दा माथि रु.१५,०००/- | निर्देशक (प्रा.)/इन्जिनियर वातावरण शाखा | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | क) वातावरण संरक्षण नियम(ावली २०५४ अनुसार (EIA) गर्नु पर्ने उद्योग सम्बन्धी प्रारम्भिक कार्यहरु गर्ने ।<br>ख) जनसंख्या तथा वातावरण मन्त्रालय बाट (EIA) स्वीकृत भै आएपछि दर्ता कार्यका लागि सम्बन्धि कार्यालयमा पठाउने । | क) वातावरण संरक्षण नियमावली २०५४ अनुसारका कागजात ।<br>ख) सि.नं. १ को क,ख,ग,घ,ङ, च र कार्यसूची (TOR), उद्योग मन्त्रालय मार्फत वातावरण मन्त्रालयबाट स्विकृत भैसकेपछि उद्योग मन्त्रालय मार्फत वातावरण मन्त्रालयमा EIA प्रतिवेदन पेश हुने । | क) उद्योग, मन्त्रालयमा कारवाहिको लागि वातावरण संरक्षण नियमावली अनुसार ३० दि(नभित्र पठाउने ।<br>ख) सम्पूर्ण कागजात प्राप्त भएको मितिले औ.व्य.ऐन २०४९ अनुसार २१ दिन भित्र । | (क) नलाग्ने ।<br>(ख) उपरोक्तानुसारको रजिष्ट्रेशन दस्तुर । | निर्देशक (प्रा.) /इ(न्जनियर वातावरण शाखा | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |
| ५ | IEE स्वीकृत भै दर्ता भएको उद्योगहरुको पूँजी बृद्धि,क्षमता बृद्धि, उद्येश्य थप , ठाँउसारी र नामसारी गर्ने कार्य गर्ने । | क) तुलनात्मक संशोधन स्कीम ।<br>ख) संशोधित (ख) फाराम ।<br>ग) संशोधित Scheme, TOR र IEE प्रतिवेदन ।<br>घ) हक छोडपत्र (नामसारीको लागि मात्र) ।<br>ङ) पूँजी बृद्धि, क्षमता बृद्धि, उद्येश्य थपका लागि वा.सं.नि.२०५४ बमोजिम IEE गर्नु पर्ने प्रकितिका उद्योगहरु ठाँउसारी गर्नुपर्दा शुरु IEE गर्दा आवश्यक पर्ने सम्पूर्ण कागजात स्किम, कार्यसूची तथा IEE प्रतिवेदन ।<br>च) विभागमा कार्यालयले फाईल पठाउँदा पनि माथि उल्लेखित कागजात र विवरण पूरा गरी राय साथ फाईल पठाउँनु पर्नेछ । | क) सम्पूर्ण कागजात प्राप्त भई संशोधित IEE प्रतिवेदन स्वीकृत भएको मितिले ७ दिन भित्र । | – प्रा.फ र सा.फ को पूँजी बृद्धिको लागि उपरोक्तानुसारको फरक रजिष्ट्रेशन दस्तुर ।<br>– कम्पनीको लागि रजिष्ट्रेशन दस्तुर नलाग्ने ।<br>– क्षमता बृद्धि, उद्येश्य थप, ठाउँसारी र नाम सारी को लागि तोकिए बमोजिम दस्तुर लाग्ने । | निर्देशक (प्रा.)/इन्जिनियर वातावरण शाखा | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |
| ६ | EIA स्वीकृत भै दर्ता भएको उद्योगहरुको पूँजी बृद्धि, क्षमता बृद्धि, उद्येश्य थप ठाउँसारी र नामसारी गर्ने कार्य गर्ने । | क) दरखास्त वा निवेदन ।<br>ख) संशोधित स्कीम ।<br>ग) संशोधित (ख) फाराम ।<br>घ) उद्योगको प्रकृति र उद्येश्य अनुसार संशोधित EIA प्रतिवेदन सम्बन्धित मन्त्रालयबाट स्वीकृत गराई पेश गर्नु पर्ने ।<br>ङ) सम्बन्धित निकायको स्वीकृती, सिफारिस/सहमति । | क) सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र । | | निर्देशक (प्रा.)/इन्जिनियर वातावरण शाखा | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | घरेलु उद्योगलाई आयकर , बिक्रीकर र अन्तशुल्क छुट सुविधा प्रदान गर्ने सिफारिस गर्ने । | १. उद्योग दर्ता प्रमाण पत्र,<br>२. उद्योग निरीक्षण फाराम,<br>३. प्रगति प्रतिवेदन, स्कीम,<br>४. म्याद भित्र उद्योग संचालन नभएकोमा म्याद थपको प्रमाण,<br>५. नवीकरण भएको प्रमाण । | सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र । | नलाग्ने | दर्ता इजाजत शाखाका शा.अ./ना.सु. | महानिर्देशक, निर्देशक, प्राविधिक | १०००। |
| ८ | ऐन अनुसार साना उद्योगले पाउने सुविधा प्रदान गर्न सिफारिस गर्ने । | १. माथि सि.नं. १ मा उल्लेखित कागजपत्रहरु ।<br>२. इजाजत लिनु पर्ने उद्योगको हकमा इजाजत लिएको प्रमाण ।<br>३. कुनै निकायको पूर्व स्वीकृती लिई उद्योग संचालन गर्नु पर्ने मा सो लिएको प्रमाण ।<br>४. उद्योग संचालनलाई तोकेको शर्तहरु पूरा गरेको प्रमाण । | एकद्वार समितिबाट निर्णय भई आएको ७ दिनभित्र | नलाग्ने | दर्ता इजाजत शाखाका शा.अ./ना.सु. | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |
| ९ | विदेश कामदारको लागि श्रम र भिषा स्वीकृतको लागि श्रम विभाग र अध्यागमन विभागमा सिफारीस गर्ने । | १. विदेशी कामदार राख्नु पर्ने औचित्यको पुष्ट्याई र तत्सम्बन्धी कागजातहरु ।<br>२. सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको सिफारीस ।<br>३. उद्योग र कामदार बिचको संझौताको प्रतिलिपी ।<br>४. विदेशी कामदारको व्यक्तिगत विवरण ।<br>५. विदेशी कामदारको रहदानीको प्रतिलिपी ।<br>६. कामदारको वैकल्पिक व्यवस्था । | सम्पूर्ण कागजात प्राप्त भएको ७ दिन भित्र । | नलाग्ने | दर्ता इजाजत शाखाका शा.अ./ना.सु. | महानिर्देशक/ निर्देशक, दर्ता इजाजत शाखा | १०००। |
| १० | गृह मन्त्रालयबाट अनुमति लिइ पैठारी गर्नु पर्ने कच्चा पदार्थको लागि गृह मन्त्रा( लयमा सिफारिस गर्ने । | १. यस भन्दा अधि कच्चा पदार्थ पैठारी गरेको भए सोको खपत विवरण ।<br>२. स्कीम ।<br>३. जिल्ला प्रशासन कार्यालयको सिफरिस ।<br>४. सम्बन्धित घरेलु तथा ासना उद्योग कार्यालयको सिफारिस । | सम्पूर्ण कागजात प्राप्त भएको ७ दिन भित्र । | नलाग्ने | दर्ता इजाजत शाखाका शा.अ./ना.सु. | महानिर्देशक/ निर्देशक, दर्ता ईजाजत शाखा | १०००। |
| ११ | साना उद्योगको प्रमाणीकरण | १. उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>२. निवेदन<br>३. स्कीम वा दरखास्त फाराम (ख) | सम्पूर्ण कागजात प्राप्त भएको ७ दिन भित्र । | | | | १०००। |

# वातावरण तथा औद्योगिक अनुगमन शाखा

| सि. नं. | उपलब्ध हुने सेवाहरु | संलग्न गर्नु पर्ने कागजातहरु | लाग्ने समय | लाग्ने राजश्व | सम्पर्क गर्नु पर्ने अधिकारी | गुनासो सुन्ने अधिकारी | क्षतिपूर्ति सहितको रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | IEE/EIA गर्नु पर्ने वर्गमा परेका उद्योगहरुको IEE/EIA प्रतिवेदन एवं परियोजना प्रस्ताव अध्ययन गरी प्राविधिक परामर्श दिने र अखि तयार भित्रको प्रतिवेदन स्वीकृती सम्वन्धी कार्य गर्ने । | उद्योगको स्किम, TOR, IEE प्रतिवेदन । | सम्पुर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र । | नलाग्ने | वातावरण शाखाका ईन्जिनियर | महानिर्देशक, निर्देशक, (प्राविधिक) | १०००। |
| २ | उद्योगबाट निस्कने फोहर पदार्थ, ग्यास, पानीको उत्सर्जनको मापदण्ड पालना भए नभएको निरीक्षण गर्ने गराउने । | उद्योग निरिक्षण प्रतिवेदन, IEE प्रतिवेदन Lab report तोकिएको मापदण्ड, औ.प्र. बोर्डको निर्णय । | आदेश भएको मितिले १५ दिन भित्र । | नलाग्ने | वतावरण शाखाका ईन्जिनियर | महानिर्देशक, निर्देशक, (प्राविधिक) | १०००। |
| ३ | वातावरण प्रदूषण प्रमाण-पत्र जारी गर्न उद्योगको निरीक्षण गर्ने, निर्धारित मापदण्ड अनुसार उद्योग संचालन भएका उद्योगलाई प्रमाण पत्र जारी गर्न सिफारिश गर्ने । | उद्योग निरिक्षण प्रतिवेदन,IEE प्रतिवेदन, तोकि तोकिएको मापदण्ड, औ.प्र. वोर्डको निर्णय । | उद्योग निरिक्षण गर्नजान नपर्ने भए सम्पुर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र, उद्योगमा निरीक्षण गर्न जानु पर्ने भए सम्पुर्ण कागजात प्राप्त भएको मितिले १५ दिन भित्र । | नलाग्ने | वतावरण शाखाका ईन्जिनियर | महानिर्देशक, निर्देशक, (प्राविधिक) | ५००। |
| ४ | IEE/EIA गरेका उद्योगहरु र वातावरणीय प्रमाण-पत्र प्राप्त गरेका उद्योगहरुको पूर्व निर्धारित शर्त एवं मापदण्ड पालन गरे नगरेको एकिन गरी आवश्यक कारवाही गर्न सिफारिस गर्ने । | उद्योग निरिक्षण IEE प्रतिवेदन Lab report, तोकिएको मापदण्ड, औ.प्र. वोर्डको निर्णय आदि । | निरीक्षणमा जानु पर्ने भए सम्पुर्ण कागजात प्राप्त भएको मितिले १५ दिन तथा नपर्ने भए ७ दिन भित्र । | नलाग्ने | वतावरण शाखाका ईन्जिनियर | महानिर्देशक, निर्देशक, (प्राविधिक) | ५००। |
| ५ | वातावरण प्रदूषण सम्वन्धी कुनै उजुरी परेमा आवश्यकतानुसार उद्योगको स्थलगत निरीक्षण गरी राय सहित प्रतिवेदन दिने र आवश्यक कारवाही गर्न सिफारिस गर्ने । | उजुरी, उद्योगको किसिम, Location आदि | | नलाग्ने | निर्देशक (प्रा.) /इन्जिनियर वातावरण शाखा | महानिर्देशक, निर्देशक, (प्राविधिक) | ५००। |
| ६ | औ.व्य.ऐन अनुसार उद्योगले प्राप्त गर्ने सुविधा, जर्ति प्रमाणित, कच्चा पदार्थ, विष्फोटक पदार्थको सिफारिस आदिको लागि स्थलगत निरीक्षण गर्नु पर्ने भए गरी प्राविधिक राय दिने। | स्कीम, वासलात, निरीक्षण प्रतिवेदन, खपत विवरण आदी | सम्पुर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र । | नलाग्ने | निर्देशक (प्रा.) /इन्जिनियर वातावरण शाखा | महानिर्देशक, निर्देशक, (प्राविधिक) | ५००। |

# प्राविधिक परामर्श तथा प्रविधि हस्तान्तरण

| सि.न. | उपलब्ध हुने सेवाहरु | संलग्न गर्नुपर्ने कागजातहरु | लाग्ने समय | लाग्ने राजश्व | सम्पर्क गर्नुपर्ने कर्मचारी | गुनासो सुन्ने अधिकारी | क्षत्तिपूर्ति सहितको रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग स्थापना गर्न चाहने उद्यमी व्यवसायीहरुलाई औद्योगिक परामर्श दिने । | सधै शाखामा सर्म्पक राख्ने, स्कीम, तथा अन्य प्राविधिक पुस्तिका । | सम्पूर्ण कागजात प्राप्त मितिले ७ दिन भित्र । | नलाग्ने | प्रविधि शाखाका इन्जिनियर | महानिर्देशक, निर्देशक, (प्राविधिक) | ५००। |
| २ | उद्योगको स्थापनाको लागि प्राप्त प्रस्तावहरुमा आर्थिक प्राविधिक पक्षको अध्ययन विश्लेषण गर्ने । | उद्योगको स्किम तथा अन्य कागजात । | सम्पूर्ण कागजात प्राप्त मितिले ७ दिन भित्र । | नलाग्ने | | | ५००। |
| ३ | प्रविधि हस्तान्तरण एवं विकास सम्बन्धी सूचना संकलन र सम्प्रेषण गर्ने । प्रविधि विस्तारका लागि उपयुक्त प्रविधिको खोजी गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउने । | स्विकृत वार्षिक कार्याक्रम अनुसार । | आवश्यकतानुसार १५ दिन देखि २ महिना सम्म | नलाग्ने | | | ५००। |
| ४ | मौजूद प्रविधिको विकास, विस्तार र परिमार्जन गर्न व्यवसायीलाई सहयोग पुऱ्याउने । | माग अनुसार | प्रविधि हेरी २ महिना भित्र | नलाग्ने | | | ५००। |
| ५ | उद्योग क्षेत्रमा उपयुक्त प्रविधिको पहिचान गरी उद्यमी व्यवसायीहरुलाई हस्तानतरण गर्ने । | स्विकृत वार्षिक कार्याक्रम अनुसार । | प्रविधि हेरी ६ महीना भित्र | नलाग्ने | | | ५००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | घरेलु तथा साना उद्योगको क्षेत्रमा हस्तान्तरण भएका प्रविधिको अनुगमन गर्ने र आवश्यकतानुसार त्यसको विस्तारमा सहयोग पुऱ्याउने । | उद्योगको निरिक्षण प्रतिवेदन, प्रविधिको विवरण | आवश्यकतानुसार १ महिना भित्र । | नलाग्ने | | | ५००। |
| ७ | रुग्ण उद्योगहरुको पुर्नस्थापनाको लागि आवश्यक परामर्श दिने । | उद्योग दर्ताको प्रामाणपत्र, स्कीम, रुग्णताको कारण प्रविधि, बजार व्यवस्थापन जनशक्ती आदिको विवरणहरु | सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र | नलाग्ने | | | ५००। |
| ८ | स्वच्छ उत्पादन [Green Productivity] उत्पादकत्व र गुणस्तर व्यवस्थापन सम्वन्धी तालीम, गोष्ठी संचालन गर्ने र यस विषयको प्रचार प्रसार गर्ने । जिल्लामा परेका प्रविधिक समस्याको समााधान गर्ने । | स्विकृत वार्षिक कार्याक्रम अनुसार । | वार्षिक कार्यक्रम अनुसार | नलाग्ने | | | ५००। |
| ९ | उद्योगको कच्चा पदार्थ खपत [Input/Output Ratio] (जर्ति प्रमाणित गर्ने) | १. उद्योग दर्ता प्रंमाण पत्र<br>२. स्कीम | सम्पूर्ण कागजात प्राप्त भएको ७ दिन भित्र । | | | | १०००। |

१. कागजात दुरुस्त पेश हुन आएमा मात्र उपरोक्त अवधिमा काम सम्पन्न हुन सक्नेछ ।

२. कुनै कारणबस उपरोक्तानुसार सेवा दिन नसकिने भएमा सम्बन्धित पक्षलाई त्यसको जानकारी दिइने छ ।

द्रष्टव्यः– अन्य निकायको सहमति वा राय आवश्यक पर्ने, विशेष प्रकारको विस्तृत विवरण आवश्यक पर्ने र नयाँ प्रकृतिका (यस पूर्व परम्परा बसी नसकेको) उद्योगहरुको हकमा सो को कारण माथि उल्लेखित समयमा कार्य सम्पादन नसकेकोमा सोही दिन सो को जानकारी सम्बन्धित पक्षलाई दिईने छ ।

## नागरिकवडापत्र (घरेलु तथा साना उद्योग कार्यालय)

### क) उद्योग प्रशासन

| सि. नं. | उपलब्ध हुने सेवाहरु | आवश्यक कागजातहरु | लाग्ने समय | लाग्ने धरौटी रकम | संलग्न कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | औ.व्य.ऐन २०४९ को अनुसूची १ को द्रष्टव्य २ र अनुसूची २ अनुसार अनुमति प्रदान गर्ने । | क) नागरीकताको प्रमाणपत्रको प्रतिलिपि<br>ख) कम्पनी भएमा कम्पनी दर्ता सम्बन्धी कागजातहरु<br>ग) इजाजत (क) फाराम<br>घ) स्कीम<br>ङ) वातावरण संरक्षण नियमावली २०५४ को अनूसूचि १ वा २ अनुसार IEE वा EIA गर्नु पर्ने भएमा स्वीकृत IEE वा EIA प्रतिवेदन<br>च) अन्य निकायको सिफारी (आवश्यक भएमा) र सरजमिन मुचुल्का | (क)सम्पूर्ण कागजात प्राप्त भएको मितिले औ.व्य ऐन २०४९ अनुसार ३० दिन भित्र<br>(ख)IEE /EIA गर्नुपर्ने उद्योगको हकमा स्विकृत IEE र EIA प्रतिवेदन पेश भएको मितिले ३० दिन भित्र । | क) स्थीर पूँजी रु. ५ लाख सम्म रु. १,०००।<br>ख) ,, १० ,, रु. २,०००।<br>ग) ,, २५ ,, रु. ४,०००।<br>घ) ,, ५० ,, रु. ७,०००।<br>ङ) ,, १ करोड ,, रु. १०,०००।<br>च) ,, १ करोड भन्दा माथी रु. २०,०००। | सम्बन्धित शाखा हेर्ने ना.सु. / खरिदार | कार्यालय प्रमुख / उद्योग अधिकृत |
| २ | सि.नं. १ अनुसार अनुमति प्रदान भएका उद्योगहरुको अनुमति प्रयोजनको लागि<br>क) पूँजी बृद्धि<br>ख) क्षमता बृद्धि<br>ग) उद्देश्य थप<br>घ) ठाँउसारी<br>ङ) नामसारी | क) उद्योग दर्ता प्रमाण पत्र<br>ख) उद्योगको संशोधित स्कीम<br>ग) संशोधित इजाजत (क) फाराम<br>घ) सम्बन्धित आन्तरिक राजस्व कार्यालयको प्रतिक्रिया (ठाउसारी र नामसारीको लागिमात्र)<br>ङ) सनाखत सहितको हक छोड पत्र (नामसारीको लागि) | IEE /EIA प्रतिवेदन स्वीकृत गर्नु पर्ने उद्योगको हकमा सो स्वीकृत भएको ७ दिन भित्र र अन्यको हकमा काजगात सहितको निवेदन प्राप्त भएको ७ दिनभित्र । | उपर्युक्तानुसार फरक रकम जम्मा गर्नु पर्ने । | | |
| ३ | वातावरण संरक्षण नियमावली २०५४ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण IEE गर्नु पर्ने प्रस्तावहरु स्वीकृती को लागि सिफारिस /स्वीकृत गर्ने | क) नागरीकताको प्रमाण पत्रको प्रतिलिपि<br>ख) स्कीम<br>ग) दरखास्त फारम वा निवेदन<br>घ) प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूचि<br>ङ) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन<br>च) वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) बमोजिम | विभागमा सिफारिस गर्नु पर्नेको हकमा सम्पुर्ण कागजात प्राप्तभएको मितिले ७ दिन भित्रा<br>(ख) कार्यालयबाटै स्वीकृत गर्नुपर्नेको हकमा सम्पुर्ण कागजात प्राप्त भएको मितिले वा.स.नी अनुसार ३० | नलाग्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | देहायका कागजात :<br>१. गा.वि.स./ न.पा. र सम्बन्धित निकायमा उद्योग स्थापना गर्ने १५ दिने सूचना टाँस मुचुल्का (राय सुझाव नपरेको भन्ने सूचनामा उल्लेख भएको निकायको पत्र सहित)<br>२. उद्योग स्थापना गर्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित १५ दिने सार्वजनिक सुचना (राय सुझाव नपरेको भन्ने सूचनामा उल्लेख भएका निकायको पत्र समेत )<br>३. माथि (च) को १ र २ अनुसार उद्योग स्थापना गर्ने बारेमा गा.वि.स./न.पा. को सिफारीस । | दिन भित्र | | | |
| ४ | IEE स्वीकृत भएका उद्योगहरुको<br>क) पूँजी बृद्धि<br>ख) क्षमता बृद्धि<br>ग) उद्देश्य थप<br>घ) ठाँउसारी | क) दरखास्त वा निवेदन<br>ख) सशोधित स्कीम<br>ग) संशोधित (ख) फाराम<br>घ) संशोधित क्ष्भ्भ प्रतिवेदन<br>ड) सम्बन्धित निकायको स्वीकती वा सिफारिस<br>च) हक छोड पत्र (नामसारीको लागि) | क) IEE स्वीकृत भैसकेको हकमा संशोधित IEE पेश भएको मितिले ७ दिन भित्र<br>(ख) IEE स्वीकृत नभएकाको हकमा स्वीकृत IEE सहित कागजात प्राप्त भएको मितिले ७ दिन भित्र | ७ दिन भित्र रजिष्ट्रेशन दस्तुरः नेपाल सरकाले समय समया तोकेबमोजिम हुनेछ । | | |
| ५ | EIA स्वीकृत भएका उद्योगहरुको<br>क) पूँजी बृद्धि<br>ख) क्षमता बृद्धि<br>ग) उद्देश्य थप<br>घ) ठाँउसारी | क) दरखास्त वा निवेदन<br>ख) संशोधित स्कीम<br>ग) संशोधित (ख) फाराम<br>घ) उद्योगको प्रकृति र उद्देश्य अनुसार संशोधित EIA प्रतिवेदनं<br>ड) सम्बन्धित निकायको स्वीकती वा सिफारिस<br>च) हक छोड पत्र (नामसारीको लागि) | (क)EIA स्वीकृत भैसकेको हकमा संशोधित EIA पेश भएको मितिले ७ दिन भित्र ।<br>(ख)EIA स्वीकृत नभएकाको हकमा स्वीकृत EIA सहित कागजात प्राप्त | फरक रजिष्ट्रेशन दस्तुर । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भएको मितिले ७ दिन भित्र । | | | |
| ६ | IEE प्रतिवेदन आवश्यक नपर्ने नयां उद्योगहरु जिल्ला स्थित कार्यालयहरुलाई प्रत्यायोजित स्थिर पूंजी सम्मको उद्योग दर्ता । | १. निवेदन फाराम (ख)<br>२. नागरीकता प्रमाणपत्रको प्रतिलिपी<br>३. निवेदन दस्तुर रु.१००।-<br>४. प्रा.लि.कोहकमा कम्पनी रजिष्ट्रार कार्यालयवाट प्राप्त कागजातका प्रतिलिपीहरु<br>५. अन्य निकायको सहमती पत्र (आवश्यकता अनुसार) | सम्पुर्ण कागजात प्राप्त भएको मितिले औ.व्य. ऐन अनुसार २१ दिन भित्र | राजस्व दस्तुर नेपाल सरकारले समय समयामा तोकेबमोजिम हुनेछ । | | |
| ७ | IEE प्रतिवेदन आवश्यक नपर्ने दर्ता भै सकेका पुराना उद्योगहरुको :-<br>क) पूंजी बृद्धि<br>ख) क्षमता बृद्धि<br>ग) उद्देश्य थप<br>घ) ठाउंसारी<br>ङ) नामसारी | १. निवेदन फाराम (ख)<br>२. दस्तुर रु.१००।-<br>३. आन्तरिक राजस्व कार्यालयको प्रतिक्रिया (ठाउंसारी र नामसारीको लागि मात्र)<br>४. सनाखत सहितको हक छोडपत्र (नामसारीको लागि) | सर्म्पुण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र | फरक रजिष्ट्रेशन दस्तुर । | | |
| ८ | (क) घरेलु उद्योगको आयकर,बिक्रिकर र अन्तशुल्क छुट सुबिधा को लागि एक द्धार उप समितिमा पेश गर्ने ।<br>(ख) घरेलु उद्योगलाई आयकर छुट सुविधा | १. उद्योग दर्ता प्रमाण पत्र,<br>२. उद्योग निरीक्षण फाराम,<br>३. प्रगति प्रतिवेदन<br>४. म्याद भित्र उद्योग संचालन नभएमा म्याद थपको प्रमाण,<br>५. स्किम | (क) सम्पुर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र<br>(ख) एकद्धार उप समितिले निर्णय गरेको मितिले ३ दिनभित्र | नलाग्ने | | |
| ९ | क) साना उद्योगहरुको आयकर छुट सुबिधाको लागि एकद्धार उप समितिमा पेश गर्ने ।<br>(ख) साना उद्योगको आयकर छुट सुविधा प्रदान गर्न सिफारिस गर्ने । | १. माथि सि.नं.१ मा उल्लेखित कागज पत्रहरु<br>२. इजाजत लिनु पर्ने उद्योगको हकमा इजाजत लिएको प्रमाण,<br>३. कुनै निकायको पूर्व स्वीकृती लिई उद्योग संचालन गर्नु पर्ने मा सो लिएको प्रमाण<br>४. उद्योग संचालनलाई तोकेको शर्तहरु पूरा गरेको प्रमाण | | नलाग्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | गृह मन्त्रालयवाट अनुमति लिइ पैठारी गर्नु पर्ने कच्चा पदार्थको सिफारिशको लागि विभागमा सिफारीस गर्ने । | १. यस भन्दा अघि कच्चा पदार्थ पैठारी गरेको भए सोको खपत बिबरण<br>२. स्कीम<br>३. सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस<br>४. उद्योग दर्ता प्रमाणपत्रको फोटोकपी<br>५. कार्यालयको सिफारिस सहितको उद्योग निरिक्षण प्रतिवेदन | सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र | नलाग्ने | | |
| ११ | उद्योगको कच्चा पदार्थ खपत [Input Output Ratio] निर्धारण सम्बन्धी विभागमा सिफारीस गर्ने कार्य । | १. उद्योग दर्ता प्रमाण पत्र<br>२. स्कीम<br>३. निर्धारित फाराम | सम्पूर्ण कागजात प्राप्त भएको मितिले ७ दिन भित्र | नलाग्ने | | |
| १२ | उद्योग स्थापना तथा संचालन सम्वन्धी प्राविधिक तथा व्यवस्थापन र वातावरण संरक्षण वारे परामर्श सेवा प्रदान गर्ने | सिधै फाँटमा सम्पर्क गर्ने | १ दिन भित्र । | नलाग्ने | | |
| १३ | संचालनमा रहेका उद्योगहरुको स्थलगत निरीक्षण तथा अनुगमन गर्ने र आवश्यकता अनुसार प्राविधिक तथा व्यवस्थापन सम्वन्धी राय सुझाव प्रदान गर्ने । | निवेदन / निर्देशन | निवेदन / निर्देशन प्राप्त भएको मितिले ७ दिन भित्र । | नलाग्ने | | |
| १४ | उद्योग दर्ता इजाजत सुविधा आदि सम्वन्धी परेका निवेदनहरु माथि प्राविधिक,वातावरण तथा व्यवस्थापन सम्वन्धी राय प्रदान गर्ने | उद्योगले पेश गरेका कागजात जस्तै उत्पादन हुने वस्तुको नाम, उत्पादन प्रकृया,मेशिन औजार,कच्चा पदार्थहरुको बिबरण आदि । | १ दिन भित्र । | नलाग्ने | | |

**ख) तालिम**

| सि. नं. | | परिचय | सम्लग्न गर्नु पर्ने कागजातहरु | छनौट किसिम | लाग्ने राजश्व | विषय अवधि र स्थान | सूचना प्रकाशित हुने मिति | सर्म्पक गर्नुपर्ने कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिपविकास तालिम | विभिन्न विषयको छोटो अवधि र लामो अवधिको सीप प्रदान गर्ने । | १. निर्धारित निवेदन<br>२.नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि<br>३.आवश्यकता अनुसार शैक्षिक योग्यताको प्रमाण पत्र | लिखित/ व्यक्तिगत विवरण/ अन्तवार्ता | नलाग्ने | सूचनामा उल्लेख गरिने | सामान्यतया बर्षमा तिनपटक प्रकाशन गरिने छ। (श्रावण १५ देखि भाद्र १५ गते भित्र पहिलो पटकको सूचना कार्तिक १५ देखि मार्ग १५ गते भित्र दोश्रो र माघ १५ देखि फाल्गुण १५ गते भित्र तेश्रो सूचना) | सम्बन्धित शाखा हेर्ने ना.सु./ खरिदार | कार्यालय प्रमुख / उद्योग अधिकृत |
| २ | उद्यमशीलता विकास तालिम | शिपविकास तालिम प्राप्त प्रशिक्षार्थी, उद्योग संचालन गरी आएका र उद्योग संचालन गर्न लागेकालाई दिइने । | १. निर्धारित निवेदन<br>२. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि<br>३.सूचनामा उल्लेख भए अनुसार शैक्षिक प्रमाणपत्र । | लिखित/ व्यक्तिगत विवरण/ अन्तवार्ता | नलाग्ने | सूचनामा उल्लेख गरिने | सामान्यतया बर्षमा तिनपटक प्रकाशन गरिने छ। (श्रावण १५ देखि भाद्र १५ गते भित्र पहिलो पटकको सूचना कार्तिक १५ देखि मार्ग १५ गते भित्र दोश्रो र माघ १५ देखि फाल्गुण १५ गते भित्र तेश्रो सूचना) | सम्बन्धित शाखा हेर्ने ना.सु./ खरिदार | कार्यालय प्रमुख / उद्योग अधिकृत |
| ३ | सहभागिता मूलक सिप विकास तालिम | विभिन्न विषयमा अन्य संघ संस्थाको सहभागितामा संचालन हुने । | १. निर्धारित प्रस्ताव<br>२. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि | लिखित/ व्यक्तिगत विवरण/ अन्तवार्ता | नलाग्ने | प्रस्तावमा उल्लेख गरिने | दुवै पक्ष विचको संझौता अनुसार | | |

कुनै कारणबस उपर्युक्तानुसार सेवा दिन नसकिने भएमा सम्बन्धित पक्षलाई त्यसको लिखित जानकारी दिइनेछ

घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाण्डौ

**अनुसूची ३७**

फोन नं.: ४२५९८४२
४२५९८४६
४२५९८५५
फ्याक्स नं. : ४२५९७४७
पो.ब.नं. : १०७०१

**पत्र संख्या : २०७१/०७२**
**च.नं. :** ५५५

**मिति : २०७१/०९/१८**

**विषय :** अधिकार प्रत्यायोजन सहित कार्य विम्मेवारी तोकेको ।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयहरुः इलाम, धनकुटा, उदयपुर, दोलखा, नुवाकोट, तनहुँ, वाग्लुङ, प्यूठान, जुम्लम, सुर्खेट, डोटी र वैतडी।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयहरुः ताप्लेजुङ, पाँचथरु तेह्रथुम, संखुबासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, रामेछाप, सिन्धुली, सिन्धुपल्चोक, रसुवा, धादिङ, मनाङ, गोरखा,

लमजुङ, स्याङजा, पर्वत, म्यादी, मुस्ताङ, गुल्मी, अर्घाखाची, रुकुम, रोल्पा, सल्यान, मुगु, हुम्ला, डाल्पा, दैलेख, जाजरकोट, कालीकोट, बझाङ, बाजुरा, अछाम, डडेल्धुरा र दार्चला।

सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गरी सुशासनको प्रत्याभूति दिलाउन, तपाईलाई यसअघि विभिन्न मितिमा यस विभागबाट प्रत्यायोजित अधिकारहरुमध्ये तपसिलका उल्लिखित बिषय र क्षेत्रहरुमा निम्नानुसार पसिमार्जन तथा थप गरी औद्योगिक व्यवसाय ऐन २०४९ को दफा १० को उपदफा (४), सोही ऐनको दफा २६ को उपदफा (२), प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, प्राइभेट फर्म र जिष्ट्रेशन नियमावली, २०३४ को नियम ६(२), साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० तथा सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम निम्न अधिकारहरु प्रत्यायोजन गरेको छु। प्रचलित कानुनको अधिनमा रही, आफूलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी, सम्पादित कार्यको आवधिक प्रगति विवरण यस विभागमा नियमित रुपमा पठाउन जानकारी गराएको छ।

**तपसिल**

१. औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार दर्ता गर्नु अघि नै अधिकार प्रत्यायोजन भएका विडि, सूर्ति र खैनी तथा परम्परागत हातहतियारको ईजाजत बाहेक) र वातावरण संरक्षण नियमावली, २०५४ सशोधन सहितको अनुसूची १ र २ मा उल्लेखित IEE र EIA स्वीकृत गराउनु पर्ने बाहेकका घरेलु तथा साना उद्योग, प्राइभेट फम रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्राइभेट फर्मको रुपमा घरेलु तथा साना उद्योग तथा साझेदारी ऐन, २०२० बमोजिम साझेदारी फर्मको रुपमा अधिकतम रु. तीन करोडसम्म स्थीर पूँजी लगानी हुने घरेलु तथा साना उद्योग दर्ता, नासारी, पूँजी तथा क्षमता बृद्धि सोही जिल्लाभित्र ठाउँसारी गर्ने, शाखा युनिट खोल्ने तथा खारेजी निर्णय गर्ने तथा उद्योग दर्ता प्रमाणपत्र जारी गर्ने।

२. औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार दर्ता गर्नु अघि इजाजत (अनुमति) लिनु पर्ने (यस अघि नै अधिकार प्रत्यायोजन भएका विडि, सूर्ति र खैनी तथा परम्परागत हातहतियारको ईजाजात बाहेक) र वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) को अनुसूची १ र २ मा उल्लेखित IEE र EIA स्वीकृत गराउनु पर्ने उद्योग र आर्को जिल्लामा ठाउँसारी र उद्देश्य संशोधनको लागि पेश भएका उद्योगको आवश्यक कागजात संलग्न गरी राय सहित निर्णयको लागि विभागमा पेश गर्ने।

३. विभागीय स्वीकृति प्राप्त भई वा आफुलाई प्रत्यायोजित अधिकार सीमा भित्र रही दर्ता भएका सबै प्रकारका उद्योग, प्राइभेट फर्म तथा साझेदारी फर्महरुको आवधिक नवीकरण, ठाउँसारी, नामसारी, पूँजि तथा क्षमता बृद्धि, उद्देश्य सशोधन, खारेजी लगायतका कार्यहरुको अनुगमन एंव नियमनको कार्यहरु गर्ने।

४. अनुमति लिनु पर्नेमा नलिई उद्योग स्थापना गर्ने, अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरु पालना नगर्ने झुट्टा विवरण पेश गर्ने र माग गरिइएको विवरण पेश नगर्ने उद्योगहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ८ साझेदारी ऐन, २०२० को दफा ४१ र औद्योगिक व्यवसाय ऐन, २०४९ को २५ अनुसार दण्ड सजायँ गर्नु परेमा आवष्यक पुष्ट्याई सहित निणयको लागि विभागमा पठाउनु पर्नेछ।

५. उद्योगको दर्ता, अनुमति एंव सुविधा सिफारिस आदि सम्वन्धमा केन्द्रीयस्तरमा विभागमा अद्यावधिक अभिलेख राख्नको लागि तोकिए बमोजिमको ढाँचामा विवरण नियमित रुपमा विभागमा उपलब्ध गराउने।

**वोधार्थ**
श्री उद्योग मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं
श्री घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

नारायण प्रसाद विडारी
महानिर्देशक

उद्योग मन्त्रालय

**घरेलु तथा साना उद्योग विभाग**

त्रिपुरेश्वर, काठमाण्डौ

**अनुसूची ३८**

फोन नं.: ४२५९८४२, ४२५९८४६, ४२५९८५५

फ्याक्स नं. :४२५९७४७

पो.ब.नं. : १०७०१

**पत्र संख्या : २०७१/०७२**

**च.नं. :** ४५६८

**मिति : २०७१/०९/१८**

**विषय :** अधिकार प्रत्यायोजन सहित कार्य विम्मेवारी तोकेको ।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालयहरुः काठमाडौं, ललितपुर, झापा, मोरङ्ग, सुनसरी, बारा, पर्सा, मकवानपुर, चितवन, कास्की, रुपन्देही, दाङ र बाँके ।

श्री उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालयहरुः सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, भक्तपुर, काभ्रेपलाञ्चोक, नवलपरासी, पाल्पा, कपिलबस्तु, बर्दिया, कैलाली र कञ्चनपुर ।

सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गरी सुशासनको प्रत्याभूति दिलाउन, तपाईलाई यसअघि विभिन्न मितिमा यस विभागबाट प्रत्यायोजित अधिकारहरुमध्ये तपसिलका उल्लिखित बिषय र क्षेत्रहरुमा निम्नानुसार पसिमार्जन तथा थप गरी औद्योगिक व्यवसाय ऐन २०४९ को दफा १० को उपदफा (४), सोही ऐनको दफा २६ को उपदफा (२), प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, प्राइभेट फर्म र जिष्ट्रेशन नियमावली, २०३४ को नियम ६(२), साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० तथा सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम निम्न अधिकारहरु प्रत्यायोजन गरेको छु । प्रचलित कानुनको अधिनमा रही, आफूलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी, सम्पादित कार्यको आवधिक प्रगति विवरण यस विभागमा नियमित रुपमा पठाउन जानकारी गराएको छ।

**तपसिल**

१. औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार दर्ता गर्नु अघि नै अधिकार प्रत्यायोजन भएका विडि, सूर्ति र खैनी तथा परम्परागत हातहतियारको ईजाजत बाहेक) र वातावरण संरक्षण नियमावली, २०५४ सशोधन सहितको अनुसूची १ र २ मा उल्लेखित IEE र EIA स्वीकृत गराउनु पर्ने बाहेकका घरेलु तथा साना उद्योग, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्राइभेट फर्मको रुपमा घरेलु तथा साना उद्योग तथा साझेदारी ऐन, २०२० बमोजिम साझेदारी फर्मको रुपमा अधिकतम रु. तीन करोडसम्म स्थीर पूँजी लगानी हुने घरेलु तथा साना उद्योग दर्ता, नासारी, पूँजी तथा क्षमता बृद्धि सोही जिल्लाभित्र ठाउँसारी गर्ने, शाखा युनिट खोल्ने तथा खारेजी निर्णय गर्ने तथा उद्योग दर्ता प्रमाणपत्र जारी गर्ने।

२. औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार दर्ता गर्नु अघि इजाजत (अनुमति) लिनु पर्ने (यस अघि नै अधिकार प्रत्यायोजन भएका विडि, सूर्ति र खैनी तथा परम्परागत हातहतियारको ईजाजात बाहेक) र वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) को अनुसूची १ र २ मा उल्लेखित IEE/EIA स्वीकृत गराउनु पर्ने उद्योग र आर्को जिल्लामा ठाउँसारी र उद्देश्य संशोधनको लागि पेश भएका उद्योगको आवश्यक कागजात संलग्न गरी राय सहित निर्णयको लागि विभागमा पेश गर्ने ।

३. विभागीय स्वीकृति प्राप्त भई वा आफुलाई प्रत्यायोजित अधिकार सीमा भित्र रही दर्ता भएका सबै प्रकारका उद्योग, प्राइभेट फर्म तथा साझेदारी फर्महरुको आवधिक नवीकरण, ठाउँसारी, नामसारी, पूँजि तथा क्षमता बृद्धि, उद्देश्य सशोधन, खारेजी लगायतका कार्यहरुको अनुगमन एंव नियमनको कार्यहरु गर्ने ।

४. अनुमति लिनु पर्नेमा नलिई उद्योग स्थापना गर्ने, अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरु पालना नगर्ने झुट्टा विवरण पेश गर्ने र माग गरिइएको विवरण पेश नगर्ने उद्योगहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ८ साझेदारी ऐन, २०२० को दफा ४१ र औद्योगिक व्यवसाय ऐन, २०४९ को २५ अनुसार दण्ड सजायँ गर्नु परेमा आवष्यक पुष्ट्याई सहित निणयको लागि विभागमा पठाउनु पर्नेछ।

५. उद्योगको दर्ता, अनुमति एंव सुविधा सिफारिस आदि सम्वन्धमा केन्द्रीयस्तरमा विभागमा अद्यावधिक अभिलेख राख्नको लागि तोकिए बमोजिमको ढाँचामा विवरण नियमित रुपमा विभागमा उपलब्ध गराउने ।

६. स्वीकृत वार्षिक बजेट कार्यक्रम अन्तरगत संचालित कार्यहरु र यसका अतिरिक्त केन्द्रिय निकायहरुद्वारा समय समयमा तोकिएका कार्यहरु समेत यथासमयमा संचालन सम्पादन गरी सोको आवधिक प्रगति प्रतिवेदन विभागमा पेश गर्ने

उपभोक्ता हितका लागि बिभिन्न नियामक निकायहरु बिच समन्वय र सहयोग गर्ने ।

नारायण प्रसाद विडारी
महानिर्देशक

**वोधार्थ**

श्री उद्योग मन्त्रालय,
प्रशासन शाखा, सिंहदरवार, काठमाडौं

अनुसूची ३९

नेपाल सरकार
उद्योग मन्त्रालय
# घरेलु तथा साना उद्योग विभाग
(..............................शाखा)

फोन नं.: ४२५९८४२, ४२५९८४६, ४२५९८५५, ४२५९७४७

पत्र संख्या :
च.नं. : ११९६२

मिति : २०७२/०३/७

**विषय :** उद्योगको ठाँउसारी तथा शाखा दर्ता गर्ने अधिकार प्रत्यायोजन सम्वन्धमा ।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालयहरुः काठमाडौं, ललितपुर, झापा, मोरङ्ग, सुनसरी, बारा, पर्सा, मकवानपुर, चितवन, कास्की, रुपन्देही, दाङ र बाँके ।

श्री उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालयहरुः सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, भक्तपुर, काभ्रेपलाञ्चोक, नवलपरासी, पाल्पा, कपिलबस्तु, बर्दिया, कैलाली र कञ्चनपुर ।

यस विभाग र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरु सर्वसाधारण नागरिकले छिटो, छरितो एंव गुणस्तरीय ढङ्गबाट प्राप्त गर्न सक्ने अवस्था वहाल गराउन र सेवाग्रहीहरुलाई सुशासनको प्रत्याभूति दिलाउन तपाइलाई औद्योगिक व्यवसाय ऐन, २०४९ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, तथा नियमावली, २०३४ साझेदारी ऐन, २०२० बमोजिम उद्याग व्यवसायको दर्ता र नियमन सम्वन्धमा यसहघि प्रत्यायोजन गरिएका अधिकारहरुका अतिरिक्त निम्नानुसार थप अधिकार तत् तत् ऐन, नियमावली तथा सुशासन व्यवस्थापन  तथा संचालन ऐन, २०६४ का दफा २२ बमोजिम प्रत्यायोजन गरेको छु। आफूलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी सम्पादित प्रगति यस विभागमा नियमित रुपमा पठाउन जानकारी गराएको छु।

औद्योगिक व्यवसाय ऐन, २०४९, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र नियमावली, २०३४, साझोदारी ऐन, २०२० बमोजिम प्रत्यायोजित अधिकारको सीमाभित्र रही दर्ता भएका उद्योग व्यवसायहरु दर्ता गर्नु अघि इजाजत अनुमति लिनु पर्ने र वातावरण संरक्षण नियमावली, २०५४ संशोधन सहित को अनुसूचि १ र २ मा उल्लेखित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृत गराउनु पर्ने उद्योगहरु वाहेकका एक जिल्लाबाट अर्को जिल्लामा ठाउँसारी गर्ने र शाखा विस्तार गर्ने विषयमा यस विभागद्वारा प्रकाशित कार्यविधि दिग्दर्शन, २०६८ को अधिनमा रही निम्न प्रक्रीया पुरा गरी आवश्यक निर्णय लिई सेवा प्रवाह गर्न अनुरोध छ।

तपशिल

१) साविक जिल्लाबाट अन्यत्र जिल्लामा स्थानान्तरण भई जान चाहने तथा शाखा खोल्न चाहने उद्योगको प्रस्तावित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको शाखा कार्यालयबाट सहमति प्राप्त गरेको हुनुपर्ने।

२) उद्योगको विषय, क्षेत्र र प्रकृति अनुसार ठाउँसारी गर्न चाहने जिल्लामा उक्त उद्योगको विषय, क्षेत्र र प्रकृतिसंग सम्वन्धित नियमनकारी निकायहरु र स्थानीय निकाय समेतबाट ठाउँसारी भई आउनको लागि सिफारिस प्राप्त गरेको हुनुपर्ने।

३) ठाउँसारी वा शाखा विस्तार भई आएका उद्योगहरुको नियमानुसार शुल्क लिई लगत अभिलेख कायम गरी ठाउँसारी तथा शाखा दर्ता गर्ने।

नारायण प्रसाद विडारी
महानिर्देशक

**वोधार्थ**
श्री उद्योग मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं
श्री घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

अनुसूची ४०

नेपाल सरकार

उद्योग मन्त्रालय

# घरेलु तथा साना उद्योग विभाग

(..................................शाखा)

फोन नं.: ४२५९८४२, ४२५९८४६, ४२५९८५५, ४२५९७४७

पत्र संख्या :

च.नं. : ११९८

मिति : २०७२/०३/७

**विषय :** उद्योगको ठाँउसारी तथा शाखा दर्ता गर्ने अधिकार प्रत्यायोजन सम्वन्धमा ।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयहरुः  इलाम, धनकुटा, उदयपुर, दोलखा, नुवाकोट, तनहुँ, वाग्लुङ, प्यूठान, जुम्लम, सुर्खेट, डोटी र वैतडी।

श्री प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयहरुः ताप्लेजुङ, पाँचथरु तेह्रथुम, संखुबासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ,  ओखलढुंगा, रामेछाप, सिन्धुली, सिन्धुपल्चोक, रसुवा, धादिङ, मनाङ, गोरखा,

लमजुङ, स्याङजा, पर्वत, म्यादी, मुस्ताङ, गुल्मी, अर्घाखाची, रुकुम, रोल्पा, सल्यान, मुगु, हुम्ला, डाल्पा, दैलेख, जाजरकोट, कालीकोट, बझाङ, बाजुरा, अछाम, डडेल्धुरा र दार्चला।

यस विभाग र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरु सर्वसाधारण नागरिकले छिटो, छरितो एंव गुणस्तरीय ढङ्गबाट प्राप्त गर्न सक्ने अवस्था वहाल गराउन र सेवाग्रहीहरुलाई सुशासनको प्रत्याभूति दिलाउन तपाइलाई औद्योगिक व्यवसाय ऐन, २०४९ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, तथा नियमावली, २०३४ साझेदारी ऐन, २०२० बमोजिम उद्योग व्यवसायको दर्ता र नियमन सम्वन्धमा यसअघि प्रत्यायोजन गरिएका अधिकारहरुका अतिरिक्त निम्नानुसार थप अधिकार तत् तत् ऐन, नियमावली तथा सुशासन व्यवस्थापन  तथा संचालन ऐन, २०६४ को दफा २२ बमोजिम प्रत्यायोजन गरेको छु। आफूलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी सम्पादित प्रगति यस विभागमा निमित रुपमा पठाउन जानकारी गराएको छु।

औद्योगिक व्यवसाय ऐन, २०४९, प्राइभेट फर्म रजिष्ट्रेशा ऐन, २०१२ र नियमावली, २०३४, साझेदारी ऐन, २०२० बमोजिम प्रत्यायोजित अधिकारको सीमाभित्र रही दर्ता भएका उद्योग व्यवसायहरु दर्त गर्नु अघि इजाजत अनुमति लिनु पर्ने र वातावरण संरक्षण नियमावली, २०५४ संशोधन सहित को अनुसूचि १ र २ मा उल्लेखित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृत गराउनु पर्ने उद्योगहरु वाहेका एक जिल्लाबाट अर्को जिल्लामा ठाउँसारी गर्ने र शाखा विस्तार गर्ने विषयमा यस विभागद्वारा प्रकाशित कार्यविधि दिग्दर्शन, २०६८ को अधिनमा रही निम्न प्रक्रीया पुरा गरी आवश्यक निर्णय लिई सेवा प्रवाह गर्न अनुरोध छ।

तपशिल

१) साविक जिल्लाबाट अन्यत्र जिल्लामा स्थानान्तरण भई जान चाहने तथा शाखा खोल्न चाहने उद्योगको प्रस्तावित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको शाखा कार्यालयबाट सहमति प्राप्त गरेको हुनुपर्ने।

२) उद्योगको विषय, क्षेत्र र प्रकृति अनुसार ठाउँसारी गर्न चाहने जिल्लामा उक्त उद्योगको विषय, क्षेत्र र प्रकृतिसंग सम्वन्धित नियमनकारी निकायहरु र स्थानीय निकाय समेतबाट ठाउँसारी भई आउनको लागि सिफारिस प्राप्त गरेको हुनुपर्ने।

३) ठाउँसारी वा शाखा विस्तार भई आएका उद्योगहरुका नियमानुसार शुल्क लिई लगत अभिलेख कायम गरी ठाउँसारी तथा शाखा दर्ता गर्ने।

**वोधार्थ**

श्री उद्योग मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं

श्री घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

नारायण प्रसाद विडारी

महानिर्देशक

०८०।५।१६—

नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

- s\gy tyf k\}nf s\of\jog z\vf

पत्र संख्या : २०७०/०७१ कानून

६०६

मिति : २०७०/०५/१८

उद्योग मन्त्रालय
दर्ता नं.:- ९२८५
मिति.:- ५/१९

श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय,
श्रीमान् सचिवज्यू, उद्योग मन्त्रालय,
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय,
श्रीमान् सचिवज्यू, वन तथा भू-संरक्षण मन्त्रालय,
श्रीमान् सचिवज्यू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
श्रीमान् सचिवज्यू, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७०।०३।२७ को निर्णयबाट स्वीकृत भएको रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन तहाँ मन्त्रालय र सो अन्तर्गत निकायहरुबाट कार्यान्वयन गर्ने गराउने आवश्यक व्यवस्था हुन र सो प्रतिवेदनमा समावेश नरहेका विषयहरुका सम्बन्धमा साविक बमोजिमको प्रतिवेदन, २०६७ बमोजिम नै गर्न गराउनु हुन भनी यस मन्त्रालयको प.सं. २०७०।०७१ कानून, च.नं. २१५ मिति २०७०।०४।१३ को पत्र मार्फत लेखी पठाइएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. म.वै.०७०, च.नं. १९९ मिति २०७०।०५।१७ को पत्रबाट मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ को निर्णयानुसार रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा राजमार्ग, खोला किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज र आरक्ष एवं घनावस्तीबाट कायम भएको दुरीको सट्टा मन्त्रिपरिषद्को उक्त मितिको निर्णय भन्दा पुर्वकै मापदण्ड बमोजिम दुरी कायम गरी कार्यान्वयन गर्ने" भनी नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७०।०५।१७ को निर्णयनुसार लेखी आएकोले सोही अनुसार देहायका विषयहरुमा देहाय बमोजिम गर्ने गराउने आवश्यक व्यवस्था हुन र अन्य विषयहरुका सम्बन्धमा साविक बमोजिम नै हुने व्यहोरा आदेशानुसार अनुरोध गर्दछु।

| क्र.सं. | विषय | कायम गरिएको दुरी |
|---|---|---|
| १. | राजमार्गबाट | ५०० मि. |
| २. | खोला किनारबाट | ५०० मि. |
| ३. | शिक्षण संस्थाबाट | २ कि.मि. |
| ४. | स्वस्थ्य संस्थाबाट | २ कि.मि. |
| ५. | धार्मिक, सांकृतिक र पुरातात्विक महत्वका स्थानबाट | २ कि.मि. |
| ६. | सुरक्षा निकायबाट | २ कि.मि. |
| ७. | वन, निकुञ्ज र आरक्षबाट | २ कि.मि. |
| ८. | घनावस्तीबाट | २ कि.मि. |

(श्रीलाल पौडेल)
उपसचिव (कानून)

**वोधार्थ**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं

श्री सचिव,
उद्योग मन्त्रालय।

मन्त्रिपरिषद्को मिति २०७०/०५/१७ को निर्णयानुसारको मापदण्ड स्थगन गरी क्रसर उद्योगहरुको ईजाजत/अनुमतिपत्र नवीकरण म्याद थप गर्ने विषयको उद्योग मन्त्रालयको नं. ३/४०-०७१/९/३० को प्रस्ताव म.प.बै.सं ४२/०७१ मिति २०७१/१०/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु।

नेपाल सरकार निर्णयः-
प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा, देहायको व्यहोरा राख्ने :-

१) चुरे क्षेत्रवाट सामान्यतयाः ढुङ्गा, गिट्टि, वालुवाको संकलन नगर्ने नगराउने। तर त्यसरी संकलन नगर्दा वा नहटाउँदा घर, जग्गा, गाउँवस्ती तथा भौतिक पूर्वाधारमा क्षतिहुने भएमा चुरे, तराई, मधेस संरक्षण विकास समितिको सिफारिश र शर्तका अधिनमा रही संकलनको व्यवस्था सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मिलाउने।

२) ढुङ्गा, गिट्टि, वालुवाको संकलनवाट मानव स्वास्थ्य, वातावरण र जैविक विविधतामा प्रतिकुल प्रभाव नपर्ने गरि संकलन गर्ने गराउने व्यवस्था सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र वन तथा भु-संरक्षण मन्त्रालयले मिलाउने।

३) भौगोलिक क्षेत्र विशेषका आधारमा मापदण्ड परिमार्जन गर्न आवश्यक भए जिल्ला अनुगमन समितिले वैज्ञानिक मापदण्ड बनाई तीन महिनाभित्र केन्द्रीय अनुगमन समितिमार्फत विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयमा पेश गर्ने।

४) ढुङ्गा, गिट्टि, वालुवा थुप्रीएको कारण नदीको सतह बढ्न गई वस्ती, पुल, नहर वा अन्य संरचना क्षति हुने अवस्था आएमा प्राथमिकतासाथ हटाउने व्यवस्था सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मिलाउने।

५) खानी संकलन गरी ढुङ्गा, गिट्टि आपूर्ति गर्ने व्यवस्था उद्योग मन्त्रालयले ६ महिना भित्र मिलाउने।

६) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०/५/१७ को निर्णयानुसारको मापदण्ड अन्तिम पटकका लागि २०७२ असार मसान्तसम्म स्थगन गरी साबिकबमोजिम दर्ता भएका क्रसर उद्योगहरुको ईजाजत अनुमतिपत्र २०७२ असार मसान्तका लागि नवीकरण गर्ने।

लिलामणि पौड्याल
(मूख्य-सचिव)

**बोधार्थ तथा कार्यार्थ**
श्री सचिव, वन तथा भु-संरक्षण मन्त्रालय।
श्री सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

४२ मं.प.आ.पु.सं.

1586

श्री सचिव
उद्योग मन्त्रालय

मिति २०७१/५/१६ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिका वैठकवाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । :-

"म.प.बै.सं. २३-०७१ मिति ०७१/५/१३ को मन्त्रिपरिषद्को बैठकमा माननीय अर्थमन्त्रीले ढुङ्गा, गिट्टी, बालुवाको अभावको कारण अर्थतन्त्रमा परेको नकारात्मक असर बारे प्रस्तुत गर्नुभएको विषयउपर छलफल हुँदा "मन्त्रिपरिषद्," आर्थिक तथा पुर्वाधार समिति, केन्द्रीय अनुगमन समितिलगायत अन्य सम्बद्ध निकायवाट हालसम्म विभिन्न समयमा भएका निर्णयसमेतको समीक्षा गरी मन्त्रिपरिषद्, आर्थिक तथा पुर्वाधार समितिले उपयुक्त निर्णय लिने ।" निर्णय भएअनुसार आजको बैठकमा छलफल हुँदा देहायबमोजिम गर्ने :-

क) तराई-मधेश र चुरेक्षेत्रमध्ये नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७१/३/२ को निर्णयानुसार कायम भएको वातावरण संरक्षण क्षेत्रमा मन्त्रिपरिषद्को सोही निर्णयानुसार हुने । उक्त क्षेत्र बाहेक अन्य क्षेत्रको हकमा नेपाल सरकार ( मन्त्रिपरिषद्)को मिति २०७१/५/१७ को निर्णयानुसारको मापदण्ड, २०७१ पुस मसान्तसम्म स्थगन गर्ने । साविकबमोजिम दर्ता भएका क्रसर उद्योगहरुको इजाजत/अनुमतिपत्र २०७१ पुस मसान्तसम्मका लागि नवीकरण गर्ने ।

ख) नेपाल सरकार (मन्त्रिपरिषद्)को २०७१/५/१७ को निर्णयानुसार स्वीकृत मापदण्डमा भौगोलिक क्षेत्र वा जिल्लागत रुपमा पुनरावलोकन गर्नुपर्ने भएमा जिल्ला अनुगमन तथा समन्वय समितिको सिफारिस र केन्द्रीय अनुगमन समितिको सहमतिमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले आवश्यक निर्णय गर्न सक्ने ।

## मं.प.समिति तथा सं.निकाय

४२ मं.प.आ.पु.सं. /०७१

१०४८

ग) ढुङ्गा, गिट्टी, बालुवाको बजार मूल्य जिल्ला अनुगमन तथा समन्वय समितिले नियमित अनुगमन गरी अनुचित मूल्य वृद्धि हुननदिने। कृत्रिम अभाव सिर्जना गरे वा मूल्य वृद्धि गरे वा आपूर्ति अवरुद्ध गरे वा गराएको पाइएमा तत्काल आकर्षितहने अधिकतम प्रभावकारी कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले कारबाही गर्ने र देशभर निर्वाध रुपमा ढुवानी तथा सहज आपूर्तिको व्यवस्था गृह मन्त्रालयले मिलाउने।

०७१।५।१३

(शान्तराज सुवेदी)
सचिव

**बोधार्थ तथा कार्यार्थ**

श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, वन तथा भु-संरक्षण मन्त्रालय ।
श्री सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय ।
श्री सचिव, संङ्घिय मामिता तथा स्थानीय विकास मन्त्रालय ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
बबरमहल, काठमाडौं
(प्रशासन शाखा)

फोन नं. : +९७७-१-४२४७९१२, ४२४७९१३
फ्याक्स नं. : +९७७-१-४२४९६०३
(कृपया पत्रोत्तरमा पत्र संख्या तथा मिति अवश्य लेख्नुहोला)

गोप्य

प. सं. २०७१/७२
च. नं. ५

मिति : २०७१/०४/०१

विषय : अधिकार प्रत्यायोजन ।

श्री कार्यालय प्रमुख
घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयहरु सबै ।
ईलाम/ ताप्लेजुङ/ पाँचथर/ धनकुटा/ संखुवासभा/ तेह्रथुम/ भोजपुर/ उदयपुर/ खोटाङ/ सोलुखुम्बु/ ओखलढुंगा/ दोलखा/ रामेछाप/ सिन्धुली/ सिन्धुपाल्चोक/ नुवाकोट/ रसुवा/ धादिङ/ तनहुँ/ मनाङ / गोरखा/ लमजुङ/ स्याङ्जा/ बाग्लुङ/ गुल्मी/ म्याग्दी/ मुस्ताङ/ पर्वत/ अर्घाखाँची/ प्यूठान/ सल्यान/ रोल्पा/ रुकुम/ सुर्खेत/ दैलेख/ कालिकोट/ जाजरकोट/ जुम्ला/ मुगु/ डोल्पा/ हुम्ला/ डोटी/ अछाम/ बाजुरा/ बझाङ/ बैतडी/ डडेलधुरा/ दार्चुला (४८) ।

सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गरी सुशासनको प्रत्याभूति दिलाउन, तपाईलाई यसअघि विभिन्न मितिमा यस विभागबाट प्रत्यायोजित अधिकारहरु मध्ये तपसिलका उल्लिखित विषय र क्षेत्रहरुमा निम्नानुसार अधिकारहरु थप तथा परिमार्जन गरी, प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम नं.६(२) तथा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम पुनः थप अधिकारहरु प्रत्यायोजन गरेको छु । प्रचलित कानूनको अधिनमा रही, आफुलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी, सम्पादित कार्यको आवधिक प्रगति विवरण यस विभागमा नियमितरुपमा पठाउन अनुरोध छ ।

तपसिल

१. अधिकतम् पुंजी रु.एक करोडसम्म कायम हुने गरी प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम फर्म दर्ताको लागि प्राप्त दरखास्त उपर आवश्यक जांचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु समेत गर्ने ।
२. अधिकतम् पुंजी रु.एक करोडसम्म कायम हुने गरी साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम फर्म दर्ताको लागि प्राप्त दरखास्त उपर आवश्यक जांचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु समेत गर्ने ।
३. विभागीय स्वीकृति प्राप्त भई वा आफुलाई प्रत्यायोजित अधिकार सीमा भित्र रही दर्ता भएका सबै प्रकारका प्राइभेट फर्म तथा साझेदारी फर्महरुको आवधिक नविकरण, ठाउंसारी, नामसारी, उद्देश्य संशोधन र खारेजी सम्बन्धी कार्यहरु नियमानुसार गर्ने ।

नारायण प्रसाद विडारी
महानिर्देशक
२०७१।४।१

बोधार्थ :
श्री वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं ।
श्री उद्योग मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, त्रिपुरेश्वर ।
श्री उपमहानिर्देक, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।
श्री निर्देशक, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।

Website: www.doc.gov.np, E-mail : info@doc.gov.np, monitoring@doc.gov.np

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
बबरमहल, काठमाडौं
(प्रशासन शाखा)

गोप्य

फोन नं. : +९७७-१-४२४७९१२, ४२४७९१३
फ्याक्स नं. : +९७७-१-४२४९६०३
(कृपया पत्रोत्तरमा पत्र संख्या तथा मिति अवश्य लेख्नुहोला।)

प. सं. २०७१/७२
च. नं. ६

मिति : २०७१/४/१

विषय : अधिकार प्रत्यायोजन ।

श्री कार्यालय प्रमुख
घरेलु तथा साना उद्योग कार्यालयहरु सबै ।
झापा/ सुनसरी/ सिराहा/ सप्तरी/ महोत्तरी/ धनुषा/ सर्लाही/ काभ्रे/ मकवानपुर/ बारा/ चितवन/ रौतहट/ नवलपरासी/ कपिलवस्तु/ कास्की/ पाल्पा/ दाङ्ग/ बर्दिया/ कञ्चनपुर (१९)

अत्यन्त जरूरी

सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गरी सुशासनको प्रत्याभूति दिलाउन, तपाईलाई यसअघि विभिन्न मितिमा यस विभागबाट प्रत्यायोजित अधिकारहरु मध्ये तपसिलका उल्लिखित विषय र क्षेत्रहरुमा निम्नानुसार अधिकारहरु थप तथा परिमार्जन गरी, प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम नं.६(२) तथा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम पुनः थप अधिकारहरु प्रत्यायोजन गरेको छु । प्रचलित कानुनको अधिनमा रही, आफुलाई प्राप्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरी, सम्पादित कार्यको आवधिक प्रगति विवरण यस विभागमा नियमितरुपमा पठाउन अनुरोध छ ।

तपसिल

१. अधिकतम् पुंजी रु.दुई करोडसम्म कायम हुने गरी प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम फर्म दर्ताको लागि प्राप्त दरखास्त उपर आवश्यक जांचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु समेत गर्ने ।
२. अधिकतम् पुंजी रु.दुई करोडसम्म कायम हुने गरी साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम फर्म दर्ताको लागि प्राप्त दरखास्त उपर आवश्यक जांचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु समेत गर्ने ।
३. विभागीय स्वीकृति प्राप्त भई वा आफुलाई प्रत्यायोजित अधिकार सीमा भित्र रही दर्ता भएका सबै प्रकारका प्राइभेट फर्म तथा साझेदारी फर्महरुको आवधिक नविकरण, ठाउंसारी, नामसारी, उद्देश्य संशोधन र खारेजी सम्बन्धी कार्यहरु नियमानुसार गर्ने ।
४. निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ तथा निकासी पैठारी नियमहरु, २०३४ र सोबमोजिम नेपाल सरकारद्वारा नेपाल राजपत्रमा मिति २०६६।७।१६ मा प्रकाशित सूचना नं. १ र सूचना नं. २ को अधिनमा रही, त्यस जिल्ला भित्र दर्ता भई संचालनमा रहेका वाणिज्य फर्म तथा कम्पनीहरुले सुर्ति आयात ईजाजतपत्रको लागि दरखास्त दिएमा, त्यसै कार्यालयबाट आवश्यक जांचबुझ गरी त्यस्ता प्रत्येक फर्म वा कम्पनीलाई एक आर्थिक वर्षभरीमा बढीमा रु.पचास लाख मुल्यसम्मको सबै जात र गुणस्तरका सूर्ती आयात गर्न, साधारणतः छ महिनाको अवधी तोकी आयात इजाजत पत्र जारी गर्ने ।
५. उपभोक्ता संरक्षण ऐन, २०५४ तथा उपभोक्ता संरक्षण नियमावली २०५६, संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ र अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही उपभोक्ता हितका लागि बजार अनुगमन कार्य गर्ने । निरिक्षण अधिकृतको हैसियतले व्यवसायहरुको अनुगमन, निरिक्षण, जांचबुझ, खानतलासी गर्ने, नमुना संकलन र परिक्षण गराउने, आवश्यकतानुसार कारोबार रोक्का राख्ने, अनुसन्धान, तहकिकात गरी सरकारी वकिलको राय परामर्शमा सम्बन्धित अदालतमा मुद्दा दायरी गर्ने, पुनरावेदन गर्ने लगायतका अदालती कार्यहरु सम्पादन गर्ने, गराउने ।

नारायण प्रसाद विडारी
महानिर्देशक
२०७१।४।१

**बोधार्थ :**
श्री वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं ।
श्री उद्योग मन्त्रालय, प्रशासन शाखा, सिंहदरवार, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री उपमहानिर्देक, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।
श्री निर्देशक, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ।

Website: www.doc.gov.np, E-mail : info@doc.gov.np, monitoring@doc.gov.np

# औद्योगिक व्यवसाय ऐन, २०७३

प्रमाणीकरण तथा प्रकाशन मिति
२०७३।८।७

**प्रस्तावना** : मुलुकको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, मुलुकमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिँदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नको लागि औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम æऔद्योगिक व्यवसाय ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले विभाग सम्झनु पर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायलाई समेत जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ ।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ङ) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "निर्यातमूलक उद्योग" भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(ज) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपनीयता लगायत सोसँग सम्बन्धित अन्य औद्योगिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(झ) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ठ) "लघु उद्यम" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमका उद्योग सम्झनु पर्छ ।

(ड) “विभाग” भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ ।

(ढ) “बोर्ड” भन्नाले दफा १८ बमोजिम गठित उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(ण) “साना उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(त) “स्थिर पूँजी” भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनुपर्ने** : (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने** : (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत प्रस्तुत गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने** : (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ :-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा

उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

६. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने :** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

७. **अनुमति लिनुपर्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग दर्ता गर्नु अघि बोर्डबाट अनुमति लिनु पर्नेछ :-

(क) अनुसूची-१ मा उल्लिखित उद्योग,

(ख) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम बोर्डको स्वीकृति आवश्यक पर्ने उद्योग ।

(२) उपदफा (१) बमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकिएको विवरण सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकायमार्फत बोर्डसमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र सोसँग सम्बन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले आफ्नो राय सहित निर्णयको लागि बोर्डसमक्ष पेश गर्नेछ ।

(४) यस दफा बमोजिम बोर्डले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्बन्धमा एक महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बोर्डबाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समयावधिभित्र उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम बोर्डबाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

८. **व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने :** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले

उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

९. **उजूरी गर्न सक्ने :** (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालयसमक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

१०. **अनुगमन गर्ने** : (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

११. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने** : (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकायसमक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

१२. **विवरण उपलब्ध गराउनु पर्ने :** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

१३. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने** : यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ ।

१४. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने** : (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

१५. **उद्योगको वर्गीकरण** : (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) **लघु उद्यम** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

तर उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

(ख) **घरेलु उद्योग** : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) **साना उद्योग** : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

(घ) **मझौला उद्योग** : दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

(ङ) **ठूला उद्योग** : पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

(क) **ऊर्जामूलक उद्योग** : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-३ मा उल्लिखित उद्योगहरु ।

(ख) **उत्पादनमूलक उद्योग** : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) **कृषि तथा वन पैदावारमा आधारित उद्योग** : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु ।

(घ) **खनिज उद्योग** : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

(ङ) **निर्माण उद्योग** : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-५ मा उल्लेख गरिएका उद्योगहरु ।

(च) **पर्यटन उद्योग** : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-६ मा उल्लिखित उद्योगहरु ।

(छ) **सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग** : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-७ मा उल्लिखित उद्योगहरु ।

(ज) **सेवामूलक उद्योग** : सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-८ मा उल्लिखित उद्योगहरु ।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको आफ्नो स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूँजी परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न सक्नेछ ।

१६. **उद्योगको स्थिर पूँजी** : (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछ :-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल, वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिबहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ :-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च ।

१७. **राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग** : अनुसूची-९ मा उल्लिखित उद्योगहरुलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग मानिनेछ ।

## परिच्छेद-४
## उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड सम्बन्धी व्यवस्था

१८. **उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको गठन** : (१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड गठन गरिएको छ :-

| | |
|---|---|
| (क) उद्योगमन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) उद्योग राज्यमन्त्री (उद्योगमन्त्रीले अध्यक्षता गरेको अवस्थामा) | -सदस्य |
| (ग) उद्योग सहायकमन्त्री | -सदस्य |
| (घ) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग क्षेत्र हेर्ने) | -सदस्य |
| (ङ) गभर्नर, नेपाल राष्ट्र बैंक | -सदस्य |
| (च) सचिव, उद्योग मन्त्रालय | -सदस्य |
| (छ) सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ज) सचिव, श्रम तथा रोजगार मन्त्रालय | -सदस्य |
| (झ) सचिव, वाणिज्य मन्त्रालय | -सदस्य |
| (ञ) सचिव, कृषि विकास मन्त्रालय | -सदस्य |
| (ट) सचिव, सूचना तथा सञ्चार मन्त्रालय | -सदस्य |
| (ठ) सचिव, ऊर्जा मन्त्रालय | -सदस्य |
| (ड) सचिव, वन तथा भू—संरक्षण मन्त्रालय | -सदस्य |
| (ढ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य |
| (ण) प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड | -सदस्य |
| (त) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग | -सदस्य |
| (थ) सहसचिव, औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग मन्त्रालय | -सदस्य |
| (द) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (ध) अध्यक्ष, नेपाल उद्योग परिसंघ | -सदस्य |
| (न) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | -सदस्य |
| (प) अध्यक्ष, महिला उद्यमी महासंघ | -सदस्य |
| (फ) उद्योग क्षेत्रका विज्ञहरुमध्येबाट कम्तीमा एक जना महिला उद्यमी सहित नेपाल सरकारबाट मनोनित दुई जना | -सदस्य |
| (ब) महानिर्देशक, उद्योग विभाग | -सदस्य-सचिव |

(२) बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित नेपाल सरकारको कुनै सचिव वा कुनै अधिकृत कर्मचारी वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बोर्डको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) बोर्डको सचिवालय उद्योग विभागमा रहनेछ ।

(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बोर्डले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण मासिक रुपमा सचिवालयले बोर्डको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१९. **बोर्डको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) मुलुकको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एव कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(घ) प्रचलित कानूनको अधीनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने,

(ङ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(च) मुलुकको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न नेपाल सरकारसमक्ष सुझाव तथा सिफारिस गर्ने,

(छ) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने,

(ज) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(झ) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ञ) औद्योगिक लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस तथा सुझाव पेश गर्ने ।

(ट) उद्योगबाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ठ) एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ड) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ढ) मुलुकमा औद्योगिकरणको गतिलाई तीब्रता दिन आवश्यक कार्य गर्ने वा गराउने,

(ण) एकल बिन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा एवं सहुलियत नपाएको भनी लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी/गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तर्जुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा मन्त्रालय मार्फत बोर्डसँग परामर्श लिनुपर्नेछ ।

२०. **बोर्डको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने** : (१) बोर्डको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा बोर्डको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ ।

२१. **गोपनीयता कायम राख्नुपर्ने :** (१) बोर्डको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत बोर्डको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद - ५

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

२२. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत** : (१) यस ऐन अर्न्तगत दर्ता भएको उद्योगलाई देहाय बमोजिमको आयकर छुट, सुविधा वा सहुलियत प्रदान गरिनेछ :-

(क) उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको दरमा बीस प्रतिशतले छुट हुनेछ ।

(ख) सडक, पुल, सुरुङ्ग, रोपवे, रेल्वे, ट्राम, ट्रलीबस, विमानस्थल, औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स जस्ता निर्माणमूलक उद्योगमा लगानी गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा लाग्ने करको दरमा चालीस प्रतिशतले छुट हुनेछ ।

(ग) अनुसूची-१० मा उल्लिखित अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योग बाहेकका उत्पादनमूलक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार शुरु गरेको मितिले दश वर्षसम्म प्रचलित कानून बमोजिम लाग्ने आयकरको दरमा क्रमशः नब्बे, असी र सत्तरी प्रतिशत छुट पाउनेछ ।

तर अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म चालीस प्रतिशत आयकर छुट हुनेछ ।

(घ) एक अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उत्पादनमूलक उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ ।

तर हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता बृद्धि गरी एक अर्ब पूँजी पुऱ्याई पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ ।

(ङ) सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने छ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ । यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउनेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाका वखतको व्यवस्था लागू हुनेछ ।

(च) पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्खनन् गर्ने कारोबार गर्ने व्यक्तिले २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।

(छ) दुई अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई र पाँच करोड भन्दा बढीको पूँजी लगानीमा महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापना हुने पूर्वाधारयुक्त होटल, रिसोर्ट जस्ता पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट भई त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ ।

तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले हालको जडित क्षमताको कम्तीमा पच्चीस प्रतिशत क्षमता बृद्धि गरी दुई अर्ब पूँजी पुर्‍याएमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट र त्यसपछिको तीन वर्षसम्म लाग्ने आय करको दरमा पचास प्रतिशत छुट हुनेछ ।

(ज) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छुट पाउनेछ ।

(झ) देहायका संख्यामा नेपाली नागरिकलाई रोजगारी दिने देहायका उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछ :-

(१) तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको पन्ध्र प्रतिशत,

(२) बाह्र सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग एवं सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको पच्चीस प्रतिशत,

(३) उपखण्ड (१) वा (२) बमोजिम रोजगारीप्राप्त नेपाली नागरिकहरुमध्ये कम्तीमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा थप पन्ध्र प्रतिशत ।

(ञ) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेमा प्राप्त आयमा लाग्ने करको दरमा पच्चीस प्रतिशतले छुट हुनेछ ।

(ट) उद्योगले आफ्ना श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित वा कल्याणकारी कार्यहरु, जस्तैः आवास व्यवस्था, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकुद तथा व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ ।

(ठ) प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने वा खेर गएका वस्तुको पुनःप्रशोधन वा पुनःप्रयोग समेत गरी वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा भएको खर्चमध्ये व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म सोही वर्ष खर्च कट्टी गर्न पाउनेछ । व्यवसायको समायोजित करयोग्य आयको सीमाभन्दा अधिक खर्चलाई आगामी आय वर्षको शुरुमा पूँजीकरण गरी ह्रास कट्टी गर्न सक्नेछ ।

(ड) उर्जा दक्षता अभिवृद्धि गरी ऊर्जा खपत घटाउन सघाउ पुऱ्याउने यन्त्र वा उपकरणमा लगानी गरेको सम्पूर्ण खर्च आयकर प्रयोजनको लागि कट्टा गर्न पाउनेछ ।

(ढ) उद्योगको उत्पादकत्व अभिवृद्धिको लागि उद्यमशीलता अभिवृद्धि, अनुसन्धान तथा विकास र नयाँ प्रविधि सिर्जना गर्न लागेको खर्चमध्ये सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म खर्च कट्टी गर्न सक्नेछ । समायोजित करयोग्य आयको सीमाभन्दा अधिक खर्चलाई आगामी आय वर्षको शुरुमा पूँजीकरण गरी ह्रास कट्टी गर्न सक्नेछ ।

(ण) उद्योगले व्यवसायसँग सम्बन्धित बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापनको लागि भएको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न सक्नेछ ।

(त) उद्योगको भौतिक सम्पत्तिको सुरक्षा गर्न उद्योगले तोकिए बमोजिमको खर्च र यसको बीमा बापत खूद भुक्तानी भएको प्रिमियम बापतको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न सक्नेछ ।

(थ) उद्योगले नेपालमा दर्ता भएको बौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको स्वदेशमा संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ ।

(द) कुनै उद्योगले नेपालमा सिर्जना भै दर्ता भएको बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने रोयल्टी आयमा लाग्ने आयकरको दरमा पच्चीस प्रतिशतले छुट पाउनेछ ।

(ध) कुनै उद्योगले आफूले सिर्जना गरेको बौद्धिक सम्पत्तिको हस्तान्तरण वा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट पाउनेछ ।

(न) कुनै उद्योगले आफूले प्राप्त गरेको बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्क नेपाल सरकारले तोकेबमोजिम शोधभर्ना दिन सक्नेछ ।

(प) कुनै उद्योगले कर छुट पाउने संस्थालाई चन्दा वा उपहार दिएको रकममध्ये एक लाख रुपैयाँ वा सो उद्योगको सो आय वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ, सो रकम आयकर प्रयोजनको लागि घटाउन पाउनेछ ।

(फ) कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै उद्योगले खर्च गरेको वा चन्दा दिएको रकम आय निर्धारणको प्रयोजनको लागि पूर्ण वा आंशिक रुपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूर्तिजन्य उद्योग, मदिराजन्य उद्योग र कत्था वा कच्छ उद्योगले उल्लिखित कुनै पनि छुट तथा सुविधा पाउने छैन ।

तर त्यस्ता उद्योगहरुले प्रचलित कानून बमोजिम आफ्ना श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित वा कल्याणकारी कार्यहरुमा गरेको खर्च, प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने,

खेर गएका वस्तुको पुनः प्रशोधन गर्ने, वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा भएको खर्च, उर्जा दक्षतामा अभिवृद्धि गरी उर्जा खपत घटाउन सघाउ पुऱ्याउने यान्त्रिक उपकरणमा लगानी गरेको खर्च, अनुसन्धान तथा विकास खर्च लगायत व्यवसाय प्रवर्द्धनका लागि हुने वास्तविक खर्चहरु कट्टी गर्न पाउनेछन् ।

(३) एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको उद्योगले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ ।

२३. **मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियत** : यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई देहाय बमोजिमको मूल्य अभिवृद्धि कर र भन्सार महसुल छुट दिइनेछ :-

(क) मुलुकभित्र उत्पादित वस्तु विदेशमा निर्यात गरेमा विदेशमा निर्यात गरेको परिमाणको आधारमा त्यस्तो उत्पादनमा लागेको मूल्य अभिवृद्धि कर त्यस्तो उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइनेछ ।

(ख) बण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरुले निर्यात गरेको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको समदर निर्धारण गरी ड्युटी ड्र ब्याकको रकम फिर्ता गरिनेछ ।

(ग) बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरूले आफ्ना उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग प्रणालीको माध्यमबाट निर्यात गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ र नेपालमा उत्पादन नहुने प्याकेजिङ्ग सामग्री समेत आयात गर्दा लाग्ने भन्सार महसुल तोकिएको शर्त र कार्यविधिको अधीनमा रही धरौटी राखी आयात गर्न पाउनेछ ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा उत्पादन नहुने प्याकेजिङ्ग सामग्रीको हकमा विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेमा मात्र त्यस्तो उद्योगले खण्ड (ग) बमोजिमको सुविधा पाउनेछ ।

(ङ) कुनै उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्रीमा लाग्ने भन्सार महसुल सामान्यतः त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दर भन्दा एक तह कम हुनेछ ।

(च) उद्योगले आफ्नो व्यावसायिक प्रयोजनको लागि आयात गर्ने मेसिनरी, ट्रान्सफर्मर, दश किलोवाट वा सोभन्दा बढी क्षमताको जेनेरेटर र औद्योगिक उपकरणमा न्यूनतम दरमा भन्सार महसुल लाग्नेछ ।

(छ) गुणस्तर मापन गर्ने प्रयोगशालाले गुणस्तर मापन गर्ने प्रयोजनका लागि आयात गर्ने मेशिनरी तथा वैज्ञानिक उपकरण र उद्योगले अनुसन्धान तथा विकासको लागि आयात गर्ने मेशिनरी तथा उपकरणमा न्यूनतम दरमा भन्सार महसुल लाग्नेछ ।

२४. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

(२) यो ऐन प्रारम्भ हुदाँका बखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले न्यूनतम पाँच वर्षसम्म आयकर छुट प्राप्त हुनेछ ।

२५. **<u>महिला उद्यमीका लागि थप सुविधा</u>** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तूरमा पैंतीस प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम लाग्ने दस्तूरमा बीस प्रतिशत छुट हुनेछ ।

(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए बमोजिम उपलब्ध गराइनेछ ।

(४) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ ।

२६. **<u>औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्था</u> :** औद्योगिक क्षेत्रभित्र सञ्चालनमा आएका उद्योगमा प्रचलित कानून बमोजिम स्थानीय स्तरमा लाग्ने एकीकृत सम्पत्ति कर लगायतका स्थानीय करहरु लाग्ने छैन ।

२७. **<u>थप सुविधा तथा सहुलियत</u>** : देहायका उद्योगहरुलाई दफा २२, २३ र २४ मा उल्लिखित छुट, सुविधा तथा सहुलियतका अतिरिक्त देहाय बमोजिमका थप सुविधा तथा सहुलियत दिन सकिनेछ :-

(क) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा आवश्यक शर्त तोकी कुनै खास क्षेत्रको वन प्रचलित कानून बमोजिम भोगाधिकार उपलब्ध गराउन सकिनेछ ।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर वा रोयल्टी लाग्ने छैन ।

(ग) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युत बढी भई बिक्री गर्न चाहेमा बिक्री गरिने विद्युतको परिमाणमा आपसी सहमतिबाट कायम भएको दरमा प्रचलित कानून बमोजिम बिक्री गर्न सक्नेछ ।

(घ) निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्र वा सरकारी वा निजी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(ङ) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।

(च) विद्युत आपूर्ति नभएको समयको अनुपातका आधारमा उद्योगले तिर्ने विद्युत महसुलमा लागि आएको डिमाण्ड चार्ज तोकिएको आधारमा तोकिएको कार्यविधि अपनाई नेपाल सरकारले छुट दिन सक्नेछ ।

(छ) अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बीउ पूँजी (सिड क्यापिटल) को रुपमा नेपाल सरकारले नेपाल

राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(ज) विदेशी लगानीमा सञ्चालित उद्योगलाई नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नका लागि त्यस्तो उद्योगले विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामानहरु तोकिए बमोजिमको शर्त र सीमाभित्र रही निश्चित अवधिका लागि आयात गर्ने अनुमति प्रदान गर्न सकिनेछ ।

२८. **जग्गा सम्बन्धी व्यवस्था** : यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ ।

तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

२९. **लिजमा जग्गा उपलब्ध गराउने** : (१) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन सम्बन्धित उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएको मितिले छ महिनाभित्र नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम नेपाल सरकारले उपलब्ध गराएको जग्गाको लिज सम्झौता स्वतः रद्द हुनेछ र त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिनेछ ।

३०. **जग्गाको अधिकतम हदबन्दीमा छुट** : (१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी भएमा सो बढी भएसम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानून बमोजिम तोकिएको शर्तको अधीनमा रही तोकिएको हदसम्मको जग्गा राख्न पाउने गरी छुट दिन सक्नेछ ।

३१. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि बहाल रहेको औद्योगिक व्यवसाय ऐन, २०४९ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालनमा रहेको उद्योगले सो ऐन बमोजिम अवधि किटिएका छुट, सुविधा वा सहुलियतका हकमा सोही ऐन बमोजिम र अवधि

नकिटिएको छुट, सुविधा वा सहुलियतका हकमा यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको उद्योगले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका बखत कायम रहेको औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान गरेको छुट, सुविधा वा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम त्यस्तो छुट, सुविधा वा सहुलियत नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

३२. **राष्ट्रियकरण नगरिने** : यस ऐन बमोजिम दर्ता भएको कुनै पनि उद्योग राष्ट्रियकरण गरिने छैन ।

३३. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था** : प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार नेपाल सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ ।

३४. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने** : यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

## परिच्छेद - ६
## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

३५. **एकल बिन्दु सेवा केन्द्रको स्थापना :** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालनका सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्दा अन्य कुराका अतिरिक्त त्यस्तो सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत एकाइहरु र सेवा सञ्चालन समिति समेत तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ ।

(४) लघु उद्यम, घरेलु उद्योग र साना उद्योगले यस ऐन बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत स्थानीयस्तरबाट नै प्रदान गर्ने प्रयोजनको लागि प्रदेश वा स्थानीय तहमा आवश्यकता अनुसार तोकिए बमोजिमको एकल बिन्दु सेवा केन्द्र गठन गर्न सकिनेछ ।

३६. **एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :** (१) एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐन अन्तर्गत उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निर्णय गरी सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) बोर्डले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा सञ्चालन समितिले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ ।

(३) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपदफा (४) बमोजिम गठित उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर उपदफा (१) को खण्ड (ख) मा तोकिएको अधिकार प्रत्यायोजन हुने छैन ।

(४) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूले गर्ने काम कारबाहीको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएको उपसमितिको काम, कर्तव्य र अधिकार सो समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद – ७

## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

३७. **रुग्ण उद्योगको पहिचान** : (१) उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई नेपाल सरकारले रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगले रुग्ण हुनुभन्दा पहिले रोजगारी सिर्जना वा आयात प्रतिस्थापन वा निर्यात प्रर्वद्धन गरी विदेशी मुद्रा आर्जन गर्न योगदान पुऱ्याएको आधारमा तोकिए बमोजिम निश्चित छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनः सञ्चालनमा आउन सक्ने अवस्था देखिएमा नेपाल सरकारले त्यस्तो उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३८. **रुग्ण उद्योगको वर्गीकरण** : दफा ३७ बमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख उद्योगका रुपमा वर्गीकरण गरी त्यस्ता उद्योगहरुको व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ ।

३९. **रुग्ण उद्योग सम्बन्धी सुविधा, सहुलियत तथा छुट** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३७ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचान भएको वा दफा ३८ बमोजिम वर्गीकरण गरिएको उद्योगले त्यस्तो उद्योगको विस्तार, पुनर्संरचना वा विविधीकरणका लागि आयात गर्ने मेसिनरी औजार वा उपकरणमा नेपाल सरकारले महसुल, शुल्क वा करमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित सुविधाका अतिरिक्त त्यस्ता उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि तोकिए बमोजिमका अन्य थप सुविधा, सहुलियत तथा छुट उपलब्ध गराउन सकिनेछ ।

४०. **रुग्ण उद्योग सम्बन्धी संस्थागत व्यवस्था** : (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण र पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि सुझाव दिन नेपाल सरकारले सम्बन्धित क्षेत्रका विशेषज्ञहरु समेत रहेको एक उच्चस्तरीय निकाय गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित निकायको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

४१. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा सम्बन्धित जिल्लाको उद्योग विकास कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा सम्बन्धित जिल्लाको उद्योग विकास कार्यालयले त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि सम्बन्धित विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई मन्त्रालयले देहायको कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दश हजार देखि पच्चीस हजार रुपैयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैयाँसम्म, मझौला तथा ठूला उद्योगको स्तर भए एक लाखदेखि तीन लाख रुपैयाँसम्म जरिबाना गर्ने ।

(४) दफा १२ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रुपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रुपैयाँको दरले ।

(५) देहायका कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) दफा ३४ विपरीत कार्य गर्ने उद्योगलाई यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असूल गर्ने वा सो बराबरको रकम जरिबाना गर्ने वा दुवै सजाय गर्ने,

(ख) दफा ४८ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा त्यस्तो उद्योगको वार्षिक कारोबारको शुन्य दशमलव सात पाँच प्रतिशतले हुन आउने रकम जरिबाना गर्ने,

(ग) दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा ३० को उपदफा (२) बमोजिमको शर्त पालना नगरेमा देहायको उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछ :-

(१) लघु उद्यमको हकमा पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म,
(२) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैंयाँसम्म,
(३) मझौला उद्योगको हकमा पाँच लाख देखि दश लाख रुपैंयाँसम्म, वा
(४) ठूला उद्योगको हकमा पन्ध्र लाख देखि तीस लाख रुपैंयाँसम्म ।

(घ) खण्ड (ग) बमोजिम जरिबाना गर्दा समेत दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा ३० को उपदफा (२) बमोजिमको शर्त पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने ।

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लंघन गरेमा लघु उद्यम भए पन्ध्र हजार रुपैंयाँसम्म, घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रुपैंयाँसम्म, मझौला उद्योग भए तीस हजारदेखि पचास हजार रुपैंयाँसम्म र ठूला उद्योग भए पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना गर्ने ।

(६) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ ।

४२. **पुनरावेदन सम्बन्धी व्यवस्था** : दफा ४१ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद ९
## विविध

४३. **विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था :** औद्योगिक क्रियाकलापलाई सघन रुपमा सञ्चालन गर्नका लागि निर्यात प्रर्वद्धन क्षेत्र वा निर्यात प्रशोधन क्षेत्र वा विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय वा अन्य कुनै क्षेत्र रहने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ ।

४४. **जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन :** (१) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन नेपाल सरकारले स्थानीय तहमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा आवश्यकता अनुसार सम्बन्धित निकाय र सरोकारवालाको प्रतिनिधित्व हुने गरी जिल्ला उद्योग प्रवर्द्धन समिति गठन गर्न सक्नेछ ।

(२) जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४५. **औद्योगिक जनशक्ति** : (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रियस्तरको सार्वजनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम विभागको सिफारिसमा श्रम विभागको स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि विभागले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरे वा नगरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलब्ध हुन नसक्ने अवस्था रहेको देखिएमा श्रम विभागमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ ।

(६) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रवल आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनु पर्ने छैन । यस सम्बन्धमा श्रम वा प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(७) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम गठन भएको ट्रिब्युनलमा त्यस्ता विवाद पेश गर्न सकिनेछ । त्यस्तो ट्रिब्युनलबाट भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षलाई मान्य हुनेछ ।

४६. **करार गरी उत्पादन गर्न सक्ने :** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव- कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

४७. **कोष सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले मुलुकको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,
(ख) जोखिम पूँजी (भेन्चर क्यापिटल) कोष,
(ग) प्रविधि विकास कोष,
(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,
(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष,
(च) महिला उद्यमशीलता विकास कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट स्थापना र सञ्चालन भएका लघु, घरेलु तथा साना उद्यम विकास कोष, लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष र महिला उद्यमशीलता विकास कोष यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

४८. **व्यावसायिक सामाजिक जिम्मेवारी :** (१) मझौला वा ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रुपैंयाँ भन्दा बढी कारोबार गर्ने घरेलु वा साना उद्योगले वार्षिक मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चालु आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी बहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ ।

४९. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्ने :** औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको देशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

५०. **आवासीय भवन, अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिने** : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक कोरिडोरको नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवासक्षेत्र एवं विशेष प्रयोजनको लागि भनि तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दुरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा बस्ती बसाउन नदिएको कारणवाट हानि नोक्सानी पुग्न जाने भएमा नेपाल सरकारले तोकिएको म्यादभित्र तोकिए बमोजिमको प्रक्रिया पुरा गरी सम्बन्धित व्यक्तिलाई मनासिब माफिकको क्षतिपूर्ति दिनु पर्नेछ ।

५१. **अधिकार प्रत्यायोजन** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम बोर्डलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार बोर्डले आवश्यकता अनुसार सम्बन्धित मन्त्रालयको सचिव, सम्बन्धित विभागको महानिर्देशक वा नेपाल सरकारको राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारी वा यस ऐन अन्तर्गत गठन भएको समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित विभागलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै कार्यालय वा नेपाल सरकारको राजपत्राङ्कित स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५२. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

५३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

५४. **यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ ।

५५. **नियम बनाउने अधिकार** : यस ऐनलाई कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने** : नेपाल सरकारले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५७. **खारेजी र बचाउ** : (१) औद्योगिक व्यवसाय ऐन, २०४९ खारेज गरिएको छ ।

(२) औद्योगिक व्यवसाय ऐन, २०४९ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

**अनुमति लिनुपर्ने उद्योगहरु**

१. हातहतियार, गोलीगठ्ठा, बारुद उत्पादन गर्ने उद्योग,
२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,
३. सुरक्षात्मक छपाइ (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योग,
४. चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,
५. बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,
६. ढुंगा गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,
७. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,
८. बहुमूल्य खनिज उत्खनन्, पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग,
९. प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

## अनुसूची-२

(दफा १५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**घरेलु उद्योगहरु**

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध–बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग/छालाबाट हस्त निर्मित वस्तुहरु,

९. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१० पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईटा उद्योग ।

## अनुसूची-३

(दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**ऊर्जा मुलक उद्योग**

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाइन,

३. विद्युत वितरण प्रणाली ।

## अनुसूची-४

(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. फलफूल खेती वा फलफूल प्रशोधन,
२. खाद्यवस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
४. दूध उद्योग (दूधका परिकार उत्पादन समेत),
५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,
६. रेशम खेती तथा रेशम प्रशोधन,
७. चिया बगान, चिया प्रशोधन,
८. कफी खेती, कफी प्रशोधन,
९. जडिबुटी खेती, जडिबुटी प्रशोधन,
१०. तरकारी बीउ बिजन उत्पादन,
११. तरकारी खेती, तरकारी प्रशोधन,
१२. हरित गृह स्थापना र सञ्चालन,
१३. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),
१५. नर्सरी व्यवसाय,
१६. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
१७. शीत भण्डार, कृषि बजार
१८. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,
१९. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि),
२०. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,
२१. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,
२२. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),
२३. बीउबिजन प्रशोधन,
२४. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित ।

## अनुसूची-५

(दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

**निर्माण उद्योग**

१. सडक, पुल, सुरुङ्ग,
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार,
३. हवाई धावन मार्ग/विमानस्थल,
४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
५. सभा सम्मेलन केन्द्र,
६. ढल तथा ढल निकास,
७. खानेपानी आपूर्ति तथा वितरण,
८. सिँचाइ पूर्वाधार,
९. खेलकुद गृह, रङ्गशाला,
१०. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,
११. निर्यात प्रशोधन क्षेत्र,
१२. विशेष आर्थिक क्षेत्र,
१३. कार्गो कम्प्लेक्स,
१४. दूषित पानी प्रशोधन केन्द्र,
१५. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू-उपग्रह, भू-उपग्रह प्रसारण केन्द्र,
१६. घर तथा आवास भवन,
१७. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,
१८. व्यापारिक कम्प्लेक्स ।

## अनुसूची-६

(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,
२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा,
३. साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग , हिमाल आरोहरण र अवलोकन,
४. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,
५. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन,
६. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,
७. मनोरञ्जन पार्क,
८. वन्यजन्तु आरक्ष,
९. माउन्टेन फ्लाइट सञ्चालन ।

**अनुसूची-७**

(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

**सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**

**खण्ड (क)**

**सूचना प्रविधि उद्योग**

(१) टेक्नोलोजी पार्क,

(२) आई.टि. पार्क,

(३) वायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

(६) तथ्याङ्क प्रशोधन,

(७) साइवर क्याफे,

(८) डिजिटल म्यापिङ्ग,

(९) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),

(१०) डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग ।

**खण्ड (ख)**

**सूचना संचार प्रविधिमा आधारित उद्योग**

(१) इन्टरनेट,

(२) टेलिफोन, मोवाईल टेलिफोन, मोवाईल स्याटलाइट टेलिफोन,

(३) टेलिपोर्ट सेवा,

(४) भू- उपग्रह (स्याटलाइट) स्थापना एवं सञ्चालन, भू-उपग्रह प्रसारकेन्द्र स्थापना, भिस्याट,

(५) ब्रोडव्याण्ड, पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

**खण्ड (ग)**

**सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

(३) आइपिटिभी, अनलाइन सेवा,

(४) डिजिटल केबुल टि.भी. नेटवर्क, डाइरेक्ट-टू-होम स्याटलाइट सेवा, एम.एम.डि.एस नेटवर्क,

(५) रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेलक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण ।,

## अनुसूची-८

(दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप),
२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय,
५. चलचित्र निर्माण व्यवसाय,
६. प्रदर्शनी सेवा,
७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
८. निर्माण व्यवसाय,
९. सार्वजनिक यातायात व्यवसाय,
१०. फोटोग्राफी,
११. अस्पताल,
१२. नर्सिङ्ग होम,
१३. शिक्षण एवं प्रशिक्षण संस्था,
१४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
१५. प्रयोगशाला,
१६. हवाई यातायात सेवा,
१७. खेलकूद सेवा,
१८. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),
१९. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
२०. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,
२१. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
२२. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,
२३. पशु चिकित्सा सेवा,
२४. व्याट्री रिचार्जिङ्ग,
२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२६. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) आदि सेवा सञ्चालन गर्ने) व्यवसायहरु,
२७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
२८. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),
२९. कार्गो व्यवसाय,
३०. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

३१. कुरियर सेवा,
३२. ड्राइक्लिनिङ्ग व्यवसाय,
३३. व्यूटी पार्लर,
३४. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),
३५. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३६. प्रकाशन सेवा,
३७. विज्ञापन सेवा,
३८. विज्ञापन सामग्री तयार गर्ने सेवा,
३९. समाचार सम्प्रेषण सेवा,
४०. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,
४१. स्वाइल टेष्टिङ्ग सेवा,
४२. स्वास्थ्य (हेल्थ) क्लव,
४३. पानी ढुवानी तथा वितरण सेवा,
४४. जुलोजिकल पार्क सञ्चालन,
४५. जियोलोजिकल पार्क सञ्चालन,
४६. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),
४७. व्यापारिक कम्प्लेक्स सञ्चालन,
४८. वैदेशिक रोजगार सेवा
४९. वायोटेक पार्क,
५०. सिनेमा हल,
५१. मल्टिप्लेक्स थियटर,
५२. सिलाई बुनाई,
५३. खनिज अध्ययन तथा अनुसन्धान,
५४. अनुसन्धान तथा विकास सेवा ।

**अनुसूची-९**

(दफा १७ सँग सम्बन्धित)

**राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग**

१. उर्जामूलक उद्योगहरु,
२. कृषि तथा वन पैदावारमा आधारित उद्योग,
३ निर्माण उद्योग,
४. निर्यातमूलक उद्योग,
५. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,
६. खनिज उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन,
७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,
८. काठमाडौं उपत्यका, पोखरा उपमहानगरपालिका र तराई क्षेत्रका उपमहानगरपालिका तथा नगरपालिका क्षेत्र बाहिर स्थापना हुने अस्पताल, नर्सिङहोम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु,
९. घरेलु उद्योग ।

## अनुसूची-१०

(दफा २२ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**(क) अति अविकसित क्षेत्र**

| | |
|---|---|
| १. बाजुरा | २. जाजरकोट |
| ३. डोल्पा | ४. हुम्ला |
| ५. जुम्ला | ६. कालीकोट |
| ७. दार्चुला | ८ अछाम |
| ९. बझाङ्ग | १०. मुगु |
| ११. रुकुम | १२. दैलेख |
| १३. तेह्रथुम | १४. खोटाङ्ग |
| १५. संखुवासभा | १६. मनाङ्ग |
| १७. मुस्ताङ्ग | १८. सोलुखुम्वु |
| १९. ओखलढुङ्गा | |

**(ख) अविकसित क्षेत्र**

| | |
|---|---|
| १. बैतडी | २. डडेलधुरा |
| ३. म्याग्दी | ४. भोजपुर |
| ५. पाँचथर | ६. प्यूठान |
| ७. बाग्लुङ्ग | ८. रसुवा |
| ९. सिन्धुपाल्चोक | १०. रामेछाप |
| ११. सल्यान | १२. रोल्पा |
| १३. डोटी | १४. ताप्लेजुङ्ग |

**(ग) कम विकसित क्षेत्र**

| | |
|---|---|
| १. कैलाली | २. बर्दिया |
| ३. कञ्चनपुर | ४. पाल्पा |
| ५. लमजुङ्ग | ६. गोरखा |
| ७. अर्घाखाँची | ८. धनकुटा |
| ९. सुर्खेत | १०. दाङ्ग |
| ११. स्याङ्गजा | १२. तनहुँ |
| १३. उदयपुर | १४. नुवाकोट |
| १५. धादिङ्ग | १६. काभ्रेपलाञ्चोक |
| १७. कपिलवस्तु | १८. सिरहा |
| १९. रौतहट | २०. सप्तरी |
| २१. सर्लाही | २२. महोत्तरी |
| २३. इलाम | २४. पर्वत |
| २५. सिन्धुली | २६. दोलखा |
| २७. गुल्मी | |

# घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका जिल्ला स्तरीय कार्यालयहरू

| क्र.सं. | कार्यालय | जिल्ला | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग कार्यालय | झापा | ०२३-४५५०२८ | ०२३-४५५९६० |
| २ | घरेलु तथा साना उद्योग कार्यालय | मोरङ | ०२१-४७२९६४ | ०२१-४७२९६४ |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय | सुनसरी | ०२५-५८१९९२ | ०२५-५८१९९२ |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय | सिराहा | ०३३-५६०१२८ | ०३३-५६१४७८ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय | सप्तरी | ०३१-५२०२१८ | ०३१-५२०२१८ |
| ६ | घरेलु तथा साना उद्योग कार्यालय | महोत्तरी | ०४४-५२००९५ | ०४४-५२०४८१ |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय | धनुषा | ०४१-५२०१६७ | ०४१-५२०१६७ |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय | सर्लाही | ०४६-५२०१८६ | ०४६-५२००३८ |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय | काभ्रे | ०११-४९०१५४ | ०११-४९०१५४ |
| १० | घरेलु तथा साना उद्योग कार्यालय | काठमाडौं | ०१-४२६१४५० | ०१-४२५९७४७ |
| ११ | घरेलु तथा साना उद्योग कार्यालय | भक्तपुर | ०१-५०९२६९६ | ०१-५०९२६९६ |
| १२ | घरेलु तथा साना उद्योग कार्यालय | ललितपुर | ०१-५५२३४५२ | ०१-५५२३४५२ |
| १३ | घरेलु तथा साना उद्योग कार्यालय | मकवानपुर | ०५७-५२०४३७ | ०५७-५२०४३७ |
| १४ | घरेलु तथा साना उद्योग कार्यालय | बारा | ०५३-५५०१४५ | ०५१-५२१९६७ |
| १५ | घरेलु तथा साना उद्योग कार्यालय | पर्सा | ०५१-५२१९६७ | ०५१-५२१९६७ |
| १६ | घरेलु तथा साना उद्योग कार्यालय | चितवन | ०५६-५२०१३६ | ०५६-५२०१३६ |
| १७ | घरेलु तथा साना उद्योग कार्यालय | रौतहट | ०५५-५२०१७२ | ०५५-५२१०३१ |
| १८ | घरेलु तथा साना उद्योग कार्यालय | नवलपरासी | ०७८-५२०१६९ | ०७८-५२०१६९ |
| १९ | घरेलु तथा साना उद्योग कार्यालय | कपिलवस्तु | ०७६-५६००६५ | ०७६-५६००६५ |
| २० | घरेलु तथा साना उद्योग कार्यालय | रुपन्देही | ०७१-५२०२०४ | ०७१-५२०२०४ |
| २१ | घरेलु तथा साना उद्योग कार्यालय | कास्की | ०६१-५३१२८७ | ०६१-५२०२०४ |
| २२ | घरेलु तथा साना उद्योग कार्यालय | पाल्पा | ०७५-५२०२३२ | ०७५-५२०२३२ |
| २३ | घरेलु तथा साना उद्योग कार्यालय | दाङ | ०८२-५६०००४ | ०८२-५६०००४ |
| २४ | घरेलु तथा साना उद्योग कार्यालय | बाँके | ०८१-५२०३१४ | ०८१-५२०३१४ |
| २५ | घरेलु तथा साना उद्योग कार्यालय | बर्दिया | ०८४-४२०१०६ | ०८४-४२०१०६ |
| २६ | घरेलु तथा साना उद्योग कार्यालय | कैलाली | ०९१-५२१३०६ | ०९१-५२१३०६ |
| २७ | घरेलु तथा साना उद्योग कार्यालय | कन्चनपुर | ०९९-५२१३०७ | ०९९-५२१३०७ |

# घरेलु तथा साना उद्योग विकास समितिका जिल्लास्तरीय कार्यालयहरुको टेलिफोन नम्वरहरू

| क्र.सं. | कार्यालय | जिल्ला | टेलिफोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग विभाग समिति | इलाम | ०२७-५२००२३ | |
| २ | घरेलु तथा साना उद्योग विभाग समिति | ताप्लेजुङ | ०२४-४६०१०६ | |
| ३ | घरेलु तथा साना उद्योग विभाग समिति | पांचथर | ०२४-५२०१०६ | |
| ४ | घरेलु तथा साना उद्योग विभाग समिति | धनकुटा | ०२४-५२०२८५ | |
| ५ | घरेलु तथा साना उद्योग विभाग समिति | संखुवासभा | ०२९-५६०११३<br>०२६-४६०११७ | |
| ६ | घरेलु तथा साना उद्योग विभाग समिति | तेह्रथुम | | |
| ७ | घरेलु तथा साना उद्योग विभाग समिति | भोजपुर | ०२९-४२०११९ | |
| ८ | घरेलु तथा साना उद्योग विभाग समिति | उदयपुर | ०३५-४२०२०२ | |
| ९ | घरेलु तथा साना उद्योग विभाग समिति | खोटाङ्ग | ०३६-४२०१०६ | |
| १० | घरेलु तथा साना उद्योग विभाग समिति | सोलुखुम्वु | ०३८-६२०१०६ | |
| ११ | घरेलु तथा साना उद्योग विभाग समिति | ओखलढुङ्ग | ०३७-५२०१०६ | |
| १२ | घरेलु तथा साना उद्योग विभाग समिति | दोलखा | ०४९-४१११२६ | |
| १३ | घरेलु तथा साना उद्योग विभाग समिति | रामेछाप | ०४८-५४००३६ | |
| १४ | घरेलु तथा साना उद्योग विभाग समिति | सिन्धुली | ०४७-५२०१२४ | |
| १५ | घरेलु तथा साना उद्योग विभाग समिति | सिन्धुपाल्चोक | ०११-६२०१२९ | |
| १६ | घरेलु तथा साना उद्योग विभाग समिति | नुवाकोट | ०१०-५६०००४ | |
| १७ | घरेलु तथा साना उद्योग विभाग समिति | रसुवा | ०१०-५४०१०४ | |
| १८ | घरेलु तथा साना उद्योग विभाग समिति | धादिङ्ग | ०१०-५२०१७७ | |
| १९ | घरेलु तथा साना उद्योग विभाग समिति | तनहुं | ०६५-५६००९१ | |
| २० | घरेलु तथा साना उद्योग विभाग समिति | मनाङ्ग | ०६६-४४०२४० | |
| २१ | घरेलु तथा साना उद्योग विभाग समिति | गोरखा | ०६४-४२०१९३ | |
| २२ | घरेलु तथा साना उद्योग विभाग समिति | लमजुङ्ग | ०६६-५२०२०२ | |
| २३ | घरेलु तथा साना उद्योग विभाग समिति | स्याग्जा | ०६३-४२०१०२ | |
| २४ | घरेलु तथा साना उद्योग विभाग समिति | वाग्लुङ | ०६८-५२०१२३ | |

| | | | | |
|---|---|---|---|---|
| २५ | घरेलु तथा साना उद्योग विभाग समिति | गल्मी | ०७९-५२०११२ | |
| २६ | घरेलु तथा साना उद्योग विभाग समिति | ताप्लेजुङ | ०२४-४६०१०६ | |
| २७ | घरेलु तथा साना उद्योग विभाग समिति | म्याग्दी | ०६९-५२०१६२ | |
| २८ | घरेलु तथा साना उद्योग विभाग समिति | मुस्ताङ | ०६९–४४०१२४ | |
| २९ | घरेलु तथा साना उद्योग विभाग समिति | पर्वत | ०६७–४२०११८ | |
| ३० | घरेलु तथा साना उद्योग विभाग समिति | अर्धाखांची | ०७७–४२०१३६ | |
| ३१ | घरेलु तथा साना उद्योग विभाग समिति | प्यूठान | ०८६–४२००७७ | |
| ३२ | घरेलु तथा साना उद्योग विभाग समिति | सल्यान | ०८८–,५२००१२ | |
| ३३ | घरेलु तथा साना उद्योग विभाग समिति | रोल्पा | ०८६–४४००८६ | |
| ३४ | घरेलु तथा साना उद्योग विभाग समिति | रुकुम | ०८८–५३००१२ | |
| ३५ | घरेलु तथा साना उद्योग विभाग समिति | सुर्खेत | ०८३–५२०२८७ | |
| ३६ | घरेलु तथा साना उद्योग विभाग समिति | दैलेख | ०८९–४२०१३६ | |
| ३७ | घरेलु तथा साना उद्योग विभाग समिति | कालिकोट | ०८७–४४००१० | |
| ३८ | घरेलु तथा साना उद्योग विभाग समिति | जाजरकोट | ०८९–४३००३४ | |
| ३९ | घरेलु तथा साना उद्योग विभाग समिति | जुम्ला | ०८७–५२००२१ | |
| ४० | घरेलु तथा साना उद्योग विभाग समिति | मुगु | ०८७–४६००८७ | |
| ४० | घरेलु तथा साना उद्योग विभाग समिति | डोल्पा | ०८७–५५००४५ | |
| ४१ | घरेलु तथा साना उद्योग विभाग समिति | हुम्ला | ०८७–६८००५२ | |
| ४२ | घरेलु तथा साना उद्योग विभाग समिति | डोटी | ०९४–४४०११४ | |
| ४३ | घरेलु तथा साना उद्योग विभाग समिति | अछाम | ०९७–६२०१०९ | |
| ४४ | घरेलु तथा साना उद्योग विभाग समिति | वाजुरा | ०९७–५४१०४१ | |
| ४५ | घरेलु तथा साना उद्योग विभाग समिति | बझाङ | ०९२–४२१०४९ | |
| ४६ | घरेलु तथा साना उद्योग विभाग समिति | वैतडी | ०९५–५२०१७२ | |
| ४७ | घरेलु तथा साना उद्योग विभाग समिति | डडेलधुरा | ०९६–४२०१६४ | |
| ४८ | घरेलु तथा साना उद्योग विभाग समिति | दार्चुला | ०९३–४२०१२१ | |